# सृष्टिको उद्देश्य के हो ?

## स्त्रीको सन्तान- २

थोमस ह्वाङ

---

# WHAT IS  THE PURPOSE OF CREATION?

## THE SEED OF THE WOMAN 2

THOMAS HWANG

THE SEED OF THE WOMAN 2

# WHAT IS THE PURPOSE OF CREATION?

**First Nepali Edition** | 3,000 copies, January 2017

**Second Nepali Edition** | 3,000 copies, April 2017

**Third Nepali Edition** | 2,000 copies, February 2019

**Publisher** | Sarah Hae-Ok Cho

**Author** | Thomas Hwang

**Translator** | Shyam Shrestha

**Editor** | Timothy Pun

**Editor in Chief** | Maria Ryoung-Mi Lee

**Design** | Gloria Jung-Won Park

**Illustration** | Lydia Ju-Mi Hong

**Cover Design** | Kelly Kyoung-Mi Shin

**Published by AMI Nepal Publication, Kathmandu, Nepal**

**Tel** | **+977-01-5103129**

**Email** | aminepal2015@gmail.com

**Website** | www.aminepal.net

**AMI Headquarter**

Registration No. 73

8, Sinsu-ro 783beon-gil, Suji-gu, Yongin-si, Gyeonggi-do, South Korea

**Tel.** | +82-31-265-1455, +82-31-266-7451

**Website** | www.amicenter.net

All rights reserved. No part of this book may be reproduced in any form without written permission from AMI Publication.

Copyright © 2016 by Thomas Hwang

**Printed in Nepal**

**Price | NRS 300.00**

## लेखक
## थोमस ह्वाङ



डा. थोमस ह्वाङ एन्टिओोक मिसनस् इन्टरनेशनल (AMI, Antioch Missions International) को संस्थापक अध्यक्ष हुनुहुन्छ। यो संस्था अन्तर्राष्ट्रियरूपमा विश्वको १०/४० झ्यालअन्तर्गत सुसमाचार सुन्न नपाएका मानिसहरू भएका राष्ट्रहरूमा प्रचार गर्ने कामप्रति समर्पित छ। ए.एम.आइ. कलेज एण्ड सेमिनारी (AMI College & Seminary) मार्फत एसिया र अफ्रिकाको २५ देशहरूका विभिन्न मण्डलीहरूबाट करिब ६,००० पास्टर तथा अगुवाहरूले उहाँबाट बाइबलीय ईश्वरशास्त्रीय तालिम लिइरहेका छन्। अहिलेसम्म डा. थोमस ह्वाङले १५ वटा पुस्तकहरू लेखिसक्नु भयो र ती पुस्तकहरू नेपाली (Nepali), शेर्पा (Sherpa), हेल्मो (Yhelmo), ल्होमी (Lhomi), बर्मेली (Burmese), मङ्ग (Hmong), क्याचिन (Kachin), शान (Shan), लिसु (Lisu), अङ्ग्रेजी (English), रुसी (Russian), कम्बोडियाली (Cambodian), इण्डोनेसियाली (Indonesian), हिन्दी (Hindi), बङ्गाली (Bengali), लाओसी (Lao), भेतनामी (Vietnamese), चिनिया (Chinese), स्पानिस (Spanish) र जापानी (Japanese) भाषाहरूमा अनुवाद भइसकेका छन्। मण्डलीका अगुवाहरूलाई ईश्वरशास्त्रीय शिक्षामा सुसज्जित पार्ने अभिप्रायले ६ लाखभन्दा बढी पुस्तकहरू वितरण भइसकेका छन्।

थोमस ह्वाङले कोरियाको सोल नेशनल युनिभर्सिटीबाट (Seoul National University) स्नातक (B.S.) गर्नुभएपछि उच्च शिक्षा हासिल गर्न इ.सं.१९६८ मा संयुक्त राज्य अमेरिका पुग्नुभयो। त्यहाँ गएर उहाँले मिचिगन स्टेट युनिभर्सिटी (Michigan State University) मा अध्ययन गर्नुभयो। उहाँले पिटर्सबर्ग स्टेट युनिभर्सिटीबाट (Pittsburg State University) बि.बि.ए. (B.B.A., Bachelor in Business Administration) र एम.बि.ए. (M.B.A., Master in Business Administration) सकाउनुभयो। अमेरिका र क्यानडामा बस्दा व्यापारिक पेशामा सफल हुनुभएपछि उहाँले आफूलाई प्रभुको सेवामा समिर्पित गर्नुभयो। सेवकाइ गर्नुभन्दा पहिले उहाँले क्यानडाको टोरोण्टो सहरको टेण्डल युनिभर्सिटी कलेज एण्ड सेमिनारीबाट (Tyndale University College and Seminary) बाट एम.डिभ. (M.Div., Master in Divinity) अनि संयुक्त राज्य अमेरिकाको सिकागो, डियरफिल्ड, इलिनोइसमा अवस्थित ट्रिनिटी इभाञ्जेलिकल डिभिनिटी स्कुल (TEDS, Trinity Evangelical Divinity School) बाट विद्यावारिधि (Ph.D.) हासिल गर्नुभयो।

ईश्वरशास्त्रीय अध्ययनमा विद्यावारिधि प्राप्त गरेपछि उहाँले इभाञ्जेलिकल फेलोसिप अफ क्यानडा (EFC, Evangelical Fellowship of Canada) भन्ने संस्थामा परिषद् सदस्य भई सेवा गर्नुभयो साथै टेण्डल युनिभर्सिटी कलेज एण्ड सेमिनारीको (Tyndale University College and Seminary) संचालन समितिको सदस्य भई प्राध्यापन पनि गर्नुभयो। संयुक्त राज्य अमेरिकाको न्यूयोर्क सहरको एलाइन्स थियोलोजिकल सेमिनारीमा (Alliance Theological Seminary) प्राध्यापकको रूपमा सेवा गरिरहँदा, उहाँ ग्लोबल कन्सल्टेसन अफ वर्ल्ड इभाञ्जेलाइजेसन–९५ (GCOWE'95, Global Consultation of World Evangelization '95) को कार्यकारी व्यवस्थापन समितिमा कार्यकारी अधिकृतको पदमा छानिनुभयो र उहाँलाई दक्षिण कोरियामा आयोजना हुन गइरहेको विश्वव्यापी सुसमाचार अभियानसम्बन्धी सम्मेलनमा महत्वपूर्ण जिम्मेवारी प्रदान गरियो। त्यसपछि उहाँ आफैले स्थापना गर्नुभएको ए.एम.आइ. (AMI) भन्ने संस्थाद्वारा प्रभुको सेवकाइ गर्न दक्षिण कोरियामा अवस्थित केन्द्रीय कार्यालयमा

जानुभयो। कोरियामा उहाँले ए.एम.आइ. स्याटेलाइट ब्रोडकास्टिङ्ग इङ्क (AMI Satellite Broadcasting Inc.) भन्ने सञ्चार केन्द्र स्थापना गरी एसिया र अफ्रिकामा सुसमाचार सुन्न नपाएका मानिसहरूका लागि रेडियोद्वारा प्रचार गर्ने सेवकाइ सुरु गर्नुभयो। हाल उहाँ ए.एम.आइ. मण्डलीको (AMI Church) वरिष्ठ पास्टरको रूपमा रही आफूलाई प्रभुको सेवामा समर्पित गरी सेवकाइ गर्दैहुनुहुन्छ। त्यसको साथै विभिन्न राष्ट्रहरूमा गई त्यहाँका मण्डलीका अगुवाहरूका निम्ति अगुवापन गोष्ठी, पुस्तक प्रकाशन र सञ्चारको अन्य माध्यमहरूद्वारा परमेश्वरको राज्य विस्तार गर्ने काम पनि गरिरहनुभएको छ।

# सृष्टिको उद्देश्य के हो?

# विषय सूची

प्रस्तावना........................................................................ ११

**अध्याय १**

**इसाई धर्मको परमेश्वर**

१. परिचय ........................................................................ १७

२. इसाई धर्मको पहिचान ........................................................ १९

क. बहुईश्वरवाद र एकईश्वरवाद ........................................ २०

ख. इसाई धर्म र इस्लाम धर्मको भिन्नता ......................... २३
इसाई धर्म र यहूदी धर्मको भिन्नता ............................... २५

३. त्रिएकत्वको परमेश्वर ........................................................ २७

क. त्रिएक परमेश्वर ........................................................ २९

ख. त्रिएकत्वमा रहनुहुने परमेश्वरको सशक्त सम्बन्ध ............ ३२

ग. त्रिएक परमेश्वरको पारस्परिक सेवा र गवाही ................ ३८

घ. परमेश्वर पितालाई उच्च पार्नुहुने येशू .......................... ४३

४. येशूलाई बुझ्नु .................................................................. ५३

क. येशूको पूर्व-अस्तित्व .................................................. ५५

ख. येशूको मानवता ........................................................ ६१

५. निष्कर्ष ........................................................................ ६७

**अध्याय २**

## त्रिएकको सिद्धान्तको स्थापना


१. परिचय ........................................................................ ७३

२. त्रिएक परमेश्वरको पहिचानमाथि आक्रमणहरू ........................ ७५

क. पहिलो शताब्दीमा परमेश्वर पुत्रको मानवता र ईश्वरत्वलाई इन्कार गर्ने झूटा शिक्षाहरू ........................ ७७

ख. दोस्रो शताब्दीमा पवित्र आत्मा परमेश्वरलाई इन्कार गर्ने शिक्षा ................................................................ ८१

ग. तेस्रो शताब्दीमा परमेश्वरको तीन व्यक्तित्वहरूलाई इन्कार गर्ने झूटा शिक्षाहरू .......................................... ८२

घ. चौथो शताब्दीमा त्रिएकलाई इन्कार गर्ने झूटा शिक्षाहरू ........................................................ ८४

३. त्रिएकको सिद्धान्तको स्थापना ............................................... ८९

क. पाँच मण्डली क्षेत्रहरू ................................................. ९१

ख. सुरुका चार वटा विश्वव्यापी परिषद्हरू ....................... ९६

४. निष्कर्ष ........................................................................ १०१

**अध्याय ३**

## सृष्टिको उद्देश्य


१. परिचय ........ १०७

२. बाइबलमा प्रकट गरिएको सृष्टिको उद्देश्य ........ ११२

- क. परमेश्वरको महिमाको निम्ति सृष्टि गरिएको ........ १०८
- ख. परमेश्वरको महिमा ........ ११६

३. सृष्टिको उद्देश्यअनुसारको जीवन के ह........ १२०

- क. पहिलो चरण: परमेश्वरको पहिचानलाई बुझ्नु, स्वीकार गर्नु र मनन गर्नु अनि परमेश्वरको आराधना र महिमा गर्नु ........ १२२
- ख. दोस्रो चरण: आफ्नो पहिचानलाई बुझ्नु, स्वीकार गर्नु र मनन गर्नु ........ १५६
- ग. तेस्रो चरण: दश आज्ञाहरू र महान् आदेश पालना गर्नु ........ १८०

४. सबै थोकले परमेश्वरको आराधना गरिरहेको देख्ने व्यक्तिहरू ........ २०२

- क. दाऊद ........ २०४
- ख. प्रेरित यूहन्ना... ........ २०६
- ग. आत्मिक आँखा ........ २०९

५. परमेश्वरको रहस्य ........ २१३

- क. चुनिएका थोरै विशेष व्यक्तिहरू ........ २१५
- ख. तहगत समाज ........ २२१

६. निष्कर्ष ........ २२४

उपसंहार ........ २२८

अनुवादकको भनाइ ........ २३१

सन्दर्भ सामग्रीहरू ........ २३३

# प्रस्तावना

PREFACE

'सृष्टिको उद्देश्य के हो?' भन्ने यो पुस्तक 'धर्महरूको सुरुवात' भन्ने पुस्तकको दोस्रो भाग हो। पहिलो पुस्तकमा विभिन्न सांसारिक धर्महरू बेबिलोनी धर्मबाट कसरी निस्किआए अनि कसरी तिनीहरू अहिले बहुधर्मवादमा विकास हुँदैछन् भन्ने प्रक्रियालाई चर्चा गरेको छु। 'धर्महरूको सुरुवात' भन्ने पुस्तकमा मैले 'किन संसारमा इसाई धर्मको साथमा अन्य धर्महरूको अस्तित्व छ?, किन विभिन्न धर्महरू एक-आपसमा प्रतिस्पर्धा गरिरहेका छन्?, के यस्ता कुराहरू बाइबलीरूपमा पूर्व-निर्धारित तथ्यहरू हुन्?, यदि परमेश्वरले नै ती धर्महरूको उदयलाई पूर्व-निर्धारण गर्नुभएको हो भने, तिनीहरूको सुरुवात कसरी भयो?, कसरी तिनीहरू विकसित हुँदै गए?' भन्ने महत्वपूर्ण प्रश्नहरूलाई सम्बोधन गरेको छु।

'सृष्टिको उद्देश्य के हो?' भन्ने यस नयाँ पुस्तकमा तीन वटा अध्यायहरू छन्। पहिलो अध्यायमा हामी इसाईहरूका परमेश्वरको बारेमा अध्ययन गर्नेछौं। इसाई धर्मले एकईश्वरवादको सिद्धान्तलाई अँगाल्छ। यहूदी धर्म र इस्लाम धर्मले पनि एकईश्वरवादलाई स्वीकार गर्ने कुराको दाबी गर्छन्। यी तीन धर्महरू एक-आपसमा कसरी फरक छन् भनी म यस पहिलो अध्यायमा व्याख्या गर्नेछु। इसाई धर्मको परमेश्वर त्रिएक परमेश्वर हुनुहुन्छ। त्रिएक परमेश्वर भनेको के हो, अनि परमेश्वर पिता, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्माको सशक्त सम्बन्धलाई पनि म यहाँ चर्चा गर्नेछु।


सुरुका इसाईहरूलाई त्रिएक परमेश्वरको इसाई सिद्धान्त स्थापित गर्न सजिलो थिएन। उक्त सिद्धान्त कसरी स्थापित गरियो भनी दोस्रो अध्यायमा चर्चा गर्नेछौं। पहिलो शताब्दीदेखि चौथो शताब्दीसम्म त्रिएक परमेश्वरको पहिचानको विरुद्धमा थुप्रै गम्भीर आक्रमणहरू भएका थिए। विशेषगरी त्यतिबेला

परमेश्वरको दोस्रो व्यक्तित्व, येशूको बारेमा धेरै झूटा शिक्षाहरू निस्किएका थिए। चोथो शताब्दीमा आएर तत्कालीन प्रमुख पाँच मण्डली क्षेत्रहरूका इसाई अगुवाहरूले त्रिएकको सिद्धान्त (Dotrine of Trinity), ख्रीष्टको सिद्धान्त (Christology), पवित्र आत्माको सिद्धान्त (Pneumatology) र अन्य यस्तै महत्वपूर्ण सिद्धान्तहरू प्रतिपादन गरे। ती सिद्धान्तहरू कसरी स्थापित भए अनि त्यतिबेला तिनीहरूले के-कस्ता निर्णयहरू गरेका थिए भनी हामी दोस्रो अध्यायमा चर्चा गर्नेछौं। ती सबै सैद्धान्तिक प्रक्रियाहरूको श्रृङ्खला र निर्णयहरू मानव-निर्मित मण्डलीमा शक्ति र अधिकार प्राप्त गर्न अथवा रुपैयाँ-पैसा प्राप्त गर्नको लागि गरिएका होइनन्। वास्तवमा त्यसको उद्देश्य र लक्ष्य भनेको त्रिएक परमेश्वरको सृष्टिको उद्देश्य जान्न र बुझ्नको लागि थियो (यशैया ४३:७,२१)। त्यसको साथै सृष्टिको उद्देश्यलाई पालना गर्नु, सिकाउनु र फैलाउनु पनि त्यसको उद्देश्य थियो। इसाईहरू सृष्टिको उद्देश्यअनुसार जिउनु पर्छ। अब हामी सृष्टिको उद्देश्यअनुसार हामी कसरी जिउन सक्छौं भनी दिशानिर्देश गर्ने विस्तृत व्याख्याहरूलाई तेस्रो अध्यायमा प्रस्तुत गर्न प्रयत्न गरेको छु।

इसाई पाठकहरूलाई यो पुस्तकको शीर्षक बुझ्न सहायता होस् भन्ने हेतुले मैले धर्मशास्त्रसँग सम्बन्धित र सुहाउँदा उदाहरणहरू पत्ता लगाई यस पुस्तकमा समावेश गर्न कोसिस गरेको छु। हरेक पाठकबाट सम्मान पाउन मैले यो पुस्तक लेखेको होइन। यद्यपि सुसमाचारवादी हुँ भन्ने केही पास्टर, ईश्वरशास्त्री अनि इसाई पाठकहरूले यस पुस्तकमा राखिएका विषयवस्तुहरू पढ्दा असहज महसुस गर्नेछन् भन्ने कुरा मलाई थाहा छ। तर मलाई यो पनि थाहा छ, कि केही पाठकहरूले यो पुस्तक पढ्दैजाँदा पक्कै इसाईहरूको त्रिएक परमेश्वरको पहिचान र सृष्टिको उद्देश्यको बारेमा नयाँ बुझाइ र बुद्धि प्राप्त गर्नेछन्। आत्मिक भ्रष्टता बढ्दैगएको यी अन्तिम दिनहरूमा यो पुस्तकले नून र ज्योतिको रूपमा धेरै व्यक्तिहरूलाई प्रभु येशू र उहाँको सत्यताको नजिक आउन सहायता गरोस् भनी म प्रार्थना गर्दछु।

फेब्रुवरी, २०१६
थोमस ह्वाङ





*"म पितामा छु, र पिता ममा हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौ?*
*जुन वाणी म तिमीहरूलाई भन्दछु, त्यो मैले मेरो आफ्नै अधिकारमा बोलेको होइनँ*
*तर ममा वास गर्नुहुने पिताले आफ्नो काम गर्नुहुन्छ" (यूहन्ना १४:१)।*

# इसाई धर्मको परमेश्वर

## अध्याय १

---

# THE GOD OF CHRISTIANITY

## CHAPTER 1

परिचय
इसाई धर्मको पहिचान
त्रिएकको परमेश्वर
येशूलाई बुझ्नु
निष्कर्ष

# १

# परिचय
## INTRODUCTION

इसाई धर्मले एक मात्र परमेश्वरको सेवा गर्छ। लामो समयदेखि इसाई धर्मप्रति दृष्टि लगाउनेहरूका निम्ति यो कुनै अपरिचित तथ्य होइन। तैपनि, संसारमा यस्ता थुप्रै मानिसहरू छन्, जसले हजारौँ वर्षदेखि बहुईश्वरवादी धर्महरूमाथि विश्वास गर्दैआएका छन्। हामीले त्यस्ता मानिसहरूलाई इसाई धर्मको परमेश्वर प्रचार गर्दा, प्राय: तिनीहरूले एकईश्वरवादको अवधारणालाई सजिलै बुझ्न नसकेको हो कि भनी महसुस गर्दछौँ। वास्तवमा एकईश्वरवाद इसाई धर्मको अति महत्वपूर्ण सिद्धान्त हो।

विशेषगरी त्यस्ता मानिसहरूलाई त्रिएक परमेश्वरको बारेमा प्रचार गर्नु हाम्रो लागि निकै कठिन हुन्छ। त्योभन्दा खराब र दु:खलाग्दो कुरा के हो भने यद्यपि धेरै इसाईहरूले त्रिएक परमेश्वरको अवधारणालाई सही किसिमले बुझ्न सक्दैनन्। तिनीहरूले परमेश्वरलाई राम्रोसँग नजानेको हुँदा, सुसमाचार बाँड्दा तिनीहरूसँग शक्ति हुँदैन। त्यतिमात्र होइन, विभिन्न किसिमका झूटा शिक्षाहरूको सामना गर्नुपर्दा, तिनीहरूलाई आफ्नो विश्वास सुरक्षित राख्न समेत गाह्रो हुन्छ।

इसाई धर्मको सही पहिचान र परमेश्वरको सही परिचय थाहा पाउनु हाम्रो इसाई विश्वासको आधारशिला हो। आफ्नो इसाई जीवन मजबुत पार्नको निम्ति इसाईहरूले आफ्नो विश्वासलाई बलियो गरी स्थापित गर्नु पर्छ।

यो अध्यायमा हामी एकईश्वरवाद र बहुईश्वरवादको परिभाषाहरू र तिनीहरूको भिन्नतालाई छोटकरीमा चर्चा गर्नेछौँ। त्यसको साथै इस्लाम धर्म, यहूदी धर्म र इसाई धर्म- एकईश्वरवादी धर्महरू भए तापनि तिनीहरूमा के-के भिन्नता छ भनी पत्ता लगाउनेछौँ। त्यसको साथै इसाई धर्मको त्रिएक परमेश्वर को हुनुहुन्छ अनि बाइबलीय आधारमा त्रिएक परमेश्वरको तीन व्यक्तिहरूको एक-अर्काप्रति कस्तो सम्बन्ध छ भन्ने कुरा पनि हामी अध्ययन गर्नेछौँ।



२

# इसाई धर्मको पहिचान

## THE IDENTITY OF CHRISTIANITY



# क. बहुईश्वरवाद र एकईश्वरवाद

## Polytheism and Monotheism

यो संसारमा धेरै धर्महरू छन्, र प्रत्येक धर्मले आफ्नै ईश्वरको आराधना गर्छ। आधुनिक धर्महरूलाई दुई वर्गमा विभाजन गर्न सकिन्छ- एकईश्वरवादी धर्म र बहुईश्वरवादी धर्म। धेरै देवी-देवताहरूमा (मूर्तिहरूमा) विश्वास गर्ने सिद्धान्तमा आधारित धर्मलाई बहुईश्वरवादी भनेर परिभाषित गरिन्छ र संसारको प्रायजसो धर्महरू यसैअन्तर्गत पर्दछन्। अर्को पक्षलाई हेर्ने हो भने एउटा मात्र ईश्वरमा विश्वास गर्ने धर्मलाई एकईश्वरवादी भनिन्छ। इसाई धर्म, इस्लाम धर्म र यहूदी धर्म एकईश्वरवादी धर्मअन्तर्गत पर्दछन्।


वर्तमान परिप्रेक्ष्यलाई हेर्ने हो भने धेरै धर्महरू बहुईश्वरवादी धर्मअन्तर्गत पर्दछन्; जस्तै: बौद्ध धर्म (Buddhism), हिन्दू धर्म (Hinduism), स्थानीय लोक धर्म (Folk Religion), कन्फुसियस धर्म (Confucianism), ताओ धर्म (Taoism), शिन्तो धर्म (Shintoism), जोरास्त्रो धर्म (Zoroastrianism), शिख धर्म (Sikhism) आदि। यस्ता धर्महरूमा अनुयायीहरूको सामाजिक तहअनुसार थुप्रै देवी-देवता र भगवानहरूको अस्तित्व रहेको हुन्छ।

अर्को कुरा के हो भने बहुईश्वरवादी धर्महरूमा जडात्मावादको (Animism) अवधारणा रहेको हुन्छ। सबै थोकमा ईश्वरहरूको अस्तित्व हुन्छ भनेर गरिने विश्वासको अवधारणालाई नै जडात्मवाद भनिन्छ। उदाहरणको लागि हेर्ने हो भने रूखहरूमा, चट्टानहरूमा, बोट-बिरूवाहरूमा, जनावरहरूमा, पहाडहरूमा, हिमालहरूमा, नदीहरूमा ईश्वरहरू हुन्छन् भनी जडात्मवादीहरूले दावी गर्छन्। जडात्मवादको अवधारणा विकास हुँदै अहिलेको आधुनिक समयमा अर्को नयाँ अवधारणा निस्केको छ, जसअनुसार प्रत्येक मानिसभित्र ईश्वर (अथवा आत्मा) हुन्छ भन्ने गरिन्छ। यो

अवधारणालाई नयाँ युग अभियान (New Age Movement) भनिन्छ र यसले मानिसहरू पनि ईश्वरहरू बन्न सक्छ भनी विश्वास गरी मानिसलाई ईश्वरको तहमा उचाल्छ।

हामी बस्ने संसार र यो ब्रह्माण्ड पनि ईश्वर हो भनी नयाँ युग अभियानकर्ताहरूले विश्वास गर्छन्। अझै भन्ने हो भने, तिनीहरूले यस्तो विश्वास स्थापित गरेका छन्, कि यो संसारको हरेक वस्तु ब्रह्माण्डको भाग भएको हुनाले हरेक थोक ईश्वर हुनसक्छ। नयाँ युगमा लाग्नेहरूले दाबी गर्ने यस किसिमको विश्वासको सिद्धान्तलाई सर्वेश्वरवाद (Pantheism) भनिन्छ।

यस किसिमका बहुईश्वरवादको अवधारणाहरूभन्दा फरक एकईश्वरवादले चाहिँ एक मात्र ईश्वरमा विश्वास गर्ने धर्महरूलाई बुझाउँछ। यहूदी धर्म (Judaism), इस्लाम धर्म र इसाई धर्म (Christianity) यो वर्गमा पर्ने विशेष उदाहरणहरू हुन्। यी तीन वटै एकईश्वरवादी धर्महरू उही धार्मिक पृष्ठभूमिबाट आएका हुनाले यी धर्महरूले उही ईश्वरकै सेवा गर्ने हुन् कि भनी मानिसहरू अलमल्ल पर्नसक्ने सम्भावना रहन्छ।



| | बहुईश्वरवाद | एकईश्वरवाद |
|---|---|---|
| **विश्वास** | धेरै देवी-देवताहरूमा | एक ईश्वरमा |
| **धर्महरू** | लोक धर्महरू, प्रेतात्मा पुज्ने धर्म, कन्फुसियस धर्म, ताओ धर्म, शिन्तो धर्म, बौद्ध धर्म, हिन्दु धर्म, जोरास्त्रो धर्म, सिख घर्म, नयाँ युग अभियान | इसाई धर्म<br>यहूदी धर्म<br>इस्लाम धर्म |

**तालिका १-१ : एकईश्वरवाद र बहुईश्वरवादको तुलना**

विशेष गरी माथि उल्लेखित एकईश्वरवादी तीन धर्ममा विश्वास गर्ने मानिसहरूले सामान्यतया अब्राहामको वंशावलीमा सम्बन्ध राख्ने गर्छन्। यहूदीहरू अब्राहामकी पहिलो पत्नी साराको छोरा इसहाकका सन्तानहरू हुन्। मुस्लिमहरूचाहिँ अब्राहामको रखौटी पत्नी हागारको छोरा इश्माएलका सन्तानहरू हुन्। इसाईहरूचाहिँ अब्राहमको आत्मिक सन्तानहरू हुन्, जसलाई करारको सन्तान पनि भनिन्छ (रोमी ९:८; गलाती ४:२८)। यी धर्महरूले अब्राहामको वंशसँग सम्बन्ध राख्ने भएकोले गर्दा, धर्मशास्त्रमा भएका पात्रहरू, घटनाहरू र कथाहरूको पृष्ठभूमिलाई केलाउँदा यी तीन धर्महरू आंशिकरूपमा उस्तै देखिन्छन्।

त्यसैले धेरै मानिसहरू इसाई धर्मको ईश्वर, यहूदी धर्मको ईश्वर र इस्लाम धर्मको ईश्वर उही अथवा उस्तै-उस्तै हो भनी विचार गर्ने गर्छन्। तर तिनीहरू पूर्णरूपमा पृथक छन्। इसाईहरूका ईश्वर, यहूदीहरूका ईश्वर र मुस्लिमहरूका ईश्वरको बीचमा थुप्रै भिन्नताहरू छन् र हामीले ती भिन्नताहरू स्पष्टसँग बुझ्नैपर्छ।

# ख. इसाई धर्म र इस्लाम धर्म बीचको भिन्नता

The Difference Between Christianity and Islam

इस्लाम धर्मालम्बीहरूका धर्मशास्त्र कुरान हो र यसमा बाइबलको करिब ७०-८०% भागहरूलाई उद्धृत गरिएको छ। कुरानमा पुरानो करार बाइबलको धेरै पात्रहरू र घटनाहरूलाई बिगारेर अथवा बङ्ग्याएर लेखिएका छन्। बाइबललाई विकृत पारिएको छ, येशू मसिह बन्न असफल हुनुभयो, कुरान परमेश्वरको साँचो वचन हो, मोहमद सबैभन्दा ठूलो अगमवक्ता हुन् र तिनीहरूले विश्वास गर्ने अल्लाह साँचो ईश्वर हो भनी मुस्लिमहरूले दाबी गर्ने गर्छन् (नोट: बाइबल र कुरानमध्ये कुन पहिले लेखिएको हो?)

यदि हामीले इस्लाम धर्मको उदय र त्यसको पृष्ठभूमिलाई केलाउँछौँ भने तिनीहरूका त्यस्ता दाबीहरू पूर्णरूपमा गलत हुन् भनी पत्ता लगाउन सक्छौँ। मोहमद (इ.सं.५७०-६३२) भन्ने मानिस चालिस वर्षको हुँदा (इ.सं.६१०), तिनले इस्लाम धर्मको प्रतिपादन गरेर आफ्नो धर्मको ईश्वरको नाउँ अल्लाह (Allah) भनेर राखे। इस्लाम धर्ममा विश्वास गर्नेहरूलाई मुस्लिम भनिन्छ।

मोहमदको जन्म हुनुभन्दा पहिलेदेखि नै साउदी अरब र त्यसको वरिपरिका मानिसहरूले पुज्ने थुप्रै ईश्वरहरूमध्ये अल्लाह एक थियो र त्यही पछि गएर इस्लाम धर्मको ईश्वर बन्न पुग्यो। वास्तवमा अल्लाह अरू कोही नभएर ती क्षेत्रहरूका स्थानीय मानिसहरूले पुज्ने चन्द्र देवता (moon god) थियो। मोहमदले त केवल अल्लाहलाई इस्लाम धर्मको ईश्वर भनी छानेका मात्र हुन्। (यस विषयको विस्तृत जानकारीको लागि 'धर्महरूको सुरुवात' भन्ने पुस्तक पढ्नुहोस्।)

इस्लाम धर्मले हसिँया आकारको अर्धचन्द्रको मूर्तिलाई अल्लाहको चिन्ह बनाएको छ। आफ्नो स्वरूप परिवर्तन गरिरहने चन्द्रमाको हसिँया आकारलाई मुस्लिमहरूले नयाँ आशा दिने ईश्वरको रूपमा पुज्दैआएका छन्। त्यही कारणले गर्दा अहिले मस्जिद र अन्य धार्मिक स्थलहरूमा मुस्लिमहरूले अर्धचन्द्रको प्रतीकहरू बनाएर राख्ने गर्छन्। त्यसबाहेक, मुस्लिमहरूले आफ्नो लोक धर्मअनुसार चट्टानहरूलाई देवीको रूपमा पुज्ने प्रथालाई त्यागेका छैनन्। तिनीहरूले चन्द्र देवता अल्लाहको साथमा कालो पत्थरहरूलाई पुजेर आफ्नो परिचय दिइरहेका छन्।

यस्ता ऐतिहासिक तथ्यहरूले यो प्रमाणित गर्दछ, कि यद्यपि मुस्लिमहरूले इस्लाम धर्म एकईश्वरवादी धर्म हो भनी दाबी गरे तापनि वासत्वमा त्यो इसाई धर्मजस्तो 'विश्वव्यापी एकईश्वरवादी धर्म' (Orthodox Monotheistic Religion) होइन। तसर्थ इसाई र यहूदी धर्मालम्बीहरूले इस्लाम झूटो ईश्वरको पुजा गर्ने धर्म हो भन्ने गर्दछन्। त्यतिमात्र होइन इसाई धर्म र यहूदी धर्मको अनुयायीहरू इस्लाम धर्मको अल्लाह केवल मूर्ति हो भन्ने कुरामा पनि विश्वस्त छन्।

## ग. इसाई धर्म र यहूदी धर्म बीचको भिन्नता
The Difference between Christianity and Judaism

इसाईहरूका परमेश्वर त्रिएक (Trinity) परमेश्वर हुनुहुन्छ। 'त्रि' (Tri) भनेको तीन हो र 'निटी' (nity) भनेको 'एकता' (unity) हो। त्यसकारण त्रिएकमा परमेश्वरको तीन व्यक्तित्वहरू हुनुहुन्छ, जसलाई हामी परमेश्वर पिता (पहिलो व्यक्ति), परमेश्वर पुत्र (दोस्रो व्यक्ति) र परमेश्वर पवित्र आत्मा (तेस्रो व्यक्ति) भन्दछौँ र वास्तवमा यी तीन व्यक्तिहरू एउटै परमेश्वर हुनुहुन्छ।

इसाईहरूले विश्वास गर्ने त्रिएकको अवधारणालाई यहूदीहरूले स्वीकार गर्दैनन्। तिनीहरूले केवल परमेश्वर पितालाई परमेश्वरको रूपमा स्वीकार गर्दछन्। तिनीहरूको भनाइअनुसार यहूदी धर्मको प्रवर्तक अब्राहाम हुन् (इ.पू.२१६६)। तर इसाई धर्मको दृष्टिकोणबाट हेर्ने हो भने अब्राहामले यहूदी धर्म सुरु गरेका होइनन् तर ती यहूदी धर्म मान्नेहरूले तिनलाई संस्थापक ठानेका हुन्। बाइबलअनुसार मनन गर्ने हो भने अब्राहाम भन्ने विशेष व्यक्ति सुसमाचारलाई प्रकट गराउन आशिष्को श्रोतको भूमिका निभाउनको निम्ति नियुक्त गरिएका व्यक्ति हुन्; जुन सुसमाचार यहूदीहरूमा मात्र सीमित रहेन संसारको सारा जाति र राष्ट्रहरूका लागि हो (अन्यजाति राष्ट्रहरू, उत्पत्ति १२:२-३; १८:१८: २२:१८)।

यहदी धर्मको ईश्वर र इसाईहरूका परमेश्वर पिता उही व्यक्ति हुनुहुन्छ। यहूदीहरूले इसाईहरूका परमेश्वर पितालाई मात्र स्वीकार गर्दछन् तर परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्मालाई तिनीहरूले ईश्वको रूपमा मान्दैनन्। आफू परमेश्वरको पुत्र र त्रिएकको दोस्रो व्यक्ति हुँ भनी येशूले भन्नुहुँदा यहूदीहरूले उहाँको घोषणालाई कडारूपमा इन्कार गरे। यद्यपि यहुदीहरूले परमेश्वर पितामा मात्र विश्वास गर्ने भए तापनि उहाँ परमेश्वर पिताको पुत्र हुनुहुन्छ (यूहन्ना ३:१६) र उहाँ र परमेश्वर पिता एकै हुनुहुन्छ भनी येशूले घोषणा गर्नुभयो (यूहन्ना १०:३०)।

येशूले त्यसरी गर्नुभएको घोषणालाई यहूदीहरूले ईश्वर निन्दा ठाने (मत्ती २६:६५-६६)। त्यसलै तिनीहरूले येशूलाई ईश्वरनिन्दाको दोष लगाए। पुरानो करारको दश आज्ञाहरूमध्ये ईश्वरनिन्दा तेस्रो आज्ञाको विरुद्धको पाप हो, जहाँ 'यहोवा परमेश्वरको नाउँ व्यर्थैमा नलिनू' भनिएको छ (प्रस्थान २०:७)। पुरानो करारको व्यवस्थाअनुसार यस किसिमको पाप गर्नेलाई ढुङ्गाले हानेर मार्नु पर्छ भन्ने आज्ञा दिइएको छ (लेवी २४:१६)। त्यही कारणले गर्दा प्रधान पूजाहारी कैयाफाले येशूलाई मृत्युदण्ड दिने निर्णय गरे (मत्ती २६:६६); र तिनीहरूले त्रिएक परमेश्वरको दोस्रो व्यक्ति हुनुहुने येशूलाई क्रूसमा टाँगेर मारे (मत्ती २७:३५)।

| | इस्लाम धर्म | यहूदी धर्म | इसाई धर्म |
|---|---|---|---|
| **ईश्वर** | अल्लाह | पिता परमेश्वर | त्रिएक परमेश्वर (पिता, पुत्र, पवित्र आत्मा) |
| **प्रतिपादक** | मोहमद | अब्राहाम | येशू ख्रीष्ट |
| **विश्वास गर्नेहरू** | मुस्लिमहरू (अब्राहाम र हागारबाट जन्मेको इस्माएलका सन्तानहरू) | यहूदीहरू (अब्राहाम र साराबाट जन्मेको इशहाकको सन्तानहरू) | इसाईहरू (अब्राहामको आत्मिक सन्तानहरू, करारको सन्तानहरू) |
| **येशू** | स्वीकार गर्दैनन् | स्वीकार गर्दैनन् | मुक्तिको लागि एक मात्र बाटो येशू हो भनी स्वीकार गर्छन्। |

**तालिका १-२ इस्लाम धर्म, यहूदी धर्म र इसाई धर्मको तुलना**

# ३

# त्रिएकत्वको परमेश्वर
## THE GOD OF THE TRINITY

त्रिएक (Trinity) भन्ने शब्द बाइबलमा छैन। यो ईश्वरशास्त्रीय शब्दलाई पहिलोपटक कन्स्टान्टिनोपलको परिषदद्वारा अनुमोदन गरियो (इ.सं. ३८१)। पहिलो शताब्दीको सुरुका मण्डलीदेखि उक्त समयमा त्रिएकको सिद्धान्त स्थापित नभएसम्म झूटा शिक्षाका विभिन्न समूहहरूद्वारा त्रिएक परमेश्वरको सिद्धान्तमाथि लगातार गम्भीर आक्रमणहरू भइरहे, जुन आजको दिनमा पनि स्पष्ट देख्न सकिन्छ। विशेषगरी केही मानिसहरूका दृष्टिकोणमा त्रिएकको अवधारणा र एकईश्वरवादको अवधारणा एक-आपसमा नमिलेको जस्तो देखिन्छ। त्यसैले गर्दा पिता परमेश्वरलाई मात्र स्वीकार गर्ने समूहका मानिसहरूले त्यसबाट झन् आफ्नो शिक्षामा बल थपे। त्यस किसिमका झूटा शिक्षाहरूप्रति प्रतिक्रिया जनाउन तत्कालीन पाँच क्षेत्रका मण्डलीहरूका बिशपहरू कन्स्टान्टिनोपल (त्यतिबेला ग्रीसको राजधानी) भन्ने ठाउँमा जम्मा भएर 'त्रिएक' भन्ने यो ईश्वरशास्त्रीय शब्द अनुमोदन गरे तिनीहरूले सामूहिक मञ्जुरीमा त्रिएकको सिद्धान्तलाई स्थापित गरे (अध्याय दुईमा भएको त्रिएकको सिद्धान्तको स्थापना हेर्नुहोस्)।

सुरुका मण्डलीको प्रेरितहरूसँग त्रिएकको ठोस अवधारणा थियो भनी बाइबलले पुष्टि गर्दछ। उदाहरणको लागि प्रेरित पावलले कोरिन्थीका मण्डलीका इसाईहरूलाई यसरी आशिष् दिएका छन्: "प्रभु येशू ख्रीष्टको अनुग्रह, परमेश्वरको प्रेम र पवित्र आत्माको सङ्गति तिमीहरू सबैसँग रहून्" (२ कोरिन्थी १३:१४)। प्रेरित पावलले मात्र होइन, जब हामी प्रेरित यूहन्ना, प्रेरित पत्रुस र नयाँ करारको अन्य लेखकहरूको लेखाइलाई नियाल्छौँ भने त्यतिबेला सानो समूहमा पर्ने विश्वासयोग्य चेलाहरूले त्रिएक परमेश्वरलाई स्वीकार गरी समुचित ढङ्गमा विश्वासको जीवन जिएको देख्दछौँ (मत्ती २८:१९; ३:१६-१७; मर्कूस १:९-११)।

नयाँ करारमा मात्र होइन, जब हामी आफ्नो आत्मिक आँखा खोलेर सम्पूर्ण पुरानो करारमा खोजतलास गर्दछौँ भने त्यहाँ पनि त्रिएकको अवधारणा रहेको प्रमाणहरू भेट्टाउँदछौँ (उत्पत्ति १:१,२६; यशैया ६:८)। पुरानो करार बाइबलको पहिलो पुस्तकको पहिलो अध्यायमा नै त्रिएकको अवधारणा देखा पर्दछ। उत्पत्ति १:१ मा नै त्रिएकको सार लुकिएको छ। पुरानो करार हिब्रू भाषामा लेखिएको थियो र उक्त मूल हिब्रू भाषाको बाइबलमा उत्पत्ति १:१ मा 'एलोहिम' (Elohim) भन्ने शब्द प्रयोग गरिएको छ, जसलाई अङ्ग्रेजीमा गड (God) र नेपालीमा 'परमेश्वर' भनी अनुवाद गरिएको छ। हिब्रू भाषाअनुसार 'एलोह' (Eloh) भनेको 'परमेश्वर' अनि 'इम' (im) भनेको 'हरू' हुन्छ। यसलाई स्पष्टसँग भन्ने हो भने कुनै शब्दमा 'इम' (im) जोडिँदा त्यो बहुवचन हुन जान्छ। त्यसकारण, एलोहिम (Elohim) को शाब्दिक अर्थ 'परमेश्वरहरू' हुन्छ। तर यहाँ अनौठो कुरा के छ भने उक्त एलोहिम भन्ने बहुवचन नाउँले एकवचनको क्रियापद लिएको छ, जसले त्रिएक परमेश्वरको स्वभावलाई प्रकट गर्दछ।

आजभोलिका इसाईहरूलाई त्रिएक परमेश्वरको बारेमा बुझ्न गाह्रो छ, किनभने सृष्टिकर्ता परमेश्वरको स्वभाव र विशेषता बुझ्न तिनीहरूसँग भएको ज्ञान-बुद्धि र तर्क गर्ने क्षमता अति सीमित छ। त्रिएकको अवधारणालाई बुझ्ने हो भने हामीलाई पूर्णरूपमा पवित्र आत्माको अगुवाइ र मार्गनिर्देशनको खाँचो पर्दछ।


# क. त्रिएक परमेश्वर

## The Triune God

इसाईहरूका परमेश्वर एक हुनुहुन्छ, र उहाँले आफूलाई परमेश्वर पिता, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्मामा प्रकट गर्नुहुन्छ। एक परमेश्वरमा तीन व्यक्तिहरू हुनुहुन्छ र उहाँहरू एक-अर्कामा वास गर्नुहुन्छ (Perikoresis)। परमेश्वर पितामा परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्मा वास गर्नुहुन्छ, परमेश्वर पुत्रमा परमेश्वर पिता र परमेश्वर पवित्र आत्मा वास गर्नुहुन्छ र परमेश्वर पवित्र आत्मामा परमेश्वर पिता र परमेश्वर पुत्र वास गर्नुहुन्छ। उहाँहरू नम्र भएर एकले अर्कालाई आदर अनि उचाल्ने गर्नुहुन्छ। उहाँहरूले आफ्नो प्रेमिलो सम्बन्धमा एक-अर्कासँग सङ्गति गर्नुहुन्छ (Koinonia) र त्यसको साथै उहाँहरू एकले अर्कोलाई सेवा पनि गर्नुहुन्छ (Diakonia)।

त्रिएक परमेश्वर पारस्परिक एकतामा रहनुहुने एउटै परमेश्वर हुनुहुन्छ, र उहाँहरूका तीन व्यक्तिहरूका कामहरूमा चाहिँ विविधता देखिन्छ। उहाँहरूको कामद्वारा हामी प्रत्येकलाई छुट्ट्याउन सक्छौँ; जस्तैः परमेश्वर पिता योजना बनाउनुहुने हुनुहुन्छ, परमेश्वर पुत्र कार्यान्वयन गर्ने हुनुहुन्छ र परमेश्वर पवित्र आत्माचाहिँ सामर्थ्य दिने हुनुहुन्छ।

त्रिएक परमेश्वरको तीन व्यक्तिहरू एक-आपसमा मिलेर काम गर्नुहुन्छ। उहाँहरू अलग भएर व्यक्तिगतरूपमा छुट्टाछुट्टै काम गर्नुहुन्न। वास्तवमा यही विशेषता त्रिएक परमेश्वरको सहकार्य र एकता हो। यसलाई बाइबलबाट उदाहरणको रूपमा हेर्ने हो भने आदमको पतनपछि मानवजातिलाई बचाउने उद्देश्यले त्रिएक परमेश्वरले विशेष बैठक आयोजना गर्नुभयो। त्यसबेला, परमेश्वर पिताले अध्यक्षको भूमिका लिनुभयो र आधिकारिक निर्णयलाई घोषणा गर्नुभयो।




**तालिका १-३ : त्रिएक परमेश्वरको तीन व्यक्तिहरूको पारस्परिक सम्बन्ध**

पुत्र परमेश्वरले मानिसजातिसँग सम्बन्ध राख्दै उक्त निर्णयअनुसार काम गर्नुभयो (उत्पत्ति ३:१५)। र उक्त मिसन पूरा गर्न परमेश्वर पवित्र आत्माले परमेश्वर पुत्रलाई सामर्थ्य प्रदान गर्नुभयो।

यद्यपि परमेश्वर पिताले अध्यक्षको भूमिका लिनुभए तापनि उहाँ अरू दुई व्यक्तिहरूभन्दा उच्च स्तरमा हुनुहुन्छ भन्ने होइन। त्रिएक परमेश्वरको प्रत्येक व्यक्तिको महत्व, शक्ति, अधिकार, ओहोदा, चरित्र र विशेषता समान छ। निर्णय गर्नको निम्ति उहाँहरूको हक समान छ। उहाँहरूसँग निर्णय गर्ने यस्तो विशेष व्यवस्था छ। तीन व्यक्तिहरू भएको इसाईहरूका एउटै त्रिएक परमेश्वरले पारस्परिकरूपमा एक-आपसमा वास गर्ने, पारस्पपरिक सङ्गति गर्ने र पारस्परिक सेवा गर्ने विशेष नमुना प्रदर्शन गर्नुहुन्छ। यसरी उहाँहरूले विविधतामा एकता र सहकार्यता देखाउनुहुन्छ। यस किसिमले उहाँ हाम्रो ज्ञान-बुद्धि र समझभन्दा माथिको रहस्यमय परमेश्वर हुनुहुन्छ। त्रिएक परमेश्वरको तीन व्यक्तिहरूको सम्बन्धको सारंशलाई तालिका १-३ मा हेर्न सकिन्छ।



# ख. त्रिएकत्वमा रहनुहुने परमेश्वरको सशक्त सम्बन्ध
The Dynamic Relationship of the God of the Trinity

त्रिएक परमेश्वर सशक्त परमेश्वर हुनुहुन्छ। तीन व्यक्तिहरू- परमेश्वर पिता, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्मा प्रेममा एक हुनुहुन्छ। उहाँहरू एकले अर्कोलाई आदर गर्नुहुन्छ, एकले अर्कोको गवाही दिनुहुन्छ अनि उहाँहरूको प्रेममा आधारित भएर एकले अर्कोलाई उच्च पार्नुहुन्छ। उहाँले आफ्नो तीन व्यक्तित्वहरूद्वारा मानवप्रति आफ्नो सशक्त सम्बन्ध प्रकट गर्नुहुन्छ। विशेष गरी इसाई सिद्धान्तमा परमेश्वर पुत्र र परमेश्वर पिताको सशक्त सम्बन्ध अति नै महत्वपूर्ण छ। जसले यो सम्बन्धलाई बुझ्दैन, त्यसले बाइबलको शिक्षाहरू राम्रोसँग बुझ्न सक्दैन।

## १. येशू र परमेश्वर पिता एक हुनुहुन्छ
Jesus and God the Father are One

परमेश्वर पिता र परमेश्वर पुत्र एक हुनुहुन्छ। यस कुरालाई प्रमाणित गर्ने तथ्यहरू बाइबलमा थुप्रै छन्। येशूले आफ्नैबारेमा यसरी गवाही दिनुभयो, "पिता र म एक हौँ" (यूहन्ना १०:३०)। ग्रीक भाषाको हेन (Hen) भन्ने शब्दले नेपालीमा 'एक' (one) भनी बुझाउँछ, जसको अर्थ परमेश्वर पुत्र र परमेश्वर पिताको ओहोदा, गुण र परिमाण पूर्णरूपमा बराबर छ भन्ने हुन्छ।

तर गलाती ३:२८ मा यस्तो लेखिएको छ, "अब न त यहूदी छ न ग्रीक, न कमारा छ न फुक्का, न त पुरुष न स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरू सबै एउटै हौ।" यहाँ उल्लेखित 'एउटै' भन्ने शब्दलाई मूल ग्रीक भाषामा हेइस (Heis) शब्द प्रयोग गरिएको छ, जसको अर्थ यद्यपि गुणहरूमा र रूप-रङ्गमा फरक भए तापनि वैधानिकरूपमा चाहिँ ख्रीष्टमा 'एकै' हो।

त्यसकारण, आधारभूतरूपमा 'हेन' (Hen) र हेइस (Heis) को अर्थहरू फरक छन्। येशूले पिता र म एक हुँ भन्नुभयो, जसको अर्थ उहाँहरू आधारभूतरूपमा एकै हुनुहुन्छ, यद्यपि उहाँहरू फरक व्यक्ति हुनुहुन्छ। तालिका १-४ मा यसलाई व्याख्या गरिएको छ।

| एक | हेन, Hen (यूहन्ना १०:३०) | हेइस, Heis (गलाती ३:२८) |
|---|---|---|
| **ओहोदा, गुण, परिणाम** | बराबर / समान | फरक |
| **सम्बन्ध** | परमेश्वर पिता र परमेश्वर पुत्र | ख्रीष्टमा भएका मानिसहरू |


**तालिका १-४ : हेन र हेइसको भिन्नता**

## २. येशू ख्रीष्ट परमेश्वरको पुत्र

Jesus Christ as the Son of God

येशू परमेश्वरको पुत्र हुनुहुन्छ भनी बाइबलले गवाही दिन्छ (मत्ती ३:१७; १६:१६: १७:५)। मानव समुदायमा हुने पिता र पुत्रको सामान्य सम्बन्धभन्दा यो सम्बन्ध फरक छ। बाइबलमा 'पुत्र' लेख्दा मूल ग्रीक भाषामा 'हुइयोस्' (Huios) लेखिन्छ (H ठूलो रूपमा)। यो शब्दको अर्थ उही व्यक्ति भन्ने हुन्छ। त्यसको मतलब परमेश्वर पिता र परमेश्वर पुत्रको स्थान अनि अवस्था, गुण र परिमाण उही हो; यस्ता पक्षहरूमा उहाँहरूमा कुनै भिन्नता छैन तर केवल उहाँहरू त्रिएकमा फरक व्यक्तिहरू हुनुहुन्छ। यसलाई अर्को शब्दमा भन्ने हो भने परमेश्वरको पुत्र भनेको प्रभु येशूमा ईश्वरत्वको सिद्ध प्रकटीकरण हो।

'पुत्र' भन्ने शब्दलाई रोमी ८:१४ मा अर्को पक्षबाट प्रस्तुत गरिएको छ: "किनभने सबै, जो परमेश्वरका आत्माले डोऱ्याइएका हुन्छन्, तिनीहरू नै परमेश्वरका पुत्रहरू (सन्तान) हुन्।" यस पदमा मूल ग्रीक भाषामा पुत्रहरू (huios) लेखिएको छ (सानो एच)। यहाँ पुत्रहरूले परमेश्वरको पुत्र, येशूलाई बुझाउँदैन बरु यसले येशूद्वारा छुटकारा पाएका इसाईहरूलाई बुझाउँछ, र तिनीहरू परमेश्वरका धर्मपुत्रहरू भएका छन्।



## ३. येशू, मानिसको पुत्र

### Jesus, the Son of Man

येशूले स्वयम् आफूलाई 'मानिसको पुत्र' (Son of Man) भन्नुभयो, जहाँ एस (S) र एम (M) ठूलो अक्षरमा छ, जसको अर्थ 'स्वर्गबाट आउनुभएको व्यक्ति', जो 'मानिसको बराबारीमा छ' भन्ने हुन्छ (यूहन्ना ३:१३)। यो उहाँको सिद्ध मानवताको प्रकटीकरण हो। उहाँको स्वभाव परमेश्वरको समान छ, तर उहाँले आफूलाई रित्याउनुभयो (*Keno-o* in Greek), जसको मतलब उहाँले आफ्नो ईश्वरत्व पूर्णरूपमा रित्याउनुभयो र सिद्ध मानवता लिएर उहाँ शरीरमा सिद्ध मानिस बन्नुभयो (फिलिप्पी २:५-७)। त्यसैकारणले गर्दा, उहाँले आफूलाई नम्र तुल्याएर मानिसको पुत्र भन्नुभयो।

परमेश्वर पिता र येशू आधारभूतरूपमा समान हुनुहुन्छ। उहाँहरूका स्थान र अधिकार समान छ। तर परमेश्वर पितासँगको सम्बन्धमा आफूलाई नम्र तुल्याएर पिताले मलाई यो संसारमा पठाउनुभयो भनी येशूले भन्नुभयो। "म आफ्नै इच्छाले आएको होइनँ, तर उहाँले मलाई पठाउनुभयो" (यूहन्ना ८:४२)। त्रिएक परमेश्वरको तीन व्यक्तिहरूमध्ये यदि हामीले येशूलाई परमेश्वर पिताभन्दा तल्लो स्तरमा राख्छौँ भने हाम्रो बुझाइ गलत ठहर्छ। जेजस्तो भए तापनि परमेश्वर पितालाई उच्च पार्ने र उहाँलाई आदर गर्ने उद्देश्यले येशूले यस्तो अभिव्यक्ति दिनुभयो भन्ने कुरा हामीले बुझ्नैपर्छ।

येशूले यो पनि भन्नुभयो, कि उहाँले मात्र परमेश्वर पितालाई आदर गर्नुहुने होइन, तर उहाँको पिताले पनि आफ्नो पुत्रद्वारा पवित्र आत्मा पठाउनु हुन्थ्यो (यूहन्ना १४:१६,२६)। यसबाट हामी यो कुरा देख्न सक्छौँ, कि त्रिएक परमेश्वरको तीन व्यक्तिहरूले एक अर्कामा सक्रिय सम्बन्धमा नम्रतापूर्वक काम गरिरहनुभएको छ। यसले यो पनि देखाउँछ,कि त्रिएक परमेश्वरको तीन व्यक्तिहरूले एक अर्कोलाई सेवा (Diakonia) र एक अर्कासँग सङ्गति (Koinonia) गर्नुहुन्छ।

# ४. येशू, एक मात्र पुत्र

## Jesus, the only begotten Son

अर्को कुरा के हो भने बाइबलले येशूलाई एकमात्र पुत्र' (Only Begotten Son) भनेर व्याख्या गर्दछ। यो 'एकमात्र' भन्ने शब्द ग्रीक भाषाको 'मोनोगेनेस' (Monogenes) भन्ने शब्दबाट अनुवाद गरिएको हो। मोनो (Mono) भनेको एक हो र गेनेस (Genes) भनेको प्रजातिहरू हो। ग्रीकमा 'गेनेस' (Genes) भनेको अङ्ग्रेजीको जिन (gene) शब्दको जरा एउटै हो।

'मोनोगेनेस'को शाब्दिक अर्थ 'उहाँहरू मात्र उही किसिमको' भन्ने हुन्छ। तसर्थ यसको अर्थ के हो भने केवल पिता र पुत्र दुवै व्यक्तिसँग उही अवस्था, उही गुण र उही परिमाण छ भन्ने हुन्छ। अर्को शब्दमा भन्ने हो भने परमेश्वर पिता र परमेश्वर पुत्र दुई व्यक्तिहरू हुनु भए तापनि उहाँहरू एउटै परमेश्वरको रूपमा उही समयमा अस्तित्वमा रहनुहुन्छ। उहाँहरू त्रिएकत्वमा फरक व्यक्तिहरू हुनु भए तापनि आधारभूतरूपमा एउटै परमेश्वर हुनुहुन्छ। त्यही कारणले गर्दा, मोनोगेनेस (Monogenes) अर्थात् 'एक मात्र पुत्र' भन्ने वाक्यांशले उहाँहरूको अद्बितीय सम्बन्धलाई वर्णन गर्न प्रयोग गरिएको थियो।

यो कुरा बुझ्न हामीलाई धेरै कठिन छ। इसाई धर्म बुझ्नको लागि यो सम्बन्ध हामीले बुझ्नुपर्ने मुख्य अवधारणा हो। यदि कसैले परमेश्वर पिता र परमेश्वर पुत्रको सम्बन्धलाई विकृत पारेर परमेश्वर पितालाई परमेश्वर पुत्रभन्दा माथि राख्दछ भने, त्यसले उसलाई झूटो शिक्षाको अवधाराणातिर डोऱ्याउँदै लैजान्छ। धेरै ईश्वरशास्त्रीहरूले परमेश्वर पिता र परमेश्वर पुत्रको यो अद्बितीय सम्बन्धलाई बुझ्न सकेनन्। त्यसैले तिनीहरूले येशू अर्थात् परमेश्वर पुत्रलाई परमेश्वर पिताभन्दा तल्लो स्तरमा राखे। यस विषयमा अझ विस्तृतरूपमा हामी यो पुस्तकको २ अध्यायमा चर्चा गर्नेछौँ।

| मूल शब्द | सशक्त सम्बन्ध | अर्थ |
|---|---|---|
| हेन<br>Hen | म र पिता एक हौँ (यूहन्ना १०:३०) | ओहोदा, गुण र परिणाममा बराबरी |
| हुइयोस<br>Huios | ... तपाई ख्रीष्ट हुनुहुन्छ, जीवित परमेश्वरको पुत्र (मत्ती १६:१६) | परमेश्वरको पुत्र येशूको सिद्ध ईश्वरत्व |
| केनो-ओ<br>Keno-o | परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन। तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो (फिलिप्पी २:६-७) | मानिसको पुत्र (यूहन्ना ३:१३), येशूको सिद्ध मानवता |
| मोनोगेनेस<br>Monogenes | किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्नो एकमात्र पुत्र दिनुभयो ... (यूहन्ना ३:१६) | उहाँहरू एकै किसिमको हुनुहुन्छ |

**तालिका १-५ : परमेश्वर पिता र परमेश्वर पुत्रबीचको सक्रिय सम्बन्ध**

## ग. त्रिएक परमेश्वरको पारस्परिक सेवा र गवाही

Mutual Testifying and Service of the Triune God

त्रिएक परमेश्वरको तीन व्यक्तिहरूले सधैँ एकले अर्कोलाई उच्च पार्नुहुन्छ, एकले अर्कोको बारेमा गवाही दिनुहुन्छ र एकले अर्को व्यक्तिको महानतालाई प्रकट गर्नुहुन्छ (यूहन्ना १०:२९)। त्रिएक परमेश्वरको प्रत्येक व्यक्तिले आफ्नैबारेमा गवाही दिनु हुन्न भन्ने बारेमा येशूले दुइपटक चर्चा गर्नुभयो। पहिलो: येशूले भन्नुभयो, "यदि मैले आफ्नो विषयमा गवाही दिएँ भने मेरो गवाही सत्य हुँदैन" (यूहन्ना ५:३१)।

दोस्रो: त्रिएक परमेश्वरको प्रत्येक व्यक्ति भद्र र नम्र हुनुहुने भएकोले गर्दा उहाँहरूले आफैलाई उच्च पार्नुहुन्न। येशूले भन्नुभयो, "जसले आफ्नै तर्फबाट बोल्दछ, उसले आफ्नै सम्मान खोज्दछ, तर जसले आफूलाई पठाउनेको सम्मान खोज्दछ, त्यो सत्य हो, र उसमा छल हुँदैन" (यूहन्ना ७:१८)।

त्यसकारण, त्रिएक परमेश्वरको तीन व्यक्तिहरूमध्ये प्रत्येकले एकले अर्कोको गवाही दिनुहुन्छ। यस किसिमको सम्बन्धद्वारा सबै सृष्टिले एक अर्कामा कसरी सेवा गर्नुपर्छ (Diakonia) भनी उहाँहरूले हामीलाई देखाउनुहुन्छ। त्रिएक परमेश्वरको तीन व्यक्तिहरूले कसरी एकले अर्कोको गवाही दिनुहुन्छ अनि कसरी एकले अर्कोलाई सेवा गर्नुहुन्छ भन्ने केही बाइबलीय उदाहरणहरू हेरौँ।

## १. परमेश्वर पिताले परमेश्वर पुत्र, येशूको गवाही दिनुहुन्छ

God the Father Testifies of Jesus, God the Son

येशू बप्तिस्मा लिएर पानीबाट माथि आउँदैगर्नुहुँदा पवित्र आत्मा ढुकुरको रूपमा उहाँमा ओर्लिआउनुभयो र माथिबाट परमेश्वर पिताको यस्तो आवाज आयो, "यिनी मेरा प्रिय पुत्र हुन्, र यिनीसँग म अति प्रसन्न छु" (मत्ती ३:१७)। यो परमेश्वर पुत्रको बारेमा परमेश्वर पिताले दिनुभएको गवाही हो।

अर्को घटनालाई पनि हेरौँ- येशूले आफ्नो सार्वजनिक सेवकाइ गर्दैगर्दा एकदिन चेलाहरूलाई सोध्नुभयो, "म को हुँ भनी तिमीहरू भन्दछौ?" पत्रुसले यसरी जवाफ दिए, "तपाईं ख्रीष्ट हुनुहुन्छ, जीवित परमेश्वरको पुत्र।" पत्रुसको उत्तर सुन्नुभएपछि येशूले भन्नुभयो, कि उक्त 'पत्रुसको स्वीकार' बुझ्ने पत्रुस थिएन तर स्वर्गमा हुनुहुने परमेश्वर पिताले पत्रुसलाई उसको ओठबाट येशूको साँचो परिचय स्वीकार गर्न लगाउनुभयो (मत्ती १६:१६-१७)। परमेश्वर पुत्रको बारेमा परमेश्वर पिताले गवाही दिनुहुन्छ भन्ने तथ्यलाई यस घटनाले पुष्टि गर्दछ।

अझ अर्को घटनालाई हेर्ने हो भने जब येशू आफ्ना तीन जना चेलाहरूसँग पहाडमा जानुहुँदा उहाँको रूप परिवर्तन भयो र बादलबाट यस्तो आवाज आयो, "यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु, यिनको कुरा सुन" (मत्ती १७:५)।

यस प्रकार, स्वयम् परमेश्वर पिताले येशूका चेलाहरूलाई उहाँको पहिचानको बारेमा सिकाउनुभयो किनभने पछि गएर येशूको अभियान र पहिचानलाई तिनीहरूले सबै राष्ट्रहरूमा लिएर जानुपर्ने थियो। यसलाई समर्थन गर्न परमेश्वर पिताले पुत्रको परिचयको बारेमा चेलाहरूलाई सिकाउनुहुन्छ भनी स्वयम् येशूले गवाही दिनुहुन्छ (यूहन्ना ५:३७; ८:१८)।

## २. येशू, परमेश्वर पुत्रले परमेश्वर पिताको गवाही दिनुहुन्छ

### Jesus, God the Son, Testifies of God the Father

परमेश्वर पिताले नम्रतासाथ परमेश्वर पुत्रको गवाही दिनुहुन्छ र उहाँको सेवा गर्नुहुन्छ। स्वर्गीय पिताबाट सेवा पाउनुहुने परमेश्वर पुत्रले पनि परमेश्वर पिताको गवाही दिनुहुन्छ र उहाँको सेवा गर्नुहुन्छ। बाइबलमा केही घटनाहरू छन्, जहाँ परमेश्वर पुत्रले परमेश्वर पिताको गवाही दिनुभएको कुरा उल्लेखित छन्।

अर्को कुरा के हो भने फरिसीहरूले येशूको पिता कहाँ छन् भनी प्रश्न गर्दा येशूले यूहन्ना ८:१९ मा यस्तो जवाफ दिनुभयो, "तिमीहरू न त मलाई चिन्छौ न मेरा पितालाई। तिमीहरूले मलाई चिनेका भए मेरा पितालाई पनि चिन्नेथियौ।"

फिलिप भन्ने एकजना चेलाले एकपटक परमेश्वर पिता देखाइदिनुहोस् भनी अनुरोध गर्दा येशूले उसलाई जवाफ दिनुभयो, "फिलिप, यतिको समयसम्म म तिमीहरूसँग छु, तैपनि तिमीले मलाई चिन्दैनौ? जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ। तिमी कसरी भन्न सक्छौ, 'हामीलाई पिता देखाइदिनुहोस्?'" (यूहन्ना १४:९)। यसरी येशूले परमेश्वर पिताको गवाही दिनुभयो।

मानिसजाति केवल सृष्टि गरिएको प्राणीहरू भएको कारणले तिनीहरूले प्रत्यक्ष परमेश्वर पितालाई देख्न सक्दैनन्। परमेश्वर पिताद्वारा पठाइएको परमेश्वर पुत्रलाई देख्नु भनेको नै परमेश्वर पितालाई देख्नु हो। त्यही कारणले गर्दा येशूले यसो भन्नुभयो, "परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन। पिताको साथमा हुनुहुने एक मात्र पुत्रले उहाँलाई प्रकट गर्नुभएको छ" (यूहन्ना १:१८)। अझै हेर्ने हो भने हिब्रू १:३ ले येशूलाई यसरी व्याख्या गर्दछ, "उहाँ नै परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरूप हुनुहुन्छ।"

## ३. येशूले परमेश्वर पवित्र आत्माको गवाही दिनुहुन्छ

Jesus Testifies the God the Holy Spirit

परमेश्वर पिताको गवाही दिनुहुने येशूले परमेश्वर पवित्र आत्माको पनि गवाही दिनुभयो। पवित्र आत्मालाई सल्लाह्कार अथवा सह्योगकर्ता (*Paracletos* in Greek) पनि भनिन्छ। सल्लाहकार हामीमा आफै त्यतिकै आउनुहुन्न। सल्लाहकार पठाइदिनुहोस् भनी येशूले परमेश्वर पितासँग अनुरोध गर्नुभएपछि परमेश्वर पिताबाट येशू ख्रीष्टद्वारा पवित्र आत्मा हामीमा आउनुहुन्छ। यसलाई फेरि सरलरूपमा भन्ने हो भने परमेश्वर पिताद्वारा पठाइएको परमेश्वर पवित्र आत्मा परमेश्वर पुत्रद्वारा हामीमा आउनुहुन्छ (यूहन्ना १४:१६: १५:२६)।

आफू पक्राउ पर्नुभन्दा केही समयअघि अन्तिम रात्रीभोजमा येशूले भन्नुभयो, "म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ- उहाँ सत्यका आत्मा हुनुहुन्छ" (यूहन्ना १४:१६-१७)। यसो भन्नुहुँदा, उहाँले पवित्र आत्माको पहिचानलाई प्रकट गर्नुभयो। पवित्र आत्मा सत्यको आत्मा हुनुहुन्छ र उहाँ परमेश्वर पिताको आत्मा हुनुहुन्छ (मत्ती १०:२०; १६:१७; रोमी ८:११); त्यसैगरी उहाँ परमेश्वर पुत्रको पनि आत्मा हुनुहुन्छ (प्रेरित १६:७; रोमी ८:९; १ पत्रुस १:११)। पवित्र आत्माले येशूको बारेमा हरेक कुरा हामीलाई सिकाउनु हुन्छ अनि येशू को हुनुहुन्छ र उहाँले के गर्नुभएको छ भनी स्मरण गराउनुहुन्छ (यूहन्ना १४:२६)।

हामीले परमेश्वर पुत्र येशूको नाउँमा परमेश्वर पितासँग प्रार्थना गर्दा (मत्ती ६:९; यूहन्ना १६:२३-२४) उहाँको अनुरोधमा परमेश्वर पिताले येशूद्वारा हाम्रो प्रार्थनाको प्रतिउत्तर दिनुहुन्छ। यसर्थ, त्रिएक परमेश्वरको तीन व्यक्तिहरूले एक-आपसलाई सेवा र आदर गर्ने सक्रिय सम्बन्ध यही हो।

## ४. परमेश्वर आत्माले येशू, परमेश्वर पुत्रको गवाही दिनुहुन्छ

God the Spirit Testifies of Jesus, God the Son

पवित्र आत्माले येशूको गवाही दिनुहुने सत्यता बाइबलले प्रकट गर्दछ (यूहन्ना १५:२६)। पुनरुत्थान हुनुभएपछि येशू संसारमा चालिस दिनसम्म बस्नुभयो र त्यसअवधिमा उहाँले इसाईहरूलाई चारपटक महान् आदेश दिनुभयो (मत्ती २८:१९-२०; मर्कूस १६:१५; लूका २४:४७; यूहन्ना २०:२१)। अनि यरूशलेमबाट उहाँ स्वर्गारोहण हुनुभन्दा केही क्षणअघि उहाँले अन्तिमपटक तिनीहरूलाई यसरी महान् आदेश दिनुभयो, "तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ" (प्रेरित १:८)। यसलाई अर्को शब्दमा भन्ने हो भने पवित्र आत्माले चेलाहरूद्वारा येशूको गवाही दिनुहुन्छ।

शक्ति र सामर्थ्य दिनुहुने पवित्र आत्माको सहायताद्वारा मात्र असल समाचार (सुसमाचार), जो वास्तवमा स्वयम् येशू हुनुहुन्छ, संसारको सबै राष्ट्रहरूमा प्रचार गर्न सकिन्छ। यहाँ हामीले त्रिएक परमेश्वरको तीन व्यक्तिहरू एकतामा रही सङ्गति गर्नुभएको, एकले अर्कोको सेवा गर्नुभएको र एकले अर्कोको गवाही दिनुभएको विशेष सम्बन्धलाई देख्न सक्छौँ।

# घ. परमेश्वर पितालाई उच्च पार्नुहुने येशू
Jesus Exalting God the Father

परमेश्वरको तीन व्यक्तिहरूमध्ये एक हुनुहुने येशूले आफूलाई नम्र तुल्याउनुभएर परमेश्वर पितालाई आदर गर्दै उहाँलाई उच्च पार्नुहुन्छ। येशूले यसो गर्नुभएको हामीले बाइबलको थुप्रै ठाउँमा देख्न सक्छौँ, जसलाई निम्नलिखित आठ खण्डहरूमा वर्गिकरण गर्न सकिन्छ।

## १. परमेश्वर पिता सबैभन्दा महान् हुनुहुन्छ
God the Father Greater than All

परमेश्वर पुत्रले व्यक्तिगतरूपमा सबै थोकहरू सृष्टि गर्नुभयो (यूहन्ना १:३; कलस्सी १:१६; हिब्रू १:२)। परमेश्वर पिताले त्यसको योजना रच्नुभयो अनि पवित्र आत्माले त्यसको निम्ति सामर्थ्य प्रदान गर्नुभयो तर परमेश्वर पुत्रले व्यक्तिगतरूपमा सबै थोकहरू सृष्टि गर्ने अभियानलाई पूरा गर्नुभयो। तर येशू, परमेश्वर पुत्रले आफैलाई उच्च पार्नुभएन बरू उहाँले परमेश्वर पिता सबैभन्दा महान् हुनुहुन्छ भनी घोषणा गर्नुभयो।

"मेरा भेड़ाहरूले मेरो सोर सुन्छन्, र तिनीहरूलाई म चिन्छु, र तिनीहरू मेरो पछि आउँछन्। तिनीहरूलाई म अनन्त जीवन दिन्छु, र तिनीहरू कहिल्यै नष्ट हुनेछैनन्, र कसैले तिनीहरूलाई मेरो हातबाट खोसी लैजानेछैन। मेरा पिताले ती मलाई दिनुभएको छ; उहाँ सबैभन्दा महान् हुनुहुन्छ। पिताको हातबाट कसैले तिनीहरूलाई खोसी लानेछैनन्" (यूहन्ना १०:२७-२९)। परमेश्वर पिता सबैभन्दा महान् हुनुभएकोले येशूद्वारा बचाइएकाहरूलाई कसैले खोसेर लैजान सक्दैन किनभने

परमेश्वर पिताले तिनीहरूलाई आफ्नो हातले पक्रिरहनुभएको छ। यद्यपि येशू आफ्नो स्वर्गीय पिताजत्तिकै उच्च हुनु भए तापनि उहाँले आफूलाई नम्र तुल्याउनुभयो र आफ्नो पितालाई उच्च पार्नुभयो।

## २. परमेश्वर पिताको योजनाअनुसार येशूले व्यक्तिगतरूमा सृष्टिको काम गर्नुभयो

Jesus Who Personally Perfomed the Work of the Creation, according to the Plan of God the Father

हामीले माथि चर्चा गरेझैँ, परमेश्वर पुत्र नम्र हुनुहुन्छ अनि उहाँ सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ र उहाँले नै आफ्नो हातहरू र वचनहरूले ब्रह्माण्डमा भएका सबै थोकहरू सृष्टि गर्नुभएको हो। वास्तवमा त्रिएक परमेश्वरको तीन वटै व्यक्तिहरू सृष्टिकर्ता परमेश्वर हुनु भए तापनि व्यक्तिगतरूपमा सृष्टिको काम गर्नुहुने चाहिँ परमेश्वर पुत्र नै हुनुहुन्छ। धर्मशास्त्रमा यो सत्यतालाई यूहन्ना र पावलले तल उल्लेखित खण्डहरूमा लेखेका छन्:

"सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन" (यूहन्ना १:३)।

"किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन्" (कलस्सी १:१६)।

"तर यी आखिरी दिनहरूमा उहाँ आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ। पुत्रलाई नै उहाँले सबै कुराका उत्तराधिकारी नियुक्त गर्नुभयो, उहाँद्वारा नै समस्त सृष्टि रच्नु पनि भयो" (हिब्रू १:२)।

हामीले धर्मशास्त्रका यी खण्डहरू पढ्दैगर्दा परमेश्वर पुत्रले नै व्यक्तिगतरूपमा सबै थोकहरू सृष्टि गर्नुभएको हो भनी बाइबलले स्पष्टसँग प्रमाणित गर्दछ। तर आफूले

व्यक्तिगतरूपमा गर्नुभएको सृष्टिको सेवकाइमा येशू घमण्डले फुल्नु भएन बरु उहाँले नम्रतापूर्वक भन्नुभयो, कि योजनाकार परमेश्वर पिताको योजना र निर्देशनअनुसार नै उहाँले सारा सृष्टिको सेवकाइ गर्नुभयो। यसले परमेश्वर पुत्रको सुन्दर व्यक्तित्वलाई प्रदर्शन गर्दछ, जो घमण्डले फुल्नुहुन्न तर नम्र भएर परमेश्वर पितालाई उच्च पार्नुहुन्छ।

## ३. परमेश्वर पिताले नै परमेश्वर पुत्रलाई संसारमा पठाउनुभयो

### God the Father Who Sent God the Son to the World

आदमले पाप गरेपछि त्रिएक परमेश्वरको बैठकले परमेश्वर पुत्रलाई स्त्रीको सन्तानको रूपमा शरीर बनाउने (मानव अवतार) निर्णय गरियो। "तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्" (उत्पत्ति ३:१५)। यही घोषणा गरिएको वचनमा आधारित भएर त्रिएक परमेश्वरले पूर्णरूपमा भ्रष्ट मानवजातिलाई बचाउन करिब चार हजार वर्षपछि मुक्तिको योजना पूरा गर्नुभयो (मुक्तिको महान् योजनाको प्रवचनहरू हेर्नुहोस्)।

परमेश्वरले उक्त निर्णय यशैया अगमवक्तालाई बताउनुभयो (इ.पू. ७००), जुन यस प्रकारको छ, "यसैकारण परमप्रभु आफैले तिमीहरूलाई एउटा चिन्ह दिनुहुनेछ। हेर, कन्या गर्भवती हुनेछ, र त्यसले एउटा छोरा जन्माउनेछ र उनको नाउँ इम्मानुएल राखिनेछ" (यशैया ७:१४)।

पछि परमेश्वर पिताले आफ्नो पुत्र येशूलाई मानिसको पुत्रको रूपमा यस संसारमा पठाउनुभएपछि यो योजना वास्तविकरूपमा कार्यान्वयन गरिएको थियो। "... किनभने जो तिनको गर्भमा हुनुहुन्छ, उहाँ पवित्र आत्माबाट हुनुहुन्छ। तिनले एउटा पुत्र जन्माउनेछिन्, र तिमीले उहाँको नाउँ येशू राख्नेछौ, किनभने उहाँले

आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनुहुनेछ।" अगमवक्ताद्वारा परमप्रभुले बोल्नुभएको वचन पूरा हुनलाई नै यी सबै भएका हुन्" (मत्ती १:१८-२२)।

कसरी येशू मानिस बन्नुभयो, उहाँ आउनुको उद्देश्य के थियो अनि कसले उहाँलाई यस संसारमा पठाउनुभयो भन्ने बारेमा परमेश्वर पुत्रले गवाही दिनुभयो। येशूले भन्नुभयो, "... म आफ्नै इच्छाले आएको होइनँ, तर उहाँले (परमेश्वर पिताले) मलाई पठाउनुभयो" (यूहन्ना ८:४२)। "जसरी जीवित पिताले मलाई पठाउनुभयो, र म पिताको कारणले जिउँछु, त्यसै गरी मलाई खाने पनि मेरो कारणले जिउनेछ" (यूहन्ना ६:५७)। फेरि येशूले भन्नुभयो, "तिमीहरूलाई शान्ति! जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी म पनि तिमीहरूलाई पठाउँदछु" (यूहन्ना २०:२१)।

आफू यस संसारमा पिताद्वारा पठाइएकोले आएको हुँ भन्ने सत्यताको गवाही येशूले आफ्नै वचनहरद्वारा धेरैपटक दिनुभयो (यूहन्ना ३:१६; ५:३६-३७; १०:३६; ११:४२; १४:२४; १७:१८)। यहाँ फेरि हामी येशूले परमेश्वर पितालाई उच्च पार्नुभएको देख्दछौँ।

## ४. परमेश्वर पिताले पूर्वनिर्धारित परमेश्वरका सन्तानहरूलाई येशूकहाँ पठाउनुभएको छ

### God the Father Who Has Sent the Predestined Children of God to Jesus

नम्र येशूले भन्नुभयो, कि परमेश्वर पिताले आफ्ना पूर्वनिर्धारित सन्तानहरूलाई उहाँकहाँ पठाउनुहुन्छ। परमेश्वर पिताले सृष्टिभन्दा पहिले नै आफ्ना सन्तानहरूलाई छानिसक्नुभएको छ र तिनीहरूलाई येशूकहाँ पठाउनलाई पूर्वनिर्धारण गरिसक्नुभएको छ (एफिसी १:३-४)। "पिताले मलाई दिनुहुने सबै मकहाँ आउनेछन्, र मकहाँ आउनेलाई कुनै रीतिले म त्याग्नेछैनँ" (यूहन्ना ६:३७)।

यस किसिमले, पूर्वनिर्धारण भइसकेका व्यक्तिहरूलाई परमेश्वर पिताले येशूतिर डोऱ्याउनुहुन्छ। "मलाई पठाउनुहुने पिताले खिँच्नुभएन भने कोही मकहाँ आउन सक्दैन, र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु। 'अनि ती सबै जना परमेश्वरद्वारा सिकाइनेछन्' भनी अगमवक्ताहरूका पुस्तकमा लेखिएको छ। प्रत्येक जसले पिताबाट सुन्छ र सिक्छ त्यो मकहाँ आउँछ" (यूहन्ना ६:४४-४५)।

येशू, परमेश्वर पुत्रले आफूकहाँ आउनेहरूको बारेमा परमेश्वर पितालाई यसरी गवाही दिनुहुन्छ: "संसारबाट जुन मानिसहरू तपाईंले मलाई दिनुभयो, तिनीहरूलाई तपाईंको नाउँ मैले प्रकट गरिदिएको छु। तिनीहरू तपाईंका थिए, अनि तपाईंले तिनीहरू मलाई दिनुभयो, र तिनीहरूले तपाईंको वचन पालन गरेका छन्" (यूहन्ना १७:६)।

## ५. येशू परमेश्वर पिताको नाउँ प्रकट गर्न आउनुभयो

### Jesus Who Came to Reveal the Name of God the Father

येशूले मानव अवतार लिनुको उद्देश्य सारा सृष्टिमाथि परमेश्वर पिताको नाउँ र प्रेम प्रकट गर्नु अनि ती सृष्टिहरूलाई मुक्ति ग्रहण गर्न लगाउनु हो। "किनभने परमेश्वरले (पिताले) संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्" (यूहन्ना ३:१६)। "साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ। त्यो न्यायमा आउँदैन, तर मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको छ" (यूहन्ना ५:२४)।

यस प्रकार येशूले आफूलाई माथि देखाउनुभएन तर उहाँले परमेश्वर पितालाई उच्च तुल्याउनुभयो। यो संसारलाई प्रेम गर्नुहुने परमेश्वर पिता हुनुहुन्छ; अनि दोषी नठहऱ्याईकन अनन्त जीवन दिनुहुने पनि परमेश्वर पिता नै हुनुहुन्छ भनी येशूले आफ्ना चेलाहरूलाई सिकाउनुभयो।

प्रार्थना गर्दा परमेश्वर पितालाई प्रार्थना गर्नुपर्छ भनी नम्र येशूले आफ्ना चेलाहरूलाई सिकाउनुभयो (मत्ती ६:९)। वास्तमा, हामीले येशूलाई सम्बोधन गरी प्रार्थना गर्दछौँ भने, त्यो उहाँले अवश्य सुन्नुहुन्छ। तर इसाईहरूले येशूको नाउँमा परमेश्वर पितासँग प्रार्थना गर्नुपर्छ भनी येशूले सिकाउनुभयो र उहाँले इसाईहरूको लागि परमेश्वर पितालाई अनुरोध गरिदिनुहुनेछ भनी उहाँले भन्नुभयो। यहाँ हामी येशूले आफूलाई नम्र तुल्याएर परमेश्वर पितालाई उच्च पार्नुभएको देख्न सक्छौँ (यूहन्ना १६:२६)।

## ६. येशूले परमेश्वर पितासँग एकतामा काम गर्नुहुन्छ

### Jesus Works in Unison with God the Father

परमेश्वर पिताद्वारा पठाइएको परमेश्वर पुत्रले आफ्नै इच्छाअनुसार केही पनि गर्नुभएन। उहाँले हरेक कुरा पिताको इच्छा र आज्ञाअनुसार गर्नुभयो र पिताद्वारा आफूलाई (पुत्रलाई, Huios) प्रकट गरिदनुभएअनुसारको काम गर्नुभयो। पिता र पुत्र निम्नलिखित चार वटा क्षेत्रहरूमा एकता रही काम गर्नुभएको हामी देख्न सक्छौँ।

पहिलो, परमेश्वर पिताले जे इच्छा गर्नुहुन्छ, येशूले त्यही गर्नुहुन्छ। "आफ्नो इच्छा पूरा गर्न म स्वर्गबाट ओर्लिआएको होइनँ, तर मलाई पठाउनुहुनेको इच्छा पूरा गर्नलाई आएको हुँ" (यूहन्ना ६:३८)।

दोस्रो, येशूले परमेश्वर पितामा भएर काम गर्नुहुन्छ। "म पितामा छु, र पिता ममा हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौ? जुन वाणी म तिमीहरूलाई भन्दछु, त्यो मैले मेरो आफ्नै अधिकारमा बोलेको होइनँ तर ममा वास गर्नुहुने पिताले आफ्नो काम गर्नुहुन्छ" (यूहन्ना १४:१०)। "अनि उहाँले अलि अगाडि गएर लम्पसार परी प्रार्थना गर्नुभयो, "हे मेरा पिता, हुन सक्छ भने, यो कचौरा मबाट हटोस्। तरै पनि मैले इच्छा गरेबमोजिम होइन, तर तपाईंले इच्छा गर्नुभएबमोजिम होस्" (मत्ती २६:३९)।

तेस्रो, पिताले आज्ञा गर्नुहुने कुरा येशूले बोल्नुहुन्छ, "किनभने मैले आफ्नै तर्फबाट बोलिनँ, तर मैले के भन्नुपर्ने हो, र के बोल्नुपर्ने हो, मलाई पठाउनुहुने पिता आफैले मलाई आज्ञा दिनुभएको छ" (यूहन्ना १२:४९)।

चौथो, येशूले गर्नुपर्ने हरेक कुरा परमेश्वर पिताले देखाइदिनुहुन्छ, "किनभने पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ, र उहाँ आफैले गरिरहनुभएका सबै काम पुत्रलाई देखाउनुहुन्छ। यीभन्दा महान् काम उहाँले पुत्रलाई देखाउनुहुनेछ, र तिमीहरू आश्चर्यचकित हुनेछौ" (यूहन्ना ५:२०)। यसरी हरेक कुरा येशू, परमेश्वर पुत्रले परमेश्वर पितासँगको एकतामा गर्नुहुन्छ। उहाँहरू एकले अर्कोलाई आदर र सेवा गर्नुहुन्छ।

## ७. परमेश्वर पिताले हरेक कुरा परमेश्वर पुत्रलाई सुम्पनुभएको छ

### God the Father Has Entrusted Everything to God the Son

हामी अझै येशूको नम्रताको बारेमा धेरै कुरा पत्ता लगाउँदै जान्छौँ। यद्यपि येशूसँग स्वर्गहरू (पहिलो स्वर्ग, दोस्रो स्वर्ग र तेस्रो स्वर्ग) र पृथ्वीको (अतल कुण्डको पनि) सारा अधिकार भए तापनि ती सबै अधिकार परमेश्वर पिताबाट प्राप्त गरेको हो भनी येशूले भन्नुभयो। तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ" (मत्ती २८:१८)। "किनकि तपाईंले उसलाई सबै मानिसमाथि अधिकार दिनुभएको छ, ताकि तपाईंले उसलाई दिनुभएका सबैलाई उसले अनन्त जीवन देओस्" (यूहन्ना १७:२)।

येशूको अधिकार अतलकुण्ड (पाताल, अगाधको खाँध) लगायत सबै सृष्टिमाथि छ। मृत्युपछि पुनरुत्थान हुनुअघि तीन दिनमा येशू व्यक्तिगतरूपमा अतलकुण्डमा ओर्लनुभयो र त्यहाँ बचाइनको लागि पहिले नै चुनिएकाहरूलाई छुटकारा दिनुभयो। यो कुरा बाइबलमा स्पष्ट लेखिएको छ: "उहाँ उच्चमा चढ़िजानुहुँदा कैदलाई बन्दी बनाएर लानुभयो, र मानिसहरूलाई वरदानहरू दिनुभयो।" अब यो "उच्चमा चढ़िजानुभयो" भनेको चाहिँ के हो? केवल यही कि उहाँ पृथ्वीको तल्लो भागमा

ओर्लनु पनि भयो। उहाँ जो ओर्लनुभयो उहाँ नै सारा स्वर्गहरूभन्दा धेरै माथि चढ़िजानुभयो, यस हेतुले कि समस्त थोकलाई उहाँले भरिपूर्ण पार्न सकून्" (एफिसी ४:८-१०)।

"किनभने हामीलाई परमेश्वरकहाँ ल्याउन ख्रीष्ट पनि पापहरूका निम्ति सदाको लागि एक चोटि मर्नुभयो। उहाँ शरीरमा मारिनुभयो- धर्मी जन अधर्मीहरूका निम्ति- तर आत्माद्वारा जीवित पारिनुभयो। यसै आत्मामा उहाँ जानुभयो र कैदमा (अतलकुण्डमा) परेका आत्माहरूलाई पनि प्रचार गर्नुभयो" (१ पत्रुस ३:१८-१९)। येशूले यसो भनेर आफ्नो पितालाई उचाल्नुहुन्छ, कि तेस्रो स्वर्गदेखि अतलकुण्डसम्मको सबै सृष्टिलाई व्यवस्थित र सुरक्षित गर्ने अधिकार परमेश्वर पिताले उहाँको हातमा सुम्पिदिनुभएको छ।

## ८. परमेश्वर पिताले परमेश्वर पुत्रलाई संसारको न्याय गर्ने अधिकार दिनुभएको छ

### God the Father Who Has Given God the Son the Authority to Judge the World

अर्को कुरा के हो भने परमेश्वर पिताद्वारा दिइएको अधिकारद्वारा परमेश्वर पुत्र, येशूले यो संसारको अन्तमा सबै मानिसहरूको न्याय गर्नुहुनेछ। "अनि उसलाई (येशूलाई) न्यायको फैसला दिने अधिकार दिनुभएको छ, किनभने ऊ मानिसको पुत्र हो" (यूहन्ना ५:२७)।

येशूले सेतो सिंहासनमा विराजमान हुनुभएर भविष्यमा सबै सृष्टिको न्याय गर्नुहुने दर्शन प्रेरित यूहन्नाले देखे, जुन यस प्रकारको छ: "तब मैले एउटा ठूलो सेतो सिंहासन र त्यसमाथि विराजमान हुनुहुनेलाई देखें। उहाँको सामुन्नेबाट पृथ्वी र आकाश भागेर गए, र तिनीहरूका निम्ति कतै ठाउँ पाइएन। मैले ठूला र साना सबै मृतकहरूलाई सिंहासनको सामुन्ने उभिरहेका देखैं, र पुस्तकहरू खोलिए। अर्को एउटा पुस्तक पनि

खोलियो, जो जीवनको पुस्तक हो। ती पुस्तकहरूमा लेखिएका कुरामुताबिक, तिनीहरूका कामअनुसार मृतकहरूको इन्साफ भयो। समुद्रले त्यसमा भएका मृतकहरू दिइहाल्यो, अनि मृत्यु र पातालले पनि तिनीहरूमा भएका मृतकहरू दिइहाले। तिनीहरू प्रत्येकको आफ्नो-आफ्नो कामअनुसार इन्साफ भयो" (प्रकाश २०:११-१३)।

अन्तिम न्यायको मुख्य व्यक्ति येशू हुनुहुन्छ भन्ने तथ्य हामी धर्मशास्त्रमा भेट्टाउँछौँ। तर उहाँले यो कुरा देखाउनुहुन्न। बरु त्यसो गर्नुको सट्टामा उहाँले आफूलाई नम्र तुल्याएर न्याय गर्ने उक्त अधिकार परमेश्वर पिताले दिनुभएको हो भनी भन्नुहुन्छ।

माथि उल्लेखित आठ वटा बुँदाहरूलाई हेर्ने हो भने हामीले येशूको नम्रता, सेवा र भद्रतालाई देख्न सक्छौँ, जुन उहाँले परमेश्वर पितालाई उच्च पारेर देखाउनुभयो। मानिसको स्वरूपमा आउनुभएको परमेश्वर पुत्रसँग डाह, घृणा, क्षमा नदिने हृदय, रिस, लोभ, निन्दा गर्न हृदय, छल-कपट, ठग्ने हृदय, अविश्वासयोग्यता, चोरी, मनमुटाव, अलग हुने हृदय, होडबाजी अनि यस्तै खालका अरू दुष्ट चरित्रहरू छैन। त्रिएक परमेश्वरले हामीप्रति पारस्परिक नम्रता, सेवा र भद्रता मात्र देखाउनुहुन्छ। त्रिएक परमेश्वरको तीन व्यक्तिहरू प्रत्येकसँग फरक-फरक काम भए तापनि उहाँहरूको एकतामा इसाई आत्मा प्रकट भएको छ।

येशूजस्तै हुनु भनेको प्रभु येशूको यस्ता चरित्रहरू अनि त्रिएक परमेश्वरको तीन व्यक्तिहरूबीचको सम्बन्धलाई सिकेर त्यसलाई अभ्यास गर्नु हो। यदि कुनै इसाई डाह, घृणा, क्षमा नदिने हृदय, रिस, लोभ, निन्दा गर्न हृदय, छल-कपट, ठग्ने हृदय, अविश्वासयोग्यता, चोरी, मनमुटाव, अलग हुने हृदय, होडबाजीजस्ता दुष्ट कुराहरूले भरिएको छ भने उसले इसाई आत्मा बोक्न सक्दैन। दुष्टको चरित्र बोक्ने यस्तो इसाई यो संसारमा नून र ज्योति हुन कस्दैन (मत्ती ५:१३-१६), र अन्तमा, त्यो व्यक्ति प्रभु येशूको साँचो चेला हुन सक्दैन (लूका १४:२५-३५)।

यूहन्ना १७ अध्यायमा हेर्ने हो भने क्रूसमा जानुभन्दा पहिले चेलाहरू परमेश्वर पिता र परमेश्वर पुत्रजस्तै एक हुन सकून् भनी येशूले परमेश्वर पितासँग प्रार्थना गर्नुभयो। "म फेरि संसारमा रहँदिनँ, तर यिनीहरू त संसारमा रहन्छन्। मचाहिँ तपाईंकहाँ

आइरहेछु। पवित्र पिता, तपाईंले मलाई दिनुभएको तपाईंको नाउँमा तिनीहरूलाई सुरक्षित राख्नुहोस्, र हामी जस्तै तिनीहरू पनि एक होऊन्" (यूहन्ना १७:११)। "तिनीहरू सबै एक होऊन्। हे पिता, जसरी तपाईं ममा हुनुहुन्छ, र म तपाईंमा, त्यसरी तिनीहरू पनि हामीमा होऊन्, र तपाईंले मलाई पठाउनुभयो भनी संसारले विश्वास गरोस्" (यूहन्ना १७:२१)।

त्रिएक परमेश्वर आफैमा पूर्ण हुनुहुन्छ तर तीन व्यक्तिहरूमध्ये प्रत्येक एक अर्कामा वास गर्नुहुन्छ, सेवा गर्नुहुन्छ, सङ्गति गर्नुहुन्छ, नम्र व्यवहार गर्नुहुन्छ, गवाही दिनुहुन्छ, आदर गर्नुहुन्छ र एकतामा रहनुहुन्छ। आफ्ना चेलाहरूले पनि त्रिएक परमेश्वरको तीन व्यक्तिहरूबीचको यस सशक्त सम्बन्धलाई अनुसरण गरोस् भनी येशूले चाहनुहुन्थ्यो ताकि तिनीहरूको शैक्षिक, साँस्कृतिक, पारिवारिक, जातीय पृष्ठभूमि अनि चरित्र, लिङ्ग, आर्थिक अवस्था, सामाजिक स्तरजस्ता कुराहरूमा विविधता भए तापनि नम्र भएर एकले अर्कोसँग सेवा गर्न, सङ्गति गर्न, आदर गर्न, प्रेम गर्न र एकतामा रहन सकून्। यस्ता व्यक्तित्व भएका इसाईहरू पवित्र आत्माले भरिएका हुन्छन् र तिनीहरूले संसारमा येशूको प्रतिनिधित्व गर्छन्।


येशूले यो कुरा व्यक्तिगतरूपमा आफ्ना चेलाहरूलाई तीन वर्षसम्म सिकाउनुभयो। येशूको साँचो चेलाहरू हुनको निम्ति हामीले येशूको यो मनलाई आफ्नो हृदयमा राख्नुपर्छ।

# ४

# येशूलाई बुझ्नु
UNDERSTANDING JESUS

परमेश्वर पुत्र, जो त्रिएक परमेश्वरको दोस्रो व्यक्ति हुनुहुन्छ, मानव देह धारण गरेर यस संसारमा आउनुभयो। त्यतिबेला उहाँले आफ्नो ईश्वरत्वलाई पूर्णरूपमा रित्याउनुभएर (फिलिप्पी २:७); पूर्ण मानिस भई आउनुभयो, मानिसकै भाषा प्रयोग गर्नुभयो, मानिसकै लुगा र जुत्ता लगाउनुभयो अनि उहाँले खानुभयो र सुत्नुभयो। अर्को कुरा के हो भने उहाँलाई पापी ठानियो, उहाँको उपहास गरियो, यातना दिइयो र येशू क्रूसमा टाँगिएर मर्नुभयो।

उहाँले त्यसो गर्नुहुँदा इतिहासमा मानिसहरूले घरीघरी येशूलाई केवल मानवीय दृष्टिकोणले मात्र हेरेको थुप्रै घटनाहरू थिए र तिनीहरू येशूलाई परमेश्वर पुत्रको रूपमा देख्न असमर्थ भए। अझ त्योभन्दा खराब कुरा के हो भने इसाई जगतमा ख्रीष्टशास्त्रमा अन्यौल र दुविधाको अवस्था रहिआएको छ र त्यही कारणले गर्दा, थुप्रै झूटा समूहहरू निस्केका छन्। विशेष गरी यदि कुनै व्यक्तिले येशूको पूर्व-अस्तित्व र उहाँको मानवतालाई बुझ्न सक्दैन भने, उसले बाइबललाई व्यवस्थित अनि तार्किक ढङ्गमा व्याख्या गर्न सक्दैन। तसर्थ, आफ्नो विश्वासको जीवनलाई चट्टानमाथि स्थापित गर्नको निम्ति हामीले यी कुराहरू ठिक ढङ्गमा बुझ्नैपर्छ।



# क. येशूको पूर्व-अस्तित्व

## Pre-existence of Jesus

पुत्र परमेश्वर जो त्रिएक परमेश्वरको दोस्रो व्यक्ति हुनुहुन्छ, उहाँ कार्यान्वियनकर्ता परमेश्वर हुनुहुन्छ। परमेश्वर पिता योजनाकार हुनुहुन्छ, परमेश्वर पुत्र कार्यान्वियनकर्ता हुनुहुन्छ र परमेश्वर पवित्र आत्मा सामर्थ्य दिने हुनुहुन्छ। परमेश्वर पिता तेस्रो स्वर्गको सिंहासनमा विराजमान हुनुहुन्छ र उहाँले आफूलाई सृष्टिहरूको माझमा प्रकट गर्नुहुन्न (यूहन्ना १:१८), परमेश्वर पुत्रले सबै सृष्टिमाथि शासन गर्नुभई तिनीहरूको उचित प्रवन्ध (प्रशासन) गर्नुहुन्छ, र परमेश्वर पवित्र आत्माले परमेश्वर पुत्रलाई त्यसो गर्न सहायता गर्नुहुन्छ।

यो आपसी पारस्परिक सम्बन्धमा आधारित भएर, परमेश्वर पुत्र (येशू), जो त्रिएक परमेश्वरको दोस्रो व्यक्ति हुनुहुन्छ, उहाँ मानव इतिहासमा अस्तित्वमा रहनुभएको छ र उहाँले आफ्नो भूमिकाअनुसार मानिससँग प्रत्यक्ष सम्बन्ध निर्माण गर्नुभएको छ। परमेश्वर पुत्रले आफ्नै हातले सबै कुराहरूको सृष्टि गर्नुभएपछि (यूहन्ना १:३; कलस्सी १:१६; हिब्रू १:२), उहाँले सारा सृष्टिमाथि शासन गर्नुभएको छ, तिनीहरूको प्रवन्ध गर्नुभएको छ अनि तिनीहरूमाथि हस्तक्षेप गर्दै, तिनीहरूको जीवन र मृत्युमाथि रेखदेख गर्दै सबैको भाग्य र दुर्भाग्य निर्धारण गर्नुभएको छ। मानिसको रूपमा पृथ्वीमा आउनुभन्दा धेरै अघिदेखि येशूको उक्त अस्तित्वलाई नै येशूको पूर्व-अस्तित्व (Pre-existence of Jesus) भनिन्छ।

आफू सृष्टिभन्दा पहिलेदेखि नै अस्तित्वमा छु भनी स्वयम् येशूले भन्नुभयो (यूहन्ना १७:५)। उहाँ अल्फा र ओमेगा हुनुहुन्छ, जसको मतलब उहाँ मानव इतिहासको सुरुवात र अन्त हुनुहुन्छ (यशैया ४४:६; प्रकाश १:८,१७; २१:६; २२:१३)। येशू आजभन्दा करिब २,००० वर्षअघि मानिसको रूपमा आउनुभयो, तर उहाँ ३,०००

वर्षअघि, ४,००० वर्षअघि, ... र ६,००० वर्षअघि पुरानो करारमा स्पष्टरूपमा मानव इतिहासमा उहाँको अस्तित्व थियो। वास्तवमा, पुरानो करारको समयमा विभिन्न मानिसहरूसँग व्यक्तिगतरूपमा आमने-सामने भेट गर्नुहुने यहोवा परमेश्वर, येशू नै हुनुहुन्थ्यो।

येशू किन पुरानो करारको यहोवा परमेश्वर हुनुहुन्छ भन्ने कुरा हामी उहाँको नामबाट बुझ्न सक्छौँ। उत्पत्ति २:४ मा परमेश्वर (God) लेख्नुको सट्टामा बाइबलले यहोवा परमेश्वर (Jehovah God) अथवा यहोवा (Jehovah) प्रयोग गरेको छ, जसको अर्थ "करार बाँध्नुहुने परमेश्वर" हुन्छ। उहाँ हामीसँग करार बाँध्नुहुने परमेश्वर हुनुहुन्छ, जसको अर्थ उहाँ उद्धारकर्ता हुनुहुन्छ। उक्त यहोवा परमेश्वरले व्यक्तिगतरूपमा मानिसको स्वरूप धारण गरी हाम्रो मुक्तिदात भई आउनुभयो र हामी उहाँलाई प्रभु भनी पुकार्दछौँ।

यहूदीहरूले परमेश्वरको 'यहोवा' (YAHWEW) भन्ने हिब्रू नाउँलाई उच्चारण गर्ने साहस गरेनन्, किनभने त्यो अति नै पवित्र नाउँ हो भनी तिनीहरूले विश्वास गर्थे। त्यसैले तिनीहरूले उक्त नाउँबाट स्वर अक्षरहरूलाई हटाएर केवल YHWH लेखे। धर्मशास्त्रमा यो नाउँ देखापर्दा, त्यसलाई मुखले उच्चारण गर्नुको सट्टामा आदरसाथ आफ्नो टाउको झुकाउने गर्न थाले। उक्त यहोवा भन्ने नाउँलाई उच्चारण नै गर्न नसक्ने भएकोले तिनीहरूले परमेश्वरको ठाउँमा हिब्रू भाषाको एडोनाइ (Adonai) भनेर लेखे, जसको अर्थ 'मेरो प्रभु' (My Lord) हुन्छ।

उक्त एडोनाइ भन्ने हिब्रू नाउँलाई प्रथम पटक सेप्टुआजिण्टमा 'कुरिओस्' (Kurios) भनेर अनुवाद गरियो, जसको अर्थ प्रभु (Lord) हुन्छ (सेप्टुआजिण्ट भनेको हिब्रू पुरानो करारको प्राचीन ग्रीक अनुवाद हो, Septuagint, 284-247 B.C.)। अहिले नयाँ करारमा हामी येशूलाई प्रभु (Lord) भनेर पुकार्दछौँ। त्यसको मतलब नयाँ करारको प्रभु येशू भनेको अरू कोही नभएर पुरानो करारको यहोवा (YAHWEW) परमेश्वर नै हुनुहुन्छ।

आफू पुरानो करारको यहोवा परमेश्वर हुँ भन्ने सत्यता येशूले आफ्ना चेलाहरूलाई र तत्कालीन यहूदी अगुवाहरूलाई गवाही दिनुभयो। उहाँले अब्राहामलाई भेट्नुभयो (इ.पू. २१६६) र व्यक्तिगतरूपमा तिनीसँग कुराकानी गर्नुभयो (उत्पत्ति १२:१; १८:१-३३; २२:१-२; यूहन्ना ८:५६)। उहाँले नै पुरानो करारका अगमवक्ताहरूलाई (इ.पू. ८५०-४५०) पठाउनुभएर मूर्तिहरूको सेवा गर्ने इस्राएलीहरूलाई चेताउनी दिनुभयो (मत्ती २३:३७)। एलियाको समयदेखि (इ.पू. ८५०) मलाकीको समयसम्म (इ.पू. ४५०) सृष्टिको उद्देश्यलाई बिर्सेर बेबिलोनी धर्मको मूर्तिहरूको सेवा गर्ने इस्राएलीहरूलाई हप्काउनको निम्ति अगमवक्ताहरू पठउने स्वयम् येशू हुनुहुन्थ्यो। तिनीहरूले मूर्तिपूजा गर्न रोकोस् भन्ने हेतुले उहाँले ती अगमवक्ताहरूलाई पठानुभएको थियो।

यहूदी अगुवाहरूले यो कुरा सुनेर अचम्भित भए। ५० वर्ष पनि नपुगेको येशूले अब्राहामलाई भेट्नुभएको (यूहन्ना ८:५७) कुरा तिनीहरूले बुझ्न सकेनन्। वास्तवमा त्यो मानवीय समझभन्दा बाहिरको कुरा थियो। येशूले तिनीहरूलाई अझै यसो भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, अब्राहाम हुनुभन्दा अघिबाटै म छँदैछु" (यूहन्ना ८:५८)। यो कुरा सुनेपछि येशूलाई हान्न तिनीहरूले ढुङ्गा उठाए तर येशू लुक्नुभयो। येशू परमेश्वर पुत्र हुनुहुन्छ भन्ने कुरा तिनीहरूले विश्वास नगरेका हुनाले येशूले भन्नुभएको कुरा तिनीहरूले स्वीकार गर्न सकेनन्। अर्को कुरा के हो भने यहूदी धर्मबाट प्रभावित भएका चेलाहरूको लागि पनि येशूले भन्नुभएको उक्त कुरा बुझ्न गाह्रो भएको हुन सक्छ।

यस विषयमा अझै खोजतलास गर्ने हो भने येशू पुरानो करारको समयमा अस्तित्वमा हुनुहुन्थ्यो भन्नेबारेमा बाइबलमा थुप्रै प्रमाणहरू पाउन सकिन्छ। उहाँ शालेमको राजा, मल्कीसेदेकको रूपमा पुरानो करारमा हुनुहुन्थ्यो (धार्मिकताका राजा, उत्पत्ति १४:१८: हिब्रू ७:१-३); त्यसैगरी मिश्रदेशबाट  निस्केपछि इस्राएलीहरूको निम्ति पानी उत्पन्न गर्ने चट्टान पनि येशू नै हुनुहुन्थ्यो (प्रस्थान १७:६; गन्ती २०:८--१२; व्यवस्था ३२:५१-५२; १ कोरिन्थी १०:४)। येशू ख्रीष्टको निम्ति दु:ख-कष्ट भोग्दामोशा आनन्दित भएका थिए (हिब्रू ११:२४-२६)।

शारीरिकरूपमा आफूभन्दा ६ महिना कान्छो भए तापनि येशू तिनीभन्दा अघिबाटै हुनुहुन्थ्यो भनी बप्तिस्मा दिने यूहन्नाले गवाही दिए (यूहन्ना १:१५)। पुरानो करारको मोशाको व्यवस्था अनि अगमवक्ताहरू र भजनको पुस्तकमा लेखिएका हरेक कुरा उहाँकै बारेमा हुन् भनी स्वयम् येशूले गवाही दिनुभयो (लूका २४:२७,४४; यूहन्ना ५:३९)।


यहोवा परमेश्वरको रूपमा अस्तित्वमा रहनुहुँदा पुरानो करारमा येशू विभिन्न नाउँहरूमा देखा पर्नुभयो; जस्तै: यहोवा यिरे (उत्पत्ति २२:१४); यहोवा निस्सी (प्रस्थान १७:१५); सर्वशक्तिमान परमेश्वर (प्रस्थान ६:३); योहवा शालोम (न्यायकर्ता ६:२४); परमप्रधान (भजन ९१:१); गोठालो (भजन २३:१); गढ र किल्ला (भजन १४४:२); स्यारोनको गुलाव, बेसीँको लिली फूल (श्रेष्ठगीत २:१); इम्मानुएल (यशैया ७:१४), मानिसहरूलाई ठेस लगाउने चट्टान (यशैया ८:१४), अचम्मका सल्लाहकार, शान्तिको राजकुमार (यशैया ९;६), सर्वशक्तिमान परमप्रभु (यशैया १:९), इस्राएलक ज्योति, आगो (यशैया १०:१७), सनातनका चट्टान (यशैया २६:४), अल्फा र ओमेगा (यशैया ४४:६), उद्धारक (यशैया ४३:१४), इस्राएलका महाराजा र उद्धारक र सर्वशक्तिमान् परमप्रभु (यशैया ४४:६), दोषबलि (यशैया ५३:१०), जैतुनको रूख (होशे १४:६), र बचाउने सामर्थी परमप्रभु (सपन्याह ३:१७)।

परमेश्वर पुत्र जो त्रिएक परमेश्वरको दोस्रो व्यक्ति हुनुहुन्छ, उहाँ पुरानो करारमा विभिन्ना नाउँहरूमा देखा पर्नुभयो, उहाँले अचानक आफ्नो नाउँ 'येशू' (Jesus) भने घोषणा गर्नुभयो। येशू नाउँको अर्थ, 'जसले आफ्ना मानिसहरूलाई तिनीहरूका पापहरूबाट बचाउनुहुन्छ' भन्ने हो (मत्ती १:२१), जसको मतलब मुक्तिदाता (Savior) हो। उहाँ अरू कोही नभएर यशैया अगमवक्ताले बताएका (इ.पू. ७००) इम्मानुएल परमेश्व नै हुनुहुन्छ (यशैया ७:१४; मत्ती १:२३)।

| | | पुरानो करारमा येशू | नयाँ करारमा पाइने प्रमाणहरू |
|---|---|---|---|
| आदिमा | सृष्टिभन्दा पहिले | वचन (यूहन्ना १:१) | उहाँ परमेश्‍वर पितासँग हुनुहुन्थ्यो (यूह १७:५) |
| आदिमा | स्वर्गहरू र पृथ्वीको सृष्टि | यहोवा परमेश्‍वर (उत्पत्ति १:१; २:४) | उहाँले व्यक्तिगतरूपमा सबै सृष्टि गर्नुभयो (यूह १:३; कल १:१६; हिब्रू १:२) |
| इ.पू. ४११४ | आदमको पतन | यहोवा परमेश्‍वर (उत्पत्ति ३:२२; , Yahweh, YHWH, करारको परमेश्‍वर, मुक्तिदाता | उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापहरूबाट बचाउनुहुनेछ (मत्ती १:२१) |
| ३०५८ | नोआ | यहोवा (उत्पत्ति ६:८, मेरो प्रभु, हिब्रूमा एडोनाइ | प्रभु (ग्रीकमा Kurios) |
| २१६६ | अब्राहाम | यहोवा (उत्पत्ति १२:१; १३:४; १८:१-३३; २२:१-२) | येशूको दिन देख्नको निम्ति अब्राहाम प्रफुल्लित थिए। अब्राहामको जन्मभन्दा पहिले येशूको अस्तित्व थियो। (यूह ८:५५-५९) |
| | | यहोवाको दूत (उत्पत्ति १६:७-१४) | |
| | | मल्कीसेदेक (उत्पत्ति १४:१८) | धार्मिकताको राजा, शान्तिको राजा (हिब्रू ७:१-३) |
| १५२० | मोशा | यहोवाको दूत, यहोवा, परमेश्‍वर (प्रस्थान ३:१-७) | ख्रीष्टको खातिर मोशा निन्दित भएका थिए (हिब्रू ११:२४-२६) |
| | | चट्टान (प्रस्थान १७:६; गन्ती २०:८-१२; व्यवस्था ३२:५१-५२) | ख्रीष्ट (१ कोर १०:४) |
| ८५०-४५० | अगमवक्ता हरूको युग | यहोवा परमेश्‍वर येशूले अगमवक्ताहरू पठाउनुभयो (एलिया-मलाकी) | इस्राएलको मूर्तिपूजालाई येशूले हप्काउनुभयो (मत्ती २३:३७) |
| ७०० | यशैया | इम्मानुएल (यशैया ७:१४) | परमेश्‍वर हामीसँग (मत्ती १:२३) |
| | | सुरु र अन्त (यशै ४४:६) | अल्फा अनि ओमेगा, सुरु र अन्त (प्रकाश १:८,१७; २१:६; २२:१३) |
| ४ | बप्तिस्मा दिने यूहन्ना | "उहाँ मभन्दा अघिबाटै हुनुहुन्थ्यो।" | "मभन्दा पछि आउनुहुने" (यूह१:१५) |
| | येशू | पुरानो करार | "पुरानो करारले मेरोबारेमा गवाही दिन्छ।" (यूह ५:३९) |
| | | मोशाको व्यवस्था, भजनहरू, सबै अगमवक्ताहरूको लेखाइ | "उहाँको बारेमा धर्मशास्त्र" (लूका २४:२७,४४) |

तालिका १-६ : येशूको पूर्व-अस्तित्व

तसर्थ, येशू केवल नयाँ करारको येशू हुनुहुन्‍न। पुरानो करारको सबै कथाहरू येशूको बारेमा छ। पुरानो करारमा हामीले नबुझेका खण्डहरूलाई नयाँ करारमा दाँजेर हेर्दा, पुरानो करारका घटनाहरू सबै येशूको बारेमा हुन् भनी हामी महसुस गर्न सक्नेछौँ (यशैया ३४:१६)। हामी पुरानो करार र नयाँ करारमा येशूमाथि ध्यान केन्द्रित गरेर हेर्दैछौँ भने हामीले साँचोरूपमा परमेश्‍वरको इच्छा बुझ्नेछौँ र ती दुवै खण्डमा येशूको उपस्थितिलाई अनुभव गर्दछौँ।



# ख. येशूको मानवता

The Humanity of Jesus

येशू त्रिएक परमेश्वरको दोस्रो व्यक्ति हुनु भए तापनि उहाँ मानिस भएर यस संसारमा आउनुभयो। उहाँ पूर्णरूपमा ईश्वर अनि पूर्णरूपमा मानव हुनुहुन्छ। मानवीय तर्क र ज्ञान-बुद्धिले यो कुरा बुझ्न गाह्रो छ। त्यसैले इसाई इतिहासमा यस्ता थुप्रै मानिसहरू आए, जसले येशूको मानवीय कमजोरी देखेर उहाँ परमेश्वर हुनुहुन्न भन्ने विकृत किसिमले न्याय गरे। त्यही कारणले गर्दा, तिनीहरूले त्रिएक परमेश्वरलाई सही किसिमले बुझ्न सकेनन्। जेजस्तो भए तापनि हामीले आफ्नो आत्मिक आँखाहरू खोलेर येशूको मानवतालाई गहिरिएर हेर्दछौँ भने त्रिएक परमेश्वरको महत्व, सशक्त सम्बन्ध र महान् प्रेमलाई स्पष्टसँग बुझ्न सक्छौँ।

येशूको मानवतलाई स्पष्टरूपमा प्रकट गर्ने बाइबलमा थुप्रै घटनाहरू छन्। पहिलो, पुरानो करारमा यहोवा परमेश्वरले (जो नयाँ करारको येशू हुनुहुन्छ), पुरानो करारमा थुप्रैपटक आफ्नो मानवतालाई प्रकट गर्नुभयो। उहाँले अफसोस गर्नुभयो अनि उहाँको हृदय दु:खले भरियो (उत्पत्ति ६:६)। उहाँले आफू डाही परमेश्वर हुँ भन्नुभयो (प्रस्थान २०:५)। उहाँले पश्चाताप गर्नुभयो (व्यवस्था ३२:३६; १ शमूएल १५:३५)। उहाँ क्रोधित हुनुभयो (एज्रा ५:१३)। उहाँ रिसाउनुभयो (न्यायकर्ता २:२०)। उहाँ आनन्दित हुनुभयो (१ राजा १०:९)। उहाँ हाँस्नुभयो र उपहास गर्नुभयो (भजन २:४)। गलत गर्नेहरू सबैलाई उहाँले घृणा गर्नुहुन्छ (भजन ५:५)। उहाँको डर-भय राख्नेहरूलाई उहाँले दया गर्नुभएको छ (भजन १०३:१३)।

नयाँ करारमा येशूसँग पुरानो करारको यहोवा परमेश्वरको जस्तै सिद्ध मानवता थियो र उहाँले आफ्ना भावनाहरू अभिव्यक्त गर्नुभयो। येशूसँग शारीरिक प्रतिवन्धहरू थिए। उहाँ भोकाउनुभयो (मत्ती ४:२), उहाँ तिर्खाउनुभयो (यूहन्ना १९:२८), उहाँ

थाक्नुभयो (यूहन्ना ४:६)। कहिलेकाहिँ उहाँ निराश पनि हुनुभयो (मत्ती २६:३६; ४०-४५)। अझै भन्ने हो भने उहाँ क्रूसमा बलिदान हुन जानुहुँदा उहाँले दु:ख-कष्ट भोग्नुभयो र मृत्युको अनुभव गर्नुभयो (मत्ती २७:५०; यूहन्ना १९:३३-३४)।

साधारण मानिसले झैँ गरी येशूले मनोवैज्ञानिकरूपमा अनि भावनात्मकरूपमा प्रतिक्रियाहरू जनाउनुभयो। उहाँले विशेष गरी यूहन्नालाई अरू चेलाहरूभन्दा बढी मन पराउनुभएर समर्थन गर्नुभयो (यूहन्ना १३:२३)। उहाँले लाजरसलाई प्रेम गर्नुहुन्थ्यो र उसको मृत्युको खबर सुनेपछि येशू रुनु भयो (यूहन्ना ११:३,३५)। गरिब अनि एक्लो मानिसहरूप्रति उहाँले दया देखाउनुभयो (मत्ती ९:३६; १४:१४)। कहिलेकाहिँ उहाँ आनन्दित हुनुभयो (यूहन्ना १५:११; १७:१३), उहाँ रिसाउनु पनि भयो (मर्कूस ३:५; १०:१४; यूहन्ना २:१३-२२)। उहाँसँग मानवसँग हुने सबै किसिमका स्वभावहरू र भावनाहरू थिए।

यी कुराहरूभन्दा बाहेक येशूको प्रार्थनाको जीवन हेर्ने हो भने त्यहाँ उहाँको मानवीय कमजोरी पाउन सक्छौँ। येशूले आफूलाई आफ्नो ईश्वरत्वबाट रित्याउनुभएर (*Keno-0* in Greek) कमजोर मानिस बन्नुभयो (फिलिप्पी २:७), अनि उहाँलाई माथीबाटको आत्मिक सहायता खाँचो पर्‍यो। परमेश्वर पुत्र, येशूले पवित्र आत्माको सहायताको निम्ति परमेश्वर पितासँग प्रार्थना गर्नुभयो। उहाँले आफ्नो तीन वर्षको सार्वजनिक सेवकाइ प्रारम्भ गर्नुभन्दा पहिले ४० दिनसम्म उपवास बसेर प्रार्थना गर्नुभयो (मत्ती ४:२)। प्रचारको सेवाकाइ सुरु गर्नुभन्दा पहिले उहाँले बिहान सबैरै प्रार्थना गर्नुभयो (मर्कूस १:३५)। चेलाहरू छान्नुभन्दा पहिले रातभरि उहाँले पितासँग प्रार्थनामा कुराकानी गर्नुभयो (लूका ६:१२)।

उहाँ प्रार्थना गर्न गेतसमनी बगैँचामा जानुहुँदा दु:खित र बिचलित हुनुभयो (मत्ती २६:३७)। त्यतिबेला उहाँले यसरी प्रार्थना गर्नुभयो, "हे मेरा पिता, हुन सक्छ भने, यो कचौरा मबाट हटोस्। तरै पनि मेरो इच्छाअनुसार होइन, तर तपाईंले इच्छा गर्नुभएबमोजिम होस्" (मत्ती २६:३९)। त्यो कचौराले क्रूसको अनुभवको शारीरिक कष्टलाई मात्र समेटेको थिएन, तर मानिसहरूले गरेको खिल्ली र बेइज्जत

(मत्ती २६:५७-६८; २७:११,२६-४४), पत्रुसको तीनपटक इन्कार (मत्ती २६:६९-७५) अनि यस्तै अरू कुराहरू थिए। त्यस्ता किसिमका यातानले प्रभुको आत्मसम्मानमा ठूलो चोट पुगेको थियो, जो वास्तवमा सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ।

यद्यपि येशू यस संसारमा उक्त सेवकाइ पूरा गर्न आउनुभएको भए तापनि उहाँमा सिद्ध मानवता भएकोले गर्दा, उक्त कचौरा हटाउन चाहनुभयो। क्रूसको दु:ख-कष्टमाथि विजयी हुनको निम्ति पवित्र आत्माको सहायता माग्न येशूले परमेश्वरसँग प्रार्थना गर्नु भयो र भन्नु भयो, कि उहाँको मानवीय इच्छा होइन, उहाँको पिताको इच्छा पूरा होस् (मत्ती २६:३९,४२)। उहाँले प्रार्थना गर्नुभएपछि स्वर्गदूतबाट सहायता प्राप्त गर्नुभयो (लूका २२:३९-४६)। आफू परीक्षामा नपरूँ भनी येशूले आफू क्रूसमा हुँदा पनि आफ्नो पितासँग कुराकानी गर्नुभयो (मत्ती २७:४६)।

येशू सृष्टिकर्ता अनि सर्वशक्तिमान परमेश्वर हुनुभएकोले गर्दा, मानवजातिको मुक्तिको काम सजिलो तरिकाले पूरा गर्न सक्नुहुन्थ्यो (यशैया ५९:१६)। तर यशैया ५३ अध्यायमा येशूको बारेमा पहिले नै यसरी अगमवाणी भइसकेको थियो, "ऊसित हामीलाई आकर्षण गर्ने न केही सुन्दरता न त महत्त्व नै थियो। उसको अनुहारमा हामीलाई मन पर्ने केही थिएन" र "ऊ मानिसहरूबाट घृणित थियो र इन्कार गरियो, अफसोसमा परेको मानिस र कष्टसित परिचित" (यशैया ५३:२-३)।

वास्तवमा भन्ने हो भने, येशू यस संसारमा मानव अवतार लिएर आउनु भई हात र गोडामा किला ठोकेर क्रूसमा चढ्नुभयो। उहाँलाई कोर्रा लगाइयो र भालाले छेडियो (यशैया ५३:५-६)। मानवीय दृष्टिकोणमा उहाँले मानवजातिको लागि मुक्तिको काम अति दयनीय र पीडादायी ढङ्गमा पूरा गर्नुभयो।

परमेश्वर पुत्रको यस्तो मानव स्वरूपले कतै येशू परमेश्वर हुनुहुन्न कि भन्ने भ्रम जन्मन सक्छ। तर हामीले आफ्नो आत्मिक आँखा खोलेर उहाँलाई हेर्दछौँ भने परमेश्वर पुत्रको मानवीय कमजोरी भने सबै थोक सृष्टि गर्नुहुने येशू ख्रीष्टको ईश्वरत्वको आखिरी प्रतिनिधित्वलाई बुझाउँछ, जसले हरेकको जीवन र मृत्यु अनि भाग्य र दुर्भाग्यलाई नियन्त्रण गर्दछ।

यो त्रिएक परमेश्वरको यस्तो अपार प्रेमको प्रकटीकरण हो, जसले परमेश्वर पुत्रद्वारा मानिसलाई अनन्तको नासबाट बचाएर अनन्त जीवनमा पुनर्स्थापना गर्दछ।


येशू, स्वयम् परमेश्वर हुनु भए तापनि यस किसिमले मुक्तिको कामलाई पूरा गर्नुको कारणचाहिँ उहाँले हामीलाई परमेश्वरको प्रेम मानवीय स्तरमा नै देखाउन चाहनुभएर हो। हाम्रो सट्टामा येशूले हाम्रो सबै पाप लिनुभएर क्रूसको दण्ड भोगेर होच्चिनुभएको र अति नम्र हुनुभएको प्रक्रियालाई हामी हेर्दछौँ भने पहिले नै अनन्त मृत्यको लागि दोषी ठहरिसकेकाहरूलाई बचाउने परमेश्वरको प्रेमलाई हामी आफ्नो हृदयको गहिराइमा अनुभव गर्दछौँ। पूर्णरूपमा भ्रष्ट भएको मानिसहरूसँग परमेश्वरलाई हेर्ने आँखा नभएकोले गर्दा, परमेश्वर पुत्रले गर्नुभएको उक्त मुक्तिको कार्यद्वारा मात्र परमेश्वरको प्रेमलाई महसुस गर्न सक्छन्।


केवल परमेश्वरले मात्र प्रायश्चितको सिद्ध बलि हुन सक्नुहुन्छ। आफ्ना सन्तानहरूलाई प्रेम गर्नुहुने येशू अरू मानिसजस्तै कमजोर अनि सीमित रूप धारण गरेर आउनुभयो। र यही अवस्थामा उहाँले क्रूसमा दण्ड भोग्नुभयो। त्यसको परिणामस्वरूप उहाँले बहाउनुभएको बहुमूल्य रगत साँचो बलिदान भयो। अरू कुनै सृष्टिले यो काम पूरा गर्न सक्दैन; येशू त्यसो गर्न सक्षम हुनुभयो किनभने उहाँ परमेश्वर हुनुहुन्छ। त्यसकारण, सिद्ध मानिसको रूपमा येशूको आगमन, र मानवजातिको मुक्तिको कामलाई उहाँले पूरा गर्नुभएको कुराले येशूको ईश्वरत्वलाई पक्का गर्ने बलियो प्रमाण हो।

यद्यपि येशू सबै कुराहरू सृष्टि गर्नुहुने सृष्टिकर्ता परमेश्वर हुनु भए तापनि उहाँले आफ्नो ईश्वरत्वलाई आफैले रित्याएर (फिलिप्पी २:७), देह धारण गरी सबै किसिमका सतावट र दु:ख-कष्टहरू भोगी हाम्रो निम्ति बलिदानको भेटी भई हाम्रो सट्टामा बलिदान हुनुभयो। उहाँले हामीलाई अनन्त जीवनको उपहार दिनुभएको छ (यूहन्ना ३:१६; ५:२४)। उहाँ हाम्रो प्रभु र मालिक अनि हाम्रो मित्र हुनुभएको छ (यूहन्ना १५:१४)।

तसर्थ, हाम्रो प्रभु येशू, जो अल्फा र ओमेगा अनि हाम्रो जीवन र मृत्यु तथा भाग्य र दुर्भाग्यको मालिक हुनुहुन्छ, उहाँलाई हाम्रो हृदय गहिराइदेखि इमान्दारीसाथ धन्यवाद र प्रशंसा चढाउनु पर्छ।

यो सत्यता बुझ्नु हाम्रो लागि अति महत्वपूर्ण छ। यो कुरा नबुझ्ने उदारवादी ईश्वरशास्त्रीहरूले येशू एकमात्र मुक्तिदाता र प्रभु हुनुहुन्छ भन्ने उहाँको पहिचानलाई इन्कार गर्दछन् र तिनीहरू अरू धर्महरूमा पनि मुक्ति पाउने अरू बाटोहरू छन् भनी मञ्जुर गरी बहुधर्मवादको सिद्धान्तमा लागेका छन्। जब हामीले येशूको मानवतामा परमेश्वरको हामीप्रति गहिरो प्रेमलाई हेर्दछौँ, तब मात्र यी अन्तिम दिनहरूमा येशूको साँचो पहिचानमाथि आक्रमण गर्ने सबै किसिमका परीक्षाहरूमाथि हामी विजय प्राप्त गर्न सक्छौँ।





५

# निष्कर्ष

## CONCLUSION

संसारमा धेरै धर्महरू छन्, र मुख्य गरी तिनीहरू दुई वर्गहरूमा विभाजित छन्: एक-ईश्वरवादी धर्महरू र बहुईश्वरवादी धर्महरू। स्थानीय लोक धर्म, प्रेतात्मा पुज्ने धर्म, प्रकृति पुज्ने धर्म, कन्फुसियस धर्म, ताओ धर्म, शिन्तो धर्म, बौद्ध धर्म, हिन्दु धर्म, जोरास्त्रो धर्म, शिख धर्म, नयाँ युग अभियान आदि परम्परागत बहुईश्वरवादी धर्महरू हुन्। इस्लाम धर्म, यहूदी धर्म र इसाई धर्मचाहिँ एकईश्वरवादी धर्महरू हुन्।

यहाँ चाखलाग्दो कुरा के छ भने, इसाईहरूका परमेश्वर, यहूदीहरूका परमेश्वर र इस्लामहरूका परमेश्वरलाई मानिसहरूले गलग किसिमले विश्वास गरी एउटै ईश्वर हो भनी ठान्छन्। यी तीन एकईश्वरवादी धर्महरूको धार्मिक पृष्ठभूमि उस्तै किसिमको भएको हुनाले झट्ट हेर्दा ती तिनै धर्महरूको ईश्वर एउटै हो जस्तो लाग्न सक्छ।


जेजस्तो भए तापनि इस्लाम धर्मको ईश्वर, यहूदी धर्मको ईश्वर र इसाई धर्मको ईश्वर पूर्णरूपमा फरक छन्। विशेषगरी इसाईहरूका लागि मुक्तिको बाटो हुनुहुने येशूलाई इस्लाम धर्म र यहूदी धर्मले फरक किसिमले हेरन्छ। यसलाई अर्को शब्दमा भन्ने हो


भने इसाई धर्म मात्र यस्तो एकमात्र धर्म हो, जसले येशूलाई परमेश्वर र मुक्तिको बाटो हो भनी स्वीकार गर्छ तर इस्लाम धर्म र यहूदी धर्मले येशूलाई यसरी स्वीकार गर्दैन। त्यसको कारण के हो भने, यहूदी धर्म र इस्लाम धर्मले येशू (परमेश्वर पुत्र), परमेश्वर पिता र परमेश्वर पवित्र आत्मालाई ईश्वरको रूपमा स्वीकार गर्नु भनेको ईश्वर एउटा मात्र हुनुहुन्छ भन्ने एकईश्वरवादको सिद्धान्तको विरुद्धमा हुने भएकोले हो। अर्को कुरा के हो भने येशू र परमेश्वर पिता एकै हुनुहुन्छ भनी येशूले दिनुभएको गवाहीलाई यहूदीहरूले ईश्वरनिन्दा ठानेर उहाँलाई त्यही दोषको कारण क्रूसमा टाँगेर मारेका थिए (मत्ती २६:६५; यूहन्ना १०:३६)।

साँच्चै भन्ने हो भने, येशूसँग उही समयमा सिद्ध ईश्वरत्व र सिद्ध मानवता छ भन्ने कुरा बुझ्न त्यति सजिलो छैन। त्यसको कारण के हो भने त्रिएक परमेश्वरको तीन व्यक्तिहरूको सशक्त सम्बन्धलाई मानवीय ज्ञान-बुद्धि र तर्कले बुझ्न अति गाह्रो छ। परमेश्वर पुत्र त्यही हुनुहुन्छ, जो आदमको पतनपछि हामीलाई बचाउन आउनुभयो। तसर्थ हामी उहाँलाई मुक्तिदाता भन्दछौँ र यही मुक्तिदातालाई येशू भनिन्छ (मत्ती १:२१)।

त्रिएक परमेश्वरको तीन व्यक्तिहरूबीचको यस्तो सम्बन्ध अरू कुनै धर्ममा देखिँदैन। हामी इसाईहरूले पवित्र आत्माको ज्योतिद्वारा र येशूको अनुग्रहमा त्रिएकको यस रहस्यमा विश्वास गर्दछौ र त्रिएकको परमेश्वरप्रति आज्ञाकारी हुन्छौँ अनि उहाँलाई आदर, आराधना, प्रशंसा र महिमा गर्दछौँ। यस्तो विश्वास हाम्रो आफ्नै मानवीय तर्क अथवा ज्ञानबाट उत्पन्न भएको होइन। यो त पूर्णरूपमा येशूको अनुग्रहद्वारा दिइएको हो (एफिसी २:८-९)।

सुरुको मण्डलीदेखि हेर्ने हो भने इसाईहरूलाई यो कुरा बुझ्न निकै लामो समय लाग्यो। इसाई इतिहासलाई केलाउने हो भने त्रिएकको रहस्यलाई बुझ्नको लागि धेरै परीक्षाहरू र त्रुटिहरूको सामना गर्नुपरेको थियो। यस विषयमा हामी अर्को अध्यायमा विस्तृतरूपमा चर्चा गर्नेछौँ।





*"यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु"*
*(मत्ती २८:१८-२०)।*

# त्रिएकको सिद्धान्तको स्थापना

## अध्याय २

---

# ESTABLISHING THE DOCTRINE OF THE TRINITY

## CHAPTER 2


परिचय
त्रिएक परमेश्वरको पहिचानमाथि आक्रमण
त्रिएकको सिद्धान्तको स्थापना
निष्कर्ष

# १

# परिचय

## INTRODUCTION

इसाई धर्मको ईश्वर त्रिएक परमेश्वर हुनुहन्छ भनी अघिल्लो अध्यायमा हामीले चर्चा गऱ्यौँ - परमेश्वर पिता, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्मा। मानवजातिलाई बचाउन यही त्रिएक परमेश्वरले परमेश्वर पुत्रलाई मानव इतिहासमा स्त्रीको सन्तानको रूपमा पठाउनुभयो (उत्पत्ति ३:१५; मत्ती १:१८-२३; गलाती ४:४)। पवित्र आत्माद्वारा परमेश्वर पुत्र मरियमको गर्भमा गर्भाधारण हुनुभयो। त्यतिबेला उहाँले मानवीय माता-पिताबाट रगत अथवा डि.एन.ए. (D.N.A.) लिनुभएन।

परमेश्वर पुत्र आफै मानिस शरीर धारण गरेर आउनुभयो किनभने उहाँ कार्यान्वयनकर्ता हुनुहुन्छ। त्रिएक परमेश्वरले स्थापना गर्नुभएको मुक्तिको महान् योजनालाई पूरा गर्नको निम्ति आफैले सृष्टि गर्नुभएको संसारमा उहाँ येशू, मुक्तिदाता (मत्ती १:२१) र इम्मानुएल (मत्ती १:२३) भएर आउनुभयो । इम्मानुएल भनेको परमेश्वर हामीसँग हो र जसको अर्थ 'परमेश्वर पुत्र, त्रिएक परमेश्वरको दोस्रो व्यक्ति, जो देह धारण गरेर मानव इतिहाममा ओर्लिआउनुभयो', उहाँ हामीसँग हुनु हो।

यसरी यशैया अगमवक्तालाई इ.पू. ७०० मा दिइएको अगमवाणी पूरा भयो (यशैया ७:१४)। यो सन्देश इसाई धर्मको आधार र इसाई ईश्वरशास्त्रको अति मुख्य कुरा हो।

परमेश्वर पुत्रसँग सिद्ध मानवता छ र त्यसको साथै उहाँसँग सिद्ध ईश्वरत्व पनि छ। परमेश्वर पुत्रको यस्तो दुई पक्षीय आधारमा इसाई धर्म स्थापना भएको छ। यस किसिमको दुई पक्षीय कुरा बुझ्नको लागि हामीले त्रिएक परमेश्वरको स्वभावलाई सही प्रकारले बुझ्नु पर्छ।

यदि हामी मानवीय तर्क र बुद्धिमा मात्र भर पर्दछौँ भने यस किसिमको परमेश्वर पुत्रको दुई-पक्षीय अस्तित्व र त्रिएक परमेश्वरको अवधारणालाई बुझ्न र स्वीकार गर्न अति कठिन हुन्छ। पहिलो शताब्दीदेखि चौथो शताब्दीसम्म इसाई जगतमा त्रिएकको विषयलाई नबुझ्ने थुप्रै झूटा समूहहरू निस्किए किनभने तिनीहरूले यस गहन विषयलाई केवल मानवीय तर्क र बुद्धिले बुझ्ने कोसिस गरे। त्यसैले तिनीहरूले इसाई धर्मको मूल तत्वमाथि आक्रमण गरे। ती झूटा समूहहरूमध्ये केहीले येशू ख्रीष्टको ईश्वरत्वलाई इन्कार गरे भने अरूहरूले चाहिँ उहाँको मानवतालाई इन्कार गरे।

त्यसकारण, सुरुको मण्डलीको निम्ति त्रिएकको अवधारणालाई ठिक अनि व्यवस्थित ढङ्गमा स्थापित गर्न अति आवश्यक थियो। त्यसो गर्नको निम्ति तत्कालीन पाँच मुख्य क्षेत्रका मण्डलीहरू (अलेक्जेड्रिया मण्डली, यरूशलेम मण्डली, एण्टियोक मण्डली, कन्स्टाण्टिनोपल मण्डली र रोम मण्डली) एकै ठाउँमा भेला भएर विश्वाव्यापी इसाई परिषद्हरू आयोजना गरे। इ.सं. ३२५ मा नाइसिया आयोजना गरिएको पहिलो विश्वव्यापी परिषद्देखि सुरु गरेर तिनीहरूले त्रिएक परमेश्वरको अवधारणालाई स्थापित गर्न थाले।

यस अध्यायमा हामी त्रिएकको सिद्धान्तलाई इन्कार गर्ने पहिलो शताब्दीदेखि चौथो शताब्दीसम्मका झूटा शिक्षाहरूको बारेमा चर्चा गर्नेछौँ। त्यस्ता झूटा शिक्षाहरूका आक्रमणले गर्दा कसरी मण्डलीमा त्रिएकको अवधारणाको स्थापना प्रक्रिया अघि बढ्यो भन्ने बारेमा पनि हामी यस अध्यायमा अध्ययन गर्नेछौँ।

# २

# त्रिएक परमेश्वरको पहिचानमाथि आक्रमणहरू

## ATTACKS ON THE IDENTITY OF THE TRIUNE GOD

येशू ख्रीष्ट इसाई धर्मको मूल तत्व र इसाई ईश्वरशास्त्रको केन्द्र (सार) हुनुहुन्छ। इसाई ईश्वरशास्त्रको मुख्य तत्व, येशूको सिद्ध ईश्वरत्व र सिद्ध मानवतालाई इन्कार गर्नु भनेको इसाई धर्मलाई नै इन्कार गर्नु हो। झूटा शिक्षासम्बन्धी समूहहरूले येशू ख्रीष्टको ईश्वरत्व र मानवतामाथि गम्भीररूपमा आक्रमाण गरेका छन्। विशेष गरी तिनीहरूले परमेश्वर पुत्र, येशू मानव शरीर धारण गरेर यस संसारमा आउनुभएको हो भन्ने सत्यतामाथि आक्रमण गरेका छन्। उक्त सत्यतालाई विकृत र कमजोर पार्न सकियो भने इसाई धर्मलाई नष्ट पार्न सकिन्छ भनी महसुस गर्ने शैतानले पहिलो शताब्दीदेखि नै येशूको साँचो पहिचानमाथि निरन्तर आक्रमण गरी मानिसहरूलाई छल गर्दैआएको छ।



# क. पहिलो शताब्दीमा परमेश्वर पुत्रको मानवता र ईश्वरत्वलाई इन्कार गर्ने झूटा शिक्षाहरू

Heresies in the First Century Denying the Humanity and Divinity of God the Son

पहिलो शताब्दीमै येशूको ईश्वरत्व र मानवतालाई इन्कार गर्ने झूटा शिक्षाहरू उब्जिएका थिए। तिनीहरूमध्ये एबियोनिजम् (Ebionism), नस्टिसिजम् (Gnosticism) र एसेटिजम् (Asceticism) जस्ता तत्कालीन सिद्धान्तहरू मुख्य झूटा शिक्षाहरूमा पर्दछन्। अब तिनीहरूका पृष्ठभूमि र अवधारणाहरूलाई क्रमैसँग हेरौँ।

## १. एबियोनिजम् - येशूको ईश्वरत्वलाई इन्कार

Ebionism - Denying Jesus' Divinity

एबियोनिजम् भनेको येशूको ईश्वरत्वलाई इन्कार गर्ने झूटा शिक्षा हो। विशेष गरी यो झूटा शिक्षा पावलले स्थापना गरेको गलातीको मण्डलीमा भएका यहूदी इसाईहरूको माझमा फैलिएको थियो। यो सिद्धान्त पछ्याउने व्यक्तिहरूसँग यहूदी धर्मको परमेश्वरसम्बन्धी ईश्वरशास्त्र भएकोले गर्दा, येशू परमेश्वर होइन; उहाँ त केवल पवित्र मानिस र अगमवक्ता मात्र हुनुहुन्छ भनी तिनीहरूले विश्वास गरे। तिनीहरूले यहूदी धर्मअनुसारको मुक्तिको अवधारणाई अनुसरण गर्ने भएकोले येशूद्वारा होइन तर मोशाको व्यवस्थामा रहेर मात्र मानिसले मुक्ति पाउँछ भनी तिनीहरूले विश्वास गर्थे।

## २. नस्टिसिजम् - येशूको मानवतालाई इन्कार

Gnosticism - Denying Jesus' Humanity

एबियोनिजम्को विपरीत नस्टिसिजम् भनेको पहिलो शताब्दीको यस्तो झूटो सिद्धान्त थियो, जसले येशूको मानवतालाई इन्कार गर्थ्यो। येशूले मानव अवतार धारण गर्नुभयो भन्ने बलियो ऐतिहासिक सत्यतालाई नस्टिसिजम् भन्ने सिद्धान्तलाई पछ्याउने मानिसहरूले इन्कार गरे। विशेष गरी यो अवधारणा सुसमाचारलाई ग्रहण गरी मण्डलीमा आएका यहूदी र अन्यजाति- दुवै समूहभित्रका बौद्धिक जगतको माझमा प्रख्यात थियो।

'नस्टिसिजम्' भन्ने अवधारणा 'नसिस' (Gnosis) भन्ने ग्रीक शब्दबाट आएको हो, जसको अर्थ 'ज्ञान' (knowledge) हुन्छ। नस्टिसिजम्मा विश्वास गर्नेहरूले आत्मिक क्षेत्रको ज्ञान मात्र साँचो ज्ञान हो र अनात्मिक ज्ञानचाहिँ साँचो ज्ञान होइन भनी विश्वास गर्दथे। अर्को शब्दमा भन्ने हो भने तिनीहरूको दृष्टिकोणमा सत्यको आत्मिक भाग जान्नु भनेको मात्र साँचो ज्ञान हो तर त्यसको विपरीत, नस्टिसिजम् सिद्धान्तको दृष्टिकोणअनुसार देख्न र छुन सकिने अनात्मिक भाग जसलाई भौतिक संसार भनिन्छ त्यो साँचो होइन।

"येशू भौतिक संसारमा ओर्लिआउनुभयो" भन्ने भनाइलाई पछ्याउनेहरूका "परमेश्वर साँचो हुनुहुन्न" भनी तिनीहरूले ऐतिहासिक सत्यतालाई स्वीकार गरेनन्। त्यो कथा असम्भव छ र त्यसले इसाई धर्मलाई तुच्छ बनाउँछ तिनीहरूले विचार गरे। त्यसैले तिनीहरूले येशूको मानवतालाई पूर्णरूपमा इन्कार गरे।

अर्को कुरा के हो भने, नस्टिसिजम् भन्ने झूटा शिक्षालाई पछ्याउनेहरूका निम्ति इसाई धर्म सत्यताको आत्मिक पक्षलाई कदर गर्ने धर्म हो। तिनीहरूको विचारअनुसार शरीर एक दिन नष्ट भएर हराएर जान्छ, त्यसैले यो त्यति महत्वपूर्ण छैन। त्यसकारण, तिनीहरूले आफ्नो शरीर, धन-सम्पत्ति र भौतिक वस्तुहरूलाई तुच्छ ठानेर त्यसप्रति गलत किसिमले व्यवहार गर्न थाले। मुक्ति भनेको अरू केही नभएर शरीरबाट मुक्त हुनु

हो भनी तिनीहरूले विश्वास गरे; अनि मुक्ति पाउन मानिसले दु:ख-कष्ट भोग्नु अनि उपवास बस्नु खाँचो छ भनी तिनीहरूले विचार गरे। वास्तवमा भन्ने हो भने, त्यसरी शरीरलाई दबाउनु नै पवित्र कार्य हो भनी तिनीहरूले विश्वास गर्थे।

## ३. नस्टिसिजम्बाट निस्केका झूटा शिक्षाहरू

Heresies Derived from Gnosticism

नस्टिसिजम् तत्कालीन समयको एक अवधारणा मात्र थियो। नस्टिसिजम्बाट प्रभावित भएर डोकेटिजम् र एसिटिजम् भन्ने येशूको मानवतालाई इन्कार गर्ने झूटा शिक्षाहरू निस्किए।

### (क) डोकेटिजम्

Docetism

डोकेटिजम् भन्ने शब्द ग्रीक भाषाको 'डोकेओ' (Dokeo) भन्ने शब्दबाट आएको हो, जसको अर्थ "उस्तै देखिन्छ" (appears to be) भन्ने हुन्छ। यद्यपि येशू मानिसजस्तै देखिए तापनि वास्तवमा उहाँ मानिस हुनुहुन्थेन तर आत्मा हुनुहुन्थ्यो भनी यो अवधारणाले घोषणा गर्दछ। यस झूटा शिक्षाको अवधारणाअनुसार सबै वस्तुहरू अशुद्ध भएकोले गर्दा, परमेश्वर त्यस्ता अशुद्ध वस्तुहरूले बनिएको शरीरमा आउन सक्नु हुन्न। येशू मानिस भएर संसारमा आउनुहुँदा, उहाँले यर्दन नदीमा बप्तिस्मा लिएपछि उहाँ परमेश्वरमा रूपान्तरित हुनुभयो भनी तिनीहरूले दावी गर्दछन्।

## (ख) एसिटिजम्

Ascetism

एसिटिजम्को अवधारणा नस्टिसिजम्सँग मिल्दोजुल्दो छ। यसको दृष्टिकोणअनुसार भौतिक वस्तुहरू र शरीर खराब (अशुद्ध) छ; र केवल आत्मा मात्र साँचो (असल) हो। त्यसैले उपवास बसेर, दु:ख-कष्ट भोगेर र तपस्या गरेर मानिसको शरीरलाई दुर्व्यवहार गर्ने प्रक्रियाप्रति एसिटिजम्ले समर्थन जनाउँछ। क्याथोलिक मण्डलीमा घुँडाले टेकेर कठिन अभ्यासद्वारा सिढीँहरू उक्लने धार्मिक अभ्यासलाई यसको उदाहरणको रूपमा लिन सकिन्छ। अझ अनौठो कुरा के छ भने इस्टरको पवित्र हप्तामा फिलिपिन देशको क्याथोलिक मण्डलीहरूमा मानिसहरूलाई धर्मको नाउँमा साँच्चै क्रूसमा टाँगिने गरिन्छ। अर्थोडक्स सम्प्रदायको मण्डलीहरूमा पनि यस किसिमका एसिटिक धार्मिक अभ्यासहरूलाई आंशिकरूपमा अनुमति दिने गरिन्छ। मध्यकालिन इसाई इतिहासमा यस्ता थुप्रै उदाहरणहरू देख्न सकिन्छ।



# ख. दोस्रो शताब्दीमा परमेश्वर पवित्र आत्मालाई इन्कार गर्ने झूटो शिक्षा

Heresy in the Second Century Denying God the Holy Spirit

पहिलो शताब्दीमा उब्जिएका माथि उल्लेखित झूटा शिक्षाहरूले इसाई जगतमा निरन्तर प्रहार गरिरह्यो। इसाई धर्मलाई कमजोर तुल्याउन दोस्रो शताब्वीमा परमेश्वर पवित्र आत्माको बारेमा नयाँ झूटा शिक्षा जन्मियो, जसलाई मोण्टानिजम् (Montanism) भनिन्छ।

## १. मोन्टानिजम्

Montanism

मोन्टानिजम् भन्ने झूटा शिक्षा मोन्टानियस भन्ने व्यक्तिले दोस्रो शताब्दीको उत्तरार्धतिर घोषणा गरेका थिए। पवित्र आत्मा पहिलो शताब्दीमा मर्कूसको घरको माथिल्लो कोठामा भएका येशूका चेलाहरूमाथि ओर्लिआउनुभएको होइन तर दोस्रो शताब्दीमा तिनीमाथि ओर्लिआउनुभएको हो भनी मोन्टानियसले दाबी गरे। त्यसैले पवित्र आत्मा आफूद्वारा मात्र बोल्नुहुन्छ भनी तिनले भन्न थाले। परमेश्वरबाट प्रत्यक्ष प्रकाश पाउँछु भनी दावी गर्दै तिनले विभिन्न किसिमका अगमवाणीहरू गरे।

# ग. तेस्रो शताब्दीमा तीन व्यक्तिहरूलाई इन्कार गर्ने झूटा शिक्षाहरू

Heresies in the Third Century Denying the Three Persons

पहिलो र दोस्रो शताब्दीका मण्डलीहरूले त्रिएक परमेश्वरको स्पष्ट बाइबलीय परिभाषा निर्माण गर्न नसकेको कारणले गर्दा माथि उल्लेखित झूटा शिक्षाहरू जन्मिएका थिए। तसर्थ, तेस्रो शताब्दीमा आएर त्रिएक परमेश्वरको अवधारणा व्यवस्थितरूपमा स्थापित गर्ने अभियान सुरु भयो। उक्त अभियानलाई अघि बढाउन खोज्नेहरूमा साबेलियस (Sabellius) प्रमुख ईश्वरशास्त्री हुन् र तिनले 'मोडालिस्टिक मोनार्कियानिजम्' (Modalistic Monarchianism) भन्ने अवधारणा प्रस्तुत गरे।

## १. मोडालिस्टिक मोनार्कियानिजम्

Modalistic Monarchianism

मोडालिस्टिक मोनार्कियानिजम् भन्ने झूटा शिक्षाको अवधारणा सेवेलियसले प्रतिपादन गरेका हुन्। तिनले निकालेको सिद्धान्तलाई साबेल्लियानिजम् (Sabellianism) भनिन्छ, जसले ईश्वरत्वमा एउटा मात्र व्यक्ति हुनुहुन्छ भनेर बताउँछ। अर्को शब्दमा भन्ने हो भने परमेश्वरको उक्त एक व्यक्तिले अवस्थाअनुसार परमेश्वर पिता, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्माको फरक-फरक काम गर्नुहुन्छ।

यो अवधारणा साँचो मण्डलीको त्रिएकको सिद्धान्तको विरुद्धमा जान्छ। यसले परमेश्वरको तीन व्यक्तिहरूलाई इन्कार गर्ने भएकोले पछि गएर यसलाई झूटो ठह्याई तिरस्कार गरियो। अझै थुप्रै उदारवादी र आफूलाई प्रगतिशील भन्न रुचाउने ईश्वरशास्त्रीहरू र केही सुसमाचारवादी ईश्वरशास्त्रीहरूले यस मोडालिस्टिक त्रिएकको सिद्धान्तलाई कायम राखी सिकाउने गर्छन्। आफसोसको कुरा के हो भने, त्रिएक परमेश्वरको तीन व्यक्तिहरू एकै हुनुहुन्छ र त्यसैगरी उहाँहरू प्रत्येक व्यक्तिगतरूपमा परमेश्वर हुनुहुन्छ भन्ने सत्यता तिनीहरूले बुझ्न सक्दैनन्।

| येशूको ईश्वरत्वलाई इन्कार गर्ने झूटा शिक्षहरू | येशूको मानवतालाई इन्कार गर्ने झूटा शिक्षाहरू | पवित्र आत्मालाई इन्कार गर्ने झूटा शिक्षा | तीन व्यक्तिहरूलाई इन्कार गर्ने झूटा शिक्षा |
|---|---|---|---|
| एबियोनिजम् (Ebionism) | नस्टिसिजम् (Gnosticism) | मोण्टानिजम् (Montanism) | मोडालिस्टिक मोनार्कियानिजम् (Modalistic Monarchianism) |
| आरियानिजम् (Arianism) | डोकेटिजम् (Docetism) | | |
| | एसेटिसिजम् (Asceticism) | | |

**तालिका २-१ : पहिलो शताब्दीदेखि चौथो शताब्दीसम्मका झूटा शिक्षाहरूको सारंश**

# घ. चौथो शताब्दीमा त्रिएकलाई इन्कार गर्ने झूटा शिक्षाहरू
Heresies in the Fourth Century Denying the Trinity

हामीले अहिलेसम्म हेरेका झूटा शिक्षाहरूको कारणले गर्दा, इसाई जगतको सुरुका तीन सय वर्षसम्म ईश्वरशास्त्रीय अवस्था लथालिङ्ग थियो। विशेष गरी चौथो शताब्दीमा अर्को नयाँ अवधारणाको उदय भयो, जसले इसाई जगतलाई गम्भीररूपमा आक्रमण गऱ्यो, र त्यो अरू नभएर आरियानिजम् (Arianism) थियो।

## १. आरियानिजम् - येशूको ईश्वरत्वको इन्कार
Arianism - Denying Jesus' Divinity

आरियानिजम् भन्ने झूटो अवधारणाको कारणले गर्दा चौथो शताब्दीमा मण्डली समुदाय अझ गञ्जागोलमा धकेलियो। उक्त अवधारणाको प्रतिपादक आरियुस (इ.सं. २७०-३३६) हुन्। तिनी अलेक्जेण्ड्रिया मण्डलीका पास्टरहरूमध्ये एक थिए। त्यतिबेला मिश्रदेशको अलेक्जेण्ड्रियामा थुप्रै यहूदीहरू बसोबास गर्दथे। आरियुस यहूदी धर्मको सिद्धान्तबाट प्रभावित भएका हुनाले तिनले परमेश्वर पितामा मात्र विश्वास गर्दथे। तिनले येशूको ईश्वरत्वलाई इन्कार गरेर नयाँ सिद्धान्त निकाले, जसलाई 'आरियानिजम्' (Arianism) भनिन्छ र यसले केवल परमेश्वर पितालाई मात्र स्वीकार गर्छ। आरियुसले येशूलाई मानिसको रूपमा कायम राखेर उहाँ सबै सृष्टिहरूमा उच्च (सर्वश्रेष्ठ) हुनुहुन्छ भने।

आरियानिजम्‌को सिद्धान्त त्यतिबेला निकै प्रख्यात थिय र त्यसको प्रभावले अहिले २१औँ शताब्दीसम्म पनि निरन्तरता पाइरहेको छ। हाल यहोवाको साक्षीहरू (Jehovah's Witnesses) र युनिटिरियानिजम्‌ (Unitarianism Sect) जस्ता धार्मिक समूहहरूले अझै पनि उक्त सिद्धान्तलाई पछ्याइरहेका छन्। यस्ता समूहहरूले आफूलाई इसाई हौँ भनी परिचय दिए तापनि त्रिएकलाई इन्कार गरी परमेश्वर पितालाई मात्र स्वीकार गर्दछन्।

इस्लाम धर्म पनि आरियानिजम्‌सँग गहिरोरूपमा सङ्‌लग्न भएको छ। इस्लाम धर्म उदय हुनुभन्दा पहिले, यसको प्रतिपादक मोहमद (इ.सं. ५७०-६३२) आरियनिजम्‌को सिद्धान्तलाई अनुसरण गर्ने भिक्षुद्वारा डोऱ्याइएर सिरियन अर्थोडक्स मण्डलीमा लागेका थिए। त्यसैले इस्लाम धर्म विकास गरेर अल्लाहलाई आफ्नो ईश्वर बनाउनुभन्दा पहिले तिनी आरियानिजम्‌बाट गहिरोरूपमा प्रभावित भइसकेका थिए। त्यसकारण, इस्लाम धर्मलाई पनि आरियानिजम्‌ भन्ने झूटा शिक्षाको वर्गको मुनि परेको देख्न सकिन्छ।

## २. युनिटारियानिजम्‌

Unitarianism


१७औँ शताब्दीमा सुरु भएको युनिटारियानिजम्‌ले अहिलेसम्म इसाई समुदायलाई गहिरोरूपमा प्रभाव पारिरहेको छ। युनिटारियानिजम्‌को सिद्धान्त मानववादी र सामाजिक विषयहरूसँग जोडिएको छ। यो झूटो समूहले त्रिएकको सिद्धान्त, येशूको कन्याबाटको जन्म, पुनरुत्थान, नरक, अनन्त दण्डजस्ता महत्वपूर्ण विषयहरूलाई इन्कार गर्दछ। त्यसैगरी बाइबलमा भएका अलौकिक घटनाहरूलाई यसले केवल मानवीय तर्कअनुसार मात्र व्याख्या गरेको छ।


इ.सं. १५१७ मा इसाई धर्ममा भएको सुधारवादको आन्दोलनपछि युनिटारियानिजम् एनाब्याप्टिस्ट मण्डली (Anabaptist Church), प्रेसबेटेरियन मण्डली (Presbyterian), कङ्ग्रीगेसनल मण्डली (Congregational Church) र बेलायतको एङ्लिकन मण्डलीका (Anglican Church) सदस्यहरूबाट सुरू भएको थियो। युनिटारियानिजम्को प्रवर्तक बेलायतका जोह्न बिडल (John Biddle, 1615-1662 A.D.) हुन्। यो समूहमा पर्ने केही विश्व-प्रख्यात व्यक्तिहरू यसप्रकारका छन्: जोन मिल्टन (इ.सं. १६०८-१६७४, कवि), जोह्न लक (इ.सं. १६३२-१७०४, दर्शनशास्त्री), आइज्याक न्युटन (इ.सं. १६४२-१७२७, वैज्ञानिक), चार्ल्स डार्बिन (इ.सं. १८०९-१८८२, विकासवादी); त्यस्तै गरी संयुक्त राज्य अमेरिकाको राल्फ वाल्डो इमर्सन (इ.सं. १८०३-१८८२, कवि र दर्शनशास्त्री) र जोह्न डेवे (इ.सं. १८५९-१९५२, दर्शनशास्त्री र शिक्षाविद) ले पनि यो अवधारणालाई अनुसरण गरे। आजभोलि विद्यालयहरूमा पढाइने डार्बिनवाद र डेवेको नास्तिकवादको अवधारणा पनि यही युनिटारियानिजम्बाट निकालिएका सिद्धान्तहरू हुन्।

युनिटारियानिजम्को पहिलो मण्डली भवन इ.सं. १७७३ मा बलायतको लण्डन सहरमा बस्ने उदारवादी एङ्लीकन पास्टरले उद्घाटन गरेका थिए। १८औँ शताब्दीमा आएर बेलायतको म्यासेच्युटमा युनिटारियानिजम्को ठूलो अभियानले हलचल गरायो। बेलायतमा भएको किङ्गस् च्यापल भन्ने पुरानो एङ्लीकन मण्डलीको पास्टर जेम्स फ्रिम्यान (इ.सं. १७५९-१८३५) को अगुवाइमा इ.सं. १७८७ मा पहिलो यनिटारियानिजम् मण्डली आधिकारिकरूफमा सुरु भयो।

त्यसपछि बेलायतका थुप्रै कङ्ग्रीगेसनल मण्डलीहरू युनिटारियानिजम् मण्डलीमा गाभिए। त्यसको परिणामस्वरूपम युनिटारियानिजम् मण्डली अहिले बेलायतको ठूलो इसाई सम्प्रदाय हुनपुगेको छ। बेलायतको म्यासेच्युटमा अवस्थित हावार्ड विश्वविद्यालय (इ.सं. १८१६ मा स्थापित) अन्तर्गत रहेको हावार्ड डिभिनिटि स्कुल, युनिटारियानिजम्को सिद्धान्त सिकाउने मुख्य केन्द्र हो। त्यो विश्वविद्यालयले खुल्लमखुल्ला येशू ख्रीष्टको ईश्वरत्वलाई इन्कार गर्ने शिक्षाहरू सिकाउने गर्छ।

चौथो शताब्दीमा सुरु भएको आरियानिजम्बाट १६औँ शताब्दीमा युनिटारियानिजम्को जन्म भयो, जसमा १७औँ देखि २०औँ शताब्दीका विश्वको उच्च स्तरका बौद्धिक व्यक्तिहरू (मिल्टन, लक, न्युटन, डार्बिन, डेवे) पर्दछन्। यसरी विश्वमा उच्च स्तरमा पर्ने विश्वविद्यालयहरूले त्रिएक परमेश्वर र येशूको ईश्वरत्वलाई इन्कार गर्ने गम्भीर झूटा शिक्षाहरूलाई आधिकारिकरूफमा सिकाइरहेका हुनाले आरियानिजम्को प्रभाव कति शक्तिशाली छ भनी अनुमान लगाउन गाह्रो हुन्छ।






नक्सा २-१ : सुरुको इसाई इतिहासको मुख्य पाँच मण्डली क्षेत्रहरू

# ३

# त्रिएकको सिद्धान्तको स्थापना

## ESTABLISHING THE DOCTRINE OF THE TRINITY

चौथो शताब्दीमा आरियानिजम् भन्ने झूटा शिक्षाले प्राप्त गरेको शक्तिले गर्दा इसाई जगतलाई त्यसले लथालिङ्ग बनाइदियो। उक्त समस्यालाई सम्बोधन गर्नको निम्ति तत्कालीन मुख्य पाँच क्षेत्रका मण्डलीहरूबाट आएका प्रतिनिधिहरू इसाई इतिहासमा पहिलोपटक एकै ठाउँमा भेला भए (अलेक्जेण्ड्रिया मण्डली, यरूशलेम मण्डली, एन्टियोक मण्डली, कन्स्टाण्टिनोपल मण्डली र रोम मण्डली)।

ती मण्डलीहरू प्रत्येकको आफ्नै अनि फरक नीतिपरक, सैद्धान्तिक, साँस्कृतिक र भाषिक पृष्ठभूमि थियो। तसर्थ, तिनीहरूले येशूमा हामी सबै एक हौँ भने तापनि एकै ठाउँमा भेला भएर काम गर्न तिनीहरूलाई गाह्रो थियो। तर आरियानिजम्को कडा प्रहारपछि तिनीहरू मण्डलीमा विद्यमान समस्या समाधान गर्न अति गम्भीर भए।

त्यसपछि तिनीहरू एकै ठाउँमा जम्मा भएर तत्कालीन समस्याको समाधान खोज्न वाध्य हुन पुगे। उक्त एकै ठाउँको सामूहिक भेलालाई 'विश्वव्यापी परिषद्' (Ecumenical Council) भनिन्छ। त्यहाँ विद्यमान झूटा शिक्षासम्बन्धी अवधारणाहरूलाई इन्कार गर्ने कामको अगुवाइ गर्नको निम्ति अलेक्जेण्ड्रियाको मण्डलीको आर्कबिशप, अथनासियस (इ.सं. २९६-३७३) अगाडि आएर सबैलाई त्यस विषयमा सम्बोधन गरे।



# क. पाँच मण्डली क्षेत्रहरू

The Five Church Districts

पहिलो शताब्दीदेखि लिएर चौथो शताब्दीसम्म अस्तित्वमा रहेका मुख्य पाँच मण्डली क्षेत्रहरू यस प्रकार छन्: यरूशलेम मण्डली, एन्टियोक मण्डली, अलेक्जेण्ड्रिया मण्डली, कन्स्टान्टिनोपल मण्डली र रोम मण्डली।

यहाँ, मण्डली भन्ने शब्दले मण्डली भवनलाई बुझाउँदैन तर उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय इसाईहरूको सङ्गतिलाई बुझाउँछ। त्यसकारण, मण्डलीको उक्त साँचो अर्थलाई जोड दिनको निम्ति 'मण्डली क्षेत्र' भन्ने शब्द प्रयोग गर्नु उचित हुन जान्छ।

## १. अलेक्जेण्ड्रिया मण्डली

Alexandrian Church

अलेक्जेण्ड्रिया मण्डली मिश्रदेशको (उत्तरपट्टि) बन्दरगाह भएको सहर अलेक्जेण्ड्रियामा अवस्थित थियो। यो मण्डली सन्त मर्कूसले स्थापना गरेका थिए (यो मण्डली तिनले कहिले स्थापना गरे भन्ने बारेमा दुई वटा धारणाहरू छन् - इ.सं. ४३ अथवा इ.सं. ५८)। तिनी अलेक्जेण्ड्रिया सहरमा नै सुसमाचारको खातिर सहिद भए (इ.सं. ६८)।

अर्को कुरा के हो भने, बाइबल विद्वान्हरू उक्त स्थानमा भेला भई पुरानो करारलाई पहिलोपटक ग्रीक भाषामा अनुवाद गरेका हुनाले अलेक्जेण्ड्रिया सहर प्रसिद्ध भएको थियो। विशेष गरी लामो समयसम्म अलेक्जेण्ड्रियामा बसोबास गरी आफ्नो मातृभाषा (हिब्रू भाषा) बिर्सिएका यहूदीहरूका लागि उक्त बाइबल तयार पारिएको थियो।

७० जना यहूदी एल्डरहरू र विद्वान्हरू मिलेर उक्त हिब्रू भाषाको पुरानको करारलाई ग्रीक भाषामा अनुवाद गर्न इ.पू. २८४ देखि इ.पू. २४७ सम्म अर्थात् ३७ वर्ष लागेको थियो। उक्त बाइबल ७० जना व्यक्तिहरूले अनुवाद गरेको हुनाले त्यसलाई सेप्टुवाजिण्ट (Septuagint) पनि भनिन्छ, किनभने ल्याटिन भाषामा ७० लाई सेप्टुवाजिण्टा (Septuaginta) भनिन्छ।

त्यसबेलादेखि अलेक्जेण्ड्रियाले इसाई बौद्धिक जगतका प्रख्यात विद्वान्हरू निरन्तर उत्पानद गर्न थाल्यो, जसमध्ये क्लेमेण्ट (इ.सं. १५०-२१५), ओरिगेन (इ.सं. १८०-२५४) र अथनासियस (इ.सं. २९६-३७३) मुख्य व्यक्तिहरू हुन्। सुरुको इसाई धर्मको मूल सिद्धान्तहरू निर्माण र स्थापना गर्न यी व्यक्तिहरूले महत्वपूर्ण भूमिका निभाए। त्यतिबेलाको अलेक्जेण्ड्रियाको मण्डली अहिले इजिप्सियन कप्टिक अर्थोडक्स मण्डली (Egyptian Coptic Orthodox Church) भएको छ, र मिश्रदेशको सम्पूर्ण जनसङ्ख्या (करिब ८० करोड) मध्ये १०-१५% (अथवा ८० लाख-१ करोड २० लाख) इसाईहरू यस सम्प्रदायअन्तर्गत पर्दछन्।

## २. यरूशलेम मण्डली

Jerusalem Church

यरूशलेम मण्डली येशूका १२ चेलाहरूले स्थापना गरेका थिए, जसमा प्रेरित पत्रुस र याकूबले अगुवाइ गर्ने मुख्य भूमिका निभाएका थिए। इसाई मण्डली इतिहासमा यस मण्डलीलाई पहिलो मण्डली भनेर चिनिन्छ। येशू स्वर्गारोहण हुनु भएपछि उहाँको आज्ञापालन गरेर दश दिनसम्म मर्कूसको घरको माथिल्लो तल्लामा बसेर निरन्तर प्रार्थना गरिरहने चेलाहरूले पवित्र आत्माको शक्तिशाली बप्तिस्मा पाए (प्रेरित १:६-२:४)।

पवित्र आत्माको अभिषेकद्वारा ती चेलाहरूले १५ वटा फरक-फरक भाषाहरूमा परमेश्वरको वचन घोषणा गरे (प्रेरित २:५-१३)। विशेष गरी पेन्तिकोसको चाड मनाउन विभिन्न देशहरूबाट आएका प्रवासी यहूदीहरूले पत्रुसको प्रचार सुनेपछि ३,००० यहूदीहरूले त्यही दिन पश्चाताप गरी प्रभुतिर फर्के (प्रेरित २:४१)।

उक्त घटना येरूशलेम मण्डलीको सुरुवात थियो (इ.सं. ३०)। बाइबलअनुसार सुरुमा त्यो मण्डलीको प्रगति हुँदै सङ्ख्यामा वृद्धि हुँदै गयो (प्रेरित २:४७; ६:७)। तर स्तिफनसको हत्या भएपछि, मण्डलीमा सतावट सुरु भयो र त्यसको परिणामस्वरूप मण्डलीका सदस्यहरू वरिपरिका क्षेत्रहरूमा छरपस्ट भएर टर्कीसम्म पुगे (प्रेरित ७:५४-८:१); त्यसपछि यरूशलेमको मण्डली सेलाउन थाल्यो।

## ३. एण्टियोक मण्डली

### Antioch Church

एण्टियोक मण्डलीको स्थापना कुरेनीबाट आएका सिमोनको अगुवाइमा भएको थियो, जसले कलबरीको बाटोमा येशूको क्रूस बोकेका थिए (मर्कूस १५:२१; प्रेरित १३:१)। कुरेनी भन्ने ठाउँ उत्तरी अफ्रिकामा भुमध्यसागरको नजिकै पर्दछ। उक्त मण्डली सिरियाका मानिसहरू र यहूदी इसाईहरू मिलेर स्थापना गरेका थिए, र ती यहूदीहरू यरूशलेम मण्डलीमा सतावट आउँदा भागेर त्यहाँ पुगेका थिए (प्रेरित ८:१; ११:१९)। त्यो मण्डलीमा बारनाबास, सिमोन, लुसियस र मनेनले सेवाकाइ गर्थे र पछि पावल पनि त्यहाँ पुगेर सेवकाइ गरे (प्रेरित १३:१; ११:२५-२६)।

एण्टियोक मण्डलीले नै पावललाई सुसमाचार प्रचार यात्रामा पठाएको थियो (प्रेरित १३:२-३)। एण्टियोक मण्डलीबाट सेवकाइ सुरु गरेका पावलले परमेश्वरको बोलावटअनुसार सुसमाचार प्रचार, चेला निर्माण र मण्डली स्थापना गर्न पहिलो प्रचार यात्रा (प्रेरित १३:४-१४:२८, इ.सं. ४६-४८), दोस्रो प्रचार यात्रा (प्रेरित १५:३६-१८:२२, इ.सं. ५०-५२), तेस्रो प्रचार यात्रा (प्रेरित १८:२३-२१:१६,

इ.सं. ५३-५७) र चौथो प्रचार यात्रा (इ.सं. ६२-६७) गरे। यस कुरालाई मध्यनजर गर्ने हो भने एण्टियोक मण्डली कन्सटाण्टिनोपल मण्डली र रोम मण्डलीको आत्मिक पिता थियो। उक्त मण्डली अहिले सिरियाको अर्थोडक्स मण्डली (Syrian Orthodox Church) भएको छ, तर सङ्ख्यात्मक रूपमा मूल्याङ्कन गर्ने हो भने यो मण्डली सानो देखिन्छ।

## ४. कन्स्टाण्टिनोपल मण्डली

Constantinople Church

यो मण्डली ग्रीसको कन्स्टाण्टिनोपल भन्ने ठाउँमा स्थापना भएको थियो। प्रेरित पावलको आत्मिक सन्तानहरूले यो मण्डली स्थापना गरेका हुन्। पछि गएर पूर्वीय मण्डलीको विस्तारमा यो कन्स्टाण्टिनोपल मण्डलीले महत्वपूर्ण भूमिका निभायो। यसबाट ग्रीक अर्थोडक्स मण्डली (Greek Orthodox Church) स्थापना भयो; र त्यो इ.सं. १०५४ मा भएको पूर्वीय र पश्चिमी मण्डलीको विभाजनबाट जन्मिएको हो।

कन्स्टाण्टिनोपल भन्ने सहर अहिले टर्की देशको स्तानबुल भन्ने ठूलो सहरको पौराणिक नाउँ हो। यसलाई प्राचीन ग्रीसमा बिजाण्टियम (Byzantium) भनेर चिनिन्थ्यो। इ.सं. मा ३३० सम्राट कन्स्टाण्टिन प्रथमले यसलाई रोमी साम्राज्यको राजधानी बनाएपछि तिनले यसलाई आफ्नो नाउँसँग जोडेर कन्स्टाण्टिनोपल भन्ने नाउँ दिए। बिजाण्टिन सँस्कृति (Byzantium Culture) त्यो सहरमा करिब १,००० वर्षसम्म फैलिएको थियो (ग्रीस-रोमी सँस्कृति र इसाई धर्मलाई मिलाएर त्यसको उदय भएको थियो)। इ.सं. १४५३ मा यो सहरलाई ओट्टोमान साम्राज्यले (इ.सं. १२९९-१९२२) आफ्नो कब्जा पाऱ्यो र त्यसले यसको नाउँ परिवर्तन गरी अहिले स्तानबुल भएको छ।

## ५. रोमी मण्डली

Roman Church

यो मण्डली प्रेरित पावलका चेलाहरूद्वारा स्थापना भएको थियो (रोमी १६ अध्यायमा ३० जनाको नाउँ उल्लेखित छ)। प्रेरित पावलले प्रचार र सेवकाइ गरेका क्षेत्रहरू एसिया माइनरभन्दा बाहिर ग्रीस र रोम अनि त्योभन्दा टाढा स्पेनसम्म फैलिएको थियो। एसिया माइनरमा बसेर सेवकाइ गर्दैगर्दा पावलले युरोपतिर जाने दर्शन देखेका थिए। आफू त्यहाँ जानुभन्दा पहिले पावलले आफ्ना चेलाहरूलाई रोममा पठाएका थिए (रोमी १६:१-१६) ताकि तिनीहरूले त्यहाँ गएर मण्डली स्थापना गरून्। त्यतिबेला रोमसँग ठूलो राजनैतिक शक्ति भएकोले गर्दा, युरोपको अरू क्षेत्रहरूमा सुसमाचार लैजानको निम्ति त्यो मण्डली अति नै महत्वपूर्ण थियो (रोमी साम्राज्य, इ.पू. ६३ - इ.सं. ४७६)।

त्यही कारणले गर्दा, रोमको मण्डली अति शक्तिशाली मण्डली क्षेत्र भयो र यसले सुरुका चार वटा विश्वव्यापी परिषद्‌हरूमा भयङ्कररूपमा आफ्नो प्रभाव पार्‍यो। विशेषगरी इसाई इतिहासमा रोमी मण्डलीले मरियमलाई आराधना गर्नुपर्ने प्रस्तावलाई जोड दिएर त्यसलाई मण्डलीको आधिकारिक सिद्धान्तको रूपमा स्वीकार गर्न बलजफति गर्‍यो। अर्कोतर्फ हेर्ने हो भने त्यतिबेला युरोपमा सुसमाचार फैलाउन सकारात्मक भूमिका खेल्यो, जसको निम्ति तत्कालीन आधुनिक रोमी सभ्यतालाई धन्यवाद दिनैपर्छ।

यहाँसम्म आउँदा हामीले यरूशलेम मण्डली, एण्टियोक मण्डली, अलक्जेण्ड्रिया मण्डली, कन्स्टाण्टिनोपल मण्डली र रोम मण्डलीले सुरुका मुख्य पाँच मण्डली क्षेत्रहरूलाई बुझाउँछ भनी हेर्‍यौँ। उक्त पाँच मण्डलीहरूमध्ये यरूशलेम मण्डली र एण्टियोक मण्डली- यी दुई आमा मण्डलीहरू सुरुको मण्डली युगमा समृद्ध मण्डलीमा गनिन्छन्। तर आज हेर्ने हो भने ती मण्डलीहरू साना भएर गएका छन् र जसोतसो आफ्नो अस्तित्वलाई थामिरहेका छन्।

ती दुई मण्डलीहरूबाट छरपस्ट भएका सदस्यहरूले यहूदियामा भएका यहूदीहरूबाट सुसमाचारलाई प्रवासी यहूदीहरू र अन्यजातिहरूका माझमा फैलाउन विशेष भूमिका निभाए। तिनीहरू 'जमिनमा परेर मर्ने गहूँको दानाजस्ता' भएकोले गर्दा, अहिले सुसमाचार विश्वव्यापीरूपमा फैलिएको छ, र तिनीहरूले थुप्रै बिउहरू उत्पन्न गरेका छन् (यूहन्ना १२:२४)। तिनीहरूको मण्डलीको नमुनालाई बाइबलीयरूपमा वृद्धि हुने मण्डलीको नमुना भन्न सकिन्छ।

## ख. सुरुका चार विश्वव्यापी परिषद्हरू
The First Four Ecumenical Councils

त्यतिबेलाका मण्डलीहरूमा आरियुसवादले (Arianism) भद्रगोलको अवस्था ल्याइदिएपछि, त्यो समस्यालाई समाधान गर्न ती पाँच वटा मण्डली क्षेत्रहरूका प्रतिनिधिहरू एकै ठाउँमा भेला भएर विश्वव्यापी परिषद्हरू आयोजना गरे। यदि हामी ती विश्वव्यापी परिषद्हरूमा छलफल गरिएका विषयहरू र त्यसबाट पारित गरिएका निर्णयहरूलाई केलाउँछौँ भने, अहिले इसाई धर्मको मूख्य सिद्धान्तहरूको निर्माण कसरी पूरा भएको रहेछ भनी हामीले बुझ्न सक्नेछौँ।

| | कहिले | कहाँ | निर्णयहरू |
|---|---|---|---|
| १ | इ.सं.३२५ | नाइसिया | आरियुसको शिक्षा बहिष्कार, नाइसियन क्रिडको स्थापना (प्रेरितहरूको विश्वासको सार) |
| २ | इ.सं.३८१ | कन्स्टाण्टिनोपल | आरियानिजम् र मोण्टानिजम्को सिद्धान्तलाई झूटा शिक्षा ठहराइयो। त्रिएकको सिद्धान्तको स्थापना |
| ३ | इ.सं.४३१ | एफिसस | मानवजगत पूर्णरूपमा भ्रष्ट छ भन्ने मञ्जुरी, मरियम सदाको निम्ति कन्या हुन् र मरियम परमेश्वरकी माता हुन् भन्ने अवधारणाको प्रस्ताव |
| ४ | इ.सं.४५१ | काल्सेदोन | येशूको ईश्वरत्व र मानवताको सिद्धान्तको स्थापना, मरियम सदाको निम्ति कन्या हुन् र मरियम परमेश्वरकी माता हुन् भन्ने अवधारणाको अनुमोदन |

**तालिका २-२ : पहिलोदेखि चौथो विश्वव्यापी परिषद्हरूको सारंश**

## १. नाइसियाको पहिलो विश्वव्यापी परिषद्

The First Ecumenical Council of Nicaea

नाइसिया कन्स्टाण्टिनोपल (अहिले टर्कीको स्ताबुल) भन्दा (दक्षिण-पूर्व दिशामा) ७० किलोमिटर टाढा पर्ने सहर हो। इं.सं. ३२५ मा तत्कालीन मुख्य मण्डलीहरूबाट करिब ३१८ जना प्रतिनिधिहरू आरियुसको शिक्षा झूटो हो भनी दोष लगाउन उक्त सहरमा भेला भए किनभने येशू परमेश्वरद्वारा सृष्टि गरिएको व्यक्ति हुनुहुन्छ भनी तिनले दाबी गरेका थिए। उक्त परिषद्मा तिनिहरू उक्त मुद्दा टुङ्ग्याउन सफल भएनन् किनभने त्यहाँ आरियुसद्वारा प्रभावित थुप्रै प्रतिनिधिहरू उपस्थित थिए।

उक्त परिषद्ले नाइसियन क्रिड (Nicene Creed) पारित गरे, जुन अहिले प्रेरितहरूको विश्वासको सार (Apostle's Creed) भनेर चिनिन्छ। उक्त विश्वासको सारले त्रिएक परमेश्वरमा गरिने विश्वास, ख्रीष्टको मानव अवतार अनि उहाँको मृत्यु र पुनरुत्थानलाई जोड दिने कुरालाई अभिव्यक्त गर्दछ। रोमन क्याथोलिक मण्डली (पश्चिमी मण्डली) र ग्रीक अर्थोडक्स मण्डली (पूर्वीय मण्डली) - यी दवैले तिनीहरू अलग नभएसम्म नाइसियामा पारित भएको विश्वासको सारलाई एकसाथ स्वीकार गरिरहे (पश्चिमी मण्डली र पूर्वीय मण्डलीको विभाजन, इ.सं. १०५४)। इसाई इतिहासमा सुधारवादको उदय भएपछि (इ.सं. १५१७) अहिलसम्म प्राय: सबै प्रोटेस्टेण्ट सम्रपदायका मण्डलीहरूले उक्त विश्वासको सारलाई स्वीकार गर्दैआएका छन्।

## २. कन्स्टाण्टिनोपलको दोस्रो विश्वव्यापी परिषद्

The Second Ecumenical Council of Constantinople

आरियुसले उत्पन्न गरेको विवाद अन्त गर्न र सामान्य ईश्वरशास्त्रीय सिद्धान्तहरू स्थापना गर्न ती मुख्य पाँच मण्डली क्षेत्रका अगुवाहरू फेरि एकै ठाउँमा भेला भए। त्योचाहिँ इ.सं. ३८१ मा कन्स्टाण्टिनोपलमा आयोजना गरिएको दोस्रो विश्वव्यापी

परिषद् थियो, जहाँ ती मण्डलीहरूबाट आएका करिब १५० जना प्रतिनिधीहरू उपस्थित थिए। अथनासियस (इ.सं. २९६-३७३) भन्ने अलेक्जेण्ड्रिया मण्डलीको आर्क-बिशपले उक्त परिषद्मा महत्वपूर्ण निर्णायक भूमिका निभाएका थिए। उक्त परिषद् आरियानिजम् (Arianism) र मोण्टानिसजम् (Montanism) झूटा शिक्षा हुन् भनी घोषणा गर्न र त्रिएकको सिद्धान्त (Doctrine of the Trinity) स्थापना गर्न सफल भयो।

## ३. एफिससको तेस्रो विश्वव्यापी परिषद्

### The Third Ecumenical Council of Ephesus

इ.सं. ४३१ मा ती मण्डली क्षेत्रहरूबाट आएक २५० जना प्रतिनिधिहरू एफिसस सहरमा भेला भए, जसलाई एफिससको परिषद् भनिन्छ (एफिसस हाल टर्की देशमा पर्दछ; प्रेरित पावलको समयमा त्यो एसिया माइनरमा पर्दथ्यो)। त्यतिबेला रोमको मण्डलीको अगुवाइमा मारियानिजम् (Marianism) भन्ने मरियमलाई ईश्वरको दर्जामा राखेर तिनको आराधना गर्ने सिद्धान्तलाई पारित गर्न प्रयास गरिएक थियो, तर तिनीहरू त्यसलाई स्थापित गर्न असफल भए। उक्त परिषद्ले मानवजातिको पूर्ण भ्रष्टता (Total Depravity of Mankind) भन्ने सिद्धान्तलाई स्वीकार गऱ्यो।

## ४. काल्सेदोनको चौथो विश्वव्यापी परिषद्

### The Fourth Ecumenical Council of Chalcedon

इ.सं. ४५१ मा तत्कालीन मुख्य पाँच क्षेत्रका मण्डलीहरूबाट आएका करिब ५०० देखि ६०० जना प्रतिनिधिहरू कन्स्टाण्टिनोपलको नजिकै पर्ने काल्सेदोन भन्ने सानो सहरमा भेला भएर चौथो विश्वव्यापी परिषद् आयोजना गरियो। उक्त परिषद्मा येशूको पूर्ण (सिद्ध) ईश्वरत्व र मानवतालाई स्थापित गरियो। त्यसैगरी उक्त परिषद्ले रोमी मण्डलीको अगुवाइमा मरियम अनन्त कन्या हुन् (Perpetual Virginity of Mary)

र मरियम परमेश्वरको माता हुन् (Mary as mother of God) भन्ने सिद्धान्तहरूलाई आधिकारिकरूपमा स्वीकार गऱ्यो। उक्त निर्णयले रोमन क्याथोलिक मण्डलीको लागि मात्र होइन तर सबै अर्थोडक्स मण्डलीहरू, जसमा ग्रीक अर्थोडक्स मण्डली, सिरियन अर्थोडक्स मण्डली, कप्टिक अर्थोडक्स मण्डली, रसियन अर्थोडक्स मण्डलीजस्ता मण्डलीहरूको लागि आजको दिनसम्म मरियमलाई उच्च पारेर तिनको आराधना गर्ने अभ्यासको निम्ति आधारशिला तयार गरियो।



# ४

# निष्कर्ष

## CONCLUSION

माथि उल्लेखित घटनाहरूलाई केलाउने हो भने चारवटा विश्वव्यापी परिषद्हरूपछि मात्र अन्तमा त्रिएकको सिद्धान्त स्थापित भएको तथ्य थाहा पाउन सकिन्छ। यद्यपि इ.सं. ३० मा नै इसाई इतिहासको पहिलो मण्डली अर्थात् यरूशलेम मण्डली निर्माण भए तापनि इसाई इतिहासलाई नियाल्दा त्रिएकको सिद्धान्त प्रतिपादन गर्न (इ.सं. ३८१) सुरुका इसाईहरूलाई ३५० वर्षको लामो समय लाग्यो।

त्यस घटनापछि सबै इसाई सम्प्रदायहरूले त्रिएकको सिद्धान्तलाई स्वीकार गरी त्यसलाई अनुसरण गर्न थाले। हाल त्रिएकको सिद्धान्तलाई स्वीकार गर्ने सम्प्रदायहरू यस प्रकारका छन्: रोमन क्याथोलिक मण्डली (Roman Catholic Church), इजिप्टियन कप्टिक अर्थोडक्स मण्डली (Egyptian Coptic Orthodox Church), इथियोपियन अर्थोडक्स मण्डली (Ethiopian Orthodox Church), सिरियन अर्थोडक्स मण्डली (Syrian Orthodox Church), ग्रीक अर्थोडक्स मण्डली (Greek Orthodox Church), रसियन अर्थोडक्स मण्डली (Russian Orthodox Church), लुथरन मण्डली (Lutheran Church), एङ्लीकन मण्डली (Anglican Church), मेथोडिस्ट मण्डली (Methodist Church), प्रेस्बेटेरियन मण्डली (Presbyterian Church), कङ्ग्रीगेसनल मण्डली


(Congregational Church), सोसाइटी अफ फ्रेण्डस् (Society of Friends), एसेम्बली अफ गड (Assembly of God), साल्भेसन आर्मी (Salvation Army), ख्रीष्टियन एण्ड मिसेनरी एलाइन्स (Christian & Missionary Alliance), इभाञ्जेलिकल फ्रि चर्च (Evangelical Free Church) आदि इत्यादि। त्यसपछि, त्रिएकको सिद्धान्तलाई इन्कार गर्ने इसाई समूहलाई झूटा शिक्षाको रूपमा हेर्न थालियो।

विगतमा भएका चार विश्वव्यापी परिषद्‌हरूको असल पक्ष भनेको इसाई जगतमा त्रिएकको सिद्धान्तजस्तो मुख्य अनि आधारभूत सिद्धान्तलाई स्थापित गर्नु हो। तर अर्कोतर्फ हेर्ने हो भने, ती परिषद्‌हरूकै कारणले गर्दा चलाकीपूर्ण तरिकाले रोमी मण्डलीले धूर्ततापूर्वक आफ्नो शक्ति र प्रभावको कारणले मारियानिजम् (मरियमलाई आराधना गर्ने अभ्यास, मरियम अनन्त कन्या हुन् भन्ने विश्वास, मरियम परमेश्वरको माता हुन् भन्ने भनाइ) जस्तो अबाइबलीय विषयहरू थुप्रै मण्डलीहरूमा व्याप्त छ। रोमन क्याथोलिक मण्डली र अर्थोडक्स मण्डलीहरूले अझै मरियमको आराधना गर्ने र तिनलाई मध्यस्थकर्ताको रूपमा स्वीकार गर्ने प्रचलन अहिले पनि लागु गरिरहेका छन्। तैपनि, इसाई इतिहासमा भएको सुधारवादपछि जन्मिएका प्रोटेस्टेण्ट सम्प्रदायले त्यस्ता सिद्धान्तहरूको विरोध गर्छन्। तिनीहरूले त्रिएकको सिद्धान्तलाई स्वीकार गरे तर मारियानिजम्‌को सिद्धान्तलाई चाहिँ स्वीकार गरेनन्।

यहाँसम्म हामीले इसाई धर्मको मूल आधार त्रिएकको सिद्धान्त र अरू सिद्धान्तहरूको बारेमा चर्चा गऱ्यौँ। अब हामी किन त्रिएक परमेश्वरले मानवजातिलाई सृष्टि गर्नुभयो, कसरी परमेश्वरले मानव इतिहासमा काम गर्नुभएको छ, अनि सृष्टिको समयदेखि मानव इतिहासमा प्रकट गरिएका परमेश्वरको इच्छा र योजना के हो भन्ने अति महत्वपूर्ण विषयहरूलाई होसियारीसाथ अध्ययन गर्नेछौँ।




नक्सा २-२ : विश्वव्यापी परिषद्हरू आयोजना गरिएका सहरहरू



*"... मेरा छोराहरूलाई टाढ़ादेखि र मेरा छोरीहरूलाई पृथ्वीको पल्लो छेउदेखि ल्याओ, हरेक जो मेरो नाउँद्वारा बोलाइएको छ, जसलाई मैले मेरो महिमाको निम्ति सृष्टि गरेको छु, जसको आकार मैले नै रचें र बनाएँ" (यशैया ४३:६-७)।*

# सृष्टिको उद्देश्य

## अध्याय तीन

---

# THE PURPOSE OF THE CREATION

## CHAPTER 3

परिचय
बाइबलमा प्रकट गरिएको सृष्टिको उद्देश्य
सृष्टिको उद्देश्यअनुसार जीवन के हो?
सबै थोकले परमेश्‍वरको आराधना गरेको देख्ने मानिसहरू
परमेश्‍वरको रहस्य
निष्कर्ष

# १

# परिचय
## INTRODUCTION

सृष्टिकर्ता परमेश्वरले संसार सृष्टि गर्नुहुँदा, उहाँसँग स्पष्ट उद्देश्य थियो (हितोपदेश १६:४), र उक्त उद्देश्यको स्वभाव अनन्त छ (भजन ३३:११)। अर्को शब्दमा भन्ने हो भने परमेश्वरले यो संसारलाई उद्देश्यबिना व्यर्थमा सृष्टि गर्नुभएको छैन (यशैया ४५:१८)। प्रशंसा र महिमा प्राप्त गर्नको निम्ति (यशैया ४३:६-७,२१; रोमी ९:५; कलस्सी १:१६), र आफ्नो सृष्टिमाथि कृपा गर्न र त्यसमाथि प्रसन्न हुन परमेश्वरले संसार सृष्टि गर्नुभयो (उत्पत्ति ६:८; भजन १४७:११; लूका २:१४; एफिसी ५:१०; हिब्रू ११:६)।

हरेक व्यक्ति खुसी र आनन्दपूर्ण जीवन जिउन चाहन्छ- त्यसै कारणले गर्दा उसले धन-सम्पत्ति, आदर-इज्जत, शक्ति-अधिकार, असल परिवार, शैक्षिक उपाधि, राम्रो स्वस्थजस्ता कुराहरू प्राप्त गर्न प्रयास गर्छ। तर कुनै व्यक्तिले त्यस्ता सांसारिक कुराहरू खोज्नु भनेको मृगतृष्णाजस्तै हो। त्यस्ता कुराहरू हाम्रो पहुँचमा भएकोजस्तो देखिन्छ, र त्यसको पछि लाग्दा त्यो हामीबाट टाढा गइसकेको हुन्छ। यसलाई अर्को शब्दमा भन्ने हो भने सांसारिक खुसी र आनन्द भनेको क्षणिक हो र यसमा अनन्त

स्वभाव हुँदैन। मानिसले उक्त भ्रमात्मक खुसी र आनन्दलाई पक्रन प्रयास गर्दा ऊ लडेर कमजोर अनि थकित भइसकेको हुन्छ। एक दिन जब मानिस यो जीवनबाट अलग हुन लागेको हुन्छ, तब मात्र 'जीवन व्यर्थ रहेछ' भनेर उसले थहा पाउँछ र त्यसलाई बल्ल स्वीकार गर्छ। इसाई होस् अथवा गैरइसाई, जसले सृष्टिको उद्देश्यलाई बुझ्दैन, पृथ्वीबाट बिदा हुने अन्तिम दिन आइसकेपछि मात्र उसले यो कुरालाई स्वीकार गर्नेछ।


सांसारिक धन-सम्पत्ति, आदर-इज्जत, शक्ति, परिवार, शैक्षिक उपलब्धि, असल स्वस्थजस्ता सबै कुराहरू मानिसले सृष्टि गरेको हो। यी कुराहरू हाम्रो जीवनमा अति महत्वपूर्ण छन्जस्ता देखिन्छन्। जेजस्तो भए तापनि कुनै इसाईले परमेश्वरलाईभन्दा यस्ता कुराहरूलाई बढी प्राथमिकता दिएर त्यसमाथि भर पर्छ र त्यसलाई प्रेम गर्छ भने, पक्कै उसले मूर्तिपूजा गरेको ठहर्छ। यस्तो कामलाई इसाईहरूले गर्ने मूर्तिपूजा हो भनी बाइबलले बताउँछ। 'मूर्तिपूजा' भन्ने कुरा गैरइसाईमा लागु हुँदैन, र तिनीहरू यस्ता सांसारिक थोकहरूको पछि लागेर सांसारिक खुसी प्राप्त गर्न चाहन्छन्।

तर इसाईहरूमा हुने साँचो खुसियाली मूर्तिपूजाबाट आउँदैन। मूर्तिहरूले इसाईहरूलाई कहिल्यै खुसी तुल्याउँदैन, बरु त्यसले तिनीहरूलाई विनासमा पुऱ्याई नष्ट पार्दछ। निरर्थक मूर्तिपूजातिर जीवनभरि नलग्नू भनी बाइबले इसाईहरूलाई सिकाउँछ किनभने त्यसले तिनीहरूलाई अन्तमा पछुतो गर्नुपर्ने अवस्थातिर डोऱ्याउँछ। तर अफसोसको कुरा के हो भने धेरै इसाईहरूले पृथ्वीमा हुँदा तिनीहरूको जीवनमा यस शिक्षालाई पालना गर्दैनन्।

त्यसो हो भने इसाईको जीवनलाई के कुराले साँचोरूपमा खुसी बनाउन सक्छ त? सृष्टिकर्ताको सृष्टिको उद्देश्यअनुसार जिउनु नै यस प्रश्नको उत्तर हो। सृष्टिको उद्देश्य भनेको सृष्टिकर्ता परमेश्वरको आराधना, प्रशंसा र महिमा गर्नु हो (यशैया ४३:६-७,२१; रोमी ९:५; कलस्सी १:१६)।

उक्त सृष्टिको उद्देश्यअनुसार जिएर मात्र हामी मानिसजाति साँचोरूपमा खुसी हुन सकोस् भन्ने हेतुले नै हामीलाई सृष्टि गर्नुको उद्देश्य हो। यो खुसीयाली प्रत्यक्ष हाम्रो सृष्टिकर्ता परमेश्‍वरबाट दिइएको हुनाले, परमेश्‍वरबाटको यो आनन्द मानवीय अभिव्यक्तिभन्दा माथिको कुरा हो, र यो महान्, गहन र अनन्त हुन्छ।

बाइबलमा हेर्ने हो भने अति थोरै बाइबलका पात्रहरूले मात्र सृष्टिको उद्देश्यलाई चर्चा गरेका छन्। यो अध्यायमा हामी बाइबलमा बताइएको सृष्टिको उद्देश्य भनेको के हो अनि उक्त उद्देश्यअनुसार जिउनु भनेको के भनी चर्चा गर्नेछौँ। सृष्टिको उद्देश्य सही किसिमले बुझेर त्यसअनुसार जिउने इसाईहरू धन्यका हुन्।





# २

# बाइबलमा प्रकट गरिएको सृष्टिको उद्देश्य

## THE PURPOSE OF CREATION REVEALED IN THE BIBLE

परमेश्वरले धर्मशास्त्र बाइबलद्वारा सृष्टिको उद्देश्य स्पष्टसँग सिकाउनुभएको छ। त्यस विषयमा उहाँले इ.पू. ७०० तिर यशैयालाई बताउनुभयो (यशैया ४३:६-७,२१) र त्यसैगरी नयाँ करारमा सो कुरा प्रेरित पावललाई (इ.सं. ५-६८) बताउनुभयो। अब परमेश्वरले ती विश्वासयोग्य मानिसहरूलाई सृष्टिको उद्देश्य कसरी प्रकट गर्नुभएको थियो भनी हेरौँ।

# क. परमेश्वरको महिमाको निम्ति सृष्टि गरिएको

## Created for the Glory of God

परमेश्वरका जनहरू सृष्टि गर्नुको कारण स्वयम् परमेश्वरले यशैयालाई बताउनुभयो। "... मेरा छोराहरूलाई टाढ़ादेखि र मेरा छोरीहरूलाई पृथ्वीको पल्लो छेउदेखि ल्याओ, हरेक जो मेरो नाउँद्वारा बोलाइएको छ, जसलाई मैले मेरो महिमाको निम्ति सृष्टि गरेको छु, जसको आकार मैले नै रचैँ र बनाएँ" (यशैया ४३:६-७)। "त्यस जातिलाई, जसलाई मेरो प्रशंसाको घोषणा गरून् भनेर मेरो निम्ति मैले बनाएँ" (यशैया ४३:२१)।

सबै कुराहरू उहाँले नै बनाउनुभयो भनी परमेश्वरले पावललाई बताउनुभयो। "... ख्रीष्ट पनि शरीरअनुसार तिनीहरूकै वंशका हुनुहुन्छ, सर्वोच्च परमेश्वर, जसको युगानयुग स्तुति होस्" (रोमी ९:५, इ.सं. ५७)। " किनकि उहाँमा (येशूमा) नै सबै थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारै (येशूद्वारा) र उहाँकै (येशूको) निम्ति सृजिएका हुन्" (कलस्सी १:१६, इ.सं. ६०)।

यशैया र पावललाई परमेश्वरले के भन्नुभयो भनेर हामी राम्रोसँग पढ्दछौँ भने सृष्टिकर्ता परमेश्वरले मानिसलगायत सबै थोक सृष्टि गर्नुको उद्देश्य स्पष्ट हुन्छ- उहाँले सबै सृष्टिहरूलाई आफ्नो महिमाको निम्ति सृष्टि गर्नुभयो। यसलाई अझ विस्तृतरूपमा भन्ने हो भने सबै सृष्टि गरिएका थोकबाट श्रद्धा, आदर, आराधना, प्रशंसा, इज्जत र महिमा प्राप्त गर्नु नै सृष्टिकर्ता परमेश्वरको सृष्टिको उद्देश्य हो। सृष्टि गरिएका थोकले त्यसो गर्दा, परमेश्वर प्रसन्न हुनुहुन्छ। त्यसकारण, परमेश्वरलाई प्रसन्न पार्नको निम्ति सबै थोक सृष्टि गरिएका हुन् (उत्पत्ति ६:८; भजन १४७:११; लूका २:१४; एफिसी ५:१०; हिब्रू ११:६)।

यशैया र पावलबाहेक बाइबलमा अरू थुप्रै यस्ता मानिसहरू पनि छन्, जसले आफ्नो आत्मिक आँखाले विभिन्न थोकले परमेश्‍वरको महिमा गरिरहेका देखे। तिनीहरूमध्ये दाऊदलाई मुख्य उदाहरणको रूपमा हेर्न सकिन्छ। तिनले लेखेका थुप्रै भजनहरूमा ब्रह्माण्डका सबै थोकले परमेश्‍वरलाई प्रशंसा र आराधना गरिरहेका दृश्यहरू उल्लेख गरिएका छन् (भजन १४८:१-१४)। ब्रह्माण्डमा भएका अनगिन्ती ताराहरू र आकाशगङ्गाहरू अनि पृथ्वीमा भएका मानिसलगायत सबै जीवित प्राणीहरू; जस्तै: हात्ती, सिंह, बाघ, ह्वेल-माछा, सानो र ठूलो माछालगायत सबै किसिमका चराहरू, किराहरू, फूलहरू, रूखहरू, सुक्ष्म जीवाणुहरू र जीवित प्राणीहरूका प्रत्येक कोषदेखि लिएर धुलो, माटो र चट्टानजस्ता निर्जीव थोकहरू र बतास, झरी अनि हिउँजस्ता प्राकृतिक वस्तुहरूले (आमोश ४:१३) परमेश्‍वरको महिमा गरेको र परमेश्‍वरलाई प्रसन्न तुल्याएको आफ्नो आत्मिक आँखाले देखे। तेस्रो स्वर्गको दूतहरूदेखि लिएर जमिनमुनिको अतलकुण्डमा बस्ने जीवहरूले (सृष्टिहरूले) - यी सबै थोकलाई परमेश्‍वरको महिमा गर्ने उद्देश्यले सृष्टि गरिएका हुन्।

यस विषयमा प्रेरित यूहन्नाले पनि सबै थोकहरू परमेश्‍वरको महिमा गर्नको निम्ति सृष्टि गरिएका हुन् भन्ने तथ्यलाई यसरी स्वीकार गरेका छन्: "हे हाम्रा प्रभु र परमेश्‍वर, तपाईं महिमा, आदर, र शक्ति ग्रहण गर्ने योग्यको हुनुहुन्छ, किनभने सबै कुरा तपाईंले नै सृष्टि गर्नुभएको हो, र तपाईंकै इच्छाबमोजिम ती अस्तित्वमा आए, र तिनको सृष्टि भयो" (प्रकाश ४:११)। तिनले यसरी लेखेका छन्, "अनि स्वर्गमा, पृथ्वीमा, पृथ्वीमुनि, समुद्र र त्यहाँ भएको हरेक प्राणीले यसो भनिरहेको मैले सुनें, 'सिंहासनमा विराजमान हुनुहुनेलाई र थुमालाई स्तुति, सम्मान, महिमा, र सामर्थ्य सदासर्वदा होस्'" (प्रकाश ५:१३)।

अझै हेर्दैजाने हो भने सबै राष्ट्रहरू अर्थात् सबै मानिसहरू, मुलुकहरू र भाषिक समूहहरू परमेश्‍वरको महिमा गर्न सृष्टि गरिएको हो भनी बाइबलमा लेखिएको भेट्टाउन सकिन्छ (१ इतिहास १६:२४,२८; भजन ९६:७)। यशैयाले यसरी चिच्याए, "परमप्रभुको निम्ति एउटा नयाँ भजन गाओ, उहाँको प्रशंसा पृथ्वीको पल्लो छेउदेखि

गर, हे तिमी समुद्रमा यात्रा गर्ने र त्यसमा भएका सारा थोक हो, हे टापूहरू र तिनका सबै बासिन्दा हो" (यशैया ४२:१०)। परमेश्वरको नाउँ र महिमा पृथ्वीको पल्लो छेउसम्म पुग्नेछ भनी दाऊदले गाए, जसको अर्थ ती कुराहरू सबै राष्ट्रहरू, सबै जातिहरू, सबै मानिसहरू र सबै राजाहरूमा पुग्नेछ भन्ने हो (भजन ४८:१०; ६६:४; ६७:३; १०२:१५; ११७:१)। एउटा राष्ट्र मात्र होइन, तर पृथ्वीका सबै राष्ट्रहरू परमेश्वरको महिमा गर्नको निम्ति सृष्टि गरिएका हुन्।

प्रेरित यूहन्नाद्वारा परमेश्वरले यो कुरा स्पष्टसँग प्रकट गर्नुभयो, कि सृष्टिको उद्देश्यअनुसार नै सबै राष्ट्रहरू बचाइनेछन् र तिनीहरूले परमेश्वरको महिमा गर्नेछन्। "यसपछि कुनै मानिसले गन्न नसक्ने एउटा ठूलो भीड, जो हरेक जाति, सबै कुलहरू, मानिसहरू र भाषा बोल्नेबाट थियो, सेता पोशाक पहिरेर हातमा खजूरका हाँगा लिई सिंहासन र थुमाको सामुन्ने उभिरहेको मैले देखें। तिनीहरू उच्च सोरले कराए: "सिंहासनमा विराजमान हुनुहुने हाम्रा परमेश्वर र थुमामा मुक्ति छ।" अनि सिंहासन, धर्म-गुरुहरू र चार जीवित प्राणीहरूका वरिपरि सबै स्वर्गदूतहरू उभिए, र तिनीहरू सिंहासनको सामुन्ने घोप्टो परी यसो भन्दै परमेश्वरलाई दण्डवत् गरे। "आमेन! हाम्रा परमेश्वरलाई प्रशंसा, महिमा, बुद्धि, धन्यवाद, सम्मान, शक्ति र सामर्थ्य सदासर्वदा होस्। आमेन!" (प्रकाश ७:९-१२)।

वास्तवमा भन्ने हो भने सृष्टि गरिएका सबै थोकहरूको अस्तित्वको आधार नै सृष्टिको उद्देश्य हो। तर अधिकांश मानिसहरूले उक्त सृष्टिको उद्देश्यलाई बिर्सिएका छन्। रुपैयाँ-पैसा, शक्ति-अधिकार, मान-प्रतिष्ठा, शैक्षिक उपलब्धि र स्वस्थजस्ता परिवर्तन भइरहने अस्थाई कुराहरूद्वारा तिनीहरूले आफैलाई प्रसन्न तुल्याउन खोज्छन्। अझ खराब कुरा के हो भने केही इसाईहरूले आत्म-सन्तुष्टि, आत्म-सम्मान, सफलता, उपलब्धि, आत्मा-ज्ञान, र आत्मा-परिपूर्तिजस्ता कुराहरूको खोजी गर्दै परमेश्वरबाट फाइदा उठाउनको लागि मात्र प्रार्थना गर्ने गर्छन्। यस्ता कुराहरू सृष्टिको उद्देश्यलाई उलङ्घन गर्ने क्रियाकलापहरू हुन्।

बाहिर संसारका गैर-इसाईहरू यस किसिमले जिउन पाउँदा खुसी हुन्छन्। तर यदि इसाईहरूले यसरी जिउन थाले भने अन्तमा तिनीहरूको जीवन व्यर्थ र अर्थहीन हुनेछ (यूहन्ना १५:१९; १ यूहन्ना ४:५-६)। परमेश्वरको सन्तानहरूले प्रार्थना, परमेश्वरको वचन अध्ययन, सेवा, आराधाना, सुसमाचार प्रचार गरी परमेश्वरको राज्य विस्तारको मिसनमा समर्पित भए भने मात्र तिनीहरू सृष्टिकर्ता परमेश्वरबाट आउने साँचो आनन्द, शान्ति, आशा र खुसियाली प्राप्त गरी त्यसलाई अनुभव गर्न सक्नेछन्।

| कसलाई | सृष्टिको उद्देश्य |
|---|---|
| **परमेश्वरका जन (यशैयालाई)** | ... मेरा छोराहरूलाई टाढ़ादेखि र मेरा छोरीहरूलाई पृथ्वीको पल्लो छेउदेखि ल्याओ, हरेक जो मेरो नाउँद्वारा बोलाइएको छ, जसलाई मैले मेरो महिमाको निम्ति सृष्टि गरेको छु, जसको आकार मैले नै रचें र बनाएँ (यशैया ४३:६-७)। |
| | ... जसलाई मेरो प्रशंसाको घोषणा गरून् भनेर मेरो निम्ति मैले बनाएँ (यशैया ४३:२१)। |
| **सबै थोकहरू (पावललाई)** | किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन् (कलस्सी १:१६)। |
| | ... ख्रीष्ट पनि शरीरअनुसार तिनीहरूकै वंशका हुनुहुन्छ, सर्वोच्च परमेश्वर, जसको युगानयुग स्तुति होस्। आमेन (रोमी ९:५)। |

**तालिका ३-१ : सृष्टिको उद्देश्य**

# ख. परमेश्वरको महिमा

The Glory of God

परमेश्वरले सबै थोक अनि उहाँका जनहरूलाई उहाँले आफ्नै महिमाको निम्ति सृष्टि गर्नुभयो। त्यसो हो भने 'परमेश्वरको महिमा' भनेको के हो त? परमेश्वरको महिमाको अर्थ यसको लमाइ, चौडाइ, उचाइ र गहिराइमा गहन र विविध छ। यद्यपि मानवीय ज्ञान-बुद्धिले यसलाई बुझ्न सजिलो नभए तापनि तलका सात वटा तहहरूमा हामी त्यसको अर्थको नजिक जान सक्छौँ।

पहिलो: परमेश्वरको महिमालाई उहाँको विशेषताहरूको सन्दर्भमा अभिव्यक्त गरिन्छ। उहाँको महिमा भनेको उहाँको एक महत्वपूर्ण विशेषता हो, र यो केवल उहाँको लागि मात्र हो। उहाँ मात्र सबैभन्दा उच्च हुनुहुन्छ (भजन ११३:४; १४८:१३) अनि उहाँको मात्र सदासर्वदा महिमा गरिन्छ (१ तिमोथी १:१७; यहूदा १:२५)। त्यसैकारण, उहाँले कहिले पनि अन्यजातिहरूका देवी-देवताहरूलाई महिमित हुन दिनुहुन्न (यशैया ४२:८; ४८:११)। अझ अर्को कुरा के हो भने परमेश्वरको महिमा चोर्नेहरूले मृत्युको सजाय पाउँनेछन् (यशैया १४:१२-२०)।

दोस्रो: परमेश्वरको महिमालाई समय र स्थानको आयामहरूमा अभिव्यक्त गरिन्छ। सम्पूर्ण पृथ्वी र ब्रह्माण्ड परमेश्वको महिमाले भरिएको छ (भजन ७२:१९; यशैया ६:३; हबकूक ३:३)। सारा संसार परमेश्वरको महिमाले व्याप्त छ (भजन ५७:५;११; १०८:५)। यसप्रकार परमेश्वरको महिमा स्थान र समयभन्दा बाहिर असिमित छ र यो अनन्तदेखि अनन्तसम्म छ (रोमी ११:३६; १ पत्रुस ४:११; यहूदा १:२५; प्रकाश १:६)। यहोवा परमेश्वर, येशूले मोशासँग व्यक्तिगतरूपमा कुराकानी गर्नुहुँदा तिनलाई यसो भन्नुभयो, "जस्तो म जीवित छु र जसरी मेरो महिमाले पृथ्वी भरिएको छ" (गन्ती १४:२१)।

दाऊदले यसो भन्दै येशूको आराधना गरे, "परमप्रभुका नाउँको अहिलेदेखि लिएर सदासर्वदासम्मै प्रशंसा भइरहोस्! सूर्योदयदेखि सूर्यास्तसम्मै परमप्रभुको नाउँको प्रशंसा हुनुपर्दछ" (भजन ११३:२-३)।

तेस्रो: सबै थोकले परमेश्वरको महिमा गर्दछ र तिनीहरूले उहाँको महिमा घोषणा गर्दछ। त्यसैकारण दाऊद भन्दछन्, "आकाशले परमेश्वरका महिमाको वर्णन गर्छ। र तारा-मण्डलले उहाँका हातको सीपको घोषणा गर्छ" (भजन १९:१)। त्यसैगरी भजन ९७:६ मा तिनी यसरी लेख्दछन्, "स्वर्गले उहाँका धार्मिकताको घोषणा गर्दछ, सबै मानिसहरूले उहाँका महिमाको दर्शन गर्छन्।" यसप्रकार, सबै थोकले उहाँको महिमा घोषणा गरेको देखेर परमेश्वर आनन्दित हुनुहुन्छ (भजन १०४:३१; १४७:११)।

चौथो: त्रिएक परमेश्वरमा भएको परमेश्वरको महिमा महत्वपूर्ण विषय हो भनी बाइबलले व्याख्या गर्दछ। येशू परमेश्वरको महिमाको ज्योति हुनुहुन्छ अनि उहाँले परमेश्वरको व्यक्तिगत स्वरूपलाई प्रकट गर्दछ भनी बाइबलमा लेखिएको छ (२ कोरिन्थी ४:४; हिब्रू १:३)। परमेश्वरलाई कुनै मानिसले देख्न सक्दैन (यूहन्ना १:१८; १ तिमोथी ६:१६; १ यूहन्ना ४:१२)। मानिसले येशू ख्रीष्टद्वारा मात्र परमेश्वरको महिमा देख्न सक्छ। त्यसै कारणले गर्दा येशूले भन्नुभयो, "जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ" (यूहन्ना १४:९)। "परमेश्वरको महिमाको ज्योति दिने बत्ती म नै हुँ" भनी येशूले यूहन्नालाई सिकाउनुभयो (प्रकाश २१:२३)।

उक्त बत्तीबाट आएको परमेश्वरको महिमाले सम्पूर्ण पृथ्वी पहिले नै भरिएको छ। तर सबै मानिसहरूले यो महिमा देख्न सक्दैनन्। केवल न्युन सङ्ख्यामा रहेका परमेश्वरको विशेष सन्तानहरूले यसलाई देख्न सक्छन्। अनि तिनीहरूले यो महिमा देख्न नसक्नेहरूलाई चिनाउने काम गर्छन्। पुरानो करारमा इस्राएलीहरूलाई त्यसको उदाहरणको रूपमा लिन सकिन्छ। परमेश्वरले आफ्नो महिमा अन्यजातिहरूलाई प्रदर्शन गर्न इस्राएलीहरूलाई प्रयोग गर्ने योजना बनाउनुभएको थियो (यशैया ४६:१३; ४९:३; ६०:२१; ६१:३)। उक्त कामको निम्ति परमेश्वरले विशेष गरी अब्राहाम, मोशा र दाऊदजस्ता पुरानो करारका मुख्य पात्रहरूलाई रोज्नुभएको थियो।

अनि नयाँ करारमा चाहिँ येशूका थोरै चेलाहरूद्वारा परमेश्वरको महिमाको ज्योति सम्पूर्ण संसारको लागि प्रदान गरिएको छ। यो काम कुनै व्यक्तिको गुण र क्षमताले गर्न पाउने होइन तर परमेश्वरको एकतर्फी अनुग्रहले त्यस्तो व्यक्तिलाई चुन्नुभएको हुन्छ।

पाँचौं: मानिसको पापको प्रायश्चितको निम्ति येशू क्रूसमा बलिदान हुनुभएको घटना परमेश्वरको महिमाको रूपमा प्रकट भएको छ। येशू मानिसको रूपमा यस संसारमा आउनुहुने थुमा हुनुहुन्छ। क्रूसको घटनाद्वारा उहाँ महिमित हुनुभएको थियो (लूका २४:२६; यूहन्ना ७:३९; १२:१६), र त्यसबेला उहाँका पिता पनि महिमित हुनुभएको थियो (यूहन्ना १७:१)। येशूले उक्त महिमाको ज्योति अन्यजातिहरूका निम्ति चम्काउनुभयो (यशैया ४२:६; लूका २:३२)। परमेश्वरका पूर्वनिर्धारित सन्तानहरूले ख्रीष्टको सुसमाचारको महिमित ज्योतिलाई ग्रहण गर्नेछन् (२ कोरिन्थी ४:४-६), र तिनीहरू अन्यजाति मुलुकहरूमा यो ज्योति फैलाउन परमेश्वरद्वारा निरन्तर प्रयोग हुनेछन् (प्रेरित १३:४७-४८)। यस्तो हुनेछ भनी हबकूक अगमवक्ताले यसरी अगमवाणी गरेका छन्, "समुद्र पानीले ढाकिएझैं पृथ्वी परमप्रभुका महिमाको ज्ञानले भरिपूर्ण हुनेछ" (हबकूक २:१४)।

जेजस्तो भए तापनि येशूले दु:ख-कष्ट भोगाइ र बलिदानद्वारा आफ्नो महिमा देखाउनुभएर महिमित हुनुभयो। त्यसकारण, यदि हामीले पनि महिमा प्राप्त गर्ने हो भने उहाँको उदाहरणलाई पछ्याउनुपर्छ (यूहन्ना २१:१९; रोमी १७:१८; २ कोरिन्थी ४:१७; १ पत्रुस १:७; ४:१४)। धेरै मानिसहरूलाई महिमामा ल्याउनको निम्ति आफूले भोगेका दु:ख-कष्टद्वारा येशू सिद्ध बन्नुभएको थियो (हिब्रू २:१०)।

त्यसैगरी, कुनै व्यक्ति संसारको ज्योति हुनको निम्ति पहिले मृत्युद्वारा संसारको नून हुनुपर्छ भनी डाँडाको उपदेशमा येशूले आफ्ना चेलाहरूलाई सिकाउनुभयो। कसैले त्यस्तो ज्योति चम्काएपछि मात्र उक्त व्यक्ति उज्वल हुन्छ र उसले परमेश्वरको महिमा गर्छ (मत्ती ५:१३-१६)। यसलाई अर्को शब्दमा भन्ने हो भने, जब हामी आफै बलिदान भएर आफ्नो क्रूस आफै बोक्दछौँ भने (मत्ती १६:२४), येशूको उक्त महिमित ज्योति

हामीमा आउँदछ। उक्त ज्योति आएपछि शैतानको अन्धकारको शक्ति भागेर जान्छ, र हामी परमेश्वरको सुसमाचारको शक्तिशाली सेवकहरू (कामदारहरू) बन्दछौँ।

छैठौँ: परमेश्वरको महिमा आफ्नो हृदयमा प्रकट भएका परमेश्वरका सन्तानहरूले धार्मिकताको फल फलाउनै पर्छ अनि तिनीहरू सिद्ध र पवित्र हुनै पर्छ। तिनीहरूका हृदय धार्मिकताको फलले भरिएपछि, परमेश्वरको महिमा हुन्छ, उहाँको प्रशंसा हुन्छ र उहाँ प्रसन्न हुनुहुन्छ (फिलिप्पी १:११)।

परमेश्वरका सन्तानहरूले प्रेममा एक-अर्कालाई सेवा गर्दा, परमेश्वर महिमित हुनुहुन्छ (१ पत्रुस ४:७-११)। अनि तिनीहरूले जे गर्छन्, त्यो मानिसको निम्ति होइन तर प्रभुको निम्ति आफ्नो हृदयदेखि गर्छन् (कलस्सी ३:२३)। तिनीहरूले खाओस् अथवा पिओस्, अथवा जेसुकै गरोस्, त्यो तिनीहरूले परमेश्वरको महिमाको निम्ति गर्दछन् (१ कोरिन्थी १०:३१)।

सातौँ: परमेश्वरका विश्वासयोग्य सन्तानहरूले भविष्यमा स्वर्गको राज्यबाट पाउने महिमासँगको सम्बन्धमा परमेश्वरको महिमालाई अभिव्यक्त गरिएको छ। जजसले परमेश्वरको महिमा गर्दछन्, तिनीहरूमा परमेश्वरको महिमा आउँछ (दानिएल १२:३; यूहन्ना १३:३२; २ थेसलोनिके १:१२)। यस पृथ्वीमा मुक्तिको काम पूरा भएपछि, र न्यायको काम सकिएपछि, जब परमेश्वरका सन्तानहरू नयाँ स्वर्ग र नयाँ पृथ्वीमा प्रवेश गर्दछन्, तब त्यतिबेला तिनीहरू आफ्नो-आफ्नो महिमासहित त्यहाँ प्रवेश गर्नेछन् (प्रकाश २१:२४)। त्यसरी परमेश्वरको महिमा प्राप्त गर्ने परमेश्वरको आशिषित छोरा-छोरी बन्नको निम्ति हामीले सृष्टिको उद्देश्यअनुसारको जीवनको मार्गनिर्देशनलाई बुझ्नु र याद गर्नुपर्दछ अनि त्यसैअनुसार जिउनुपर्छ। त्यो मार्गनिर्देशन के हो भनी हामी अर्को खण्डमा चर्चा गरिनेछ।

# ३

# सृष्टिको उद्देश्यअनुसारको जीवन के हो?

## WHAT IS A LIFE ACCORDING TO THE PURPOSE OF CREATION?

यशैया र पावलले सिकाएझैँ गरी (यशैया ४३:६-७,२१; रोमी ९:५; कलस्सी १:१६) सृष्टिको उद्देश्यअनुसार हामीले परमेश्वरको महिमा गर्ने जीवन जिउनुपर्छ। त्यसो हो भने हाम्रो दृष्टिकोणबाट हेर्दा परमेश्वरको महिमा गर्ने जीवन भनेको के हो त?

प्राय: परमेश्वरको महिमा गर्नु भनेको हामीले साधारणरूपमा आफ्नो ओठबाट परमेश्वरको प्रशंसाको गीत-भजन गाउनु र शरीर हल्लाउँदै नाँच्नु भनी अर्थ लगाउँछौँ। तर हाम्रो ओठ र शरीरले प्रशंसा गर्नुले परमेश्वरको महिमा गर्ने हरेक कुरालाई समेट्दैन। यो त उहाँको प्रशंसाको दृश्य अभिव्यक्ति मात्र हो। परमेश्वरको महिमा गर्नु, आराधना गर्नु र प्रशंसा गर्नु भनेको हाम्रो हृदयको गहिराइदेखि परमेश्वरको आराधना गर्नु हो अनि यसलाई हामीले आफ्नो जीवनको हरेक क्षेत्रमा अभ्यास गर्नुपर्छ।

जीवनमा परमेश्वरको महिमा गर्ने तीन वटा चरणहरू बाइबलले प्रस्तुत गर्दछ, जसको बारेमा अब हामी क्रमैसँग चर्चा गर्नेछौँ। उक्त तीन चरणहरूमध्ये पहिलो दुई चरणहरूले हाम्रो हृदयको गहिराइदेखि परमेश्वरको महिमा गर्ने कुरालाई व्यक्त गर्दछ। पहिलो चरण भनेको परमेश्वरको पहिचानलाई बुझ्नु, स्वीकार गर्नु र त्यसलाई मनन गर्नु अनि उहाँको आराधना र महिमा गर्नु हो। दोस्रो चरणचाहिँ आफ्नै मानवीय पहिचानलाई बुझ्नु, स्वीकार गर्नु र त्यसलाई मनन गर्नु हो। मनन गर्नु भनेको हाम्रो हृदयको गहिराइबाट गरिने पवित्र काम हो, जसमा नरोकीकन परमेश्वरको वचन दोहोऱ्याउने, चिन्तन-मनन गर्ने (ध्यान गर्ने), बुझ्ने र त्यसलाई पालना गर्न चाहनु हो (भजन १:२; ७७:१२; ११९:९७)। तेस्रो चरणचाहिँ हामीले पहिलो र दोस्रो चरणमा मनन गरेका कुराहरूलाई हाम्रो जीवनको हरेक क्षेत्रमा अभ्यास गर्नु हो; जसको अर्थ दश आज्ञाहरू (प्रस्थान २०:१-१७; मत्ती २२:३७-३९) र महान् आदेश (मत्ती २८:१९-२०; प्रेरित १:८) लाई पालना गर्नु हो। यी तीन चरणहरूलाई क्रमैसँग अनि ठिक ढङ्गमा पालना गर्नेहरूलाई मात्र साँचोरूपमा सृष्टिको उद्देश्यअनुसार जिउने इसाईहरूको रूपमा लिन सकिन्छ।

सृष्टिको उद्देश्यअनुसार जिउने इसाईहरूले पहिले परमेश्वरको राज्य र उहाँको धार्मिकता खोजी गर्छन्। त्यसपछि संसारमा मानिसहरूले खोजी गर्ने धन-सम्पत्ति, आदर-इज्जत, शक्ति-अधिकार, परिवार, शैक्षिक उपलब्धि र असल स्वास्थजस्ता कुराहरूले स्वभाविकरूपमा तिनीहरूलाई पछ्याउने छन् (मत्ती ६:३३)। यद्यपि त्यस्ता कुराहरू तिनीहरूले परमेश्वरसँग नमागे तापनि, परमेश्वरले सृष्टिको उद्देश्यअनुसार जिउनेहरूका जीवनमा ती कुराहरू थपिदिनु हुनेछ। असल इसाईहरू असल कुराको पछि लाग्दैनन् बरु असल कुराहरू नै तिनीहरूका पछि लाग्दछन् (भजन २३:६)। तिनीहरूले त्यस्ता आशिष्हरू प्राप्त गरेपछि सृष्टिको उद्देश्य पूरा गर्ने काममा नै तिनीहरूले त्यसलाई प्रयोग गर्नेछन्। वास्तवमा भन्ने हो भने यस्ता काम गर्ने इसाईहरू नै साँचोरूपमा खुसी र आनन्दित व्यक्तिहरू हुन्। हामीलाई साँचोरूपमा खुसी र आनन्दित इसाईहरू बनाउने उक्त सृष्टिको उद्देश्यअनुसार कसरी जिउने भन्ने महत्वपूर्ण विषयलाई अब हामी विस्तृतरूपमा चर्चा गरौँ।

# क. पहिलो चरण : परमेश्वरको पहिचानलाई बुझ्नु, स्वीकार गर्नु र मनन गर्नु अनि उहाँको आराधना र महिमा गर्नु

## The First Step : Understand, Acknowledge and Meditate on God's Identity, and Worship and Glorify God

सृष्टिको उद्देश्यअनुसार जिउनको निम्ति हामीले पछ्याउनैपर्ने तीन वटा चरणहरू छन्। तिनीहरूमध्ये पहिलो चरण भनेको सृष्टिकर्ता परमेश्वरको पहिचानलाई हाम्रो हृदयको गहिराइदेखि नै बुझ्नु, स्वीकार गर्नु र त्यसमा मनन गरेर उहाँको आराधना र महिमा गर्नु हो। सृष्टिकर्ता परमेश्वरको पहिचानलाई संक्षेपमा निम्नलिखित १२ वटा विशेषताहरूमा व्याख्या गर्न सकिन्छ।

**अस्तित्वसम्बन्धी तत्वशास्त्रीय विशेषताहरू (Ontological Attributes)**

(१) त्रिएक परमेश्वर (Triune God)
(२) स्वयम् अस्तित्वमा हुनुहुने परमेश्वर (Self-existent God)
(३) अनन्त परमेश्वर (Eternal God)
(४) अपरिवर्तनीय परमेश्वर (Immutable God)

**सेवकाइसम्बन्धी विशेषताहरू (Ministerial Attributes)**

(५) सृष्टिकर्ता परमेश्वर (Creator God)
(६) सर्वज्ञानी परमेश्वर (Omniscient God)
(७) सर्वशक्तिमान परमेश्वर (Omnipotent God)
(८) सर्वव्यापी परमेश्वर (Omnipresent God)

**गुण सम्बन्धी विशेषताहरू (Charecteristical Attributes)**

(९) प्रेमिलो परमेश्वर (Loving God)
(१०) दयालु परमेश्वर (Merciful God)
(११) अनुग्रही परमेश्वर (Gracious God)
(१२) धर्मी परमेश्वर (Righteous God)

| तीन वटा चरणहरू | | कसरी गर्ने |
|---|---|---|
| १ | परमेश्वरको पहिचान बुझ्नु, स्वीकार गर्नु र त्यसमा मनन गर्नु | हृदयको गहिराइदेखि आराधाना गरेर |
| २ | आफ्नो पहिचान बुझ्नु, स्वीकार गर्नु र त्यसमा मनन गर्नु | |
| ३ | दश आज्ञाहरू र महान् आदेश पालना गर्नु | आज्ञाकारी जीवन जिएर |

**तालिका ३-२ : सृष्टिको उद्देश्यअनुसार जिउनु**

इसाईहरूका परमेश्वर तत्वशास्त्रीयरूपमा (Ontologically) त्रिएक परमेश्वर हुनुहुन्छ। उहाँ स्वयम् अस्तित्वमा हुनुहुन्छ, अनि उहाँ अनन्त र अपरिवर्तनीय हुनुहुन्छ। उहाँ सृष्टिकर्ता, परमेश्वर अनि उहाँ सर्वज्ञानी (हरेक कुरा जान्नुहुने), सर्वशक्तिमान् (सबै शक्ति भएको) र सर्वव्यापी (उहाँ हरेक ठाउँमा समय र स्थानको सीमाभन्दा बाहिर) हुनुहुन्छ। उहाँको गुण र विशेषतालाई हेर्ने हो भने, उहाँले आफ्नो विनाशर्तको अगापे प्रेम (Agape Love) -ले आफ्ना सन्तानहरूको पापपूर्ण स्वभावलाई ढाक्नुहुन्छ, कृपालु हुनुभई उहाँले तिनीहरूलाई क्षमा गर्नुहुन्छ र आफ्ना सन्तानहरूलाई समर्थन

गर्न उहाँ अनुग्रही हुनुहुन्छ। तर त्यही समयमा उहाँ धर्मी परमेश्‍वर हुनुहुन्छ, जसले पापको लागि उचित दण्डको माग गर्नुहुन्छ।

आफूलाई सृष्टि गर्नुहुने त्रिएक परमेश्‍वरको पहिचानलाई आफ्नो हृदयको गहिराइदेखि बुझ्नु, स्वीकार गर्नु र मनन गर्नु इसाईहरूको मुख्य प्राथमिकता हो। इसाईहरूका लागि त्यो काम आफ्ना आमा-बुबाको पहिचानलाई स्वीकार गरी उहाँहरूलाई आदर-इज्जत गर्नुजस्तै हो। असल छोराछोरीहरूले हरेक बिहान आफ्ना आमा-बुबाको कोठामा गई सोधपुछ गर्ने अनि उहाँहरूलाई आदर गरी कृतज्ञता ज्ञापन गर्ने गर्छन्। त्यसको विपरीत हरेक बिहान आफ्ना आमा-बुबासँग आफूलाई चाहिएका कुराहरू माग्ने तर उहाँहरूप्रति धन्यवादी र आज्ञाकारी नहुने छोराछोरीहरूचाहिँ खराब हुन्। त्यसैगरी, परमेश्‍वरसँगको हाम्रो सम्बन्धमा हामी उहाँको असल अनि साँचो सन्तान हुनको निम्ति हामीले परमेश्‍वर को हुनुहुन्छ भनी उहाँको पहिचानलाई स्वीकार गरी उहाँलाई धन्यवाद दिनुपर्छ।

त्यसकारण, जब हामी माथि उल्लेखित बाह्र वटा विशेषताहरू भएको त्रिएक परमेश्‍वरको आराधना, प्रशंसा र महिमा गर्दछौँ, तब सृष्टिको उद्देश्यअनुसार जिउने इसाईहरूको पहिलो चरण हामीमा सुरु हुँदछ। यस्ता इसाईहरू परमेश्‌वरको महिमा गरी उहाँलाई प्रसन्न तुल्याउने उहाँको असल आत्मिक सन्तानहरू हुन्। परमेश्‍वरले दिनुहुने साँचो खुसियालीमा आनन्दित हुन तिनीहरूले आफ्नो दाहिने कदम अगाडि उठाइसकेका हुन्छन्।

अब परमेश्‍वरको पहिचानको बाह्र वटा विशेषताहरूमध्ये पहिले हामी उहाँको अस्तित्वसम्बन्धी तत्वशास्त्रीय विशेषताहरूको चर्चा गरौँ। यस खण्डमा उहाँको त्रिएकता, स्वयम्-अस्तित्व र अनन्तताजस्ता विशेषताहरू पर्दछन्। सृष्टिको उद्देश्यअनुसार जिउनको लागि हामीले परमेश्‍वरका ती विशेषताहरूलाई निरन्तर अध्ययन गरी, तिनीहरूलाई आफ्नो हृदयको गहिराइमा राखी कण्ठ गर्नुपर्छ, मनन गर्नुपर्छ र दिन प्रतिदिन त्यस कुरालाई स्वीकार गर्नुपर्छ (भजन १:२; ७७:१२; ११९:९७)।

## १. त्रिएक परमेश्वर

Triune God

इसाईहरूको परमेश्वर तीन व्यक्तिहरूमा रहनुहुन्छ- परमेश्वर पिता, परमेश्वर पुत्र र परमेश्वर आत्मा (उत्पत्ति १:१,२६; यशैया ६:८; मत्ती २८:१९; २ कोरिन्थी १३:१४)। उहाँहरू मूल तत्वमा (सारमा), शक्तिमा, अधिकारमा, ओहोदामा, चरित्रमा र विशेषताहरूमा बराबर हुनुहुन्छ तर उहाँहरूको कामहरू फरक-फरक छन्। परमेश्वर पिता योजनाकार हुनुहुन्छ, परमेश्वर पुत्र कार्यान्वयनकर्ता हुनुहुन्छ र परमेश्वर पवित्र आत्मा शक्ति दिएर सामर्थ्यवान तुल्याउनुहुने हुनुहुन्छ।

त्रिएक परमेश्वरले हरेक कुरा सँगै मिलेर गर्नुहुन्छ। परमेश्वरको मुक्तिको महान् योजनालाई घोषणा गर्ने उत्पत्ति ३:१५ यसको विशेष उदाहरण हो। मानिसको पतनपछि त्रिएक परमेश्वरको बैठक आयोजना गरियो। उक्त बैठकमा परमेश्वर पिताले अध्यक्षको भूमिका निभाउनुभई आधिकारिक निर्णय गर्नुभयो, परमेश्वर पुत्रले उक्त बैठकको निर्णयअनुसार मुक्तिको कामलाई कार्यान्वयन गर्नुभयो, जुन मानवजातिसँग उहाँको सम्बन्धमा गरिएको थियो; र उक्त कामलाई सही ढङ्गमा पूरा गर्नको निम्ति परमेश्वर पवित्र आत्माले परमेश्वर पुत्रलाई सामर्थ्यवान तुल्याउनुभयो।

यस किसिमले यहाँ त्रिएक परमेश्वरको तीन व्यक्तिहरूको सम्बन्धको स्वभाव सशक्त भएको देखिन्छ। त्रिएक परमेश्वरको तीन व्यक्तिहरू हरेक कुरामा बराबर अनि कामहरूमा चाहिँ उहाँहरू फरक भए तापनि उहाँहरूले एक-अर्काप्रति नम्रतापूर्ण व्यवहार गर्नुहुन्छ, एकले अर्कोलाई उच्च पार्नुहुन्छ, आदर गर्नुहुन्छ अनि प्रेम गर्नुहुन्छ। प्रत्येक व्यक्तिले आफ्नै गवाही दिनुहुन्न, र त्यसले यो सशक्त सम्बन्धलाई स्पष्टसँग प्रदर्शन गर्दछ। एक व्यक्तिले अर्को गवाही दिनुहुन्छ (यूहन्ना ५:३१; ७:१८)- परमेश्वर पिताले आफ्नो पुत्रको गवाही दिनुहुन्छ (मत्ती ३:१७; १६:१६-१७; १७:५; यूहन्ना ५:३७; ८:१८), परमेश्वर पुत्रले आफ्नो पिताको गवाही दिनुहुन्छ (यूहन्ना १:१८; ८:१९; १४:९), परमेश्वर पुत्रले परमेश्वर पवित्र आत्माको गवाही दिनुहुन्छ

(यूहन्ना १४:१६-१७,२६; मत्ती १०:२०), र परमेश्वर पवित्र आत्माले परमेश्वर पुत्रको गवाही दिनुहुन्छ (यूहन्ना १५:२६; प्रेरित १:८)।

त्रिएक परमेश्वर नम्र हुनुहुन्छ। त्रिएक परमेश्वरको प्रत्येक व्यक्तिले आफूलाई बढावा दिनुहुन्न। विशेषगरी, आफ्नो सार्वजनिक सेवकाइमा येशूले आफ्नो सबै कामहरू परमेश्वर पिताबाट आएका हुन् भनी धेरैपटक गवाही दिनुभयो र उहाँले परमेश्वर पिताको महिमा गर्नुभयो (यूहन्ना ५:२०; ६:३८; १२:४९; १४:१०)। परमेश्वर पिताको योजनाअनुसार येशूले सृष्टिको सेवकाइलाई पूरा गर्नुभयो (यूहन्ना १:३; कलस्सी १:१६: हिब्रू १:२)। परमेश्वर पिता सबै सृष्टिभन्दा महान् हुनुहुन्छ भनी येशूले नम्रतापूर्वक उहाँलाई उच्च पार्नुभयो (यूहन्ना १०:२७-२९)।

आफूलाई संसारमा पठाउनुहुने परमेश्वर पिता हुनुहुन्छ भनेर पनि येशूले गवाही दिनुभयो (उत्पत्ति ३:१५; यशैया ७:१४; मत्ती १:१८-२२; यूहन्ना ६:५७; ८:४२; २०:२१)। उहाँले यसो पनि भन्नुभयो, कि बचाइने व्यक्तिहरूलाई परमेश्वर पिताले पहिले नै पूर्वनिर्धारित गर्नुभएको थियो र उहाँले तिनीहरू येशूलाई दिनुहुन्छ (यूहन्ना ६:३७,४४-४५; १७:६), र तिनीहरूको माझमा परमेश्वर पिताको नाउँ प्रकट गर्नु नै येशूले मानव शरीर धारणको उद्देश्य हो (यूहन्ना ३:१६; ५:२४)। उहाँले भन्नुभएको अर्को कुरा के हो भने हरेक कुरा परमेश्वर पिताले आफ्नो पुत्रलाई सुम्पनुभयो र उहाँलाई सबै अधिकार दिनुभयो (मत्ती २८:१८; यूहन्ना १७:२; एफिसी ४:८-१०), न्याय गर्ने शक्ति दिनुभयो (यूहन्ना ५:२७; प्रकाश २०:११-१५) भनी येशूले आफ्नो पितालाई उच्च पार्नुभयो।

त्रिएक परमेश्वरको तीन व्यक्तिहरूबीचको सशक्त सम्बन्धले हामी इसाईहरूको निम्ति असल उदाहरण प्रस्तुत गर्दछ। त्रिएक परमेश्वरको प्रत्येक व्यक्तिको काम फरक भए तापनि उहाँहरू आधारभूतरूपमा एउटै परमेश्वर हुनुहुन्छ। एकले अर्कोलाई नम्रतापूर्वक आदर-इज्जतको व्यवहार गर्दै उहाँहरूले एक-आपसको प्रेमिलो सम्बन्धलाई कायम राख्नुहुन्छ। परमेश्वरका सन्तान भएकोले गर्दा, हामीले उक्त उदाहरणलाई हामीले नमुनाको रूपमा अनुसरण गर्नुपर्छ। यसैको निम्ति येशूले क्रूसमा टाँगिनुभन्दा

केही समयअघि जसरी त्रिएक परमेश्वर एकतामा हुनुहुन्छ, त्यसरी नै आफ्ना चेलाहरू एक हुन सकून् भनी प्रार्थना गर्नुभयो (यूहन्ना १७:११,२१-२३)।

परमेश्वरको सन्तानहरूले त्रिएक परमेश्वरको यस्तो विशेषता अनुसरण गरेर एक-अर्कामा यस्तै सशक्त सम्बन्ध निर्माण गरेमा तिनीहरूद्वारा थुप्रै आत्मिक फलहरू फल्नेछन्। दैनिकरूपमा त्रिएक परमेश्वरको पहिचानलाई अध्ययन गर्ने, बुझ्ने, स्वीकार गर्ने र यसलाई दोहोऱ्याएर कण्ठ गर्ने अनि मनन गर्ने इसाईहरूले नै साँचोरूपमा परमेश्वरको महिमा गर्दछन्। यस्ता व्यक्तिहरूले परमेश्वरबाट आउने साँचो खुसी र आनन्दको स्वाद लिँदै सृष्टिको उद्देश्यअनुसार जिउने गर्दछन्।

## २. स्वयम्-अस्तित्वमा रहनुहुने परमेश्वर

Self-existent God

दोस्रो कुरा के हो भने, इसाईहरूले महिमा गरेर जिवन जिउने अनि दैनिकरूपमा मनन गर्ने र स्वीकार गर्ने भनेको स्वयम् अस्तित्वमा रहनुहुने परमेश्वर हो। त्रिएक परमेश्वर स्वयम् अस्तित्वमा रहनुहुन्छ। परमेश्वर उहाँमा अनि उहाँबाट अस्तित्वमा रहनुहुन्छ।

आफ्नो अस्तित्वको कारण स्वयम् परमेश्वर नै हुनुहुन्छ। उहाँ अरू कसैको सहयोगद्वारा अस्तित्वमा रहनुहुन्न। आफ्नो अस्तित्वको लागि उहाँ कसैमा भर पर्नु हुन्न (यशैया ४१:४)

यसको विपरीत हामी सृष्टिहरू कुनै कुरामा भर पर्दछौँ र अरू कुनै कुराको हौँ। सबै सृष्टिहरू (थोकहरू) परमेश्वरबाट आएका हुन्, परमेश्वरद्वारा नै ती सबै अस्तित्वमा रहेका हुन् र परमेश्वरको लागि अस्तित्वमा रहेका छन् (१ कोरिन्थी ८:६; कलस्सी १:७; हिब्रू २:१०)। सृष्टि गरिएका थोकहरू कहिल्यै आफैद्वारा अस्तित्वमा रहन सक्दैनन्- तिनीहरू केवल परमेश्वरद्वारा मात्र अस्तित्वमा रहन्छन्।

येशू, यहोवा परमेश्वर हुनुहुन्छ, र उहाँले मोशाद्वारा हामीलाई आफ्नो स्वयम् अस्तित्वमा रहनुहुने उहाँको पहिचान स्पष्टसँग बताउनुभयो। आफूलाई कसले पठाएको हो भनी इस्राएलीहरूलाई कसरी बताउने भनी मोशाले यहोवा परमेश्वरलाई सोधे। परमेश्वरले जवाफ दिनुभयो, "म हुँ जो म हुँ। तैंले इस्राएलीहरूलाई यसो भन्नू: म हुँ भन्नेले मलाई तिमीहरूकहाँ पठाउनुभएको हो" (प्रस्थान ३:१४)। यहाँ, परमेश्वरले आफूलाई 'म हुँ' भन्ने नाउँद्वारा प्रकट गर्नुभयो, जसले यहोवा परमेश्वर, येशूको व्यक्तिवाचक नाउँलाई अभिव्यक्त गर्दछ।

स्वयम् अस्तित्वमा रहनुहुने परमेश्वरले आफै महिमा प्राप्त गर्नुहुन्छ (यशैया २६:१५), आफै मुक्तिको काम गर्नुहुन्छ, र उहाँ आफैमा मात्र भर पर्नुहुन्छ (यशैया ५९:१६)। इसाईहरूका परमेश्वरले मात्र यस्ता कुराहरू गर्न सक्नुहुन्छ। सृष्टि गरिएका थोकहरूले स्वयम् अस्तित्वमा रहनुहुने परमेश्वरलाई बुझ्न गाह्रो छ। तैपनि, पवित्र आत्माको सहायतामा परमेश्वर सबै सृष्टि गरिएका थोकहरूभन्दा फरक हुनुहुन्छ भनी बुझेर स्वयम् अस्तित्वमा रहनुहुने परमेश्वरको बारेमा जजसले दैनिकरूपमा मनन गर्छ, उहाँलाई स्वीकार गर्छ, इमान्दारीसाथ उहाँको महिमा गर्छ, अनि उहाँको आदर र महिमा गर्छ, तिनीहरूले मानवीय ज्ञान-बुद्धिभन्दा माथिबाट पवित्र आत्माको अभिषेकद्वारा ईश्वरीय शान्ति-सान्त्वना र खुसी-आनन्द अनुभव गर्नेछन्।

यस्ता मानिसहरू तिनीहरू नै हुन्, जो साँचोरूपमा सृष्टिको उद्देश्यअनुसार जिउने गर्दछन्। तिनीहरूलाई परमेश्वरको महिमाले पहिर्‍याइनेछ। तिनीहरू यस संसारमा जिइरहेका हुन्छन्, तर त्यही समयमा तिनीहरूले आफूलाई बिस्तारै पहिले नै स्वर्गलोकको अनुभव गर्ने आनन्दित इसाईहरूमा रूपान्तरित गर्दछन्। तिनीहरूले संसारमा यस किसिमको आशिषित जीवन जिउँछन् र समय आएपछि जब तिनीहरूले सांसारिक शरीरलाई त्याग्छन्, तब आनन्दसाथ स्वर्गलोकतिर अघि बढ्नेछन्। तिनीहरूका लागि मृत्युसंस्कार दु:ख र डरले भरिएको उदास धार्मिक अनुष्ठान होइन, तर त्यो आनन्दमय, मनमोहक, धन्यवादी र हृदयस्पर्शी क्षण हुनेछ। वास्तवमा, आशिषित इसाईको जीवन यस्तै हो।

## ३. अनन्त परमेश्वर

Eternal God

यस्तो आशिषित इसाईले परमेश्वरको अनन्तता, जुन उहाँको पहिचानको एउटा विशेषता हो, त्यसप्रति मनन गर्न र त्यसलाई स्वीकार गर्ने कामलाई रोक्नै सक्दैन। त्रिएक परमेश्वर अनन्त हुनुहुन्छ। यहोवा परमेश्वर (येशू) आफूले हरेक थोक सृष्टि गर्नुभन्दा पहिलेदेखि नै अस्तित्वमा हुनुहुन्थ्यो र उहाँ सदासर्वदा अस्तित्वमा रहनुहुनेछ (भजन ९०:२; यशैया ४०:२८)। अर्कोतिर हेर्ने हो भने, सृष्टि गरिएका थोकहरू अनन्त हुँदैनन्, अनि तिनीहरूका जीवन र मरण, भाग्य र दुर्भाग्य सबै सृष्टिकर्ता परमेश्वरको हातमा हुन्छ (व्यवस्था ३०:१५,१९)। परमेश्वरले जीवन सृष्टि गर्नुभयो र जीवनको मालिक उहाँ नै हुनुहुन्छ। त्यसैकारणले गर्दा, सृष्टि गरिएका थोकहरूको आयु सृष्टिकर्ता परमेश्वरको इच्छाद्वारा नै निर्धारण गरिएको हुन्छ।

परमेश्वरका थुप्रै सेवकहरूले यहोवा परमेश्वरलाई प्रशंसा गर्दा अनन्त परमेश्वर भनी पुकारे। उहाँलाई अब्राहामले 'अनन्तका परमेश्वर' भने (उत्पत्ति २१:३३), मोशाले पनि उहाँलाई 'अनन्तका परमेश्वर' भनेर पुकारे (व्यवस्था ३३:२७)। यर्मियाले चाहिँ उहाँलाई 'अनन्तका महाराजा' भने (यर्मिया १०:१०)। नहेम्याहले 'अनन्तदेखि अनन्तसम्म रहनुहुने परमेश्वर' भने (नहेम्यहा ९:५)। यशैयाले 'सदासर्वदा जीवित हुनुहुने' भने (यशैया ५७:१५), पावलले 'अनन्तका परमेश्वर' (रोमी १६:२६) र 'युग-युगका राजा' (१ तिमोथी १:१७) भने र यूहन्नाले उहाँलाई 'सदासर्वदा जीवित रहनुहुने' भने (प्रकाश १५:७)।

सृष्टि गरिएका थोकहरूजस्तो परमेश्वर केवल समयको आयामभित्र अस्तित्वमा रहनुहुन्न। उहाँ अनन्तदेखि अनन्तसम्म अस्तित्वमा रहनुहुन्छ (नहेम्याह ९:५)। तसर्थ, यहोवा परमेश्वरको (येशूको) पहिचान समय र इतिहासभन्दा बाहिर छ भनी बाइबलले बताउँछ; जस्तै: 'अल्फा र ओमेगा' (प्रकाश १:८; २१:६; २२:१३), 'आदि र

अन्त्य' (यशैया ४४:६; ४८:१२; प्रकाश १:१७; २:८; २१:६; २२:१३), 'जो हुनुहुन्छ, जो हुनुहुन्थ्यो, र जो आउनुहुनेछ' (प्रकाश १:४,८; ४:८)।

सृष्टि गरिएका सबै थोकले यस्तो अनन्तका परमेश्वरलाई श्रद्धा, आराधना र प्रशंसा गर्नुपर्छ। परमेश्वरको नाउँमा सदासर्वदै स्तुति होस् (दानिएल २:२०), परमेश्वरको सिंहासन सदासर्वदाको निम्ति रहिरहन्छ (भजन ४५:६), परमेश्वरको शक्ति अनन्त छ (रोमी १:२०), र परमेश्वरको प्रेम अनन्तकाल रहिरहन्छ (भजन १३६:५)। परमेश्वरको राज्य भनेको अनन्तको राज्य हो, परमेश्वरको शासन पुस्तौँसम्म रहिरहन्छ (भजन १४५:१३), र यही अनन्त परमेश्वरको अनन्तता क्रूसमा टाँगिनुहुने परमेश्वरको पुत्र, येशू ख्रीष्टद्वारा इसाईहरूमा सारिएको छ (यूहन्ना ३:१६; ५:२४; ६:५६)।

यस कारणले गर्दा अनन्तता (अनन्त जीवन) दिइएका आशिषित इसाईहरूले अनन्त त्रिएक परमेश्वरलाई धन्यवाद दिनुपर्छ र विशेष गरी हामीलाई उपहारस्वरूप अनन्त जीवन दिन मानव शरीर धारण गर्नुहुने ईश्वरत्वको दोस्रो व्यक्ति यहोवा परमेश्वरलाई (येशूलाई) धन्यवाद दिनुपर्छ। हामी इसाईहरूले यहोवा परमेश्वरको प्रशंसा, आराधना र महिमा गर्नुपर्छ। सृष्टिको उद्देश्य यही हो। जब इसाईहरूले सृष्टिको उद्देश्यअनुसार अनन्तदेखि अनन्तसम्म त्रिएक परमेश्वरको प्रशंसा गर्दछन् (१ इतिहास १६:३६; भजन ४१:१३; प्रकाश ७:१२), तब तिनीहरू आफ्नो मानवीय समझ र ज्ञान-बुद्धिभन्दा बाहिरको अलौकिक प्रेम अनुभव गर्न सक्षम हुन्छन् र त्रिएक परमेश्वरले सृष्टिलाई दिनुहुने साँचो खुसीमा आनन्दित हुन्छन्।

## ४. अपरिवर्तनीय परमेश्वर

Immutable God

चौथो कुरा, इसाईहरूलाई साँचो खुसी-आनन्द अनुभव गर्न डोऱ्याउने विश्वासको काम भनेको परमेश्वर अपरिवर्तनीय हुनुहुन्छ भन्ने उहाँको पहिचानको विशेषतालाई

अध्ययन गर्नु, कण्ठ गर्नु, मनन गर्नु र स्वीकार गर्नु हो। त्रिएक परमेश्वर अपरिवर्तनीय परमेश्वर हुनुहुन्छ (दानिएल ६:२६; याकूब १:१७)। त्रिएक परमेश्वर हिजो, आज अनि सदासर्वदा एकसमान हुनुहुन्छ (भजन १०२:२७; हिब्रू १:१२; १३:८)। उहाँको व्यक्तित्व, चरित्र र अस्तित्व कहिल्यै परिवर्तन भएको छैन: ती कुराहरू अपरिवर्तनीय छन्, र कहिले पनि परिवर्तन हुने छैनन्। त्यसकारण, परमेश्वरद्वारा घोषणा गरिएको वचन अवश्य पूरा हुन्छ (गन्ती २३:१९)। उहाँले आफूले बोल्नुहुने कुरा बदल्नुहुन्न तर मानिसले चाहिँ आफ्नो कुरा बदल्छ (१ शमूएल १५:२९)।

आफूले स्थापित गर्नुभएको आफ्नो उद्देश्य, योजना र प्रतिज्ञालाई परमेश्वरले बदल्नु हुन्न। उदाहरणको लागि हेर्ने हो भने यद्यपि इस्राएलीहरूले मूर्तिहरूको सेवा गरेर परमेश्वरलाई त्यागे तापनि यहोवा परमेश्वरले तिनीहरूप्रतिको आफ्नो प्रतिज्ञा कायम राख्नुभयो र तिनीहरूलाई आफ्नो पापको पश्वचाताप गर्न लगाएर उक्त राष्ट्रलाई नष्ट पार्नुभएन (मलाकी ३:६)। र परमेश्वरले आजको दिनसम्म अब्राहामसँग बाँध्नुभएको यस करारलाई निरन्तर कायम राखिराख्नुभएको छ, कि 'संसारका सबै मानिसहरूले तँद्वारा आशिष् पाउनेछन्' (हब्रू ६:१७; रोमी ४:२०-२१; ११:२९)।

यहोवा परमेश्वरले आफ्ना जनहरूलाई पहिले नै भनिसक्नुभएको हरेक कुरा परिवर्तन नगरीकन निरन्तर पूरा गरिरहनुभयो। त्यसैले गर्दा पुरानो करारमा उहाँले आमोस अगमवक्तालाई यसो भन्नुभयो, "निश्चय नै परमप्रभु परमेश्वरले आफ्ना दास, अगमवक्ताहरूलाई आफ्नो रहस्य प्रकट नगरीकन केही गर्नुहुन्न" (आमोस ३:७)। अर्को कुरा के हो भने, अन्तिम दिनहरूमा के हुनेछ भनी यहोवा परमेश्वरले पहिले नै योजना बनाउनुभएको थियो, र अगमवाणीका वचनहरूद्वारा उहाँले सुरुदेखि नै अन्तिम दिनहरूका बारेमा घोषणा गर्नुभयो। र उहाँले आफ्नो योजनाअनुसार मानिसहरूका सामु ती प्रतिज्ञाहरू साँच्चै एक-एक गरी पूरा गर्दैआउनुभएको छ (यशैया ४६:१०)

आफूले घोषणा गरेको वचनलाई नबदलीकन ठिक ढङ्गमा कायम राख्ने र त्यसलाई पूरा गर्ने व्यक्ति केवल इसाईहरूका परमेश्वर मात्र हुनुहुन्छ। मानिसहरूको वचनहरू प्राय: छल र धोकाले भरिएका हुन्छन्। तिनीहरूका वचनहरू केही मात्रामा साँचो भए

तापनि ती सीमित र शर्तहरूले पूर्ण हुन्छन् (गन्ती २३:१९; १ शमूएल १५:२९)। मानव हृदय चञ्चल अनि लहडी हुने भएकोले गर्दा, तिनीहरूको इच्छा र योजनाहरू घरीघरी परिवर्तन भइरहन्छन्। त्यसैगरी, भविष्यको बारेमा मानिसले घोषणा गर्न सक्दैन, र साँच्चै भन्ने हो भने त्यसरी भविष्यमा हुनआउने कुराहरू घोषणा गर्न र तिनीहरूलाई पूरा गर्न मानिसको लागि असम्भव हुन्छ।

मानिस र परमेश्वरबीचको अर्को भिन्नता के हो भने इसाईहरूका परमेश्वर आफ्नो हृदय, आफ्नो वचन र आफ्ना कामहरूप्रति विश्वासयोग्य हुनुहुन्छ। दाऊदले परमेश्वरको विश्वासयोग्याको प्रशंसा गरे (भजन ८९:८,२४)। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ अनि खप्न नसक्ने किसिमको परीक्षामा उहाँले हामीलाई पार्नुहुन्न भनी पावलले भनेका छन् (१ कोरिन्थी १०:१३)। यस विषयमा मोशाले यसो भनेका छन्: "यसकारण याद राख, परमप्रभु तिमीहरूका परमेश्वर मात्र परमेश्वर हुनुहुन्छ, एक विश्वासयोग्य परमेश्वर। उहाँलाई प्रेम गर्ने र उहाँका आज्ञा पालन गर्ने हजारौँ पुस्तामाथि उहाँले आफ्नो प्रेमको करार पूरा गर्नुहुन्छ, र दया देखाउनुहुन्छ" (व्यवस्था ७:९)।

बाइबलमा उल्लेखित विश्वासका पिताहरूले परमेश्वरको विश्वासयोग्यतामाथि भरोसा गरेर ठूला-ठूला आशिषहरू प्राप्त गरे (हिब्रू ११:११)। तिनीहरू साँचोरूपमा सृष्टिको उद्देश्यअनुसार जिउने मानिसहरू थिए र अर्को कुरा के हो भने तिनीहरू साँचोरूपमा खुसी पनि थिए। यो कुरा अहिले हामीमा पनि लागु हुन्छ। हामी इसाईहरूले परमेश्वरको विश्वासयोग्यतामा भरोसा गरी बाइबलका शिक्षाहरूलाई पालन गर्दछौँ भने, बाइबलमा प्रतिज्ञा गरिएका सबै किसिमका खुसी र आशिषहरूमा हामी आनन्दित हुन सक्नेछौँ।

यहाँसम्म हामीले अस्तित्वसम्बन्धी तत्वशास्त्रीयरूपमा परमेश्वरको पहिचानलाई यस्ता कुराहरूद्वारा मनन गरेका छौँ- परमेश्वरको त्रिएकता, आफै अस्तित्वमा रहनुहुने परमेश्वर, अनन्त परमेश्वर र अपरिवर्तनीय परमेश्वर। अब हामीले यी कुराहरूलाई आफ्नो हृदयको गहिराइमा स्वीकार गरी मनन गर्नुपर्छ र त्यसलाई आफ्नो जीवनमा

लागु गर्नुपर्छ। यसो गर्नेहरू साँचोरूपमा आशिषित इसाईहरू हुन् र तिनीहरूले सृष्टिको उद्देश्यअनुसार जीवन जिउने सिद्धान्तलाई आधार बनाउँछन्। परमेश्वरबाट प्रेम पाउने यस्ता इसाईहरू हुनको निम्ति अब हामी सेवकाइको विशेषताहरूसम्बन्धी परमेश्वरको पहिचानलाई निरन्तर अध्ययन गर्दैजानेछौँ। परमेश्वरको पहिचानको सेवकाइसम्बन्धी विशेषताहरू भनेको यस्ता कुराहरू हुन्: परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ, सर्वज्ञानी हुनुहुन्छ, सर्वशक्तिमान् हुनुहुन्छ र सर्वव्यापी हुनुहुन्छ।

## ५. सृष्टिकर्ता परमेश्वर

The Creator God

हामीले मनन र स्वीकार गर्नुपर्ने परमेश्वरको पाँचौँ विशेषता भनेको परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ। हाम्रो परमेश्वर सबै थोकहरू सृष्टि गर्नुहुने परमेश्वर हुनुहुन्छ। उत्पत्ति १:१ मा "आदिमा परमेश्वरले स्वर्गहरू (आकाशमण्डल) र पृथ्वी सृष्टि गर्नुभयो" भनी लेखिएको छ। यहाँ परमेश्वरको निम्ति हिब्रू भाषाको 'एलोहिम' (बहुवचन नाउँ) प्रयोग गरिएको छ। यसलाई अर्को शब्दमा भन्ने हो भने सृष्टिको सेवकाइमा परमेश्वर पिता, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्माले सँगसँगै काम गर्नुभएको थियो। सबै थोकहरू सृष्टि गर्नुभएपछि यो त्रिएक परमेश्वरले आफू सृष्टिकर्ता परमेश्वर हुनुभएको सत्यता घोषणा गर्नुभयो।

विशेष गरी कार्यान्वयनकर्ताको रूपमा हुनुभएको परमेश्वर पुत्रले व्यक्तिगतरूपमा सबै थोकहरू सृष्टि गर्नुभयो (यूहन्ना १:३; कलस्सी १:१६; हिब्रू १:२)। परमेश्वर पुत्र, येशू त्रिएक परमेश्वरको दोस्रो व्यक्ति हुनुहुन्छ, र उहाँ अरू कोही नभएर पुरानो करारको यहोवा परमेश्वर हुनुहुन्छ (१ अध्यायमा भएको 'येशूको पूर्व-अस्तित्व' भन्ने खण्ड हेर्नुहोस्)। आफ्ने प्रिय सेवकहरूद्वारा भएर येशूले आफू सृष्टिकर्ता हुँ भनी भन्नुभयो। यशैयालाई उहाँले भन्नुभयो, "पृथ्वी मैले नै बनाएको हुँ, र त्यसमा मानिसहरूलाई मैले सृष्टि गरेको हुँ। मेरै हातले आकाशलाई फिँजाएको हो, र त्यसका सारा

तारामण्डललाई मैले नै ठिक गरी मिलाएको छु" (यशैया ४५:१२; ५१:१२)। अनि उहाँले मोशालाई भन्नुभयो, "किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौँ दिनमा चाहिँ विश्राम गर्नुभयो" (प्रस्थान २०:११)।

अझै हेर्ने हो भने पुरानो र नयाँ करारमा परमेश्वरको थुप्रै सेवकहरूले येशूको पहिचानलाई सृष्टिकर्ता भनी स्वीकार गरेका छन्। यर्मियाले भने, "परमेश्वरले नै पृथ्वीलाई आफ्नो सामर्थ्यले बनाउनुभयो। उहाँले आफ्नो बुद्धिले संसारलाई स्थापित गर्नुभयो, र आफ्नो समझशक्तिले उहाँले आकाशलाई फैलाउनुभयो" (यर्मिया १०:१२)। यय्यूबले यसरी स्वीकार गरे, "तपाईंकै हातले मेरो आकार बनाए अनि मलाई सृष्टि गरे" (अय्यूब १०:८)। त्यसैगरी परमेश्वरले आफ्नै हातले स्वर्गहरू, चन्द्रमा, र ताराहरू बनाउनुभयो भनी दाऊदले भने (भजन ८:३)।

स्वर्गहरू र त्यसमा भएका सबै कुराहरू, पृथ्वी र त्यसमा भएका सबै कुराहरू अनि समुद्र र त्यसमा भएका सबै कुराहरूका सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ भनी यूहन्नाले भने (प्रकाश १०:६)। येशू 'परमेश्वरको सृष्टिको शासक' हुनुहुन्छ (प्रकाश ३:१४) र उहाँले स्वर्गहरू, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुभयो (प्रकाश १४:७)। अनि पावलले यसरी स्वीकार गरे, "किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन्" (कलस्सी १:१६)।

येशूले उज्यालो मात्र बनाउनुहुन्न, तर उहाँले अध्याँरो पनि सृष्टि गर्नुहुन्छ। उहाँले उन्नति ल्याउनुहुन्छ र साथै विपत्ति पनि सृष्टि गर्नुहुन्छ (यशैया ४५:७)। उहाँले विध्वंसको काम गर्न नष्ट गर्नेलाई पनि सृष्टि गर्नुभयो (यशैया ५४:१६)। उहाँले गर्नुभएको प्रत्येक सृष्टिको उद्देश्य छ (यशैया ४३:६-७,२१)। उहाँले सृष्टि गर्नुभएको कुनै थोक व्यर्थ छैन (यशैया ४५:१८)। उहाँको सृष्टि सदासर्वदाको निम्ति हो (भजन ३३:११)।

प्रभु येशूले व्यक्तिगतरूपमा हरेक थोक सृष्टि गर्नुभयो, र उहाँले सबै सृष्टिमाथि शासन गर्नुहुन्छ (भजन १०३:१९)। येशूले सृष्टि गर्नुभएको ब्रह्माण्ड यति विशाल र भयङ्कर छ, कि अहिलेको आधुनिक विज्ञानले यसको नापसमेत लिन सकेको छैन। विशाल स्वर्ग यहोवाको (येशूको) सिंहासन हो र पृथ्वीचाहिँ उहाँको पाउदान हो भनी बाइबलले बताउँछ (यशैया ६६:१)। पावलद्वारा परमेश्वरले भन्नुभयो, कि हरेक थोक उहाँले येशूको पाउमुनि राख्नुभएको छ (१ कोरिन्थी १५:२७; एफिसी १:२२)। तसर्थ यहोवा (येशू) यति विशाल हुनुहुन्छ, कि हामी मानिसहरूले उहाँको वास्तविक स्वरूप कल्पना पनि गर्न सक्दैनौँ (भजन १०४:१)।

सृष्टि गरिएका सबै थोकहरू त्रिएक परमेश्वरको प्रशंसा, आराधना र महिमा गर्नको निम्ति सृष्टि गरिएका हुन् (यशैया ४३:६-७,२१; रोमी ९:५; कलस्सी १:१६)। त्यसकारण, हामीले सधैँ त्रिएक परमेश्वरको पहिचानलाई मनन गर्नुपर्छ, र विशेषगरी हामीसँग प्रत्यक्ष सम्बन्ध राख्नुहुने सृष्टिकर्ता परमेश्वर, येशू कति महान् र महिमित हुनुहुन्छ भन्ने तथ्यलाई इमान्दारीसाथ स्वीकार गरी यस विषयमा मनन गर्नुपर्छ।

अनि हामी सृष्टि गरिएका प्राणीहरू कति सानो र कमजोर छौँ भन्ने कुरा सृष्टिकर्ता महान् परमेश्वरको समुन्ने सधैँ स्वीकार गर्नुपर्दछ। हामीले यसो भन्नुपर्छ, "येशू, तपाईं सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ! म तपाईंको सृष्टि मात्र हुँ अनि मेरो जीवन र मृत्यु साथै उन्नति र बिपत्तिको मालिक तपाईं नै हुनुहुन्छ (व्यवस्था ३०:१५,१९)। हे येशू, म तपाईंको महिमाको लागि सृष्टि गरिएको हुँ! तपाईं मैले चढाएको प्रशंसा, आराधना, आदर र महिमाको योग्य हुनुहुन्छ!" यसरी सधैँ स्वीकार गर्नेहरू नम्र व्यक्तिहरू हुन्। तिनीहरू त्रिएक परमेश्वरलाई प्रसन्न तुल्याउने उहाँका सन्तानहरू हुन् र परमेश्वरको महिमा गर्दै सृष्टिको उद्देश्यअनुसार खुसी र आनन्दले भरिएको जीवन जिउने इसाईहरू पनि तिनीहरू नै हुन्।

## ६. सर्वज्ञानी परमेश्वर

Omniscient God

बाइबलले त्रिएक परमेश्वर सर्वज्ञानी हुनुहुन्छ भनी बताउँछ, र यस कुरालाई थुप्रै तरिकाहरूद्वारा अभिव्यक्त गर्दछ; जस्तै: पहिल्यै चिन्नुहुने परमेश्वर (रोमी ८:२९), अघिबाटै नियुक्त गर्नुहुने अथवा पूर्व-निर्धारण गर्नुहुने परमेश्वर (रोमी ८:२९), असीमित बुद्धिको परमेश्वर (रोमी ११:३३) र अरू यस्तै नाउँहरू।

हाम्रो सर्वज्ञानी परमेश्वरको पूर्वज्ञानले क्रूसमा येशूको प्रायश्चितको बलिदान पहिल्यै जान्नुहुन्थ्यो र उहाँले उक्त घटनालाई पहिले नै पूर्वनिर्धारण गरेर त्यसको निम्ति येशूलाई नियुक्त गर्नुभएको थियो (प्रेरित २:२३; १ पत्रुस १:२०)। यो कुरा मानवीय बुद्धिभन्दा बाहिरको कुरा हो, त्यसकारण यो परमेश्वरको बुद्धिअन्तर्गत पर्ने परमेश्वरको रहस्य हो (१ कोरिन्थी २:७-१०)।

पहिल्यै नियुक्त गर्नुहुने हाम्रो परमेश्वरले आफ्ना सेवकहरूलाई, तिनीहरू आफ्ना आमाको गर्भमा बनिनुभन्दा पहिले नै उहाँको योजनाअनुसारको काम गर्नको निम्ति पूर्वनिर्धारित भइसकेका थिए, अनि त्यसको निम्ति छुट्ट्याई सकिएका र चुनी सकिएका थिए। धर्मशास्त्र बाइबलमा यसको थुप्रै उदाहरणहरू छन्; जस्तै: यर्मिया आफ्नो आमाको गर्भमा बनिनुभन्दा पहिले परमेश्वरले उसलाई जान्नुहुन्थ्यो, उसको जन्म हुनुभन्दा अघि नै परमेश्वरले उसलाई अलग गर्नुभयो र जाति-जातिहरूका निम्ति अगमवक्ता हुनको निम्ति परमेश्वरले उसलाई नियुक्त गर्नुभयो (यर्मिया १:५)। परमेश्वरको आँखाले दाऊदको नबनिएको शरीरलाई देख्नुभयो र दाऊदको जीवनको दिनहरू हुन आउनुभन्दा पहिले नै ती परमेश्वरको पुस्तकमा लेखिएका थिए (भजन १३९:१६)। पावल पहिले नै उसको आमाको गर्भमा छँदा चुनिएको थियो र अन्यजातिहरूका निम्ति प्रेरित हुनको निम्ति उसलाई अलग गरिएको थियो (प्रेरित ९:१५; गलाती १:१५-१६)। त्यसैगरी आफ्नो इच्छा पूरा गर्न परमेश्वरले थुप्रै अरू सेवकहरूलाई तिनीहरूको जन्मभन्दा अघि नै पूर्वनिर्धारण गरी तिनीहरूलाई उहाँको सेवाको निम्ति छान्नुभयो (रोमी ८:२९; १ पत्रुस १:२)।

हाम्रो परमेश्वरको बुद्धि असीमित छ (भजन १४७:५; रोमी ११:३३) र उहाँले हरेक कुरा जान्नुहुन्छ (१ यूहन्ना ३:२०)। त्यसकारण हरेक थोक खोलिएको अवस्थामा परमेश्वरको नजरको सामुन्ने राखिएका छन् (हिब्रू ४:१३)। मानिसको टाउकोमा भएका केशहरू पनि येशूले गन्नुहुन्छ (मत्ती १०:३०)। उहाँले पृथ्वीमा भएका सबै दुष्ट र असल मानिसहरूलाई हेर्नुहुन्छ र तिनीहरूले गर्ने हरेक कुरा उहाँले विचार गर्नुहुन्छ (हितोपदेश १५:३: भजन ३३:१३-१५)। तिनीहरू बस्दा र उठ्दा उहाँले तिनीहरूलाई जान्नुहुन्छ। तिनीहरूका विचारहरू उहाँले टाढैबाट बुझ्नुहुन्छ। तिनीहरू बाहिर गएको अनि भुइँमा ढल्किएको पनि उहाँले छुट्ट्याउनुहुन्छ। तिनीहरूका सबै तरिका र बाटोहरूप्रति उहाँ परिचित हुनुहुन्छ। तिनीहरूका जिब्रोमा कुनै शब्द आउनुभन्दा पहिले उहाँले त्यसलाई पूर्णरूपमा जान्नुहुन्छ। यहोवा परमेश्वर, येशूको बुद्धि सर्वोत्तम भएकोले (यशैया २८:२९), सर्वज्ञानी परमेश्वरको उपस्थितिबाट कुनै मानिस भाग्न सक्दैन (भजन १३९:१-८; यशैया २९:१५)।

असल काम गर्दा झूटो आरोप लागेर दु:ख-कष्ट भोग्नुपर्दा हामी चिन्तित हुनुपर्दैन किनभने तोकिएको समय आएपछि सर्वज्ञानी परमेश्वरले हामीलाई कटनी गर्न दिनुहुनेछ (गलाती ६:९)। हामीहरू सर्वज्ञानी परमेश्वरका जनहरू भएकोले गर्दा हामीले बदला लिने काम गर्नुहुँदैन तर त्यसको निम्ति सर्वज्ञानी परमेश्वरलाई नै स्थान दिनुपर्छ, किनभने यस्तो लेखिएको छ: "बदला लिने काम मेरो हो, म नै बदला लिनेछु," परमप्रभु भन्नुहुन्छ। बरु, "तिम्रो शत्रु भोकाएको छ भने त्यसलाई खुवाओ, त्यो तिर्खाएको छ भने त्यसलाई पानी देओ। त्यसो गर्नाले तिमीले त्यसको टाउकोमा आगोको भुङ्ग्रो थुपार्नेछौ" (रोमी १२:१९-२०)। तोकिएको समय आएपछि परमेश्वरले हामीलाई सबै किसिमको अन्याय र दुर्व्यवहारबाट पुनर्थापित गर्नुहुनेछ।

आफ्ना सन्तानहरूलाई के खाँचो छ भनी परमेश्वर जान्नुहुन्छ र उहाँले त्यसको प्रवन्ध गर्नुहुन्छ। त्यसैकारणले गर्दा हामीले माग्नुभन्दा पहिले हाम्रो पिताले हामीलाई के खाँचो परेको छ भनी जान्नुहुन्छ भनी येशूले भन्नुभयो (मत्ती ६:८)। तर यसको मतलब हामीले प्रार्थना गर्नु आवश्यक छैन भनेको होइन। परमेश्वरसँग एकता हुनको निम्ति

हामीले प्रार्थना गर्नैपर्छ। त्यसकारण, कसरी प्रार्थना गर्ने भनेर सिकाउन प्रभुको प्रार्थनामा येशूले हामीलाई व्यक्तिगतरूपमा सिकाउनुभयो (मत्ती ६:९-१३)।

हाम्रो निम्ति येशूले सिकाउनुभएको उक्त प्रार्थनाको नमुनालाई यदि हामी हर्दैछौँ भने, त्रिएक परमेश्वरको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा भएको होस् भनी येशूले पहिले हामीलाई सिकाउनुभएको कुरा देख्दछौँ। परमेश्वरको इच्छा भनेको पापपूर्ण मानवजातिलाई बचाउने उहाँको योजना हो। उक्त मुक्तिको योजना स्वर्गमा पहिले नै पूरा भइसकेको छ (उत्पत्ति ३:१५; प्रेरित २:२३; १ कोरिन्थी २:७-१०; १ पत्रुस १:२०); र अब त्यो यस पृथ्वीमा पूरा हुनेछ। हाम्रो इच्छा परमेश्वरको इच्छासँग एक बनाउनुपर्ने कुरामा हामी निश्चित हुनु पर्छ। तैपनि, स्वर्गमा हुनुहुने हाम्रो पिता हामीबाट निकै टाढा हुनुभएकोले गर्दा, प्रार्थनारूपी सञ्चारको सम्पर्कद्वारा मात्र हामी उहाँको इच्छासँग एकतामा आउन सक्छौँ।

परमेश्वरको इच्छाको निम्ति प्रार्थना गरिसकेपछि मात्र हामीले हाम्रा खाँचोहरूको निम्ति उहाँसँग प्रार्थना गर्नुपर्छ। त्रिएक परमेश्वरको इच्छाअनुसार जिउनको लागि हाम्रो शरीरको निम्ति दैनिक रोटी, हाम्रो प्राणको निम्ति दैनिक रोटी र हाम्रो आत्माको निम्ति दैनिक रोटी आवश्यक पर्दछ। अर्को कुरा के हो भने, हामीले सधैँ हाम्रो विरुद्धमा अपराधा गर्ने छिमेकीहरूसँग क्षमा, दया र प्रेमको सम्बन्ध कायम राख्नुपर्छ र साथै हामीले तिनीहरूका विरुद्धमा अपराध गरेका छौँ भने उहाँहरूबाट त्यसको क्षमा पाएको हुनुपर्छ। त्यसको साथै दुष्टद्वारा परीक्षामा नपर्नको निम्ति पनि हामीलाई सधैँ त्रिएक परमेश्वरको सहायता आवश्यक पर्दछ।

प्रार्थना भनेको हाम्रो इच्छालाई परमेश्वरको इच्छासँग मिलाउने आत्मिक स्वास-प्रस्वास प्रक्रिया हो। यो हाम्रो भाग्य बनाउन र आफ्नो खाँचो पूरा गर्न गरिने तन्त्र-मन्त्रद्वारा प्रेतात्मासँग सञ्चार गर्ने काम होइन (मत्ती ६:९-१३)। परमेश्वरलाई नजान्ने अविश्वासीहरूले मात्र आफ्नो भाग्य निर्माण र समस्या समाधानको निम्ति त्यस किसिमको पुजा-पाठ र तन्त्र-मन्त्र गर्ने गर्छन्। परमेश्वरको सन्तानले गर्ने प्रार्थना भनेको परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर्नु हो, जसको मतलब

पहिले हाम्रो इच्छालाई त्रिएक परमेश्वरको इच्छासँग एकतामा पुऱ्याउनु हो (मत्ती ६:३२-३३)। हामीले त्यसो गर्दा सर्वज्ञानी परमेश्वर आफ्नो इच्छाअनुसारको प्रार्थना स्वीकार गर्न प्रसन्न हुनुहुनेछ र आफ्ना सन्तानहरूप्रति सबै आशिषहरू प्रदान गर्नुहुन्छ अनि सबै किसिमका असल थोकहरू, जुन तिनीहरूले मागेका पनि हुँदैनन्, ती सबै तिनीहरूका निम्ति प्रवन्ध गरिदिनुहुनेछ। जजसले यस्तो सर्वज्ञानी परमेश्वरलाई कदर गर्दै उहाँको बारेमा दैनिक आफ्नो हृदयको गहिराइदेखि मनन गर्छ, तिनीहरू सृष्टिको उद्देश्यअनुसार जिएर छिट्टै नै खुसी र आनन्दित इसाईहरू हुनेछन्।

## ७. सर्वशक्तिमान् परमेश्वर

Omnipotent God

माथि उल्लेख गरिएअनुसार जिउने इसाईहरूले सर्वशक्तिमान् परमेश्वरको आराधना गर्ने गर्दछन्। हाम्रो त्रिएक परमेश्वर सबैभन्दा शक्तिशाली हुनुहुन्छ (उत्पत्ति १७:१; प्रकाश १५:३; १९:६)। उहाँको शक्ति असीमित भएको हुनाले उहाँले जे चाहनुहुन्छ त्यो गर्न सक्नुहुन्छ। यहोवा परमेश्वरले सुन्यताबाट हरेक थोक सृष्टि गर्नुभयो। परमेश्वरले तेस्रो स्वर्गदेखि लिएर अतलकुण्डसम्मका सबै थोकहरू बनाउनुभयो (एलोहिम, उत्पत्ति १:१; यूहन्ना १:३; कलस्सी १:१६; प्रकाश ४:११)। उहाँले आफ्नो सर्वोच्च शक्ति मानव इतिहासभरि आफ्ना सन्तानहरूलाई प्रकट गर्नुभएको छ।

परमेश्वरले आफ्ना सबै योजना र उद्देश्यहरू पूरा गर्नुहुन्छ (अय्यूब ४२:२)। हामीले मानवजातिको मुक्तिको प्रक्रियालाई हेर्दछौँ भने, स्वयम् परमेश्वरले मानवजातिलाई बचाउने योजना बनाउनुभयो (उत्पत्ति ३:१५), अनि परमेश्वर पुत्रले स्वयम् मानव शरीर धारण गर्नुभयो (मत्ती १:२१) र उहाँले नै व्यक्तिगतरूपमा मानवजातिको मुक्तिको उक्त योजनालाई क्रूसमा पूरा गर्नुभयो (यूहन्ना १९:३०)। यसर्थ, जब परमेश्वरले कुनै कुराको इच्छा गर्नुहुन्छ, तब कसैले त्यसलाई वाधा दिन अथवा रोक्न सक्दैन। उहाँको इच्छा अवश्य पूरा हुनै पर्नेछ (यशैया ९:६-७)।

त्रिएक परमेश्वरको निम्ति कुनै काम गर्न पनि गाह्रो हुँदैन (यर्मिया ३२:१७,२७)। मानिसहरूको लागि असम्भव सबै कुराहरू परमेश्वरको लागि सम्भव छन् (मत्ती १९:२६)। कन्या अवस्थमा हुँदा नै परमेश्वरले मरियमलाई येशू गर्भधारण गर्न लगाउनुभयो (लूका १:३७)। अब्राहाम र सारा बच्चा जन्माउन नसक्ने गरी बुढा-बुढी भइसकेका भए तापनि परमेश्वरले तिनीहरूलाई बालक दिने प्रतिज्ञा गर्नुभयो (उत्पत्ति १७:१-२१; १८:१४)। परमेश्वरले आफ्नो प्रतिज्ञाअनुसार अब्राहाम १०० वर्षको हुँदा तिनलाई छोरा, इसहाक दिनुभयो (उत्पत्ति २१:१-५)। आधुनिक विज्ञानले बुझ्न नसक्ने यस्ता कुराहरू परमेश्वरमा सम्भव हुन्छन्।

अर्को कुरा के हो भने यहोवा परमेश्वर सार्वभौम परमेश्वर हुनुहुन्छ। स्वर्गहरू र पृथ्वी सृष्टि गर्नुभएको समयदेखि अहिलेसम्म परमेश्वरले सारा सृष्टिमाथि शासन गर्नुभएको छ र उहाँले त्यसमाथि सदासर्वदा शासन गरिरहनुहुनेछ। परमेश्वर कहिल्यै थकित र कमजोर हुनुहुन्न (यशैया ४०:२८)। "परमेश्वर हुनुहुन्छ, हुनुहुन्थ्यो र आउनुहुनेछ" (प्रकाश १:८; ४:८)। समयभन्दा माथि रहेर उहाँले आफ्नो शक्ति र वैभवमा शासन गर्नुहुन्छ (प्रकाश ११:१७; १९:६; २१:२२)।

सार्वभौम परमेश्वरले आफ्नो इच्छाअनुसार सृष्टि गरिएका थोकहरूको अनन्त दण्डको निम्ति दोषी ठहऱ्याउने निर्णय गर्न सक्नुहुन्छ अथवा उहाँले तिनीहरूलाई छुटकारा दिन र बचाउन पनि सक्नुहुन्छ (यशैया ९:६; सपन्याह ३:१७)। आफ्नो इच्छाअनुसार उहाँले छान्नुभएको व्यक्तिको हृदय कठोर पार्ने निर्णय गर्न सक्नुहुन्छ (प्रस्थान ७:३; ९:१२; १४:४,१७; यशैया ६३:१७; रोमी ९:१८), अथवा दया देखाउन आफूले रोजेको कुनै व्यक्तिप्रति उहाँले दया गर्न पनि निर्णय गर्न सक्नुहुन्छ (प्रस्थान ३३:१९; रोमी ९:१८)। सार्वभौम परमेश्वरले कुनै मानिसद्वारा आफ्नो इच्छा पूरा गर्नको निम्ति उक्त मानिसको हृदयभित्र आफ्नो इच्छा राख्नु हुन्छ (प्रकाश १७:१७)। परमेश्वरले आफूसँग भएको कुराहरूमा आफूले चाहेजस्तो गर्न सक्नुहुन्छ (मत्ती २०:१५) - यस्ता कुराहरू परमेश्वरको आफ्नै सार्वभौमिकताभित्र पर्दछन्।

दाऊदले यसरी गवाही दिएका छन्: "जो परमप्रधानको शरणमा वास गर्दछ, त्यो मानिस सर्वशक्तिमान्को छत्रछायामुनि रहन्छ" (भजन ९१:१)। परमेश्वरको अनुमतिबिना उडिरहेको भङ्गेरा पनि जमिनमा खस्दैन (मत्ती १०:२९)। येशूको अनुमतिबिना मानिसको टाउकोको एउटा रौँ पनि नष्ट हुनेछैन (लूका १२:७)। त्यसकारण, जो-जो परमेश्वरद्वारा सुरक्षित भएका छन्, तिनीहरूसँग सर्वशक्तिमान् परमेश्वरको शक्ति पनि हुँदछ। त्यही कारणले गर्दा येशूले भन्नुभयो, "विश्वास गर्नेको लागि त सबै कुरा सम्भव छ" (मर्कूस ९:२३)। त्यसकारण यस्तो सर्वशक्तिमान् परमेश्वरलाई अनुभव गर्ने इसाईहरूले साँच्चै नै सृष्टिकर्ता परमेश्वरको साँचो खुसी र आनन्दको स्वाद चाख्दछ।

## ८. सर्वव्यापी परमेश्वर

Omnipresent God

त्रिएक परमेश्वरको सेवकाइसम्बन्धी चौथो तथा अन्तिम विशेषता भनेको उहाँको सर्वव्यापीपन हो। हाम्रो परमेश्वर सर्वव्यापी हुनुहुन्छ। सारा स्वर्गहरू र पृथ्वी उहाँको महिमाले भरिएका छन् (यशैया ६:३), अनि कुनै व्यक्ति उहाँबाट गुप्त स्थानमा लुक्न सक्दैन (यर्मिया २३:२४)। यदि हामी माथि स्वर्गमा जान्छौँ भने, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्मा त्यहाँ हुनुहुन्छ (मत्ती १०:२०; १६:१७; प्रेरित १६:६-७; रोमी ८:९,११; १ पत्रुस १:११)। यदि हामी पातालमा जान्छौँ भने उहाँहरू त्यहाँ हुनुहुन्छ, हामी समुद्रको पल्लो छेउमा गएर बस्यौँ भने पनि उहाँहरू त्यहाँ हुनुहुन्छ (भजन १३९:८-९; आमोस ९:२), र हामी पानीबाट भएर जाँदा अथवा आगोबाट हिँडेर जाँदा, उहाँहरू त्यहाँ हुनुहुन्छ (यशैया ४३:२)। हामी जहाँ जान्छौँ, त्रिएक परमेश्वरको उपस्थिति हाम्रो साथमा हुन्छ। उहाँ एकै समयमा यहाँ हुनुहुन्छ अनि त्यहाँ पनि हुनुहुन्छ, तसर्थ हामीले उहाँको उपस्थितिलाई पन्छाउन सक्दैनौँ।

त्रिएक परमेश्वर स्थानीयरूपमा सर्वव्यापी हुनुहुन्छ, र अझै भन्ने हो भने उहाँ समयको आयामको भित्र अनि बाहिर दुवै किसिमले सर्वव्यापी हुनुहुन्छ। त्रिएक परमेश्वरको उपस्थिति अनन्तदेखि अनन्तैसम्म हुन्छ। आदमको पतनपछि मानवजाति समयको आयामभित्र आएर समयको प्रतिवन्धहरूको अधिनमा जिउनु पर्‍यो। त्यसैले समयको सीमाभित्र रहेका मानिसहरूका निम्ति अनन्तको परिप्रक्ष्यलाई बुझ्न अति कठिन हुन्छ।

त्रिएक परमेश्वरको अस्तित्व असीमित उत्कृष्ठ अनि अनन्त संसारमा छ, तर त्यही समयमा उहाँ समयको आयामभित्र जिइरहेका हामीसँग पनि हुनुहुन्छ। परमेश्वर पुत्र, येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, कि युगको अन्त्यसम्म उहाँ तिनीहरूसँग हुनुहुनेछ (मत्ती २८:२०)। पुनरुत्थान हुनुभएको ४० दिनपछि येशू स्वर्गमा जानुभयो र उहाँ स्वर्गलोकमा हुनुहुन्छ, तर उहाँ सर्वव्यापी परमेश्वर हुनुभएकोले गर्दा, विगतको २,००० वर्षदेखि हाम्रो प्रभु येशू हामी इसाईहरूसँगै हुनुहुन्छ, र त्यतिमात्र होइन, उहाँ त युगको अन्तसम्मै निरन्तर हामीसँग हुनुहुनेछ। उहाँ संसारको हरेक स्थानमा हुनुहुन्छ, र त्यसको साथै उहाँ परमेश्वरका चुनिएका सन्तानहरूसँग हिँड्नुहुन्छ, र उनीहरूले गर्नुपर्ने काम पूरा गराउनको लागि उहाँले तिनीहरूलाई डोर्‍याउनुहुन्छ (उत्पत्ति २८:१५; प्रस्थान ३:१२; ४:१२; प्रेरित १७:२७)।

इसाईहरूका माझमा थुप्रै यस्ता मानिसहरू छन्, जसले सर्वव्यापी येशूलाई चिन्दैनन् अथवा तिनीहरूले उहाँ सर्वव्यापी परमेश्वर हुनुहुन्छ भनी स्वीकार गर्दैनन्। दैनिक आफ्नो हृदयको गहिराइदेखि यस कुरालाई स्वीकार र मनन नगर्ने इसाईहरूले येशू सर्वव्यापी हुनुहुन्छ भन्ने सत्यतालाई सजिलै बिर्सन्छन्। तिनीहरूले येशूको डर-भय नराख्ने हुनाले सजिलै अनि स्वतन्त्रसाथ पाप गर्ने गर्छन्। तसर्थ, तिनीहरू अरूहरूप्रति र आफूप्रति इमान्दार हुँदैनन्, र जे आफूलाई मन लाग्छ अनि जे गलत र झूटा छ, त्यही तिनीहरूले गर्ने गर्छन्। त्यसो किन हुन्छ भने येशूले हरेक कुरा हेरिरहनुहुन्छ र सुनिरहनुहुन्छ भनी तिनीहरूले महसुस गर्दैनन्। तिनीहरूले येशूको उपस्थितिलाई साँचोरूपमा विश्वास नगर्ने भएकोले गर्दा तिनीहरू हरेक कुरामा चिन्ता-फिक्री गरी उदास अनि तनावमा हुने गर्छन्। यसबाहेक अर्को कुराचाहिँ तिनीहरू अदृश्य येशूप्रति

समर्पित हुन सक्दैनन्, तर दृश्य र छुन सकिने मूर्तिहरूतिर फर्केर तिनीहरूलाई पुज्ने गर्छन्। त्यसरी तिनीहरूले पुज्ने थोकहरूमा रुपैयाँ-पैसा, शक्ति-अधिकार, आदर, महत्वाकांक्षा, आफ्नै महिमा, ख्याति, मान-प्रतिष्ठा, परिवार, छोराछोरी, असल स्वास्थ्यजस्ता सांसारिक कुराहरू पर्दछन्।

तर यस्ता कुराहरूको विपरीत परमेश्वर सर्वव्यापी हुनुहुन्छ भन्ने विशेषतालाई स्वीकार र मनन गर्ने इसाईहरूले आफ्नो जीवनमा येशूको डर-भय राखी उहाँको आदर र श्रद्धा गर्ने गर्छन्। तिनीहरूको हृदय शान्तिले भरिएको हुन्छ अनि तिनीहरूको जीवन ठिक बाटोमा हुन्छ किनभने येशूले सधैँ नियालिरहनुभएको हुन्छ र उहाँ आफूसँग नै हुनुहुन्छ भन्ने सत्य-तथ्य तिनीहरूले जान्दछन्। येशूसँगै रहेर हिँड्दा तिनीहरूले सान्त्वना र सुरक्षा प्राप्त गर्छन्। तिनीहरूको हृदयको गहिराइबाट परमेश्वरको आनन्द बहेर निस्किरहेको हुन्छ। अरूहरूसँगको सम्बन्धमा तिनीहरूका हृदयबाट स्वभाविकरूपमा दया र करुणा निस्कने गर्छ। स्वयम् येशूले तिनीहरूका हरेक थोकको वास्ता गर्नुहुन्छ भन्ने कुरामा तिनीहरूले भरोसा गर्दछन् र येशूसँगै हिँड्दै जिउने क्रममा अनन्त राज्यमा येशूले शासन गर्नुहुन्छ भन्ने तिनीहरूको आशा बढ्दै जानेछ। यो संसार अस्थायी हो र भविष्यमा कुनै दिन यस्तो समय आउनेछ, कि त्यसबेला तिनीहरूले यो संसार छोडेर अनन्त राज्यमा जानुपर्नेछ भनी तिनीहरूले स्पष्टसँग जान्दछन्। त्यसैकारणले गर्दा, तिनीहरूलाई जेजस्तो आइपरे तापनि, आफ्नो छिमेकीहरूलाई बिनासर्तको अगापे प्रेम गर्नसक्ने उत्प्रेरणा र बल तिनीहरूलाई प्रदान गरिएको छ (१ कोरिन्थी १३:१३)। यसप्रकार तिनीहरू सृष्टिकर्ता परमेश्वरबाट बिनासर्तको ईश्वरीय प्रेम प्राप्त गर्ने खुसी र आनन्दित इसाईहरू बन्दछन्।

यहाँसम्म आइपुग्दा हामीले परमेश्वरको पहिचानको सेवकाइसम्बन्धी चारवटा विशेषताहरूलाई चर्चा गर्‍यौँ, जुन यस प्रकारका छन्: परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ, परमेश्वर सर्वज्ञानी हुनुहुन्छ, परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ र परमेश्वर सर्वव्यापी हुनुहुन्छ।

अब हामीले परमेश्वरको चरित्रसम्बन्धी चार वटा विशेषताहरूलाई मनन गर्न खाँचो छ- परमेश्वरको प्रेम, परमेश्वरको दया, परमेश्वरको अनुग्रह र परमेश्वरको धार्मिकता।

## ९. प्रेमिलो परमेश्वर

Loving God

परमेश्वर प्रेम हुनुहुन्छ (१ यूहन्ना ४:८,१६)। हाम्रो परमेश्वर प्रेमको परमेश्वर हुनुहुन्छ (२ कोरिन्थी १३:११)। परमेश्वरको प्रेम त्रिएक परमेश्वरद्वारा संयुक्तरूपमा प्रदर्शन गरिन्छ। परमेश्वर पिताले प्रेम दिनुहुन्छ (उहाँ प्रेमी हुनुहुन्छ, यूहन्ना ३:१६; १७:२४; १ यूहन्ना ४:९), परमेश्वर पुत्रले उक्त प्रेम संसारलाई देखाउनुभयो (उहाँले प्रेम गर्नुभयो, रोमी ८:३९; कलस्सी १:१३), अनि परमेश्वर आत्माले उक्त प्रेम कार्यान्वियन गर्न उहाँलाई सामर्थ्य प्रदान गर्नुभयो (प्रेम गर्न सामर्थ्यवान तुल्याउनुभयो, रोमी १५:३०; गलाती ५:२२)।

परमेश्वरले आफ्ना चुनिएका जनहरूलाई यस्तो प्रेम गर्नुभयो (व्यवस्था ७:६-८,१३; सपन्याह ३:१७; यूहन्ना १४:२३), कि उहाँले तिनीहरूलाई मुक्ति दिनुभयो। परमेश्वरले आफ्नो एक मात्र पुत्र, येशू जो ईश्वरत्वको दोस्रो व्यक्ति हुनुहुन्छ, उहाँलाई संसारमा पठाउनुभएर कलबरी डाँडाको क्रूसमा आफ्नो प्रेम प्रदर्शन गर्नुभयो (यूहन्ना ३:१६; रोमी ५:८; गलाती २:२०)। यो हाम्रो भलाइ र धार्मिकताको कारण होइन, तर यो त परमेश्वरले आफ्ना जनहरूमाथि प्रदान गर्नुभएको एकतर्फी बिनासर्तको प्रेमको कारणले गर्दा हो (१ यूहन्ना ४:१०)।

परमेश्वरले आफ्ना सन्तानहरूलाई दिनुभएको प्रेम तिनीहरूमा रहोस् भनी चाहनुहुन्छ (यूहन्ना १५:९-१०)। परमेश्वरलाई प्रेम गर्ने र उहाँको जस्तै चरित्र भएका उहाँका सन्तानहरूले स्वभाविकरूपमा पवित्र आत्माको नौ वटा फलहरू फलाउँछन् (गलाती ५:२२-२३)। ती नौ वटा फलहरूमध्ये प्रेम सबैभन्दा सर्वोत्तमचाहिँ प्रेम हो

(१ कोरिन्थी १३:१,१३)। परमेश्‍वरको प्रेममा रहने व्यक्ति परमेश्‍वरमा रहन्छ अनि परमेश्‍वर पनि उसमा वास गर्नु हुन्छ (यूहन्ना १७:२४-२६; १ यूहन्ना २:५; ४:१६)।

अर्को कुरा के हो भने जसरी परमेश्‍वरले तिनीहरूलाई प्रेम गर्नुभयो, त्यसरी नै तिनीहरूले एक-आपसमा प्रेम गरेको परमेश्‍वर चाहनुहुन्छ (यूहन्ना १३:३४-३५; १ यूहन्ना ४:७)। यहोवा परमेश्‍वर स्वयम् संसारमा आउनुभई बलिदान हुनुभएर परमेश्‍वरको प्रेम देखाउनुभयो। उहाँ स्वयम् बलिदानपूर्ण भेटी हुनुभएर आफ्नो जीवन हाम्रो लागि अर्पण गर्नुभयो (एफिसी ५:२)। त्यसैकारणले गर्दा येशूले हामीलाई यसरी सिकाउनुभयो, "आफ्ना मित्रहरूका लागि आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो प्रेम अरू कसैको हुँदैन" (यूहन्ना १५:१३)।

परमेश्‍वरको प्रेम दिनु भनेको मुक्तिको आशिषित समाचार दिनु हो। हामीले त्यसो गर्नको निम्ति, हाम्रो जीवनको हरेक पक्षमा हामीले आफूलाई बलिदान गर्नुपर्छ (यूहन्ना १२:२४-२६)। सुसमाचारको निम्ति बलिदानपूर्ण जीवन जिउनको लागि परमेश्‍वरको प्रेमको विशेषतालाई हामीले दिनदिनै मनन गर्नुपर्छ ताकि पवित्र आत्माको अभिषेकद्वारा परमेश्‍वरको यो प्रेम हाम्रो हृदयमा फैलिन सकोस् (यशैया ६१:२; २ कोरिन्थी १:२१; १ यूहन्ना २:२०,२७)। आफूले प्राप्त गरेको परमेश्‍वरको प्रेम आफ्ना दाजुभाइ तथा दिदीबहिनीहरू र अरू जातिका मानिसहरूको समूहमा बाँड्ने इसाईहरूले नै परमेश्‍वरलाई साँचो प्रेम गर्दछन्। तिनीहरू नै साँचोरूपमा खुसी र आनन्दित इसाईहरू हुन्; अनि तिनीहरूको जीवनमा भएको यो साँचो खुसी र आनन्दलाई संसारको कुनै किसिमको मूर्तिहरूले प्रतिस्थापन गर्न सक्दैन।

## १०. दयालु परमेश्‍वर

Merciful God

परमेश्‍वरको पहिचानको चरित्रसम्बन्धी दोस्रो विशेषता भनेको परमेश्‍वरको दया हो। परमेश्‍वर भलो हुनुहुन्छ अनि उहाँको दया सदासर्वदा रहिरहन्छ (२ इतिहास ५:१३-

१४; लूका १:५०)। पापको कारणले गर्दा दयनीय अवस्थामा भएका आफ्ना सन्तानहरूलाई परमेश्वरले हेर्नुहुन्छ (नहेम्याह ९:३१; विलाप ३:२२-२३; लूका १:७२)। तसर्थ, तिनीहरूले दुष्टताको मार्गको निम्ति पश्चाताप गरेर परमेश्वरतर्फ फर्कन्छन् भने  उहाँले तिनीहरूका पाप क्षमा गर्नुहुन्छ र निरन्तर तिनीहरूमाथि असीमित दया गर्नुहुन्छ (यशैया ५५:७; इजिकएल ३३:११-१९; १ पत्रुस २:१०)।

ठाडो आज्ञा (Vertical Commandment) उलङ्घन गर्ने इसाईहरूलाई परमेश्वरले घृणा गर्नुहुन्छ (प्रस्थान २०:१-११; मत्ती २२:३८)। त्यसको मतलब परमेश्वरलाई भन्दा मूर्तिहरूको सेवा गर्नेहरूलाई उहाँले तिनीहरूलाई घृणा गर्नुहुन्छ, किनभने त्यस्तो क्रियाकलापले परमेश्वरको आत्मसम्मानमा गम्भीर चोट पुग्दछ। तर हाम्रो दयालु परमेश्वरले विभिन्न मूर्तिहरूको सेवा गरी पापमा परेका इसाईहरू पश्चाताप गरी उहाँकहाँ फर्किआउनेछन् भनी धैर्यताका साथ प्रतिक्षा गर्नुहुन्छ (भजन १०२:१३; २ पत्रुस ३:९)। इसाईहरूले जुनसुकै देवी-देवता र मूर्तिहरूको सेवा गरे तापनि परमेश्वरले तिनीहरूमाथि बिनासर्त दया गर्नुहुन्छ भनी धरै मानिसहरूले मानवीय परिप्रेक्ष्यबाट विचार गर्ने गर्दछन्। तर, यो परमेश्वरको दयाको पूर्ण गलत बुझाइ हो।

परमेश्वर दयालु हुनुहुन्छ भन्नुको साँचो अर्थ उहाँ धिरजी हुनुहुन्छ र पापीहरूले पश्चाताप गर्नेछन् भनी उहाँले प्रतिक्षा गर्नुहुन्छ। यसको मतलब उहाँले अधार्मिकतालाई छुट दिनुहुन्छ भन्ने कदापि होइन। त्यही कारणले यहोवा परमेश्वरले मोशाद्वारा इस्राएलीहरूलाई भन्नुभयो, "परमप्रभु, परमप्रभु टिठ्याउनमा भरिपूर्ण र दयालु परमेश्वर, जो क्रोध गर्नमा ढिलो, र प्रेम र विश्वस्ततामा प्रशस्त हुनुहुन्छ। उहाँले हजारौँ हजारमाथि कृपा देखाउनुहुन्छ, र दुष्टता, विद्रोह र पाप क्षमा गर्नुहुन्छ। तर उहाँले दोषीलाई कुनै किसिमले पनि सजाय दिनुहुन्छ। पिता-पुर्खाका दुष्टताको दण्ड तिनीहरूका छोराछोरी, नातिनातिना, र तेस्रो र चौथो पुस्तासम्म दिनुहुन्छ" (प्रस्थान ३४:६-७; २०:५-६; भजन १०३:८)।

परमेश्वरले आफ्ना सन्तानहरूलाई दण्ड दिनुको कारण के हो भने, तिनीहरूले आफ्ना पापहरू महसुस गरेर पश्चाताप गर्दै पापपूर्ण चालहरूबाट फर्कून् भनी उहाँ चाहनुहुन्छ। त्यसैले परमेश्वरको दण्डलाई फराकिलो अर्थमा हेर्ने हो भने त्यो वास्तवमा दण्ड नभएर उहाँको दया प्रकट गर्ने तरिका हो। इस्राएलीहरूका विभिन्न चाड र उत्सवहरूमध्ये पश्चाताप गर्ने दिन विशेष चाड हो (लेवी १६:१-३४)। उक्त दिन आएपछि, इस्राएलीहरूको प्रतिनिधित्व गर्दै प्रधान पूजाहारीले महा पवित्र स्थानमा प्रवेश गरी प्रायश्चितको थुमाको रगत कृपा-आसनमाथि छर्कने गर्थे। त्यसपछि मानिसहरूको पापहरू क्षमा हुन्थ्यो (प्रायश्चित हुन्थ्यो)। 'कृपा-आसन'ले परमेश्वरको दया खन्याइने विशेष स्थानलाई बुझाउँछ; र त्यसको साथै 'पापहरूको प्रायश्चित' पनि यसको अर्थ हुन्छ (cover, *kaphar* in Hebrew, प्रस्थान २५:१७,२२; लेवी १६:१५)।

इसाईहरूले आफ्नो सुरुको मूल पापको निम्ति प्रायश्चित गरिसकेका हुनाले तिनीहरू परमेश्वरबाट सबैभन्दा ठूलो दया प्राप्त गरेका मानिसहरू हुन्। त्यसकारण, हामी इसाईहरूले दैनिकरूपमा निरन्तर परमेश्वरको क्षमादान र दया प्राप्त गर्ने भएकोले गर्दा हामीले परमेश्वरलाई भन्दा धन-सम्पत्ति, शक्ति-अधिकार, पद-प्रतिष्ठा, शैक्षिक उपलब्धि, आदर, छोराछोरी, परिवार र असल स्वास्थजस्ता कुराहरूलाई मूर्तिको रूपमा तिनीहरूलाई प्रेम गर्नुहुँदैन। यस प्रकार आफूलाई परमेश्वरप्रति समर्पित गरेर उहाँलाई प्रेम गर्ने इसाईहरूले हरेक दिन उहाँबाट अझ धेरै मात्रामा दया पाउनेछन् (भजन १८:२५; मत्ती ५:७; एफिसी २:४; १ तिमोथी १:२; २ तिमोथी १:२; तीतस १:४; याकूब ५:११)। त्यही कारणले गर्दा येशूले यस्ता मानिसहरूलाई धन्य (आशिषित) भन्नुभयो (मत्ती ५:७)। यस किसिमको दयालु मानिसहरू हुन प्रयत्न गर्ने अनि परमेश्वरको दयाप्रति दिनहु मनन गर्ने र आफ्ना दाजुभाइ तथा दिदीबहिनीहरू र अरू जातिका मानिसहरूप्रति दया देखाउनेहरू नै सृष्टिको उद्देश्यअनुसार जिउने मानिसहरू हुन्।

## ११. अनुग्रही परमेश्वर
Gracious God

परमेश्वरको प्रेम र दयालाई बुझेका इसाईहरूले अनुग्रही परमेश्वरको आराधना नगरी बस्नै सक्दैनन् (१ पत्रुस ५:१०)। परमेश्वर अनुग्रही र दयालु हुनुहुन्छ अनि उहाँ रिसाउनमा ढिलो र प्रेम तथा विश्वासयोग्यतामा उहाँ प्रशस्त हुनुहुन्छ (२ इतिहास ३०:९; नहेम्याह ९:१७,३१; भजन ८६:१५; १०३:८; योएल २:१३)। आफ्नो सबै कामहरूमा परमेश्वर अनुग्रही हुनुहुन्छ (भजन १४५:१७)। नम्रहरूलाई उहाँले अनुग्रह गर्नुहुन्छ (हितोपदेश ३:३४; याकूब ४:६)। अनुग्रह (अथवा कृपा) भनेको परमेश्वरबाट आउने सित्तैको उपहार हो। परमेश्वरको अनुग्रह उहाँको कृपा पाउन अयोग्य पापीहरूको निम्ति बिनासर्त एकतर्फीरूपमा प्रदान गरिने उपहार हो।

परमेश्वरको अनुग्रह दुई किसिमका छन्। पहिलो सामान्य अनुग्रह हो। घाम, जून, पानी, हावाजस्ता वस्तुहरू यो अनुग्रहको उदाहरणहरू हुन्। परमेश्वरका जनहरूले यी कुराहरूबाट लाभ उठाउँछन् र त्यसको साथै संसारको अरू मानिसहरू अनि प्रकृतिमा भएका सबै जीव-जन्तु, प्राणी र वनस्पतिहरूले ती कुराहरू सित्तैमा प्राप्त गर्छन् (मत्ती ५:४५; प्रेरित १७:२५)। मानिसलगायत अन्य जीव-जन्तु र वनस्पतिहरूको जीवनमा ती कुराहरू अति आवश्यक छन्। ती कुराहरू यति बहुमूल्य छन् कि कसैले पनि त्यसको मूल्य चुकाउन सक्दैन र त्यसलाई अरू थोकले प्रतिस्थापित पनि गर्न सकिँदैन। त्यसकारण, परमेश्वरले ती कुराहरू हरेकको लागि बिनामूल्य उपलब्ध गराइदिनुभएको छ।

दोस्रोचाहिँ विशेष अनुग्रह हो। यो अनुग्रह अरू केही नभएर मुक्तिको निम्ति येशूको सुसमाचार हो (प्रेरित २०:२४; रोमी ५:१५; १ कोरिन्थी २:१२; तीतस २:११)। परमेश्वरको पुत्र, येशू स्वयम् संसार आउनुभएर आफ्नो रगत बगाउनुभयो तर त्यसको निम्ति उहाँले कुनै मूल्यको माग गर्नुहुन्न (रोमी ३:२४)। जबसम्म हामीले यस सत्यतालाई नम्रता र धन्यवादसाथ विश्वास गर्दछौँ, सुरुको पापको कारण आत्मिकरूपमा र अनन्तरूपमा मरेकाहरूलाई परमेश्वरले सित्तैमा अनन्त जीवन र

स्वर्गको राज्यको नागरिकता उपहारस्वरूप प्रदान गर्नुहुन्छ (प्रेरित १५:११; रोमी ४:१६; गलाती १:६; एफिसी १:७; २:५-८)। हामीले यो कुरा जान्नैपर्छ, कि मुक्ति पूर्णरूपमा परमेश्वरको अनुग्रहबाट दिइन्छ, तर यो मानिसको प्रयास र कामहरूद्वारा होइन (गलाती २:२१; ५:४; तीतस ३:७)। यस्तो अनुग्रह हामीलाई दिनको निम्ति परमेश्वर पुत्रले दु:ख-कष्ट भोग्नुभएर पापीहरूप्रति धिरजता देखाउनुभएको छ (प्रस्थान ३४:६; नहेम्याह ९:१७,३१; रोमी २:४; १ पत्रुस ३:२०; २ पत्रुस ३:९)।

अनुग्रहको यो सुसमाचार अरू जाति र राष्ट्रहरूमा बाँड्ने काम सुम्पनको लागि परमेश्वरले थोरै मानिसहरूलाई चुन्नुभएको छ, जसले पहिले नै यो विशेष अनुग्रह प्राप्त गरिसकेका छन्। त्यसैले पावलले अन्यजातिहरूका माझमा सुसमाचार फैलाए। अन्यजातिहरूलाई सुसमाचार प्रचार गर्न र परमेश्वरको मुक्तिको महान् योजना प्रकट गर्न परमेश्वरका सबै मानिसहरूभन्दा आफू सानो हुँ भनी स्वीकार गरेका छन् (रोमी १५:१६: १ कोरिन्थी १५:१०; २ कोरिन्थी १२:९; गलाती १:१५; एफिसी ३:२,७-९)। यो सन्देशको अर्थ के हो भने येशूको अनुग्रहबिना कसैले पनि अन्यजातिहरूका माझमा सुसमचार फैलाउने काम गर्न सक्दैन।

पावल र सुरुको मण्डलीका अरू प्रेरितहरूका निम्ति 'अनुग्रह' अति महत्वपूर्ण विषय थियो। विशेषगरी पावलले आफ्ना सबै पत्रहरूमा परमेश्वरको अनुग्रहलाई जोड दिए। उदाहरणको रूपमा हेर्ने हो भने, तिनले आफ्ना पत्रहरू 'प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरूलाई होस्' भनेर सुरु गरेका छन् (एफिसी १:२; कलस्सी १:२; १ तिमोथी १:२); र त्यसैगरी पत्र अन्त गर्दा 'प्रभु येशूको अनुग्रह तिमीहरूको आत्मासँग रहोस्' भनी आशिर्वाद दिएका छन् (२ कोरिन्थी १३:१४; गलाती ६:१८; फिलिप्पी ४:२३: फिलेमोन १:२५)।

पावलले मात्र होइन, पत्रुस र यूहन्नाले पनि त्यसै गरेका छन् (१ पत्रुस १:२; २ पत्रुस ३:१८; प्रकाश २२:२१)। "परमेश्वर पिता र पिताका पुत्र येशू ख्रीष्टबाट अनुग्रह, कृपा र शान्ति हामीसँग सत्यता र प्रेममा रहनेछ" (२ यूहन्ना १:३)। तिनीहरूले परमेश्वरको अनुग्रहलाई त्यति जोड दिनुको कारण के हो भने हाम्रो हृदयमा

परमेश्वरको अनुग्रह प्रशस्त हुँदा हामीले परमेश्वरको शान्तिले भरिएको आशिषित जीवन जिउन सक्षम हुन्छौँ।

यदि हामीमा दुष्टको चरित्र (तीतोपनको जराहरू) छ भने हामीले परमेश्वरको अनुग्रहमा आनन्दित हुन सक्दैनौँ (हिब्रू १२:१५)। तीतोपनका जराहरू हटाएर हामी येशूको चरित्रको हकदार हुनुपर्छ, जसको मतलब हामीमा पवित्र आत्माका नौ वटा फलहरू हुनुपर्छ (गलाती ५:२२-२३)। यसो गर्दछौँ भने हाम्रो हृदय र व्यक्तित्व परिवर्तन हुनेछ र हामीले परमेश्वरको अनुग्रह अनुभव गर्नेछौँ साथै हामीबाट शान्ति र आनन्द बगेर बाहिर निस्कनेछ (रोमी ५:२)।

हामीले आफ्नो हृदयको गहिराइमा येशूको अनुग्रह खोज्दछौँ भने येशू हामीद्वारा महिमित हुनुहुन्छ (२ कोरिन्थी ४:१५; एफिसी १:६; २ थेसलोनिके १:१२)। त्यही कारणले गर्दा, दाऊदले सधैँ आफ्नो कमजोरी र सीमितपनालाई स्वीकार गरी यहोवा परमेश्वरको (येशूको) अनुग्रह खोजी गरे (भजन ६:२; ९:१३; २५:१६; ३१:९; ४१:४), र उहाँको उक्त महान् अनुग्रहको प्रशंसा गरे (भजन ३१:१९; ११६:१२; १४५:७)। त्यसकारण, दाऊदझैँ हामीले पनि ख्रीष्टको चरित्र धारण गर्नको निम्ति दिनहुँ पवित्रकरणको अनुग्रह खोजी गर्नुपर्छ, र उहाँको महिमा गर्ने जीवन जिउनको लागि हामीलाई सहायता पाउन उहाँको अनुग्रह माग्नुपर्छ। त्यसो गर्दछौँ भने हामी परमेश्वरको सृष्टिको उद्देश्यअनुसार जिउने इसाईहरू भनेर चिनिएर साँच्चै नै खुसी र आनन्दित व्यक्तिहरू हुँनेछौँ।

## १२. धार्मिक परमेश्वर

Righteous God

अन्तमा, अनुग्रह गर्नुहुने परमेश्वर धार्मिक पनि हुनुहुन्छ। धार्मिकता भनेको परमेश्वर असल स्वभाविक बुद्धि, विवेक र न्याय हो। धार्मिकता भनेको न्यायको पर्यायवाची शब्द हो। परमेश्वर धर्मी हुनुहुन्छ (२ इतिहास १२:६; एज्रा ९:१५; नहेम्याह ९:३३;

यशैया ४५:२१; यूहन्ना १७:२५), परमेश्वर न्यायी हुनुहुन्छ (व्यवस्था ३२:४), र उहाँले धार्मिकतासित न्याय गर्नुहुन्छ (भजन ९:७-८; ९६:१८; ९८:९; यशैया ११:४-५; प्रकाश १६:५-७)।

येशू धर्मी हुनुहुन्छ भनी बाइबलले बताउँछ। यर्मियाद्वारा परमेश्वरले यसरी अगमवाणी गर्नुभयो, "हेर, यस्ता दिन आउँदैछन्, जब म दाऊदको वंशबाट एउटा धार्मिक हाँगा खड़ा गर्नेछु, एउटा राजा जसले बुद्धिसित राज गर्नेछन्, र जे उचित र ठिक छ त्यही तिनले देशमा गर्नेछन् ... जुन नाउँले तिनी कहलाइनेछन् त्यो यही हो, 'परमप्रभु हाम्रा धार्मिकता'" (यर्मिया २३:५-६; ३३:१५-१६)। पुरानो करारमा यशैयाद्वारा परमेश्वरले पहिले नै भन्नुभयो, कि कुनै दिन ख्रीष्ट अन्यजातिहरूका ज्योति हुनको निम्ति देखा पर्नुहुनेछ, र उहाँले आफ्नो विश्वासयोग्यतामा न्याय ल्याउनुहुनेछ (यशैया ४२:१-६; लूका २:३२)।

ती कुराहरू पूरा भइसकेका छन्। येशू ख्रीष्ट धार्मिक सेवकको रूपमा यस संसारमा आउनुभयो (यशैया ५३:११) र पापीहरूलाई झुण्ड्याउने क्रूसमा आफ्नो पवित्र अनि बहुमूल्य रगत बगाउनुभएर मुक्तिको कामलाई पूरा गर्नुभयो। त्यसो गर्नुभएर, उहाँले परमेश्वरको धार्मिकतालाई प्रकट गर्नुभयो। आफ्नो प्रेम, दया र अनुग्रहको प्रकटीकरणझैँ गरी परमेश्वरले आफ्नो धार्मिकता प्रदान गर्नुभएरको छ, जुन वास्तवमा मुक्ति हो। तसर्थ, प्रभु येशूको कारणले गर्दा नै हामी परमेश्वरले पहिले नै चुन्नुभएका उहाँका सन्तानहरू परमेश्वरको सामुन्ने धर्मी ठहरिएका छौँ (रोमी ४:२५)। यस प्रकार, ख्रीष्टको सुसमाचारमा परमेश्वरको धार्मिकता प्रकट भएको छ, र विश्वासद्वारा मानिसले उहाँको धार्मिकता र मुक्तिलाई ग्रहण गर्दछ (रोमी १:१६-१७; १०:९-१०)।

त्यसको साथै येशू ख्रीष्ट धार्मिक न्यायाधीस हुनुहुन्छ (भजन ७:११; २ तिमोथी ४:८)। आफ्नो धार्मिकताद्वारा येशूले विश्वासीहरूलाई मुक्ति दिनुहुन्छ (यशैया ४५:२१; ५१:४: जकरिया ९:९), र अविश्वासीहरूमाथि अनन्त दण्ड ल्याउनुहुन्छ (यूहन्ना ५:२९; प्रेरित १७:३१; २ थेसलोनिके १:५-९)। यस प्रकार, पापको विरुद्धमा हुने पवित्र निन्दाले परमेश्वरको धार्मिकतालाई पछ्याउँछ।

परमेश्वर पवित्र हुनुभएकोले गर्दा, हरेक पाप उहाँमा प्रकट भएको छ, र हरेक पापीको न्याय भएको छ (उत्पत्ति २:१७; व्यवस्था ७:९-१३; भजन ५८:११; रोमी १:३२; २:८-९; प्रकाश २०:११-१५)।

परमेश्वरको धार्मिकता मोशाको व्यवस्थाको आयामभन्दा पूर्णरूपमा फरक छ। उहाँको धार्मिकताको आयाम व्यवस्थाभन्दा उच्च, गहिरो र फराकिलो छ। परमेश्वरको व्यवस्थाका कामहरूलाई हेर्नुहुन्न तर मानिसको हृदयभित्र हेर्नुहुन्छ, त्यसैले परमेश्वरको धार्मिक न्यायको नजरबाट कोही पनि लुक्न सक्दैन (भजन ७:९; ११:४-७; यर्मिया ११:२०)।

फरिसीहरूले व्यवस्थाहरू राम्रोसँग पालना गरे तापनि तिनीहरूका हृदयभित्र कुनै धार्मिकता नभएको कुरा येशूले देख्नुभयो; त्यसैले उहाले "तिमीहरूलाई धिक्कार ... " भनी भन्नुभयो (लूका ११:४२)। यसबाहेक, विश्रामको दिनमा येशूले एकजना रोगीलाई निको पार्नुहुँदा, उहाँले शबाथको व्यवस्थाहरूलाई भङ्ग गर्नुभयो भनी यहूदीहरूले एक-आपसमा कानेखुसी गरेकाले, येशूले तिनीहरूलाई भन्नुभयो, "मुख हेरेर होइन, तर ठिक किसिमले इन्साफ गर" (यूहन्ना ७:२४)। त्यसैले व्यवस्था केवल बाहिरबाट देखिने क्रियाकालप हो अनि परमेश्वरको धार्मिकताचाहिँ उक्त व्यवस्थाभित्र गहिराइमा लुकिएको परमेश्वरको चरित्र, विवेक र न्यायजस्ता कुराहरू हुन् भनी यसले सिकाउँछ।

मानिस कहिले पनि परमेश्वरको धार्मिकताको तहमा पुग्न सक्दैन। हामी जहिले पनि परमेश्वरको धार्मिकताको सामुन्ने पापी अवस्थामा रहन्छौँ, र हाम्रो स्व-धार्मिक कामहरूले हामीलाई बचाउन सक्दैन (व्यवस्था ९:४-५; इजकिएल ३३:१२; तीतस ३:५)। तसर्थ, धार्मिक परमेश्वरको सामुन्ने हामीले गर्नसक्ने काम भनेको हामी भ्रष्ट भएका पापीहरू हौँ भनी स्वीकार गरेर, उहाँको दया र अनुग्रह पाउनको निम्ति उहाँलाई बिन्ती चढाउनु हो। हामीले परमेश्वरको यस किसिमको धार्मिकतालाई दिनहुँ स्वीकार गर्दै मनन गर्दछौँ र आफ्नो हृदयको गहिराइदेखि नै उहाँको बारेमा मनन गर्दछौँ भने, परमेश्वरको दया र अनुग्रह हामीमा ओर्लिआउनेछ अनि हामी बिस्तारै सृष्टिको उद्देश्यअनुसार जिउने सिद्ध इसाईहरू हुँदै जान सक्नेछौँ।

यहाँसम्म हामीले परमेश्वरको पहिचानको १२ वटा विशेषताहरूलाई चर्चा गरेका छौँ। तल दिइएको तालिका ३-३ मा परमेश्वरको उक्त १२ वटा विशेषताहरूलाई तीन वर्गमा विभाजन गरी विस्तृतरूपमा राखिएका छन्- अस्तित्वसम्बन्धी तत्वशास्त्रीय खण्ड, सेवकाइको खण्ड र चरित्रको खण्ड। अस्तित्वसम्बन्धी तत्वशास्त्रीय खण्डमा सुरुका चारवटा विशेषताहरू पर्दछन्- परमेश्वरको त्रिएकता, परमेश्वरको स्वयम् अस्तित्व, परमेश्वरको अनन्तता र परमेश्वरको अपरिवर्तनीयता। त्यसैगरी पाँचौँदेखि आठौँमा पर्ने सेवकाइसम्बन्धी चार वटा विशेषताहरू भनेको परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ, परमेश्वर सर्वज्ञानी हुनुहुन्छ, परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ र परमेश्वर सर्वव्यापी हुनुहुन्छ भन्ने कुराहरू पर्दछन्। अनि नवौँदेखि बाह्रौँमा पर्ने चरित्रसम्बन्धी विशेषताहरूचाहिँ यी हुन्: परमेश्वरको प्रेम, परमेश्वरको दया, परमेश्वरको अनुग्रह र परमेश्वरको धार्मिकता।

हामीले माथि चर्चा गरेझैँ, सृष्टिको उद्देश्यअनुसार जिउने जीवन परमेश्वरका यी १२ वटा विशेषताहरूको अध्ययन र बुझाइबाट सुरु हुँदछ। यो संसारमा रहुञ्जेल हामीले यी कुराहरूलाई स्वीकार र मनन गर्दै परमेश्वरको प्रशंसा र महिमा गरिरहनु पर्दछ। यस्ता काम गर्ने इसाईहरूले मूर्तीहरूको सेवा गर्दैनन् तर सृष्टिकर्ता परमेश्वरलाई प्रेम गरी उहाँमा नै भर परिरहन्छन्। त्यसको साथै सांसारिक मूर्तिहरूले कहिले पनि दिन नसक्ने साँचो खुसी र आनन्द तिनीहरूले महसुस गर्दैजानेछन्। उक्त खुसी र आनन्दको निम्ति आफू योग्य भएर होइन तर येशू अनुग्रही परमेश्वर हुनुभएकोले गर्दा ती कुराहरू प्राप्त भएको हो भनी तिनीहरूले बुझ्दैजानेछन्। वास्तवमा त्यो पूर्णरूपमा परमेश्वरको अनुग्रहले गर्दा नै हो। दिनहुँ परमेश्वरको १२ विशेषताहरूमाथि मनन गर्दै पहिलो चरणमा प्रवेश गर्ने इसाईहरू स्वभाविकरूपमा दोस्रो चरणको निम्ति वृद्धि हुँदैजानेछन्।



| परमेश्वरको पहिचान | | बाइबल पदहरू |
|---|---|---|
| **अस्तित्व सम्बन्धी तत्वशास्त्रीय विशेषताहरू** | १. त्रिएक परमेश्वर | मत्ती २८:१९; यूह १७:११,२१-२३; २ कोर १३:१४ |
| | २. स्वअस्तित्वमा रहनुहुने परमेश्वर | प्रस्था ३:१४: यशै २६:१५; ४१:४; ५९:१६ |
| | ३. अनन्त परमेश्वर | नहे ९:५; भजन ९०:२; यशैया ४०:२८; प्रकाश २२:१३ |
| | ४. अपरिवर्तनीय परमेश्वर | भजन १०२:२७; दानि ६:२६; हिब्रू १:१२; १३:८ |
| **सेवकाइ सम्बन्धी विशेषताहरू** | ५. सृष्टिकर्ता परमेश्वर | प्रस्थ २०:११; भजन १०३:१९; यशैया ४५:१२ |
| | ६. सर्वज्ञानी परमेश्वर | भजन १३९:१-८; रोमी ११:३३; हिब्रू ४:१३ |
| | ७. सर्वशक्तिमान् परमेश्वर | उत्प १७:१; अय्यू ४२:२; यशै ९:६; यर्मिया ३२:१७; प्रकाश १५:३; १९:६; २१:२२ |
| | ८. सर्वव्यापी परमेश्वर | उत्प २८:१५; भजन १३९:८-९; यशै ६:३; यर्मि २३:२४; आमो ९:२: मत्ती २८:२० |
| **चरित्र सम्बन्धी विशेषताहरू** | ९. प्रेमिलो परमेश्वर | व्यव ७:६-८; २ कोर १३:११; एफि ५:२; १ यूह ४:१० |
| | १०. दयालु परमेश्वर | २ इति ५:१३-१४; यशै ५५:७; बिला ३:२२-२३; लूका ६:३६ |
| | ११. अनुग्रही परमेश्वर | २ इति ३०:९; भज १४५:१७; मत्ती ५:४५; एफि ३:७-९ |
| | १२. धार्मिक परमेश्वर | व्यव ७:९-१३; यशै ४५:२१: यर्मि ११:२०; रोमी १:१६-१७ |

**तालिका ३-३ : परमेश्वरको पहिचानसम्बन्धी बाह्र वटा विशेषताहरूको सारंश**

# ख. दोस्रो चरण : मानिसले आफ्नो पहिचानलाई बुझ्नु, स्वीकार गर्नु र त्यसमा मनन गर्नु

## The Second Step: Understand, Acknowledge and Meditate on My Identity

सृष्टिको उद्देश्यअनुसार जिउनुको दोस्रो चरण मानिसले आफ्नो पहिचानलाई बुझ्नु, स्वीकार गर्नु र मनन गर्नु हो। मानिसजातिको पहिचानलाई सारंशमा यहाँ निम्नलिखित बाह्र वटा विशेषताहरूमा चर्चा गर्चा गरिनेछ।

(१) आफ्नो सुरुको मूल पापको कारणले मर्न लागेको मरणशील प्राणी (विगतमा)

(२) पूर्ण अनुग्रहद्वारा छानिएको र चुनिएको परमेश्वरको सन्तान

(३) सृष्टिको उद्देश्यअनुसार जिउनैपर्ने प्राणी

(४) तीतोपनको जराहरूको कारण सृष्टिको उद्देश्यअनुसार जिउन नसक्ने प्राणी

(५) हृदयलाई दीन तुल्याएर आशिषित जीवन जिउनैपर्ने प्राणी

(६) परमेश्वर पवित्र आत्माको सहायताको आवश्यक पर्ने प्राणी

(७) वचन अर्थात् येशू ख्रीष्टको शरीर र रगतको आवश्यक पर्ने प्राणी

(८) सिद्ध भएर पवित्र आत्माको नौ वटा फलहरू फलाउनैपर्ने प्राणी

(९) आफ्नो जीवन र मृत्यु तथा उन्नति र विपत्ति परमेश्वरको हातमा छ भनी स्वीकार गर्नैपर्ने प्राणी

(१०) स्वर्गको राज्यको अनन्त जीवनमा आशा राख्ने प्राणी

(११) स्वर्गको राज्यमा इनाम पाउने कुरामा विश्वास गर्ने प्राणी

(१२) अरू सृष्टिहरूलाई सृष्टिको उद्देश्यअनुसार जिउन डोऱ्याउनलाई जिम्मेवारी पाएको प्राणी

आफ्नो पहिचानसम्बन्धी यी चरणहरूलाई बुझ्ने व्यक्तिले 'म सृष्टि गरिएको प्राणी हुँ; म सुरुको मूल पापको कारणले मर्नुपर्ने थियो, तर मलाई अनन्त जीवन दिइएकोले परमेश्वरको सन्तान भएको छु भनेर विश्वास गरी त्यसको निम्ति येशूको अनुग्रहप्रति धन्यवादी हुनुपर्छ भन्ने सत्यतालाई बुझ्दछ, स्वीकार गर्छ र त्यसमा मनन गर्छ। त्यसपछि उसले परमेश्वरलाई धन्यवाद दिन्छ र सृष्टिको उद्देश्यअनुसार जिउन आफूलाई समर्पित गर्दछ। जजसले यी कुराहरूलाई हृदयमा राखी दिनहुँ आफ्नो पहिचानको बारेमा मनन गर्दछ, तिनीहरू परमेश्वरको महिमा गर्ने नम्र र बुद्धिमान् इसाईहरू हुन्।

## १. सुरुको मूल पापको कारणले मर्न लागेको मरणशील प्राणी (विगतमा)

A Mortal Who Was Going to Die Because of the Original Sin (in the past)

हामी त्यत्तिकै संयोगवश सृष्टि गरिएका प्राणीहरू होइनौँ। हामीद्वारा सृष्टिको उद्देश्य पूरा गराउनको निम्ति परमेश्वरले हामी प्रत्येकलाई सृष्टि गर्नुभयो (भजन १३८:८)। आफ्ना आमाको गर्भमा बनिनुभन्दा पहिले नै परमेश्वरले हामी प्रत्येकलाई देख्नुभयो (भजन १३९:१६) र हाम्रो जीवनको योजना बनाउनुभयो। हाम्रा आमा-बुबा को हुने हो, हाम्रो डि.एन.ए. (D.N.A.) कस्तो ढाँचाको हुने हो, हाम्रो जन्म कहाँ हुनु पर्नेछ र हामी कहाँ बसोबास गर्नेछौँ अनि हाम्रो आयु कति लामो हुनेछ भन्ने कुराहरूको सम्पूर्ण योजना परमेश्वरसँग पहिल्यै थियो (प्रेरित १७:२६)।

मानिसलाई परमेश्वरले नै बनाउनुभयो अनि उहाँले मानवजातिको वास्ता गर्नुहुन्छ (यशैया ४४:२)। यस संसारमा जन्मिने हरेकसँग सृष्टिको योजना र उद्देश्य पूरा गरेर बस्ने अनुमति छ किनभने परमेश्वरले कुनै तोक व्यर्थमा सृष्टि गर्नुहुन्न (यशैया ४५:१८) अनि उहाँले कहिल्यै भूल-गल्ती गर्नुहुन्न।

आदमले गरेको सुरुको मूल पापको कारणले गर्दा, हामीहरू प्रत्येक अनन्तको निम्ति दोषी ठहरियौँ, र त्यसपछि हामी परमेश्वरको सृष्टिको उद्देश्यअनुसार जिउन सक्षम भएनौँ (उत्पत्ति ३:१-६)। शैतानको परीक्षामा परेर एक जना व्यक्ति आदमले पाप गरेका हुनाले त्यसको परिणामस्वरूप पाप संसारमा आयो। त्यसपछि उद्धारा सारा मानवजगत पापमा पतन भयो (रोमी ३:२३; ५:१२)। पापको ज्याला मृत्यु भएकोले गर्दा, हामीलगायत सबै मानवजातिले अनन्त जीवन गुमाएर मरणशील प्राणी हुनुपर्‍यो (रोमी ६:२३)। यसलाई अर्को शब्दमा भन्ने हो भने सुरुका मानिसहरू परमेश्वरको सन्तान थिए र तिनीहरूसँग अनन्त जीवन थियो (उत्पत्ति १:२६-२७; २:७), तर उक्त पापको कारणले गर्दा तिनीहरूको सुरुको वैधानिक अवस्था परिवर्तन भएर शैतानको सन्तान भए (प्रेरित १३:१०)।

त्यसको परिणामस्वरूप शैतानको फोहर र दुष्ट चरित्र मानिसको स्वभावमा सर्‍यो, र मानिसले अनन्त जीवनबाट बञ्चित भएर अनन्त मृत्युको दण्डाज्ञा पायो। यो मृत्यु केवल शारीरिक मृत्यु होइन (रोमी ६:२३) - यसले अन्तिम न्यायपछि हुने अनन्त मृत्युलाई बुझाउँछ (हिब्रू ९:२७; प्रकाश २०:११-१२), जसको मतलब मानिसको आत्मा र प्राणलाई बलिरहेको गन्धकको आगोको भट्टीमा सदाको लागि फालिनेछ भन्ने हो (प्रकाश २०:१४; २१:८)।

मानिससँग जन्मभन्दा अघिदेखि उक्त सुरुको मूल पाप हुन्छ भनी बाइबलले सिकाउँछ। त्यस्ता मानिसहरूप्रति लक्षित गरेर येशूले भन्नुभयो, "तिमीहरू आफ्नो पिता दियाबलसका हौ, र तिमीहरूका पिताको इच्छा पूरा गर्ने तिमीहरूको सङ्कल्प छ। त्यो त सुरुदेखि नै हत्यारा थियो, र सत्यसँग त्यसलाई केही वास्ता छैन। किनभने त्यसमा केही सत्य छैन" (यूहन्ना ८:४४)। त्यसैगरी पावलले पुरानो करारको खण्ड उद्धृत गर्दै भने, "धर्मी कोही छैन, एक जना पनि छैन" (रोमी ३:१०), "तिनीहरूका मुख सराप र तीता कुराले भरिएका छन्" (रोमी ३:१४), "तिनीहरूका आँखाको सामने परमेश्वरको भय छैन" (भजन ३६:१; रोमी ३:१८)।

यस विषयलाई पुरानो करारमा हेर्ने हो भने परमेश्वरका सेवकहरूले मानिसहरू पापी हुन् भनेका छन्। दाऊदले यसरी स्वीकार गरे, "साँच्चै, म जन्मँदा नै पापी थिएँ, र मेरी आमाले मलाई गर्भधारण गरेदेखि नै म पापी थिएँ" (भजन ५१:५), "सब मानिसहरू भड्किगएका छन्, तिनीहरू सबै एकसाथ भ्रष्ट भएका छन्। कसैले असल गर्दैन, असल गर्ने एक जना पनि छैन" (भजन ५३:३; १४३:२)। त्यसैगरी मोशाले यसरी लेखे, "पृथ्वीमा मानिसहरूको दुष्टता बढ़ी भएको र तिनीहरूका हृदयका विचारको जुनसुकै पनि भावना निरन्तर खराबै मात्र भएको परमप्रभुले" (उत्पत्ति ६:५)। त्यसैगरी "तिनीहरूका खुट्टा पापको कामतिर दौड़न्छन्, र तिनीहरू निर्दोषको रगत बगाउन हतार गर्छन्। तिनीहरूका विचार अधर्मका विचार हुन्" भनी यशैयाले भने (यशैया ५९:७)। परमेश्वरको अनुग्रहद्वारा अनन्त जीवन प्राप्त गरेका हुनाले तिनीहरूले आफ्नो विगतको पापपूर्ण स्वभाव स्वीकार गर्दै परमेश्वरलाई धन्यवाद दिँदै उहाँको महिमा गरे।

आफ्नो पहिचानलाई बुझ्नु र मनन गर्नुको पहिलो चरण भनेको हाम्रो विगतको साँचो स्वभावलाई स्मरण गर्नु हो। सुरुको मूल पापको कारण हामी सृष्टिको उद्देश्यअनुसार जिउन नसकेको अनि विगतमा परमेश्वरलाई प्रसन्न पार्न नसकेको तथ्यलाई हामीले मानिलिएर दिनहुँ त्यसलाई स्वीकार गर्नुपर्दछ। त्यसो गर्ने इसाईहरूले नै सृष्टिकर्ता परमेश्वरको महिमा गर्दछन्; र वास्तवमा तिनीहरू नै सृष्टिको उद्देश्यअनुसार जिउने परमेश्वरका सन्तानहरू हुन्।

## २. पूर्ण अनुग्रहद्वारा छानिएको र चुनिएको परमेश्वरको सन्तान

A Child of God Who Was Chosen and Elected by the Total Grace

हामी सबै मर्नको निम्ति निर्धारित भएका मरणशील प्राणीहरू हौँ र हामी सृष्टिको उद्देश्य पूरा गर्न असक्षम छौँ भनी हामीले माथि चर्चा गर्‍यौँ। विगतमा हामी दुष्टका

सन्तानहरू थियौँ। तर परमेश्वरले मानवजगतप्रति उहाँको प्रेम प्रदर्शन गर्नुभयो र बचाइनको निम्ति पहिले नै पूर्वनिर्धारित भएकाहरूलाई उहाँले परमेश्वरको सन्तान हुने सुअवसर प्रदान गर्नुभयो ताकि तिनीहरूले सृष्टिको उद्देश्य पूरा गरी परमेश्वरलाई प्रसन्न पार्न सकून्। त्यसको निम्ति त्रिएक परमेश्वरको दोस्रो व्यक्ति, येशू जो परमेश्वर पुत्र हुनुहुन्छ, उहाँ व्यक्तिगतरूपमा मानव शरीर लिएर यस संसारमा आउनुभयो (मत्ती १:२१-२३), र उहाँले क्रूसमा हाम्रा पापहरूको निम्ति पश्चाताप गर्नुभयो (यशैया ५३:१२)। यस सत्यतालाई विश्वास गर्नेबित्तिकै हामी परमेश्वरका सन्तान हुन्छौँ। त्यसपछि हामी नास हुँदैनौँ तर मुक्ति पाएर अनन्त जीवनमा प्रवेश गर्दछौँ (यूहन्ना ३:१६; ५:२४; रोमी ६:२३; ८:२)।

येशूले मृत्युलाई नष्ट गर्नुभएको छ र उहाँले सुसमाचारद्वारा जीवन र अमरत्वलाई ज्योतिमा ल्याउनुभएको छ (यशैया २५:८; २ तिमोथी १:१०)। एक जना मानिसको (आदमको) पापको कारणले गर्दा हामी मृत्युको दोषी ठहरिएका थियौँ तर येशू ख्रीष्टको अनुग्रहद्वारा हामीले अनन्त जीवन प्राप्त गरी सृष्टिको उद्देश्य पूरा गर्ने अभियानमा सहभागी हुन पाएका छौँ (रोमी ५:१५; १ कोरिन्थी १५:२२)। आफ्नै कामद्वारा हामी पाप र मृत्युबाट स्वतन्त्र भई परमेश्वरका सन्तान भएका होइनौँ।। वास्तवमा भन्ने हो भने हाम्रा असल कामहरू फोहोर झुत्राहरूजस्तै भएकाले (यशैया ६४:६) कामहरूद्वारा हामीले मुक्ति प्राप्त गर्न सक्दैनौँ।

मुक्ति पूर्णरूपमा परमेश्वरको अनुग्रहद्वारा दिइन्छ (एफिसी २:८-९)। यो परमेश्वरको इच्छाद्वारा हुन्छ, जुन हामी जन्मनुभन्दा पहिले नै योजना बनाइएको थियो (यूहन्ना १७:१२; १ कोरिन्थी २:७)। हामी परमेश्वरको सन्तान हुनको निम्ति पहिले नै चुनिएका र नियुक्त भइसकेका थियौँ (भजन १३९:१६; यर्मिया १:५; प्रेरित ९:१५; रोमी ८:२९; गलाती १:१५; १ पत्रुस १:२), अनि जजसलाई उहाँले नियुक्त गर्नुभयो, तिनीहरूलाई उहाँले धर्मी ठहऱ्याएर महिमित पनि तुल्याउनुभयो (रोमी ८:३०)।

बचाइनको निम्ति नियुक्त भएका मानिसहरू थोरै छन् भनी बाइबले सिकाउँछ (रोमी ९:२७; प्रकाश २०:१२)। त्यसकारण, यो सानो समूहमा परेकाहरूले आफ्नो हृदयको गहिराइमा दिनहुँ यो कुरा स्वीकार गररे मनन गर्नुपर्दछ, कि परमेश्वरको अनुग्रहद्वारा

हामीले अनन्त जीवन प्राप्त गरेका छौँ र हामी सृष्टिको उद्देश्यअनुसार जिउनु पर्दछ। त्यसको साथै सृष्टिको उद्देश्यअनुसार हामीमाथि अनुग्रह प्रदान गर्नुहुने परमेश्वरलाई हामी धन्यवाद दिन्छौँ भने हामीले परमेश्वरको प्रेमलाई अनुभव गर्नेछौँ र हामीले आफ्नो हृदयमा ईश्वरीय आनन्द र साँचो खुसी पनि अनुभव गर्नेछौँ, जुन हाम्रो सबै मानवीय बुझाइभन्दा श्रेष्ठ छ।

## ३. सृष्टिको उद्देश्यअनुसार जिउनैपर्ने प्राणी

A Being Who Must Live according to the Purpose of Creation

परमेश्वरको अनुग्रहद्वारा मुक्ति पाएका हुनाले हामी सृष्टिको उद्देश्यअनुसार जिउनैपर्छ। परमेश्वरले हामीलाई उहाँको प्रशंसाको निम्ति सृष्टि गर्नुभएकोले गर्दा (यशैया ४३:६-७,२१), सृष्टिको उद्देश्यअनुसार जिएर मात्र हामीले उहाँलाई प्रसन्न तुल्याउन सक्छौँ (उत्पत्ति ६:८; भजन १४७:११; लूका २:१४; एफिसी ५:१०; हिब्रू ११:६)। ब्रह्माण्ड र पृथ्वीमा भएका सबै थोकहरू परमेश्वरले सृष्टि गर्नुभयो: त्यसको मतलब जमिनमुनिको अतलकुण्डमा भएका सबै थोकदेखि लिएर तेस्रो स्वर्गमा भएका सबै थोक उहाँले नै बनाउनुभयो। ती सबै कुराहरूद्वारा परमेश्वरले प्रशंसा लिनुहुन्छ (रोमी ९:५; कलस्सी १:१६)। परमेश्वरको सृष्टिमध्ये हामी सानो प्राणीलाई अति विशाल परमेश्वरको प्रशंसा गर्ने अनुमति दिइएको सत्यताको बारेमा हामीले गहिरोरूपमा मनन गर्छौं भने परमेश्वरलाई धन्यवाद नदिई बस्नै सक्दैनौँ।

परमेश्वरको सन्तान भएकोले गर्दा, हामीले उहाँले दिनुभएको दश आज्ञाहरू (The Great Commandments) र महान् आदेश (The Great Commission) पालना गर्नैपर्छ। दश आज्ञाहरूमा उल्लेखित महत्वपूर्ण ठाडो आज्ञा हामीले पालना गर्नै पर्छ (व्यवस्था ६:५; मत्ती २२:३७-३८; मर्कूस १२:३०; लूका १०:२७); र त्यसको अर्थ हामीले आफ्नो सारा हृदयले, सारा प्राणले, सारा समझले र सारा शक्तिले परमेश्वरलाई प्रेम गर्नु हो। त्यसको साथै हामीले सबैभन्दा दोस्रो ठूलो आज्ञा पनि पालना गर्नु पर्छ,

जसलाई तेर्सो आज्ञा (Horizontal Commandment) भनिन्छ (मत्ती २२:३९; यूहन्ना १३:३४-३५); र यसको अर्थ हामीले परमेश्वरका सन्तानहरूका माझमा प्रेमिलो सम्बन्ध निर्माण गर्नु हो।

परमेश्वरले दिनुभएको ठाडो आज्ञा (परमेश्वरलाई प्रेम गर्नु) र तेर्सो आज्ञा (छिमेकीलाई प्रेम गर्नु) केही मात्रामा पालना गरेपछि, हामीले येशू ख्रीष्टको महान् आदेश पालन गर्नैपर्छ (मत्ती २८:१९-२०; प्रेरित १:८)। विश्वासयोग्य सेवकहरू भएर हामीले सुसमाचार नपुगेका मानिसहरूका समूहहरूमा गएर परमेश्वरको प्रेम तिनीहरूलाई प्रदान गर्नैपर्छ (मत्ती २४:४५; २५:२१-२३), त्यहाँ भएका आत्मिकरूपमा भोकाएका, तिर्खाएका, भौंतारिरहेका, अपरिष्कृत, बिरामी, दासत्व र बन्धनमा परेका मानिसहरूलाई सुसमाचार प्रचार गर्नैपर्छ (मत्ती २५:३४-४०)। यो हाम्रा परमेश्वर येशूले आफ्ना सन्तानहरूलाई दिनुभएको प्रत्यक्ष आज्ञा हो। त्यसकारण, यो आज्ञालाई पालना गर्ने इसाईहरूले सृष्टिको उद्देश्यअनुसार जिएर परमेश्वरलाई प्रसन्न पार्दछन्। त्यस्ता इसाईहरूको जीवनमा साँचो खुसी र आनन्दले बास गरेको हुन्छ।

## ४. तीतोपनको जराहरूको कारण सृष्टिको उद्देश्यअनुसार जिउन नसक्ने प्राणी

A Being Who Cannot Live according to the Purpose of Creation because of the Bitter Roots

हाम्रो हृदय डाह, घृणा, लोभ, छल, निन्दा, अविश्वास, धोखा, वैरभाव, रिस, चिन्ता, फिक्री, हठीपना, अहमपना, तुच्छ भावना, मूर्तिपूजा र यस्तै अन्य तीतोपनको जराहरूले भरिएको छ भने (हिब्रू १२:१५) हामी सृष्टिको उद्देश्यअनुसार जिउने परमेश्वरका सन्तान हुन सक्दैनौँ। त्यस्ता तीतोपनको जराहरूले गर्दा हामीले परमेश्वरको अनुग्रह अनुभव गर्न सक्दैनौँ। त्यसको साथै आफूमा भएको तीतोपनको जराहरूको कारण हाम्रो वरिपरि भएका मानिसहरूलाई पनि चोट पुऱ्याउँछौँ।

सबै किसिमका दुष्ट कुराहरू मानिसको हृदयबाट निस्कन्छ र त्यसले हामीलाई अशुद्ध बनाउँछ भनी येशूले चेताउनी दिनुभयो। मानिसको हृदयबाट निस्कने दुष्ट विचारहरू भनेको यौन अनैतिकता, चोरी, हत्या, व्यभिचार, लोभ, वैरभाव, द्वेषभाव, छल, कपट, कामुकता, डाहा, निन्दा, घमण्ड र मूर्खताजस्ता कुराहरू हुन्। भित्रबाट आउने यस्ता दुष्ट विचारहरूले मानिसलाई अशुद्ध तुल्याउँछ (मर्कूस ७:२०-२३)। पुरानो करारमा यर्मिया अगमवक्ताले यसरी स्वीकार गरेका छन्, "मानिसको हृदय सबै कुराभन्दा छली हुन्छ, र त्यसलाई निको पार्न सकिँदैन" (यर्मिया १७:९)।

मानिसको हृदयबाट निस्कने दुष्ट विचारहरूले हाम्रो आत्मिक आँखालाई अन्धो र आत्मिक कानलाई बहिरो बनाउँछ। त्यसो भयो भने हामीले सृष्टिको उद्देश्यलाई बुझ्न सक्दैनौँ र त्यसको नतिजास्वरूप परमेश्वरको महिमा गर्ने जीवन जिउन सक्दैनौँ। आफूले स्थापना गरेका मण्डलीहरूमा झैझगडा, घृणा, द्वन्द्व र विवादजस्ता खराब कुराहरू भएको प्रेरित पावलले देखे। शैतानका त्यस्ता स्वभावहरूप्रति सचेत रहनको निम्ति तिनले धेरैपटक पत्रहरूद्वारा ती मण्डलीहरूलाई उत्साह र चेताउनी दिए (१ कोरिन्थी ६:७-११; गलाती ५:१७-२१; एफिसी ४:२५-५:७)। "शैतानको स्वभाव भएका मानिसहरू परमेश्वरको राज्यको हकदार हुँदैनन्" भनी तिनले लेखे (१ कोरिन्थी ६:९; गलाती ५:२१; एफिसी ५:५)। पापपूर्ण स्वभावलाई त्यसको आवेग र अभिलाषासहित क्रूसमा टाँगेर नौ वटा आत्मिक फलहरू फलाए मात्रै परमेश्वरको राज्यको उत्तराधिकारी हुन सकिन्छ।

उत्तराधिकार परिपक्व सन्तानको लागि मात्र हो। परमेश्वरको राज्यको उत्तराधिकार पाउनेहरू आत्मिकरूपमा परिपक्व भएका हुन्छन्, र तिनीहरू आत्मिक पुत्रत्व (spiritual sonhood) अथवा आत्मिक पितृत्व (spiritual fatherhood) को अवस्थामा पुगेका हुन्छन्। त्यस्ता मानिसहरूलाई परमेश्वरको राज्यमा अगुवाको पदहरू प्रदान गरिनेछ भनी बाइबलले प्रतिज्ञा गर्दछ। उक्त राज्यमा अगुवाहरू हुनको लागि हामी तीतोपनको जराहरूबाट अलग हुनैपर्छ। अहिले नै हामी ती कुराहरूबाट पूर्णरूपमा मुक्त हुन नसके तापनि त्यस्ता कुराहरूलाई हटाउन निरन्तर प्रयास गरिरहनु पर्दछ।

आफ्नै शक्तिमा हामीले त्यस्ता तीतोपनका जराहरू सक्दैनौँ; त्यसको निम्ति हामीलाई पूर्णरूपमा परमेश्वरको सहायता चाहिन्छ। परमेश्वरको सहायता माग्न आफूलाई नम्र तुल्याउने इसाईहरू नै सृष्टिको उद्देश्यअनुसार जिउने मानिसहरू हुन्। तिनीहरूले परमेश्वरलाई प्रसन्न तुल्याई साँचो खुसी र आनन्द प्राप्त गर्ने छोटो बाटो अपनाएका हुन्छन्।

## ५. हृदयलाई दीन बनाएर आशिषित जीवन जिउनैपर्ने प्राणी

A Being Who Must Become Poor in Heart and
Live the Life of Beatitudes

यो पाँचौँ चरणमा पुग्ने मानिसहरूले हृदयलाई गरिब अथवा दीन तुल्याएर परमेश्वरको सामु आफूलाई नम्र पार्दछन्। हृदयमा गरिब हुनु भनेको आशिषित हुने चरणको सुरुको बिन्दु हो (मत्ती ५:३)। यो तहमा पुग्नु भनेको येशूको चरित्रले होइन तर विभिन्न किसिमका तीतोपनका जराहरूले आफ्नो हृदय भरिएको छ भनी महसुस गर्नु हो। त्यसको मतलब हाम्रो हृदयमा येशूको कुनै चरित्र नभएकोले साँच्चै हामी आत्मिकरूपमा गरिब हुनु हो।

यो कुरालाई महसुस र मनन गर्ने व्यक्ति नम्र भइसकेको हुन्छ र अहिले पृथ्वीमा हुँदा नै ऊ परमेश्वरको राज्यमा प्रवेश गरिसकेको हुन्छ। अर्को शब्दमा भन्ने हो भने यद्यपि उसको बाहिरी वातावरण परमेश्वरको राज्यजस्तो नभए तापनि, उसको आन्तरिक मनुष्यत्व (रोमी ७:२२; २ कोरिन्थी ४:१६; एफिसी ३:१६) वर्तमान समयमा नै स्वर्गको राज्यको जीवनमा आनन्दित हुने भाँडोको रूपमा तयार भइसकेको हुन्छ। त्यसपछि उक्त भाँडो शुद्ध हुने प्रक्रिया बिस्तारै सुरु हुन थाल्दछ।

हृदयमा गरिब हुने व्यक्तिले आफ्नो हृदयमा भएका तीतोपनका जराहरूको निम्ति शोक गर्छ (मत्ती ५:४)। बाइबलमा भएका त्यस्ता व्यक्तिहरूमध्ये दाऊद विशेष उदाहरण हुन्। तिनले यसरी स्वीकार गरे, "तोडिएको आत्मा नै परमेश्वरको निम्ति

बलिदान हो। हे परमेश्वर, तोडिएको र पश्चात्तापी हृदयलाई तपाईं तिरस्कार गर्नुहुन्न" (भजन ५१:१७), "चूर्ण हृदय भएकाहरू सबैका नजिक परमप्रभु हुनुहुन्छ, र निराश भएकाहरूलाई उहाँले बचाउनुहुन्छ" (भजन ३४:१८)।

हामी शोक गर्ने मानिसहरू हुँदा, परमेश्वरको सान्त्वना हामीमाथि आउँदछ। यशैयाद्वारा परमेश्वरले भन्नुभयो, "म उच्च र पवित्र ठाउँमा बस्दछु, विनम्रको आत्मा जागृत गराउन र पश्चात्तापीको हृदय जागृत गराउन, त्यससँग पनि बस्दछु जो आत्मामा पश्चात्तापी र विनम्र छ" (यशैया ५७:१५)। परमेश्वरको सान्त्वना हामीमाथि आएपछि हामी बिस्तारै नम्र हुने चरणमा अघि बढ्दैजान्छौँ (मत्ती ५:५)।

भद्र, कोमल र नम्रजस्ता शब्दहरू पहिले मालिकले राम्रोसँग तालिम दिएर हुर्काएको आज्ञाकारी घरपालुवा पशुको निम्ति प्रयोग हुने उपमा थिए। अहिले आफ्नो मालिकप्रति इमान्दार र आज्ञाकारी हुने अनुशासित मानिसलाई नम्र व्यक्ति भनिन्छ। आफ्नो जीवनमा अस्सी वर्ष तालिमबाट भएर गएका मोशालाई परमेश्वरले पृथ्वीको सबैभन्दा नम्र व्यक्ति भन्नुभयो (गन्ती १२:३)। मोशाले सधैँ यहोवा परमेश्वरको (येशूको) वचनलाई होसियारीसाथ सुनेर उहाँप्रति आज्ञाकारी भए।

नम्र व्यक्तिहरू येशूको वचनको निम्ति भोकाउँछन् र पवित्र आत्माको अभिषेकको निम्ति तिर्खाउँछन् (मत्ती ५:६)। त्यसैले तिनीहरूले उपहारस्वरूप येशूको हृदय प्राप्त गर्दछन्, जुन दयालु, शुद्ध र मेलमिलाप गराउने हृदय हो। त्यसको साथै तिनीहरूसँग खुसीसाथ सतावट भोग्ने साहस पनि हुनेछ (मत्ती ५:७-१२)। त्यस्ता इसाईहरू धन्यका हुन् भनी येशूले भन्नुभयो (मत्ती ५:१-१२)। त्यस्ता आशिषित इसाईहरू सृष्टिको उद्देश्यअनुसार जिउँछन् र परमेश्वरको महिमामा सहभागी हुनेछन्। यस पुस्तकको सबै पाठकहरूले सृष्टिको उद्देश्यअनुसार जिएर परमेश्वरलाई प्रसन्न तुल्याउँदै जिउन सकून् र तिनीहरू परमेश्वरले दिनुहुने साँचो खुसीमा आनन्दित हुने आशिषित इसाईहरू हुन सकून् भनी लेखकले प्रार्थना गर्दछु।

## ६. परमेश्वर पवित्र आत्माको सहायताको आवश्यक पर्ने प्राणी

A Being Who Needs the Help of God the Holy Spirit

हामी आफ्नै शक्तिद्वारा डाँडाको उपदेशमा उल्लेखित आशिषित सन्देशहरूको प्रक्रियाद्वारा येशूजस्तै हुनको निम्ति वृद्धि हुन सक्दैनौँ। हामी पूर्णरूपमा भ्रष्ट, कमजोर, शक्तिहीन, परिवर्तन भइरहने, अस्थायी र सीमित प्राणीहरू हौँ (यशैया ६४:६; रोमी ३:२३; ७:२४)। त्यसकारण, हामी आफै येशूको स्वरूप धारण गरी धार्मिक बन्न सक्दैनौँ। येशूजस्तै हुन सिद्ध हुँदै जानको निम्ति हामीलाई पवित्र आत्माको अभिषेक आवश्यक्ता पर्दछ (यशैया ६१:१; २ कोरिन्थी १:२१; १ यूहन्ना २:२०,२७)।

त्यसको निम्ति 'हागियोन पन्युमा' (Hagion Pneuma) पवित्र आत्माले आन्तरिकरूपमा हामीलाई सहायता गर्नुहुन्छ (यूहन्ना ७:३८-३९; २०:२२); र 'पाराक्लेटोस' (Paracletos) पवित्र आत्माले बाहिरीरूपमा हामीलाई अभिषेक गर्नुहुन्छ (यूहन्ना १४:१६,२६; १५:२६; १६:७; प्रेरित १:५)। वास्तवमा यी दुई नाउँहरू एउटै पवित्र आत्माको नाउँ हो। पवित्र आत्माको प्रत्येक नाउँले उहाँको सेवकाइको स्थान, अवस्था र भूमिकालाई सङ्केत गर्दछ। परमेश्वर पवित्र आत्मा सर्वव्यापी हुनुभएकोले उहाँ हरेक ठाउँमा उपस्थित हुनुहुन्छ (यशैया ६:३; ४३:२; यर्मिया २३:२४)।

'हागियोन पन्युमा' भन्ने नाउँले हामीमा मुक्तिको कामलाई पूरा गर्नुहुने पवित्र आत्मालाई बुझाउँछ। उहाँले हाम्रो हृदयमा भएका कमजोरीहरू र तीतोपनका जराहरूलाई देख्नुहुन्छ, अनि 'शब्दहरूमा व्यक्त गर्न नसकिने सुस्केरामा' उहाँले हाम्रो निम्ति अन्तरबिन्ती गर्नुहुन्छ (रोमी ८:२६)। उहाँ जिउँदो पानीको रूपमा हामीमा वास गर्नु भई (यूहन्ना ७:३८-३९), हाम्रो हृदयभित्र भएको तीतोपनका जराहरू हटाउनको निम्ति हामीलाई धुनुहुन्छ।

अर्को कुराचाहिँ 'पाराक्लेटोस' भन्ने नाउँले हामीभन्दा बाहिर रहेर हामीसँग हिँड्नुहुने हाम्रो सहयोगी, सल्लाकार, सान्त्वनादाता र शिक्षक हुनुहुने पवित्र आत्मालाई बुझाउँछ। तर हामीले व्यक्तिगतरूपमा निमन्त्रणा गरेपछि मात्र उहाँ हामीमा

आउनुहुन्छ। त्यसैले हामीले उहाँसँग व्यक्तिगत सम्बन्ध निर्माण गरी दिनहुँ उहाँलाई स्वागत गर्नुपर्छ। हामीले निमन्त्रणा गरेपछि सहायता गर्नुहुने पवित्र आत्मा आगोको रूपमा (प्रेरित २:३), बतासको रूपमा (प्रेरित २:२), ढुकुरको रूपमा (मत्ती ३:१६; मर्कूस १:१०) र ज्योतिको रूपमा (प्रेरित ९:३) आउनुहुन्छ। अनि उहाले हामीमा भएका तीतोपनका जराहरूलाई जलाएर उडाइदिनुभएर हामीलाई धुनुहुन्छ (होशे ६:३)।

उक्त प्रक्रियालाई 'पवित्र आत्माको बप्तिस्मा' (प्रेरित १:५), 'पवित्र आत्माद्वारा भरिनु' (प्रेरित २:४), अथवा 'पवित्र आत्माको अभिषेक' (यशैया ६१:१; २ कोरिन्थी १:२१; १ यूहन्ना २:२०,२७) भनेर व्याख्या गरिन्छ। उक्त प्रकियालाई हामीले अनुभव गरेपछि हामी आत्मिकरूपमा वृद्धि हुन सक्छौँ अनि बिस्तारै हाम्रो चरित्र र व्यक्तित्व प्रभु येशूको जस्तै हुँदै जानेछ। उक्त अनुभवमा आधारित भएर हामीले परमेश्वरले दिनुभएको दश आज्ञाहरू र महान् आदेशलाई पनि पालना गर्न सक्नेछौँ। त्यसकारण, हामीले आफूलाई नम्र तुल्याएर पवित्र आत्माको अभिषेक माग्नुपर्छ र साथै हामीले पवित्र आत्मासँग सङ्गति पनि गर्नुपर्छ। त्यस्तो काम गर्ने इसाईहरू नै वास्तवमा सृष्टिको उद्देश्यअनुसार जिउन बिस्तारै अघि बढ्दैजान्छन्। तिनीहरूले नै सान्त्वना पाएर साँचो खुसीको स्वाद चाख्नेछन् र पवित्र आत्माबाट आउने साँचो शान्ति अनुभव गर्नेछन्।

## ७. वचन अर्थात् येशू ख्रीष्टको शरीर र रगतको आवश्यक पर्ने प्राणी

A Being Who Needs the Word, That is, the Flesh and Blood of Jesus Christ

पवित्र आत्माको सहायता पाउँदा हामीले आफूमा भएका तीतोपनका जराहरूलाई हटाउनुपर्छ र त्यसको साथै हामीले शुद्ध आत्मिक खाना खानुपर्छ। आत्मिक खाना भनेको परमेश्वरको वचन हो, र यो वचनचाहिँ स्ययम् येशू हुनुहुन्छ (यूहन्ना १:१)।

त्यसैले येशूले आफू स्वर्गबाट ओर्लिआएको जिउँदो रोटी, जीवनको रोटी र साँचो पिउने कुरा हो भनी भन्नुभयो। उहाँले भन्नुभयो, कि मानिसको पुत्रको शरीर नखाएसम्म र उहाँको रगत नपिएसम्म, हामीमा जीवन हुनेछैन" (यूहन्ना ६:३२-५९)। त्यसकारण, वचन अर्थात् स्ययम् येशूलाई नखाएसम्म हामी कहिल्यै परमेश्‍वरको सन्तान भएर जिउन सक्दैनौँ (यशैया ४१:१७)।

परमेश्‍वरको वचनको दुई मुख्य कामहरू छन्। पहिलो, वचनले तरवारको काम गर्दछ। "किनकि परमेश्‍वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुईधारे तरवारभन्दा बढ़ी धारिलो हुन्छ। यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाड़को गुदीसम्मलाई भाग-भाग पारुञ्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ" (हिब्रू ४:१२)। यसलाई अर्को शब्दमा भन्ने हो भने परमेश्‍वरको वचन हाम्रो हृदयमा आउनुभएर त्यहाँ भएका तीतोपनका जराहरूलाई तरवारले झैँ गरी काट्नुहुन्छ (एफिसी ६:१७; प्रकाश १९:१५)।

शैतानको स्वभावहरू हाम्रो हृदयको जतिसुकै गहिरो भागमा बसिरहेको भए तापनि, त्यसले वचन अर्थात् परमेश्‍वरको तरवारलाई हटाउन सक्दैन। त्यसकारण, पवित्र आत्माको अभिषेक पाएपछि पनि हटाउन नसकिएका हाम्रो हृदयको भित्र गहिरामा लुकेर बसेका तीतोपनका जराहरूलाई उखलेर पूर्णरूपमा हटाउनको लागि हामीले वचनरूपी तरवारलाई खानै पर्छ। यो वचन खाने भनेको परमेश्‍वरको वचन मनन गर्नु नै हो। मनन गर्नु भनेको परमेश्‍वरको वचनलाई हाम्रो हृदयको गहिराइमा पुऱ्याएर दोहोऱ्याउने, विचार गर्ने, बुझ्ने र त्यसप्रति आज्ञाकारी हुन चाहनु हो (भजन १:२; ७७:१२: ११९:९७)। त्यसरी मननद्वारा हाम्रो हृदयको गहिरो भागमा आउने वचनरूपी तरवार यति शक्तिशाली हतियार हो, कि यसले तीतोपनका जराहरूलाई काटेर सजिलै हटाइदिन्छ।

दोस्रो कुरा के हो भने परमेश्‍वरको वचनले आत्मिक खानाको काम पनि गर्दछ। वचन हामीभित्र आएपछि यस्तो पोषक तत्व बन्दछ, कि त्यसले हाम्रो हृदय र आत्मालाई मजबुत पार्ने र वृद्धि गराउने काम गर्दछ (१ कोरिन्थी २:११)। त्यसैले दाऊदले,

"तपाईंका वचनहरू मेरो जिब्रोमा अति स्वादिष्ठ छन्, महभन्दा पनि मेरो मुखमा ती बढ़ी मीठा छन्" भनेका छन् (भजन १९:९-१०; ११९:१०३)। "परमेश्वरको वचन खानु" भन्ने वाक्यांशलाई यर्मिया र इजकिएलले पनि प्रयोग गरेका छन् (यर्मिया १५:१६; इजकिएल २:८-९; ३:३)। यदि हामीले परमेश्वरको वचन सुन्दैनौँ भने हामी भोका र प्यासा हुनेछौँ भनी अगमवक्ता आमोसले भनेका छन् (आमोस ८:११)। पावलले येशूलाई आत्मिक खाना र आत्मिक पानीको रूपमा अभिव्यक्त गरेका छन् (१ कोरिन्थी १०:३-४)। यस बाइबल खण्डमा पावलको भनाइअनुसार इस्राएलीहरूले उजाडस्थानमा खाएको मन्न र चट्टानबाट निस्केको पानी स्वयम् येशू नै हुनुहुन्थ्यो।

हामी सबैलाई आत्मिक खानाको आवश्यक पर्दछ। आफू मात्र साँचो खाने कुरा र साँचो जीवनको रोटी हुँ भनी येशूले भन्नुभयो (यूहन्ना ६:३१-५८)। यदि हामीले पर्याप्त मात्रामा आत्मिक खाना खाएनौँ अर्थात् हामीले अशुद्ध खाना खायौँ भने हाम्रो हृदय र आत्मा बिरामी हुने जोखिम हुन्छ। त्यसकारण, हामीले गम्भीर भएर परमेश्वरसँग स्वस्थ आत्मिक खाना माग्नुपर्छ, जसमा येशू मात्र भएको होस्। त्यसो गर्ने व्यक्तिहरू अरू कोही नभएर परमेश्वरको असीमित प्रेम र वास्तामुनि रहेर सृष्टिको उद्देश्यअनुसार साँचोरूपमा जिउने इसाईहरू नै हुन्।

## ८. सिद्ध भएर पवित्र आत्माको नौ वटा फलहरू फलाउनैपर्ने प्राणी

### A Being Who Must Be Sanctified, and Bear the Nine Fruits of the Holy Spirit

पवित्र आत्माको अभिषेक र परमेश्वरको वचन मननद्वारा हामी बिस्तारै सिद्ध हुँदैजान्छौँ। सिद्ध हुनु भनेको हाम्रो हृदयको गहिराइमा लुकेर बसेका तीतोपनका जराहरू हट्दैजानु र त्यस ठाउँलाई येशूको चरित्रले प्रतिस्थापन गर्दैजाने प्रक्रिया हो। वास्तवमा यो पवित्र आत्माको फल फलाएर येशूजस्तै हुँदै जाने प्रक्रिया हो। प्रेम, आनन्द, शान्ति, धैर्यता, दया, भलाइ, विश्वासयोग्यता, नम्रता र आत्मसंयमको फल

फलाउनु नै येशूजस्तै हुनु हो (गलाती ५:२२-२३)। यसप्रकार, हाम्रो हृदयमा येशूको चरित्र कति छ भन्ने कुराद्वारा आफू कति सिद्ध भएका छौँ भनेर नाप्न सक्छौँ।

अन्तको समयमा झूटा अगमवक्ताहरू (झूटा पास्टरहरू, झूटा पूजाहारीहरू, झूटा मिसेनरीहरू, झूटा प्रेरितहरू, झूटा शिक्षकहरू आदि) निस्कनेछन् र सम्भव भएमा तिनीहरूले परमेश्वरका सन्तानहरूलाई खोसेर लैजानेछन् भनी येशूले भन्नुभयो (मत्ती ७:१५)। बाहिरबाट हेर्दा तिनीहरू भेडाजस्ता देखिन्छन् तर भित्रबाट ब्वाँसोजस्ता लुटाहा हुन्छन्। कुनै व्यक्तिको फल अथवा चरित्रद्वारा ऊ झूटो अगमवक्ता हो कि होइन भनी छुट्ट्याउन सक्नु पर्छ भनी येशूले भन्नुभयो (मत्ती ७:१६-२०)।

यो सिद्धान्त हामीमा पनि लागु हुन्छ। यद्यपि हामी हरेक दिन मण्डलीमा बिहानी प्रार्थना सभामा सहभागी भए पनि, हेरक शनिवार मण्डलीको आराधना सेवामा सहभागी भए पनि, अरूलाई राम्रोसँग बाइबल सिकाए पनि, ठूलो मण्डली समुदायको राम्रो वास्ता गरे पनि, दुष्ट आत्माहरूलाई भगाए पनि, बिरामीहरूलाई निको पारे पनि, अगमवाणीको सेवकाइ सञ्चालन गरे पनि, जोशिलो भएर मण्डलीमा सेवा गरे पनि यदि हामीले आफ्नो हृदयमा पवित्र आत्माको फल फलाउँदैनौँ भने ती सबै कामहरू व्यर्थ हुन्छन् किनभने येशूले मानिसको हृदयलाई हेर्नुहुन्छ (१ शमूएल १६:७; लूका १६:१५)।

जोसँग आत्माको फल छैन, तिनीहरूले न्यायको दिनमा इनाम पाउनेछैन भनी येशूले भन्नुभयो। "अनि म तिनीहरूलाई सफासँग भन्नेछु, 'मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ। ए अधर्म काम गर्नेहरू हो, मबाट दूर होओ!" (मत्ती ७:२३)। त्यस्ता फलबिहिन मानिसहरूले मुक्ति गुमाउनेछन् भनी केही व्यक्तिहरूले दाबी गर्नुहुन्छ। तर यो बाइबल पद भविष्यमा स्वर्गको राज्यमा विश्वासीहरूले प्राप्त गर्ने इनाम र मुकुटसँग सम्बन्धित छ भनी अर्थ लगाउनु रुचिकर र वाञ्छनीय हुन्छ (मत्ती ६:१)। येशूको पहिलो आगमनदेखि दोस्रो आगमनसम्मको इसाई इतिहासमा यस्ता थुप्रै झूटा अगमवक्ताहरू हुनेछन्, जसले इनाम र मुकुट प्राप्त गर्नेछैनन् भनी स्वयम् येशूले अगमवाणी गर्नुभयो।

हाम्रो वर्तमान जीवनको शुद्धिकरणको परिमाणले स्वर्गको राज्यमा हाम्रो अवस्था र स्तरलाई निर्धारण गर्दछ। त्यसकारण, हामीले प्रभुको सामुन्ने दिनहुँ हाम्रो हृदयलाई जाँच्नैपर्छ। यसरी आफूलाई शुद्ध बनाउँदै लैजान इच्छा गर्ने र त्यसको निम्ति पवित्र आत्माको सहायता माग्ने व्यक्तिहरूले नै त्रिएक परमेश्वरको महिमा गर्दै सृष्टिको उद्देश्यअनुसार जिउनेछन्।

## ९. आफ्नो जीवन र मृत्यु अनि उन्नति र विपत्ति परमेश्वरकै हातमा छ भनी स्वीकार गर्नैपर्ने प्राणी

### A Being Who Must Confess That His/Her Life and Death, Prosperity and Adversity Rest in the Hands of God

कुनै व्यक्ति केही मात्रामा सिद्ध हुँदै गएपछि, उसले आफ्नो जीवन र मृत्यु अनि उन्नति र विपत्ति यहोवा परमेश्वरको इच्छाद्वारा निर्धारण हुन्छ भनी महसुस गर्नेछ (व्यवस्था ३०:१५,१९), त्यसपछि उसले यस सत्यतालाई दिनहुँ स्वीकार गरेर मानिलिन्छ। यदि हामीले हाम्रो जीवन र मृत्यु अनि उन्नति र विपत्ति येशूकै हातमा छ भनी विश्वास गर्दछौँ भने जस्तोसुकै दु:ख-कष्ट सामना गर्नु परे तापनि अथवा हाम्रो वरिपरि जेजस्ता कुराहरू भए तापनि हामीले परमेश्वरको शान्तिमा आनन्द मनाउन सक्छौँ। त्यसको कारण सर्वशक्तिमान् परमेश्वरले हामीलाई नियाली रहनुभएको छ र उहाँको अनुमतिबिना एउटा कपाल पनि नष्ट हुनेछैन भनी हामीले जानेकोले हो (लूका १२:७)। त्यसपछि हामीले आफ्नो जीवन अनि मृत्युमा अनि उन्नति र विपत्तिमा र यस्तै अरू कुराहरूमा परमेश्वरमाथि भरोसा राख्न सक्छौँ। यसरी हरेक कुरामा परमेश्वरमाथि भरोसा गर्ने इसाईहरूलाई विश्वासका भनिन्छ।

संसारको सबै आशिष्हरू र श्रापहरू परमेश्वरबाट नै निर्धारण भएका हुन्छन् र उहाँकै हातबाट प्रदान गरिन्छन् (व्यवस्था २८ अध्याय)। परमेश्वरले मोशलाई भन्नुभयो, "आज म तिम्रोसामु आशिष् र श्राप अनि जीवन र मृत्यु राख्दैछु।" यदि कसैले परमेश्वरको वचन पालना गर्दछ भने परमेश्वरले उसलाई जीवन र आशिष् दिने

प्रतिज्ञा गर्नुहुन्छ (व्यवस्था ११:२६-२८; ३०:१५-२०)। यदि परमेश्वरले चाहनुहुन्छ भने, मरेकोलाई पनि उहाँले बिउँताउन सक्नुहुन्छ (१ राजा १७:१७-२४; मत्ती ९:२२-२५; मर्कूस ५:३५-४३; यूहन्ना ११:१७-४४; प्रेरित ९:३७-४०; २०:९-१२)। अब्राहामलाई आशिष्को मूल हुनको निम्ति बोलाउनु हुने परमेश्वर हुनुहुन्थ्यो (उत्पत्ति १२:१-३)। अझै भन्ने हो भने तिनीद्वारा सबै राष्ट्रहरूले आशिष् पाउनेछ भनी निर्णय गर्नुहुने पनि परमेश्वर नै हुनुहुन्थ्यो (उत्पत्ति १८:१८; २२:१८; २६:४; २८:१४; यशैया ४९:६; प्रेरित २८:२८; गलाती ३:८)। कुनै व्यक्तिको आत्मिक आँखा खोल्ने कि बन्द गर्ने भन्ने कुरा परमेश्वरकै नियन्त्रणमुनि छ (व्यवस्था २९:४; ३२:२०-२२; भजन ६९:२३; यशैया ६:९-१०; मत्ती २३:३७-३९; रोमी ११:८-१२,२५-२६)।

बाइबलका धेरै पात्रहरूले परमेश्वरले जीवन र मृत्यु अनि उन्नति र विपत्तिलाई नियन्त्रण गर्नुहुन्छ भनेर यहोवा परमेश्वरलाई (येशूलाई) उच्च पारेका छन्। "आकाशमण्डल सृष्टि गरेर त्यसलाई फैलाउनुहुने, पृथ्वी र त्यसबाट उत्पन्न हुने सबै थोकलाई फैलाउनुहुने अनि त्यसमा भएका मानिसहरूलाई सास दिनुहुने तपाईं परमेश्वर नै हुनुहुन्छ" भनी यशैयाले उहाँको प्रशंसा गरे (यशैया ४२:५)। त्यसैगरी दाऊदले, "परमप्रभुले नै घर नबनाउनुभए त, बनाउनेहरूले गरेको परिश्रम व्यर्थ हुन्छ। परमप्रभुले सहरको रक्षा नगर्नुभए त, पालेहरूले गरेको रखवाली व्यर्थ हुन्छ" भनी स्वीकार गरे (भजन १२७:१)। अय्यूबले भने, "परमेश्वरबाट हामीले सुखचाहिँ ग्रहण गर्ने र दु:ख ग्रहण नगर्ने?" (अय्यूब २:१०)। त्यसैगरी तिनले परमेश्वरले जीवन र मृत्यु अनि उन्नति र विपत्तिलाई नियन्त्रण गर्नुहुन्छ भन्ने कुरालाई स्वीकार गर्दै यसो भने, "मानिसको जीवनका दिनहरू तोकिएका छन्, अनि त्यसका महिनाको सङ्ख्या तपाईंले निर्धारण गर्नुभएको छ। र तपाईंले त्यसको सीमा ठहराउनुभएको छ, त्यसले त्यो नाघ्न सक्दैन" (अय्यूब १४:५)।

नयाँ करारमा पनि यस किसिमको स्वीकारले निरन्तरता पाएको छ। पावलले यसो भनेर सिकाए, "जुन परमेश्वरमाथि अब्राहामले विश्वास गरे, उहाँको दृष्टिमा उनी हामी सबैका पिता हुन्। उहाँले मरेकाहरूलाई पनि जीवन दिनुहुन्छ, र अस्तित्वमा

नभएका थोकहरूलाई बोलाई अस्तित्वमा ल्याउनुहुन्छ" (रोमी ४:१७)। याकूबले, "उहाँले बचाउन पनि सक्नुहुन्छ नष्ट गर्न पनि सक्नुहुन्छ" भनी परमेश्वरको प्रशंसा गरे। यदि प्रभुले चाहनुभयो भने हामीले हरेक कुरा गर्न सक्छौँ भनी तिनले स्वीकार गरे (याकूब ४:१२-१५)।

पुरानो करार र नयाँ करारमा सबै विश्वासयोग्य जनहरूले परमेश्वरले पूर्णरूपमा जीवन र मृत्यु अनि उन्नति र विपत्तिलाई नियन्त्रण गर्नुहुन्छ भनी सार्वभौम परमेश्वरको प्रशंसा गरे (मत्ती २०:१५; रोमी ९:२१)। उनीहरूले गरेझैँ हामी सबैले आफ्नो जीवन र मृत्यु अनि उन्नति र प्रगति परमेश्वरकै हातमा छ भनी बुझेर उहाँलाई श्रद्धा-भक्तिसाथ आदर गर्नुपर्छ। हामीले त्यसो गर्दा सर्वशक्तिमान् परमेश्वरबाट पवित्र आत्माको शान्ति प्रशस्त गरी हामीमा आउँछ। यस्तो शान्ति भौतिक धन-सम्पत्ति, शक्ति-अधिकार, आदर र परिवारजस्ता सांसारिक थोकहरूबाट प्राप्त गर्न सकिँदैन।

## १०. स्वर्गको राज्यको अनन्त जीवनमा आफ्नो आशा राख्ने प्राणी

### A Being Who Puts His Hope on the Eternal Life in the Kingdom of Heaven

यो तहमा आइपुगेपछि हाम्रो आत्मा र प्राणले कुनै दिन यो संसार छोडेर स्वर्गलोक जानेछ भन्ने कुरा हामीले बुझ्न सक्नेछौँ (लूका २३:४३)। त्यसको साथै हाम्रो शरीर जमिनमै फर्किजानेछ भन्ने कुरा पनि हामीले महसुस गर्नेछौँ (उत्पत्ति ३:१९)। वास्तवमा हामी यो संसारमा सधैँभरि रहँदैनौँ। हामी यो संसारमा विदेशी र प्रवासीझैँ भएर अस्थायीरूपमा बस्दछौँ र पृथ्वीमा हाम्रा दिनहरू छायाजस्ता मात्र हुन् (१ इतिहास २९:१५)। हामी इसाईहरू यस संसारका होइनौँ; हामी त आउनेवाला परमेश्वरको राज्यका हौँ भनी येशूले भन्नुभयो (यूहन्ना १५:१९)। हामी यस संसारमा अस्थायी बासिन्दाहरू हौँ। हामी यहाँ करिब ७०-८० वर्षसम्म बस्दछौँ। त्यसपछि

माटोबाट बनेको हाम्रो शरीर माटोमा फर्केर जानेछ र हामी यस संसारबाट उडेर धेरै टाढा जानेछौँ (भजन ९०:१-१०)।

यो संसार त तीर्थयात्रा र विदेशमा रहने प्रवासीहरूझैँ हो भनी बाइबलका धेरै पात्रहरूले व्याख्या गरेका छन् (उत्पत्ति ४७:९; १ पत्रुस २:११)। मोशा र दाऊदजस्ता भजनकारहरूले यसरी स्वीकार गरेका छन्: "मानिसको आयु घाँसको जस्तै छ, र ऊ जमिनको फूलझैँ फुल्दछ" (भजन १०३:१५); "मानिस धुलोको कणजस्तै हो, उसको जीवन क्षणिक छ र उसलाई नरर्थकतामा सृष्टि गरिएको छ (भजन ८९:४७; ९०:३,१०; १४४:४)। अय्यूबले भने, "मानिसको आयु केही दिनको लागि मात्र भए पनि त्यो दु:ख-कष्टले भरिएको छ। ऊ फूलझैँ फक्रन्छ र ओइलाइहाल्छ अनि त्यो छायाजस्तो केही समयमा हराइहाल्छ (अय्यूब १४:१-२)। मानिस जनावरझैँ व्यर्थ छ भनी सलोमनले भने (उपदेशक ३:१९)। नयाँ करारमा याकूबले मानिसको जीवनलाई तुँवालोसँग तुलना गरेका छन्, जुन केही क्षणको लागि देखा पर्छ अनि बिलाइहाल्छ (याकूब ४:१४)। अनि पत्रुसले यशैयाको पुस्तकबाट उद्धृत गर्दै भने, "सबै मानिसहरू घाँसजस्तै छन् र तिनीहरूको महिमा जमिनको फूलझैँ हो" (१ पत्रुस १:२४; यशैया ४०:६-७)।

जेजस्तो भए तापनि हामी परमेश्वरका सन्तानसँग अनन्त जीवनको आशा छ (तीतस १:२)। केही समयको लागि हामी यस संसारमा बस्दछौँ र तोकिएको समय आएपछि हामी स्वर्गलोकतिर जानेछौँ (लूका २३:४३)। हामी बसिरहेको सांसारिक पाल नष्ट भएपछि, माथि उचालिएर स्वर्गको अनन्त घरतिर जानेछौँ (२ कोरिन्थी ५:१)।

यस्तो अनन्त जीवनको आशा भएकोले सांसारिक खुसी-आनन्द हाम्रो लागि अर्थहीन हुनेछ। त्यसपछि संसारमा आइपर्ने जस्तोसुकै कठिनाइ पनि हामी सहन सक्नेछौँ। त्यसैकारण, सबै किसिमका सतावाट र दु:ख-कष्टहरू भएर जानु परे तापनि पनि पावलले यसरी स्वीकार गरेका छन्: "यदि यस जीवनको लागि मात्र ख्रीष्टमा हामीले आशा राखेका हौं भने हामी सबै मानिसहरूभन्दा बढ़ी दयनीय हुन्छौँ" (१ कोरिन्थी १५:१९)।

त्यस्तो व्यक्ति बन्न सक्यौँ भने, यद्यपि हामी शारीरिकरूपमा यो संसारमा बसिरहेका भए तापनि हामी यो संसारका मानिसहरूजस्ता हुँदैनौँ बरु यो निरर्थक संसारमा जिइरहे तापनि हामी त स्वर्गको राज्यका नागरिकहरू हुँदछौँ (एफिसी २:१९; फिलिप्पी ३:२०)। यसलाई अर्को शब्दमा भन्ने हो भने शारीरिकरूमा यस संसारमा हुँदाखेरि हामी अनन्त जीवन भएझैँ गरी जिउँछौँ।

तसर्थ, प्रभु येशू ख्रीष्टले दिइसक्नुभएको अनन्त जीवनमा हामी आनन्द मनाउँछौँ। परमेश्वरको एकमात्र पुत्र येशू ख्रीष्ट, जो मानवजगतको पापहरूका निम्ति प्रायश्चित गर्न यस संसारमा आउनुभयो, जजसले उहाँमाथि विश्वास गर्दछ, तिनीहरूसँग अनन्त जीवन प्राप्त गर्ने अधिकार हुन्छ (यूहन्ना ३:१६)। त्यसैगरी जजसले येशू ख्रीष्टको ईश्वरत्व र मानवतालाई विश्वास गर्छ, अनि जजसले उहाँको कन्याबाट भएको जन्म, क्रूसमा उहाँले गर्नुभएको काम र उहाँको बहुमूल्य रगतको शक्ति अनि उहाँको पुनरुत्थानमाथि विश्वास गर्छ, तिनीहरूले अनन्त जीवन प्राप्त गर्नेछ (यूहन्ना ४:१४; ६:३९-५८; १७:२-३; रोमी ६:२३; १ तिमोथी १:१६; १ यूहन्ना ५:११-२०)।

वास्तवमा येशू ख्रीष्ट नै अनन्त जीवन हुनुहुन्छ। अनन्त जीवन भनेको एकमात्र साँचो परमेश्वरलाई र उहाँले पठाउनुभएको येशू ख्रीष्टलाई जान्नु हो (यूहन्ना १७:३)। त्यसकारण, यो अस्थायी संसारमा हाम्रो एकमात्र आशा भनेको येशू ख्रीष्ट नै हुनुहुन्छ (भजन ३९:७; १४६:५; यर्मिया १७:१३; प्रेरित २८:२०; रोमी १५:१२; १ तिमोथी १:१; १ पत्रुस १:३)। यस्तो विश्वास बोकेका इसाईहरू र यही आशाद्वारा जिउने व्यक्तिहरू नै परमेश्वरलाई प्रसन्न तुल्याउँदै सृष्टिको उद्देश्यअनुसार जिउने मानिसहरू हुन्। तिनीहरू परमेश्वरले दिनुहुने साँचो खुसीमा आनन्दित हुनेछन्।

## ११. स्वर्गको राज्यमा इनाम पाउने कुरामा विश्वास गर्ने प्राणी

### A Being Who Believes in Receiving the Reward in the Kingdom of Heaven

हामीसँग अनन्त जीवनको आशा मात्र छैन, तर त्यसको साथै स्वर्गको राज्यमा हामीले इनाम प्राप्त गर्नेछौँ भनी हामी विश्वास गर्दछौँ। सृष्टि अघिदेखि नै परमेश्वरका

सन्तानहरूका निम्ति स्वर्गको राज्य तयार पारेर राखिएको छ (मत्ती २५:३४; लूका २३:४३; यूहन्ना १४:२; १ कोरिन्थी २:९-१०; २ कोरिन्थी १२:२-४; फिलिप्पी ३:२०; प्रकाश २:७)। अहिले हाम्रो हृदय कति मात्रामा शुद्ध भएको छ अनि दश आज्ञाहरू र महान् आदेश पालना गर्न हामी कति विश्वासयोग्य छौँ भन्ने कुराहरूले स्वर्गलोकमा हामीले प्राप्त गर्ने इनाम र ओहोदा निर्धारण गर्दछ (१ कोरिन्थी १५:४१; प्रकाश २१:२४)। त्यसैले हिब्रूको पत्रको लेखकले भनेका छन्, कि परमेश्वरकहाँ आउने व्यक्तिले उहाँको अस्तित्व छ र उहाँलाई गम्भीरतासाथ खोजी गर्नेहरूलाई परमेश्वरले इनाम दिनुहुन्छ भनी विश्वास गर्नैपर्छ (हिब्रू ११:६)।

परमेश्वरलाई प्रेम गर्नेहरू र विश्वासयोग्यसाथ उहाँको सेवा गर्नेहरूलाई परमेश्वरले उच्च पार्नुहुन्छ (भजन ९१:१४; यूहन्ना १२:२६)। सुसमाचार प्रचार गर्नेहरू र धेरैलाई धार्मिकतामा डोऱ्याउनेहरू आकाशका ताराहरूझैँ चम्किरहनेछन् (दानिएल १२:३)। विशेषगरी, येशू ख्रीष्टको निम्ति सतावट भोग्नेहरू र उहाँको कारणले यस पृथ्वीमा तुच्छ बनाइएकाहरू र आफ्नो जीवन गुमाउनुपर्ने बिन्दुमा आइपुगेकाहरूका निम्ति स्वर्गको राज्यमा ठूला इनामहरू तयार पारिएका छन्। यी प्रभु येशूले भन्नुभएको शब्दहरू हुन् (मत्ती ५:१२; २०:२६)।

ती इनामहरूलाई बाइबलमा मुकुटहरू भनेर व्याख्या गरिएको छ। माथि उल्लेखित काममा सहभागी हुनेहरूका निम्ति बाइबलले सात किसिमका मुकुटहरूको प्रतिज्ञा गर्दछ - आनन्दको मुकुट (१ थेसलोनिकी २:१९; फिलिप्पी ४:१), जीवनको मुकुट (याकूब १:१२; प्रकाश २:१०), अविनाशी मुकुट (१ कोरिन्थी ९:२५), महिमाको मुकुट (१ पत्रुस ५:४), धार्मिकताको मुकुट (२ तिमोथी ४:८), सुनको मुकुट (प्रकाश ४:४; १४:१४) र बाह्र वटा ताराको मुकुट (प्रकाश १२:१)।

येशूले इनाम दिनुहुनेछ भनी विश्वासको दौड दौडने धेरै व्यक्तिहरूले उहाँको वचनमा विश्वास गरे, र तिनीहरूले अन्तसम्मै विश्वासयोग्य भई प्रभुको सेवा गरिरहे। आफूले पाउने इनामको प्रतिक्षा गरिरहेका हुनाले नै मोशाले मिश्रदेशमा विलासितापूर्ण प्रशस्तताको जीवनमा रमाउनुभन्दा येशू ख्रीष्टको निम्ति निन्दित हुन उचित ठाने (हिब्रू ११:२६)। अन्यजातिहरूका माझमा सुसमाचार प्रचार गर्ने काम गरेका हुनाले पावलले पनि आफ्नो निम्ति राखिएको धार्मिकताको मुकुटको प्रतिक्षा गरिरहेका थिए

(२ तिमोथी ४:७-८)। येशूका बाह्र चेलाहरू (प्रेरित १:२६), र पछि अरू थुप्रै चेलाहरूले पनि उक्त इनाममा विश्वास गरेर त्यसप्रति आशावादी भए। त्यसैको परिणामस्वरूप तिनीहरू सुसमाचार प्रचार गर्दै विदेशी भूमिहरूमा सहिद भए।

तिनीहरूले जस्तै आशा राखी हामीले आफ्नो काम सुहाउँदो इनाम र पारिश्रमिक येशूकै हातमा छ भन्ने कुरामा भरोसा गरी यस संसारमा रहुञ्जेल विश्वासयोग्य ढङ्गमा निरन्तर परमेश्वरको सेवा गर्दछौँ (२ इतिहास १५:७; यशैया ४०:१०; ६२:११; मत्ती १६:२७; प्रकाश २२:१२) अनि स्वयम् येशूले नै हामीलाई दिनुहुने उक्त इनामको प्रतिक्षा गरिरहन्छौँ। बाइबलमा उल्लेखित सत्यतालाई पूर्णरूपमा विश्वास गरी त्यसप्रति आज्ञाकारी हुने इसाईहरूले परमेश्वरको महिमा गर्दछन्, र त्यसपछि परमेश्वरले प्रतिज्ञा गर्नुभएको आशिष्‌हरू तिनीहरूको जीवनमा आउनेछन्।

## १२. अरू सृष्टिहरूलाई सृष्टिको उद्देश्यअनुसार जिउन डोऱ्याउनलाई जिम्मेवारी पाएको प्राणी

### A Being Who is Responsible for Guiding Other Creatures to Live According to the Purpose of Creation

माथि उल्लेखित पवित्रकरणको प्रक्रियालाई नरोकीकन निरन्तरता दिन्छौँ भने हामीले दश आज्ञाहरू (The Great Commandments) र महान् आदेश (The Great Commission) पालना गर्नैपर्छ, र सृष्टिकर्ताको सृष्टिको उद्देश्यअनुसार जिउनैपर्छ। अर्को कुरा के हो भने हामी परमेश्वरले चुन्नुभएको उहाँका विशेष सहकर्मीहरू भएका हुनाले हामीले अरू सृष्टिहरूलाई व्यवस्थित गर्दै, डोऱ्याउँदै अनि सिकाउँदै सृष्टिको उद्देश्यअनुसार जिउन अगुवाइ गर्नु पर्दछ (उत्पत्ति १:२८)।

सुरुमा उक्त महत्वपूर्ण काम आदमलाई (मानिसलाई) सुम्पिएको थियो, तर पतनपछि उसले त्यो कामलाई पूरा गर्न सकेन। अब येशूले क्रूसमा बगाउनुभएको बहुमूल्य रगतद्वारा हाम्रो सुरुको पाप पखालिसकिएको हुनाले र बिस्तारै हामीमा भएका तीतोपनको जराहरू हट्दैगएको हुनाले येशूको स्वरूप धारण गरी सिद्ध हुँदै गरेका इसाईहरू उक्त काम गर्न जिम्मेवार हुन्छन्।


उक्त कामको जिम्मा पाएका व्यक्तिहरू राजकीय पूजाहारीहरू हुन् भनेर प्रेरित पत्रुसले बताएका छन् (१ पत्रुस २:९)। यस्ता मानिसहरू स्वर्गको राज्यमा उत्तराधिकारी कहलाइनेछन् (भजन २:८; मत्ती ५:५; १ कोरिन्थी ६:१०; गलाती ४:७; ५:२१; याकूब २:५)। तिनी नै उक्त भूमिमा राजाहरू र रानीहरू भई, नयाँ यरूशलेममा आफ्नो वैभव ल्याउनेछन् (प्रकाश २१:२४)। ७,००० वर्षको मानवजातिको मुक्तिको इतिहास पूरा भएर नयाँ स्वर्ग र नयाँ पृथ्वी प्रकट भएपछि (प्रकाश २१:१), उक्त राज्यमा तिनीहरूले सबै सृष्टिहरूमाथि शासन गर्नेछन् र तिनीहरूले फेरि कुनै पाप नगरी केवल परमेश्वरको मात्र महिमा गरिरहनेछन्।

भविष्यमा हुन आउने उक्त नयाँ स्वर्ग र नयाँ पृथ्वीमा मानवजगत मात्र होइन तर ब्रह्माण्डमा भएका सबै थोकहरू नयाँ पारिनेछन् (प्रकाश २१:१)। त्यतिबेला सबै सृष्टिहरू समयको सीमितपनबाट स्वतन्त्र भई पतनभन्दा पहिले आदमले अनुभव गरेको अनन्तको संसारमा पुनर्स्थापित हुनेछन् (प्रकाश २२:१-५)। उक्त नयाँ स्वर्ग र नयाँ पृथ्वीमा हामी परमेश्वरको महिमा गर्नको निम्ति मात्र जिउनेछैनौँ, तर परमेश्वरको सहकर्मी भई सबै थोकहरूलाई परमेश्वरको महिमा गर्न अगुवाइ गर्दै उक्त राज्यमा अधिकार गर्नेछौँ (उत्पत्ति १:२८)। हामीले यस सत्यतालाई विश्वास गर्नैपर्छ। यस विश्वासद्वारा जिउँदै भविष्यको उक्त महत्वपूर्ण अभियानप्रति आफूलाई समर्पित तुल्याउने व्यक्तिहरू नै सृष्टिको उद्देश्यअनुसार जिउने इसाईहरू हुन्। उनीहरूले सृष्टिकर्ता परमेश्वरबाट असीमित प्रेम प्राप्त गर्नेछन्।

यहाँसम्म हामीले मानिसको पहिचानको बाह्र वटा विशेषताहरूलाई चर्चा गर्‍यौँ। सृष्टिको उद्देश्यलाई बुझेपछि जीवनको मूल्य-मान्यता र संसारप्रतिको हाम्रो अवधारणा मानव-केन्द्रित दृष्टिकोणबाट परमेश्वर-केन्द्रित दष्टिकोणमा परिवर्तन हुनेछ। मानव-केन्द्रित सांसारिक विचारले मृत्युतिर डोर्‍याउँछ, जसले हामीलाई परमेश्वरको सत्रु तुल्याउँछ। यस्तो विचारले परमेश्वरलाई प्रसन्न तुल्याउन सकिँदैन (रोमी ८:६-८)। जब कुनै व्यक्तिले परमेश्वरको मापदण्डअनुसार सोच्छ र त्यसैअनुरूप जिउँछ, तब मात्र परमेश्वरले उसलाई प्रयोग गर्नुहुनेछ।

यस्ता इसाईमा पाँच वटा विशेषताहरू हुन्छन्। पहिलो, उसले साधारण जीवन जिउँछ (हितोपदेश ३:१७; यशैया २६:३), फिलिप्पी ४:७,९), दोस्रो, उसले वास्तविक जीवनप्रति केन्द्रित हुने कुराप्रति ध्यान दिन्छ (एफिसी ५:१; ६:१९; फिलिप्पी ३:१३-१४), तेस्रो, उसले जीवनको सही अर्थ भेट्टाउँछ (फिलिप्पी १:२२-२:११; ३:७-९), चौथो, उसँग जीनको अभिप्रेरणा हुन्छ (१ कोरिन्थी १०:३१), र पाँचौं, उसले अनन्त संसारको निम्ति तयारी गर्ने जीवन जिउँछ (फिलिप्पी ३:२०; हिब्रू ११:१४)।

यस किसिमको आशिषित इसाई परमेश्वरको पहिचान र मानिसको पहिचानमाथि मनन गर्ने चरणमा मात्र बसी रहँदैन। यदि ऊ पहिलो र दोस्रो चरणमा मात्र रहिरहन्छ भने, उसको विश्वासको जीवन एकै ठाउँमा स्थिर रहिरहने ठूलो सम्भावना रहन्छ। विश्वास भएकोले गर्दा, धार्मिक अभ्यासहरू गरेर ऊ धर्मीजस्तो देखिएला तर उसमा विश्वासअनुसारको कामको अभाव हुन्छ। त्यसैले याकूबले यसो भने, "यदि विश्वासलाई काममा प्रकट गर्न सकिएन भने त्यो मर्दछ" (याकूब २:१७)। त्यसकारण, दैनिकरूपमा हामीले आफ्नो हृदयमा माथि उल्लेखित पहिलो र दोस्रो चरणद्वारा परमेश्वरको पहिचान र मानिसको पहिचानलाई मनन गरेपछि त्यसभन्दा माथिको तेस्रो चरणमा प्रवेश गर्नैपर्छ। त्यसो गरेपछि मात्र हामी सृष्टिको उद्देश्यअनुसार साँचोरूपमा जिउने इसाईहरू बन्न सक्दछौँ।



# ग. तेस्रो चरण :
# दश आज्ञाहरू र महान् आदेश पालन गर्नु

The Third Step :
Obeying the Great Commandments and the Great Commission

सृष्टिको उद्देश्यअनुसार जिउनको लागि हाम्रो निम्ति तेस्रो चरण भनेको दश आज्ञाहरू र महान् आदेश पालना गर्नु हो। अघिल्ला दुई चरणहरूको जगमा खडा भएको यो चरणले हामीलाई सक्रिय इसाईहरू हुनको निम्ति माथि लैजान्छ। यदि हामीले जीवनमा स्पष्ट केन्द्र लिएर, सही अर्थ र अभिप्रेरणासाथ साधारण जीवनशैली अपनाउँछौँ र आउनेवाला अनन्त राज्यको तयारी गर्ने इसाईहरू हुन्छौँ भने तेस्रो चरणको खोजी गर्न पवित्र आत्माले हामीलाई डोऱ्याउनुहुन्छ अनि हामी त्यसप्रति आज्ञाकारी नभईकन बस्नै सक्दैनौँ।

## १. दश आज्ञाहरू

The Great Commandments

परमेश्वरले मोशाद्वारा दश आज्ञा दिनुभयो। ती आज्ञाहरूमा ठाडो आज्ञाहरू (जसमा पहिलो चार वटा आज्ञाहरू पर्दछन्, प्रस्थान २०:१-११, मत्ती २२:३७-३८) र तेर्सो आज्ञाहरू (जसमा पछिल्लो छ वटा आज्ञाहरू पर्दछन्, प्रस्थान २०:१२-१७; मत्ती २२:३९) समावेश छन्।

<table>
<tr><th>दश आज्ञाहरू</th><th colspan="2">पुरानो करार</th><th>नयाँ करार</th></tr>
<tr><td rowspan="4">ठाडो आज्ञाहरू</td><td>१</td><td>म बाहेक हरू कुनै देवी-देवताहरू नमान्नू (प्रस्थान २०:३)</td><td rowspan="4">तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू। महान् र प्रथम आज्ञा यही हो (व्यवस्था ६:५; मत्ती २२:३७:३८; मर्कूस १२:३०;<br>लूका १०:२७)</td></tr>
<tr><td>२</td><td>आफ्ना निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनू, माथि आकाश अथवा तल पृथ्वी वा तल पानीमा भएको कुनै कुराको आकारको प्रतिमूर्ति नबनाउनू। तिनीहरूका सामु ननिहुरनू, तिनीहरूको पूजा नगर्नू (पस्थान २०:४-५)</td></tr>
<tr><td>३</td><td>परमप्रभु आफ्ना परमेश्वरको नाउँ व्यर्थैमा नलिनू (प्रस्थान २०:७)</td></tr>
<tr><td>४</td><td>शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू (प्रस्थान २०:८)</td></tr>
<tr><td rowspan="6">तेर्सो आज्ञाहरू</td><td>५</td><td>आफ्ना बाबु र आमालाई आदर गर (प्रस्थान २०:१२)</td><td rowspan="6">दोस्रो पनि त्यस्तै छ, तैंले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू (मत्ती २२:३९)</td></tr>
<tr><td>६</td><td>तैंले हत्या नगर्नू (प्रस्थान २०:१३)</td></tr>
<tr><td>७</td><td>तैले व्यभिचार नगर्नू (प्रस्थान २०:१४)</td></tr>
<tr><td>८</td><td>तैंले चोरी नगर्नू (प्रस्थान २०:१५)</td></tr>
<tr><td>९</td><td>तैंले आफ्नो छिमेकीको विरुद्धमा झूटो गवाही नदिनू<br>(प्रस्थान २०:१६)</td></tr>
<tr><td>१०</td><td>तैंले आफ्नो छिमेकीका घरको लालच नगर्नू। आफ्नो छिमेकीकी पत्नीको लालच नगर्नू, आफ्नो छिमेकीको कमारा, कमारी, गोरु, गधा वा त्यसको कुनै पनि थोकको लालच नगर्नू<br>(प्रस्थान २०:१७)</td></tr>
</table>

**तालिका ३-४ : ठाडो आज्ञाहरू र तेर्सो आज्ञाहरू**

## (क) ठाडो आज्ञा

Vertical Commandment

परमेश्वरलाई प्रेम गर्नु ठाडो आज्ञा हो। परमेश्वरले हामीलाई यस्तो आज्ञा दिनुभयो, "तैंले आफ्नो परमेश्वरलाई सारा हृदयले (*kardia* in Greek), आफ्नो सारा प्राणले (*psuke* in Greek), आफ्नो सारा समझले (*dianoia* in Greek) र आफ्नो सारा शक्तिले (*iskus* in Greek) प्रेम गर्नू" (व्यवस्था ६:५; मत्ती २२:३७; मर्कूस १२:३०; लूका १०:२७)। दश आज्ञाहरूमध्ये सुरुका चार वटा आज्ञाहरूद्वारा परमेश्वरले हामीलाई यो कुरा सिकाउनुभएको छ कि परमेश्वरलाई प्रेम गर्नु भनेको मूर्तिहरूको सेवा नगर्नु हो (प्रस्थान २०:३-५)। यस आज्ञाको अर्थ सृष्टिकर्ता परमेश्वरको मात्र सेवा गर्नु, सृष्टिको उद्देश्यअनुसार जिउँदै परमेश्वरको विश्वासयोग्य सन्तान हुनु र कहिल्यै मूर्तिहरूको सेवा नगर्नु हो।

मानिस परमेश्वरको अथवा मूर्तिहरूको सेवा गर्न बाध्य छ। उसले दुबै काम गर्न सक्दैन किनभने यस्ता आत्मिक क्षेत्र भनेको एक-आपसको विरुद्धमा छन्। यदि कुनै व्यक्तिले परमेश्वरलाई भन्दा बढी अरू केही कुरालाई प्रेम गर्छ भने, त्यो उसको लागि मूर्ति बन्दछ। मूर्तिको सेवा गर्ने काम भनेको कुनै व्यक्ति, वस्तु, रुपैयाँ-पैसा, दर्शनशास्त्र अथवा मूल्य-मान्यतालाई परमेश्वरको स्थानमा राख्नु अनि परमेश्वरमाथि भन्दा त्यस्ता कुराहरूमा बढी भर पर्नु, भरोसा गर्नु र प्रेम गर्नु हो। मूर्तिहरूको सेवा गर्नेहरूले त्यसबाट आनन्द लिन्छन् र त्यसबाट प्राप्त हुने सुख-सुविधा र खुसियालीमा रमाउने गर्छन्।

त्यसरी मूर्तिहरूको सेवा गर्ने क्रियाकलापलाई सृष्टिकर्ता परमेश्वरले अति घृणा गर्नुहुन्छ किनभने त्यसले उहाँको आत्म-सम्मानमा चोट पुग्दछ। अन्य पापहरूको निम्ति परमेश्वरले इसाईहरूलाई त्यति कठोररूपमा हप्काउनुहुन्न तर मूर्तिपूजा गर्नेहरूलाई उहाँले कुनै पनि हालतमा सहनुहुन्न। त्यसैले मोशालाई दश आज्ञाहरू दिने क्रममा उहाँले यस्तो प्रतिज्ञा गर्नुभयो, "तिनीहरूका (मूर्तिहरूका) सामु ननिहुरनू, तिनीहरूको पूजा नगर्नू, किनकि म परमप्रभु तिमीहरूका परमेश्वर डाह गर्ने परमेश्वर हुँ। मेरो अवहेलना गर्ने पिता-पुर्खाका अधर्मको दण्ड उनीहरूका सन्तानहरूलाई उनीहरूका

तेस्रो र चौथो पुस्तासम्म दिनेछु, तर मलाई प्रेम गर्ने र मेरा आज्ञाहरू पालन गर्नेहरूका हजारौँ पुस्तामाथि म कृपा गर्नेछु" (प्रस्थान २०:५-६)।

दश आज्ञाहरू विदेशीहरूलाई दिइएको थिएन तर ती प्रत्यक्षरूपमा परमेश्‍वरका चुनिएका जन इस्राएलीहरूलाई दिइएको थियो। ती आज्ञाहरू विदेशीहरूका निम्ति लागु नहुने भएकोले गर्दा, तिनीहरूले ती आज्ञाहरू पालन गरे पनि नगरे पनि त्यति फरक पर्दैनथ्यो। तर इस्राएलीहरूका निम्ति परमेश्‍वरबाट आएको दश आज्ञाहरू पालना गर्नु अति गम्भीर कुरा थियो : वास्तवमा भन्ने हो भने उक्त आज्ञाहरूमा रहनु र त्यसलाई पालना गर्नु तिनीहरूका निम्ति मुख्य प्राथमिकतामा पर्दथ्यो। तर दु:खलाग्दो कुरा के हो भने पुरानो करार पढ्दा परमेश्‍वरका सन्तान भनी कहलिएका इस्राएलीहरूले निरन्तर मूर्तिपूजाद्वारा परमेश्‍वरको विरुद्धमा पाप गरिरहे।

खासगरी भन्ने हो भने पुरानो करारमा इस्राएलीहरूले सृष्टिकर्ता परमेश्‍वर र बेबिलोनी धर्मको देवी-देवताहरूलाई एकसाथ सेवा गरे। तिनीहरूले सिदोनको अस्तोरेत देवी, अम्मोनीहरूको घिनलाग्दो मोलोख देवाता, मोआबको घृणित देवता कमोश र यस्तै अरू देवी-देवताहरूका सेवा गरे (१ राजा ११:४-८)। त्यसैगरी नयाँ करारका धेरै इसाईहरूले आफ्नो अनभिज्ञतामा बेबिलोनी धर्म, इस्लाम धर्म, बौद्ध धर्म, हिन्दु धर्म र अन्य स्थानीय लोक धर्महरूबाट आएका पौराणिक परम्पराहरूलाई अँगाल्दैआएका छन्। तिनीहरूले हात हेरेर भविष्य बताउने ज्योतिषीहरूमाथि विश्‍वास गर्छन्, मरिगएका पुर्खाहरूलाई पुजा गर्छन्, मन्त्रहरू घरीघरी दोहोर्‍याएर प्रार्थना गर्छन् र नयाँ युग अभियानको सांसारिक अवधारणाहरूलाई पनि पछ्याउँछन्।

अदृश्य मूर्तिहरूको आराधना गर्ने पाप सबैभन्दा खराब हो। प्रेरित पावलले लोभ गर्नु भनेको मूर्तिपूजा गर्नुजस्तै हो भने बताएका छन् (एफिसी ५:५; कलस्सी ३:५)। तसर्थ रुपैयाँ-पैसाको लोभ, आदर-सम्मानको लोभ, शक्ति-अधिकारको लोभ, महत्वाकांक्षाको लोभ, सफलताको लोभ, शैक्षिक उपलब्धीको लोभ र यस्तै अन्य सांसारिक कुराहरूको लोभ मूर्तिपूजा हो। जब इसाईहरूले यस्ता कुराहरूलाई सृष्टिकर्ता परमेश्‍वरलाई भन्दा बढी प्राथमिकता दिन थाल्छन्, तब तिनीहरू मूर्तिपूजाको पाप फस्दछन्।

यसको साथै अर्को कुरा के हो भने आजभोलिका मण्डलीहरू पनि मूर्तिजस्ता हुन थालेका छन्। मण्डलीमा सदस्यहरू बढ्दैगएपछि थुप्रै धन-सम्पत्ति जम्मा हुन थाल्छ, र भवनहरू ठूला-ठूला हुँदैजान्छन्, अनि इसाई समुदायहरू सजिलै सांसारिक ढङ्गमा परिवर्तन हुन थाल्छन्। त्यसपछि मण्डलीका सदस्यहरूले परमेश्वरलाई भन्दा आफ्नो मण्डलीलाई बढी प्रेम गर्न थाल्छन्। बीसौँ शताब्दीका एङ्लीकन मण्डलीको आदरणीय सुसमाचारवादी ईश्वरशास्त्री रेभ. जोन स्टोट (Rev. John Stott) भन्ने व्यक्तिले यसो भनेका छन्: "आजभोलिका इसाईहरूले रुपैया-पैसा, आदर-सम्मान, शक्ति-अधिकार, महत्वाकांक्षा, सफलता, शैक्षिक उपलब्धी र यस्तै अन्य मूर्तिहरूको सेवा मात्र गर्ने होइन, तिनीहरूले येशूलाई भन्दा आफ्नो स्थानीय मण्डली, सम्प्रदाय, सिद्धान्त र मण्डलीमा हुने सेवाहरूलाई बढी प्रेम गर्दछन्, र विश्वासको नाउँमा यस्ता कुराहरूलाई तिनीहरूले मूर्तिमा रूपान्तरित गर्दैछन् (*The Message of Acts*, Downers Grove: IVP, 1994, IL, p.291)।

जब मण्डलीले येशूको सट्टामा भवन, आफ्नो मण्डलीको अधिकारहरू र सम्प्रदायलाई पुज्न थाल्छन्, तब त्यो बिस्तारै थाहै नपाईकन फुट्न र टुक्रिन थाल्दछ। विगतको २,००० वर्षको इसाई इतिहासलाई नियालेर हेर्ने हो भने, धेरै मण्डलीहरूले थुप्रै सदस्यहरू बनाएर ठूला-ठूला भवनहरू निर्माण गरी धन-सम्पत्ति, शक्ति-अधिकार र आदर-सम्मानजस्ता सांसारिक कुराहरूमा निकै आनन्द मनाए। तर त्यस्ता मण्डलीहरू अहिले नाउँ-निसानै नरहने गरी संसारबाट बिलाएर गइसके। संसारभरि यस किसिमका थुप्रै उदाहरणहरू पाइन्छन्। अहिले ती ठाउँहरूमा भग्नावशेषको रूपमा रहेका रित्तो भवनहरू मात्र बाँकी छन्, जुन विदेशी पर्यटकहरूका निम्ति आकर्षणको केन्द्र बनेका छन्। मूर्तिपूजाजस्तो भयङ्कर पाप गरेका हुनाले ती मण्डलीहरूले यस्तो परिणाम भोग्नुपरेको हो।

आफ्ना प्रिय सन्तानहरूलाई परमेश्वरले सारा हृदय, सारा प्राण, सारा समझ र सारा शक्तिले उहालाई प्रेम गर्नुपर्ने आज्ञा दिनुभएको छ। यसको मतलब के हो भने परिवर्तन भइरहने यो अस्थायी संसारको कुनै पनि थोकलाई परमेश्वरभन्दा माथि राख्नु हुँदैन। डाँडाको उपदेशमा येशूले हामीलाई यस्तो आज्ञा र प्रतिज्ञा दिनुभएको छ, "सबैभन्दा पहिले उहाँको राज्य र धार्मिकताको खोजी गर, अनि अरू सबै कुराहरू तिमीहरूलाई

दिइनेछ" (मत्ती ६:३३)। प्रभु येशूको यो वचनमाथि भरोसा गरी परमेश्वरले दिनुभएको पहिलो अनि सबैभन्दा ठूलो ठाडो आज्ञा पालन गर्दै सृष्टिको उद्देश्यअनुसार जिउने इसाईहरू धन्यका हुन्।

## (ख) तेर्सो आज्ञाहरू

### Horizontal Commandments

तेर्सो आज्ञाचाहिँ परमेश्वरका सन्तानहरूलाई गर्नुपर्ने आज्ञा हो। मत्ती २२ अध्यायमा येशूले ठाडो आज्ञालाई सबैभन्दा महान् (ग्रीकमा 'मेगास', megas) र प्रथम (ग्रीकमा प्रोटोस, *protos*) भन्नुभयो (मत्ती २२:३७-३८)। त्यसपछि लगत्तै उहाँले यसो भन्नुभयो, "आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू" (मत्ती २२:३९)। योचाहिँ दोस्रो (ग्रीकमा डुटेरोस, *duteros*) आज्ञा हो, जसलाई हामी तेर्सो आज्ञा (Horizontal Commandment) भन्दछौँ। यहाँ छिमेकी भन्नाले आफ्नो आसपासमा भएका परमेश्वरका सन्तानहरूलाई बुझाउँछ। यो आज्ञा पनि चुनिएका इस्राएलीहरूलाई नै दिइएको थियो। त्यसकारण, यस आज्ञाको अर्थ बाहिरका अर्थात् अविश्वासी छिमेकीहरूलाई प्रेम गर्नू भन्ने होइन, तर परमेश्वरका छोराछोरीहरूले एक-आपसलाई प्रेम गर्नू हो भनी बुझ्नु पर्दछ।

यो तेर्सो आज्ञालाई 'नयाँ आज्ञा' (*entolen kainen* in Greek) भनेर पनि बाइबलमा अभिव्यक्त गरिएको छ। येशूले भन्नुभयो, "एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिँदछु: तिमीहरू एक-अर्कालाई प्रेम गर। तिमीहरूसँग मैले जस्तो प्रेम गरेको छु, तिमीहरूले पनि एक-अर्कालाई त्यस्तै प्रेम गर। यदि तिमीहरूले एक-अर्कालाई प्रेम गर्‍यौ भने, यसैबाट सबैले जान्नेछन्, कि तिमीहरू मेरा चेलाहरू हौ" (यूहन्ना १३:३४-३५)। येशू क्रूसमा बलिदान हुनुभन्दा केही समयअघि यो आज्ञा दिइएको थियो किनभने येशूको महान् आदेश पालना गर्नको निम्ति चेलाहरूले एक-आपसलाई प्रेम गरी एकतामा रहनु अति आवश्यक थियो।

तर यहाँ हामीले बुझ्नुपर्ने कुरा के छ भने तेर्सो आज्ञालाई पूर्णरूपमा पालना गर्नको निम्ति पहिले ठाडो आज्ञा पालना गर्नु पर्ने हुन्छ। यसलाई अर्को शब्दमा भन्ने हो भने ठाडो आज्ञा प्रथम र महान् हो, अनि तेर्सो आज्ञाचाहिँ दोस्रो हो। दोस्रो आज्ञालाई ग्रीक भाषामा महान् (megas) भनेर लेखिएको छैन। तसर्थ, ठाडो आज्ञा पालना गर्ने इसाईहरूका निम्ति तेर्सो आज्ञा पालना गर्न अभिप्रेरणा र शक्ति प्रदान गरिनेछ। त्यसकारण, बुद्धिमान् इसाईहरूले पहिले ठाडो आज्ञा पालना गर्न विशेष ध्यान र चासो दिनैपर्छ। वास्तवमा चट्टानमाथि आफ्नो घर बनाउने इसाईहरू यस्तै व्यक्तिहरू हुन् (मत्ती ७:२४)।

प्रथम र दोस्रो आज्ञाको क्रमलाई उल्टाउने इसाईहरूले गलत किसिमका फलहरू फलाउँछन्। त्यस किसिमका व्यक्तिहरूले ठाडो आज्ञालाई भन्दा तेर्सो आज्ञालाई धेरै महत्वपूर्ण ठानी प्राथमिकता दिने गर्छन्। परमेश्वरले दिनुभएको दोस्रो अर्थात् तेर्सो आज्ञालाई पालना गरेर तिनीहरू अरू मानिसहरूबाट महिमा लिन कोसिस गर्छन्। त्यस्तो काम गरेर सार्वजनिकरूपमा तिनीहरूले प्रशंसा र आदर-सम्मान प्राप्त गर्न इच्छा राख्छन्। यस किसिमले छिमेकीहरूलाई प्रेम देखाउने उद्देश्यद्वारा अभिप्रेरित भई इसाईहरूले लोक-कल्याणकारी सेवाकाइहरू, गैर-सरकारी संस्थाको सेवकाइहरू, अस्पताल निर्माण र स्वास्थोपचारसम्बन्धी सेवकाइहरू, अनाथहरूको माझमा गरिने सेवकाइहरू र शिक्षासम्बन्धी सेवकाइहरू मात्र गर्दछन् भने तिनीहरूले प्रथम अर्थात् ठाडो आज्ञालाई पालना गर्दैनन् र त्यसको फलस्वरूप अन्तमा तिनीहरूले गलत किसिमका फलहरू फलाउँछन्। यद्यपि त्यस्ता सेवकाइहरूमा तिनीहरूले निकै परिश्रम गरे तापनि परमेश्वरले त्यस्ता कामहरूमा मञ्जूरी जनाउनुहुन्न। त्यस किसिमको मानववादी सेवकाइहरूले परमेश्वरको होइन मानिसहरूका लागि सांसारिक महिमा ल्याउँछ र यस्ता सेवकाइहरू सृष्टिको उद्देश्य विपरीत छन्।

त्यसकारण, दश आज्ञाहरू र महान् आदेशलाई ठिक ढङ्ग र ठिक क्रमसँग पालना गर्नु अति महत्वपूर्ण छ। पहिले दश आज्ञाहरूलाई उचित किसिमले पालना गर्नुपर्छ अनि अर्को चरणमा महान् आदेशलाई पालना गर्नुपर्छ भनी बाइबलले सिकाउँछ।

परमेश्वरको आज्ञाहरू पालना गर्ने यो क्रम र शैली अरू जाति र राष्ट्रहरूमा सही किसिमले सिकाउनु नै महान् आदेश पालना गर्नु हो। आजभोलिका धेरै मिसेनरीहरूमा यही महत्वपूर्ण कुराको कमी देखिन्छ। यदि महान् आदेश पालना गर्न चाहने मिसेनरीहरूले यी  आज्ञाहरूलाई ठिक तरिकाले पालना गर्दैनन् भने तिनीहरूका सेवकाइहरूमा समस्या उत्पन्न हुन थाल्छन्। यदि कुनै मिसेनरीले दश आज्ञाहरूलाई सही प्रकार व्यवहारमा नउतारीकन सफलताको सुसमाचार, समृद्धिको सुसमाचार, सकारात्मक सोच, चङ्गाइ, परामर्श अथवा मण्डली वृद्धिजस्ता कुराहरू सिकाउन र फैलाउन अभिरुचि देखाउँछन् भने भविष्यमा गएर उसले साँचो आत्मिक फल फलाउन सक्ने छैन।

## २.महान् आदेश

The Great Commission

महान् आदेश भनेको सबै राष्ट्रहरूमा सुसमाचार प्रचार गर्नुपर्ने आज्ञा हो (मत्ती २८:१९-२०; प्रेरित १:८)। येशूले कसरी महान् आदेश पालना गर्नुपर्छ भनी चेलाहरूलाई त्यसको लक्ष्य, उद्देश्य र क्रमको बारेमा स्पष्टसँग बताउनुभयो। येशूले महान् आदेशमा दिनुभएको सन्देशहरूलाई अग हामी एक-एक गरी केलाएर हेरौँ।

### (क) सबै राष्ट्रहरू

All Nations

कसरी हामीले महान् आदेश पूरा गर्न सक्छौँ? त्यसको निम्ति येशूले यस्तो तरिका र चरणहरू प्रस्तुत गर्नुभयो: "यसकारण तिमीहरू जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ,

मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ ..." (मत्ती २८:१९-२०)। यस खण्डको बनावट यस्तो छ:

यस वाक्यको प्रमुख भागहरू: 'तिमीहरू' (कर्ता), 'सबै देश' (कर्म) र 'चेला बनाओ' (मुख्य क्रिया) हुन्। यहाँ 'चेला बनाओ' (*maqhteusate* in Greek) आज्ञाको रूपमा लेखिएको छ। यो हामीले गरे पनि हुने अनि नगरे पनि हुने ऐच्छिक आज्ञा होइन, तर यो त हामीले अनिवार्यरूपमा पालना गर्नैपर्ने आदेशात्मक आज्ञा हो। यहाँ चेला बनाउनुपर्ने 'सबै देशका जातिहरू' भन्ने कर्मले अन्यजातिहरू अथवा अरू मुलुकहरूलाई बुझाउँछ। ग्रीक भाषामा राष्ट्रलाई बुझाउन दुई वटा फरक शब्दहरू प्रयोग गरिन्छ: लाओइ (Laoi) भन्ने शब्दले यहूदी राष्ट्रलाई बुझाउँछ भने एथ्ने (Ethne) भन्ने शब्दले अन्यजाति मुलुकहरूलाई बुझाउँछ। येशूले दिनुभएको महान् आदेशमा 'एथ्ने' भन्ने शब्द प्रयोग गरिएको छ, जसले अन्यजाति मुलुकहरूलाई बुझाउँछ।

उक्त खण्डमा 'तिमीहरू' भन्ने कर्ताले त्यतिबेलाका येशूका चेलाहरूलाई बुझाउँछ, जोहरू यहूदी मानिसहरू थिए। येशूले आफ्ना चेलाहरूलाई त्यसबेला आफ्नै इस्राएली जातिका मानिसहरूलाई होइन तर अरू राष्ट्रहरूका अन्यजाति मानिसहरूलाई चेला बनाउनुपर्ने आज्ञा दिँदैहुनुहुन्थ्यो। आफ्नै जातिप्रति मात्र केन्द्रित र अरू जातिभन्दा आफ्नो जाति ठूलो हो भन्ने बलियो अवधारणा भएका ती यहूदी चेलाहरूको लागि येशूको महान् आदेश पालना गर्नु त्यति सजिलो र सहज काम थिएन। तर अन्ततत्वगत्वा येशूका ती चेलाहरूले उक्त आज्ञा पालना गरे।

येशूले ती चेलाहरूलाई यस संसारको अन्तको चिन्हहरूबारे यसरी व्याख्या गर्नुभयो: "अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ" (मत्ती २४:१४)। सुरुको लेखाइमा यहाँ उल्लेखित 'सबै जातिहरू' (*panta ta Ethne* in Greek) भन्ने शब्दले यहूदीभन्दा बाहिरका अन्यजाति मानिसहरूलाई बुझाउँछ। अन्यजाति राष्ट्रहरूका मानिसहरूलाई सुसमाचार प्रचार गर्नु र तिनीहरूलाई चेला बनाउनु नै येशूले महान् आदेशमा दिनुभएको आज्ञा हो (प्रेरित १३:४७)। येशूका चेलाहरूले उक्त आज्ञा पालना गरेपछि

परमेश्वरका सन्तान हुनको निम्ति नियुक्त भएका अन्यजातिहरूको सङ्ख्या पूरा हुनेछ, र त्यसपछि येशू आउनुहुनेछ (मत्ती २४:३०-३१)।

## (ख) चेलाहरू कसरी बनाउने

How to Make Disciples

मत्ती २८:१९-२० को खण्डमा चेला बनाउनको लागि येशूले चार वटा चरणहरू प्रस्तुत गर्नुभएको छ: पहिलो, गएर (Going), दोस्रो, बप्तिस्मा दिएर (Baptizing), तेस्रो, सिकाएर (Teaching), र चौथो, पालना गर्नु (To Obey)। अरू जाति र राष्ट्रका मानिसहरूलाई चेला बनाउनको लागि हामीले येशूले भन्नुभएअनुसार यी चार वटा चरणहरूलाई क्रमैसँग पछ्याउनु पर्दछ।

### (१) गएर

Going

चेला बनाउनको निम्ति पहिले हामी अरू जातिका मानिसहरू भएका ठाउँहरूमा जानुपर्छ। प्रेरित १:८ मा येशूले भन्नुभयो, "... तिमीहरू यरूशलेममा, सारा यहूदियामा अनि सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।" यहाँ येशूले "... यरूशलेम, सारा यहूदिया र सामरिया, र पृथ्वीको अन्तिम छेउसम्म" भन्नुहुँदा सुरुको ग्रीक भाषामा संयोजक 'र' को निम्ति 'काइ' (kai) भन्ने शब्द प्रयोग गरिएको थियो, जसको अर्थ 'एकसाथ' भन्ने हुन्छ। यसको मतलब येशूले चेलाहरूलाई उक्त आज्ञा दिँदै गर्नुहुँदा, सुसमाचार प्राप्त गर्ने बित्तिकै, उक्त सुसमाचार तिनीहरूले सामरीहरू (अरू जातिसँग मिसिएका ठिमाहा यहूदीहरू) र पूर्णरूपमा अन्यजाति मुलुकका मानिसहरूको माझमा एकसाथ फैलाउनु पर्दथ्यो।

आफ्नो जातिका मानिसहरूले सुसमाचार प्राप्त गर्नेबित्तिकै उक्त जातिका इसाईहरूले अरू जातिका मानिसहरूकहाँ गएर प्रचारको काम गर्नुपर्दछ। यसको मतलब के हो भने हामीले आफ्नो राष्ट्रमा भएका अरू जातिका मानिसहरूका माझमा र साथै अरू

राष्ट्रमा भएका सुसमाचार नपुगेका जातिका मानिसहरूको माझमा एकसाथ प्रचार गर्न जानुपर्दछ भन्ने हो। मत्ती २८:१९-२० र प्रेरित १:८ को महान् आदेशसम्बन्धी दुई खण्डहरूलाई एकै ठाउँमा गाभेर हेर्ने हो भने, चेला बनाउनको लागि पहिले अन्यजाति अथवा अरू जातका मानिसहरूलाई प्रचार गर्ने कामलाई प्राथमिकता दिनुपर्ने रहेछ भनी हामी बुझ्दछौँ। यो चेलाहरूका निम्ति येशूले दिनुभएको आज्ञा थियो। तर न्युन समूहका चेलाहरूले मात्र यो काम गर्न सक्छन्। त्यसको निम्ति तिनीहरू परमेश्वरको अनुग्रहद्वारा विशेषरूपमा चुनिएको हुनैपर्छ।

त्यसो हो भने यहूदीहरूले यस्तो प्रश्न सोध्नसक्छ: "मेरो आफ्नै मानिसहरूको बारेमा के हुन्छ त?" यस प्रश्नको सम्बन्धमा परमेश्वरले प्रतिज्ञा गर्नुभयो, कि थोरै चुनिएका चेलाहरूले विश्वासयोग्य ढङ्गमा महान् आदेशलाई पालना गरेपछि तिनीहरूका आफ्नै जातिका मानिसहरूको बीचमा सुसमाचार पुग्ने काम आफै पूरा हुनेछ (रोमी ११:२५-२६)। त्यसकारण, यदि हामीले आफूलाई येशू ख्रीष्टको चेला हौँ भनी दाबी गर्दछौँ भने हामी सुसमाचार नपुगेका मानिसहरू बसोबास गर्ने स्थानहरूमा जानु पर्दछ र तिनीहरूलाई प्रचार गर्नको निम्ति सकेसम्म आफ्नो सबै श्रोतहरू; जस्तै: समय, रुपैयाँ-पैसा, सीप र शक्ति प्रयोग गर्नुपर्दछ। यो हाम्रो निम्ति अनिवार्य आवश्यक्ता हो र यसको अरू कुनै विकल्प छैन।

## (२) बप्तिस्मा दिएर

Baptizing

चेलाहरू पहिले अरू जातिका मानिसहरूलाई चेला बनाउनको निम्ति बाहिर गएपछि तिनीहरूले गर्नुपर्न  अर्को काम भनेको त्यहाँका मानिसहरूलाई बप्तिस्मा दिनु हो। यो काम महान् आदेशमा भएको दोस्रो चरण हो।

महान् आदेशमा बप्तिस्मा देओ भन्ने आज्ञाको अर्थ केवल पानी छर्किनु अथवा तिनीहरूलाई पानीमा डुबाउनु मात्र होइन। यसको अर्थ तिनीहरूलाई शैतानको बन्धन्बाट छुटकारा पाउन येशू ख्रीष्टलाई आफ्नो व्यक्तिगत प्रभु र मुक्तिदाता भनी स्वीकार गराउन प्रचार गर्नु हो; ताकि तिनीहरू येशूको आत्माको एकतामा आउन

सकून्। वास्तवमा भन्ने हो भने यो आत्मिक शिशु जन्माउने काम हो; जसलाई सुसमाचार प्रचार र मिसनको काम भनिन्छ।

## (३) सिकाएर

Teaching

सुसमाचार प्रचारद्वारा भर्खरै जन्मेका आत्मिक शिशुहरूलाई त्यस्तै अवस्थामा हामीले छोड्न सक्दैनौँ। शिशुहरू हुर्केर बढ्दैगएझैँ आत्मिकरूपमा तिनीहरू पनि वृद्धि हुन आवश्यक हुन्छ। त्यसको निम्ति हामीले तिनीहरूलाई आत्मिक खाना खुवाउनु पर्छ। यसैले सिकाउनु महान् आदेशको तेस्रो चरण हो। परमेश्वरको वचन तिनीहरूका निम्ति आत्मिक भोजन हो (भजन ११९:१०३; यर्मिया १५:१६; इजकिएल २:८-९; ३:३; यूहन्ना ६:३२-५९), र कुनै व्यक्तिले वचन पढ्छ, सुन्छ, लेख्छ, बुझ्छ, कण्ठ गर्छ, मनन गर्छ र त्यसलाई उसको जीवनमा लागु गर्छ भने, ऊ अवश्य आत्मिकरूपमा बढ्दै जानेछ।

तल राखिएको तालिका ३-५ हामीले बाइबलमा उल्लेखित आत्मिक वृद्धिको छ वटा तहहरू देख्दछौँ। यसरी मानिसलाई आत्मिक पौष्टिक खाना खुवाउने कामलाई येशूले सिकाउनु भन्ने शब्द प्रयोग गर्नुभयो। यसलाई हामी 'चेला बनाउनु' (Disciple-making) भनेर पनि व्याख्या गर्न सक्छौँ। चेला बनाउनु भनेको आत्मिकी शिशुलाई हुर्काउँदै बढाउँदै आत्मिक पुत्र अथवा आत्मिक पिताको तहसम्म उठाउनु हो। आत्मिकी शिशुहरूलाई आत्मिक खाना खुवाउनुको उद्देश्य तिनीहरूलाई आत्मिक पुत्रहरू र आत्मिक पिताहरू बनाउनु नै हो। त्यसकारण, यदि कुनै शिक्षाले आत्मिक वृद्धि गराउँदैन भने, त्यसलाई साँचो चेलापन तालिमको रूपमा हेर्नु हुँदैन।

| तह | अवस्था | ग्रीक | बाइबल खण्ड |
|---|---|---|---|
| १ | आत्मिक शिशु (नावालक) | नेपियोस (Nepios) | १ कोर ३:१; १३:११; १४:२०; गला ४:१; हिब्रू ५:१३ |
| २ | आत्मिक बालक | पाइडियोन (Paidion) | मत्ती १८:२; लूका १:८०; १ यूहन्ना २:१८ |
| ३ | आत्मिक किशोर | टिक्नियोन (Teknion) | यूहन्ना १:१२; १३:३३ |
| ४ | आत्मिक जवान | नेनिस्कस (Neaniskos) | प्रेरित २:१७; १ यूहन्ना २:१३-१४ |
| ५ | आत्मिक पुत्र | हुइयोस (Huios) | मत् ५:९, ४५; रोमी ८:१४-१५ |
| ६ | आत्मिक पिता | पातेर (Pater) | १ कोरन्थी ४:१५ |

**तालिका ३-५ : आत्मिक वृद्धिको छ वटा चरणहरू**

## (४) पालना गर्नु

To Obey

महान् आदेश दिनुहुँदा, येशूले आत्मिक शिशुहरूलाई सिकाउनुको उद्देश्य स्पष्टसँग बताउनुभयो। येशूले चेलाहरूलाई आज्ञा गर्नुभएको हरेकथोक पालना गर्न तिनीहरूलाई सिकाउनु नै त्यो उद्देश्य हो। येशूले चेलाहरूलाई के आज्ञा गर्नुभयो? उहाँले तिनीहरूलाई सृष्टिको उद्देश्यअनुसार जिउनू भनी आज्ञा दिनुभयो। अर्को शब्दमा भन्ने हो भने, पहिलो चरणमा इसाईहरूले परमेश्वरको साँचो पहिचानलाई बुझ्नु, स्वीकार गर्नु र मनन गरी उहाँको आराधना र महिमा गर्ने जीवन जिउनु हो। दोस्रो चरणमा, हामीले आफ्नो मानवीय पहिचानलाई राम्रोसँग बुझेर, त्यसलाई स्वीकार गरी त्यसप्रति मनन गर्नु हो। त्यसैगरी दश आज्ञाहरू र महान् आदेश पालना गर्ने जीवन जिउनुचाहिँ तेस्रो चरण हो। चेला बनाउने व्यक्तिहरूले आफ्नो आत्मिक

सन्तानहरूले सृष्टिको उद्देश्यअनुसार जिउन सकून् भन्ने हेतुले तिनीहरूलाई यी ती चरणहरू ठिक ढङ्गले सिकाउनु पर्दछ।

कुनै व्यक्ति आत्मिक पुत्र अथवा आत्मिक पिताको तहमा आइपुगेपछि मात्र उसले यी तीन चरणहरूलाई पूर्णरूपले पछ्याउन सक्छ। त्यसकारण, येशूको महान् आदेश भनेको बचाइनको निम्ति अरू जातिमा (Ethne) भएका पूर्वनिर्धारित मानिसहरूकहाँ जानु, सुसमाचार प्रचारद्वारा तिनीहरूलाई परमेश्वरको सन्तान बनाउनु, र तिनीहरूलाई आत्मिक पुत्र र आत्मिक पिताको तहसम्म आइपुग्ने गरी हुर्काउनु हो। यस प्रक्रियाद्वारा नै ख्रीष्टको साँचो चेलाहरू बनाउन सकिन्छ।

त्यसपछि ती चेलाहरू पनि महान् आदेश पालन गर्न छिमेकी राष्ट्रहरूमा गएर आत्मिक छोराछोरी अथवा आत्मिक नाता-नातिनीहरू पुनर्उत्पादन गर्न सक्नेछन्। यो चेलापन प्रक्रियाले यसरी नै निरन्तर काम गरिरहन्छ। येशूको चेलाहरूले यो काम निरन्तर गरिरहे भने पृथ्वीको सबै जातिहरूले चाँडै नै सुसमाचार ग्रहण गर्नेछन्, र त्यसपछि यो संसारको अन्त हुनेछ (मत्ती २४:१४)। महान् आदेश पूरा गर्ने चालाहरूका साथमा युगको अन्त्यसम्मै सधैँ उहाँ साथमा हुनुहुनेछ भनी येशूले ती चेलाहरूलाई प्रतिज्ञा गर्नुभयो (मत्ती २८:२०)। यो महान् आदेश पालना गर्ने व्यक्तिहरू नै साँचोरूपमा सृष्टिको उद्देश्यअनुसार जिउने आशिषित र बुद्धिमान् इसाईहरू हुन्, र तिनीहरूले सधैँ परमेश्वरको महिमा गरिरहन्छन्।

## ३. यहूदी र अन्यजातिहरूबीचको सम्बन्ध

### The Relationship between the Jews and the Gentiles

उत्पत्ति ३:१५ मा घोषणा गरिएको परमेश्वरको मुक्तिको महान् योजनाअनुसार परमेश्वर पुत्र, येशू मानव शरीर धारण गरेर संसारमा आउनु भई आफ्नो बहुमूल्य रगत बगाउनुभयो। उहाँ क्रूसमा मर्नुभयो र तेस्रो दिनमा बौरी उठ्नुभयो। अनि महान् आदेश दिनको निम्ति चालिस दिन उहाँ चेलाहरूसँगै रहनुभयो (मत्ती २८:१९-२०;

प्रेरित १:८)। त्यसपछि उहाँ स्वर्गारोहण हुनुभयो। क्रूसको घटनाद्वारा उत्पत्ति ३:१५ मा भविष्यवाणी गरिएको युद्धमा स्त्रीको सन्तान (येशू) विजयी हुनुभएपछि स्वर्गारोहणभन्दा पहिले उहाँले चेलाहरूलाई उक्त विजयको फसल कटनी गर्ने आज्ञा दिनुभयो (यूहन्ना ४:३५-३८।

येशूले दिनुभएको उक्त महान् आदेश पूर्ण तवरले अन्यजातिहरूको मुक्तिप्रति केन्द्रित छ। येशू अन्यजातिहरूको ज्योतिको रूपमा आउनुहुनेछ भनी पुरानो करारमा पहिले नै भविष्यवाणी भइसकेको थियो (यशैया ४२:६), र येशूले त्यसलाई पूरा गर्नुभयो (मत्ती ४:१५-१६; लूका २:३२)। पुरानो करारमा अब्राहामद्वारा परमेश्वरले अन्यजातिहरूको मुक्तिको योजना घोषणा गर्नुभयो। अब्राहामको सन्तानको रूपमा जन्मिनुहुने येशूद्वारा (गलाती ३:१६) सबै जातिहरू (*Goim* in Hebrew) बचाइनेछन् भनी अब्राहामको करारले बताउँछ (उत्पत्ति १२:२-३; २२:१७-१८)। इस्राएलीहरू मात्र होइन संसारका सबै जातिहरू परमेश्वरको महिमा गर्नको निम्ति सृष्टि गरिएका हुन् भनी बाइबलले स्पष्टसँग सिकाउँछ (यशैया ६६:१८-१९)।

सबै जातिको मानिसहरूका मुक्तिको निम्ति येशूले पुरानो करारमा इस्राएलीहरूलाई चुन्नुभयो र मुक्तिको महान् योजनाको ईश्वरीय नाटकमा तिनीहरूलाई प्रमुख पात्रको रूपमा प्रयोग गर्नुभयो। इस्राएलीहरूले परमेश्वरबाट यस्तो विशेष कृपा पाएका भए तापनि तिनीहरूले त्यसलाई बिर्सेर घरीघरी परमेश्वरले अति नै घृणा गर्नुहुने मूर्तिपूजाको पाप गरे। तसर्थ परमेश्वरले तिनीहरूका आँखा बन्द गरिदिनुभई यहोवा परमेश्वर (येशू)-लाई चिन्न नसक्ने तुल्याइदिनुभयो (व्यवस्था ३२:२०; यशैया ६:९-१०)।

तब उहाँले भन्नुभयो, "म तिनीहरूबाट आफ्नो मुख लुकाउनेछु, अनि तिनीहरूको अन्त के हुनेछ, म हेर्नेछु। किनकि तिनीहरू उल्टा पुस्ताका हुन्, विश्वासघाती सन्तानहरू हुन्। जो ईश्वर होइन, त्यसको कारण तिनीहरूले मलाई डाही तुल्याए, तिनीहरूका व्यर्थका मूर्तिहरूद्वारा तिनीहरूले मलाई रीस उठाए। एउटा जाति नै नभएका मानिसहरूद्वारा म तिनीहरूलाई डाही उठाउनेछु" (व्यवस्था ३२:२०-२१)।

यो भविष्यवाणी इतिहासमा पूरा भइसक्यो। त्रिएक परमेश्वरको दोस्रो व्यक्ति, प्रभु येशू यस संसारमा आउनुहुँदा थोरै इस्राएलीहरूलाई छोडेर अधिकांशले उहाँ मसिह र मुक्तिदाता भई आउनुभएको यहोवा परमेश्वर हुनुहुन्छ भनी बुझ्न सकेनन्। त्यसैले येशूले 'म पुरानो करारको यहोवा परमेश्वर हुँ' भनी बताउनुहुँदा तिनीहरूले उहाँलाई ईश्वरनिन्दाको दोष लगाई (मत्ती २६:६५) मोशाको व्यवस्थाअनुसार (लेवी २४:१६) मृत्युदण्ड दिए (मत्ती २७:५०)।

पछि न्युन सङ्ख्याका यहूदीहरू बाहेक प्राय: तिनीहरू सबै पूर्णरूपमा अन्धा भए। पुनरुत्थानपछि येशू ख्रीष्टले विशेष अभिरुचिसाथ सुसमाचारको ज्योति अन्यजातिहरूतर्फ चम्काउनुभयो र त्यसको फलस्वरूप परमेश्वरले क्रूसद्वारा प्रकट गर्नुभएको प्रेम र दया पहिलोपटक अन्यजातिहरूले प्राप्त गरेपछि तिनीहरूले उहाँको महिमा गरे (लूका १७:१८; रोमी १५:८-१२; कलस्सी १:२७)। वास्तवमा भन्ने हो भने पुरानो करारको भविष्यवाणीअनुसार उक्त ज्योति पहिले अन्यजातिहरूका माझमा प्रकट हुनैपर्थ्यो।

तर तोकिएको समय आएपछि यहूदीहरूका आत्मिक आँखाहरू खुल्नेछन्। येशू ख्रीष्टको दोस्रो आगमन नजिकिँदै गर्दा अनि बचाइनको लागि पूर्वनिर्धारित अन्यजातिहरूको सङ्ख्या लगभग पूरा हुने बेलामा मुक्तिको ज्योति यहूदीहरूका लागि पनि प्रदान गरिनेछ भन्ने भविष्यवाणी धर्मशास्त्रमा छ (रोमी ११:२५; प्रकाश ७:१-९)। यही भविष्यवाणी पूरा हुने क्रममा अहिले केही यहूदीहरूले येशूलाई मसिह र परमेश्वर भनी स्वीकार्न थालेका छन्। तिनीहरूलाई 'मसिही यहूदीहरू' (Messianic Jews) भनिन्छ र अहिले तिनीहरूको सङ्ख्या बढ्दैगइरहेकोले अब येशूको दोस्रो आगमन नजिकै छ भनी हामी अनुमान लगाउन सक्छौँ (इजकिएल ३७:४-६; मत्ती २३:३९; प्रकाश ७:१-८)।

यसप्रकार, अन्यजातिहरूको माझमा सुसमाचार प्रचारको कामको पूर्णता र इस्राएलको उद्धार उही समयमा हुनुपर्ने योजना बनाइएको छ। अन्तिम समय निकै नजिक आएपछि, भविष्यमा इस्राएललाई केन्द्र बनाई भयङ्कर विश्वयुद्ध (सात

वर्षको महासङ्कष्टकाल) हुनेछ। त्यतिबेला थुप्रै अन्यजाति राष्ट्रहरूले प्रभु येशूलाई चिन्नेछन् (इजकिएल ३८:१६,२३)। त्यसको साथै त्यतिबेला आफ्नो आत्मिक आँखा खोलेर येशू नै प्रभु, मसिह, मुक्तिदाता, परमेश्वरको पुत्र र त्रिएक परमेश्वरको दोस्रो व्यक्ति हुनुहुन्छ भनी विश्वास गर्ने यहूदीहरूलाई बचाइनेछ (इजकिएल ३९:२१-२९; रोमी ११:२६)।

प्रभु येशूको नाउँको साँचो अर्थ बुझ्ने यहूदीहरू र बचाइएका अन्यजाति विश्वासीहरू मिलेर परमेश्वरको महिमा गर्नेछन् (व्यवस्था ३२:४३; मत्ती २४:१४; रोमी १५:१०-११)। इस्राएलीहरू मुक्तिको महान् योजनाको लागि चुनिएका मानिसहरू हुन्। यद्यपि पुरानो करारमा तिनीहरूले मूर्तिपूजाजस्तो गम्भीर पाप गरी आत्मिकरूपमा अन्धा भई प्रभु येशू नै परमेश्वर हुनुहुन्छ भनी चिन्न नसके तापनि, अपरिवर्तनीय परमेश्वरले तिनीहरूलाई अन्तिम घडीसम्म दया देखाइरहनुहुनेछ (यशैया ६०:२१; यर्मिया १४:२१; ३३:९)।

येशू यस संसारमा आउनुको उद्देश्य संसारको जनसङ्ख्याको अधिकांश भाग ओगट्ने अन्यजातिहरूका माझमा सुसमाचार फैलाउनु हो। तोकिएको समय आएपछि संसारको जनसङ्ख्याको थोरै भाग ओगट्ने यहूदीहरूले पनि येशूलाई परमेश्वर भनी स्वीकार गर्नेछन्। त्यसैकारण, इसाईहरूले अन्यजातिहरूलाई सुसमाचार प्रचार गर्ने काममा ध्यान दिनुपर्दछ। प्रभु येशूले दिनुभएको महान् आदेश सुसामचार नपुगेका मानिसहरूको समूहहरूमा प्रचार गर्नुपर्छ भन्ने कुराप्रति स्पष्टरूपमा केन्द्रित छ। सुसमाचार प्रचार अभियान सृष्टिको उद्देश्यलाई पुनर्स्थापित गर्ने प्रक्रिया हो र यसले मानिसहरूलाई येशू नै प्रभु र मुक्तिदाता हुनुहुन्छ भनी स्वीकार गर्न सहायता गर्दछ। त्यसको साथै हामीले तिनीहरूलाई दश आज्ञाहरू र महान् आदेश पालना गर्न पनि सिकाउनु पर्दछ। यस्तो सेवकाइमा सहभागी हुनु भनेको विश्वासको काम हो, र यसले परमेश्वरलाई महिमित पार्दछ। यस किसिमको सेवकाइद्वारा सेवा गर्ने इसाईहरू नै प्रभु येशूको साँचो चेलाहरू हुन्, र तिनीहरू परमेश्वरको महिमामा सहभागी हुन योग्य ठहरिन्छन्।

## ४. महान् आदेश पूरा गर्ने चेलाहरूको योग्यता

### The Qualification of Disciples Who Carry Out the Great Commission

महान् आदेश पालना गर्ने मानिसहरूद्वारा विगतको दुई हजार वर्षमा सुसमाचार सारा संसारमा फैलियो, र त्यसद्वारा येशूका थुप्रै चेलाहरू उत्पन्न भए। अहिले आत्मिक पुत्र र पिताको स्तरमा स्थापित भएर उक्त अभियानलाई संसारको धेरै ठाउँहरूमा पूरा गर्ने इसाईहरू छन्। तिनीहरूद्वारा नै अहिले सुसमाचार नपुगेका मानिसहरूका समूहहरूमा तीव्र गतिमा प्रचारको काम हुँदैछ।

तैपनि अफसोसको कुरा के हो भने आत्मिक पुत्र र पिताको स्तरमा नपुगेका यस्ता थुप्रै इसाईहरू छन्, जसले आफूसँग पद र ओहोदा भएकै कारण विभिन्न राष्ट्र र जातिका मानिसहरूका माझमा सुसमाचार फैलाइरहेका छन् (तिनीहरूले सेवक, प्रचारक, पास्टर, मिसेनरी, पूजाहारी र बिशपजस्ता पदहरू पाएका छन्।) सृष्टिको उद्देश्यअनुसार नजिईकनै तिनीहरूले सुसमाचार नपुगेका ठाउँहरूमा गई प्रचार गर्ने गर्दछन्। तिनीहरूले हामीले माथि उल्लेखित तीन वटा महत्वपूर्ण चरणहरूलाई पूर्णरूपमा पछ्याएका हुँदैनन्। त्यस्तो अवस्थामा तिनीहरूको अभिप्रेरणा यस्तो हुन सक्छ- आदर-सम्मान, शक्ति-अधिकार, धन-सम्पत्ति र परिवारको खुसी-आनन्दको खोजी अनि लोभ, सपना र महत्वाकांक्षाहरूलाई सन्तुष्ट पार्न तिनीहरूले येशूको नाउँको फाइदा उठाउँदै सुसमाचार प्रचार गरेका हुन सक्छन्। यस्ता मिसेनरीहरूले आफ्नो इच्छाविपरीत चल्ने अरू मिसेनरीहरूलाई प्रतिस्पर्धाको दृष्टिकोणले हेर्ने गर्छन्। अरूहरूले राम्रो सेवकाइ गरेको देखेपछि तिनीहरू डाह गर्न थाल्छन्। त्यतिमात्र होइन अरूलाई तुच्छ बनाउनको लागि निन्दा र आलोचना गरी खुट्टा तान्न पनि तिनीहरू पछि पर्दैनन्। अनि तिनीहरूले असल सेवकाइ गर्ने व्यक्तिहरूको विरुद्धमा झूट र दुष्ट

कुराहरू फैलाउन थाल्छन्, जसले गर्दा मण्डली र इसाई समाजमा अविश्वास, भ्रम र विभाजनजस्ता नकारात्मक कुराहरू उत्पन्न हुन थाल्छन्।

अहिले संसारमा हेर्ने हो भने येशूको नाउँमा अबाइबलीय ढाँचामा चल्ने त्यस्ता थुप्रै मिसनेरीहरू भेट्टाउन सकिन्छ। त्यस्ता मिसेनरीहरूले सेवकाइ गर्न गएका ठाउँका स्थानीय मण्डलीको अगुवा र सदस्यहरूलाई चोट र नोक्सान पुऱ्याउने काम गर्दछन्। मिसेनरी भएको कारणले गर्दा तिनीहरूलाई उक्त क्षेत्रमा सुसमाचारको काम गर्न पठाइएको भए तापनि दुर्भाग्यवश तिनीहरूले त्यहाँ गलत सुसमाचारको विष फैलाइरहेका छन्। मण्डली जगतमा यस किसिमका थुप्रै सेवक-सेविकाहरू हुनेछन् भनी स्वयम् येशूले भविष्यवाणी गर्नुभयो (मत्ती ७:१५-२३)। मानिस कमजोर प्राणी भएको कारणले गर्दा, हामीले सिक्नुपर्ने पाठ यही हो, कि यदि सृष्टिको उद्देश्यअनुसार जिउँदैनौँ भने, हामी पनि त्यस्तै व्यक्ति हुने सम्भावना रहन्छ।

यस किसिमका इसाई सेवक-सेविकाहरू झूटा अगमवक्ताको रूपमा आउनेछन् भनी येशूले चेताउनी दिनुभयो: "झूटा अगमवक्ताहरूदेखि होशियार बस, जो तिमीहरूकहाँ भेड़ाको भेषमा आउँछन्, तर भित्रपट्टि चाहिँ डरलाग्दा ब्वाँसाहरूजस्ता हुन्छन्। तिनीहरूका फलबाट तिमीहरूले तिनीहरूलाई चिन्नेछौ। के काँढ़ाका बोटबाट अंगूर अथवा सिउँड़ीबाट अञ्जीर टिपिन्छ र? त्यसै गरी हरेक असल रूखले असल फल फलाउँछ। तर खराब रूखले खराब फल फलाउँछ। असल रूखले खराब फल फलाउन सक्दैन, न त खराब रूखले असल फल फलाउन सक्तछ। असल फल नफलाउने हरेक रूख काटी ढालिन्छ, र आगोमा फालिन्छ। यसरी ती अगमवक्ताहरूलाई तिनीहरूका फलबाट चिन्नेछौ" (मत्ती ७:१५-२०)। डरलाग्दो हिंस्रक ब्वासोको जस्तो हृदय भएका मानिसहरू भेडाको भेषमा येशूको सेवक हुँ भन्दै आउनेछन् भनी येशूले हामीलाई पहिले नै बताई सक्नुभएको छ (मत्ती ७:२२)।

'डरलाग्दा ब्वाँसो' भनेको के हो त? सुरुको ग्रीक भाषामा यसलाई 'हार्पाक्स लुकोस' (*harpax lukos*) लेखिएको छ, जसको अर्थ लोभी, क्रूर, लुटाहा, हिंस्रक ब्वाँसो हुन्छ। यसको मतलब के हो भने ती झूटा अगमवक्ताहरू लोभी, क्रूर, लुटाहा र हिंस्रक

ब्वाँसोजस्ता हुन्छन्, र तिनीहरूले आफ्नो लोभ, महत्वाकांक्षा र सपनाहरू पूरा गर्न मात्र खोज्छन्। तिनीहरूले आफै महिमा लिन्छन्। यद्यपि तिनीहरूलाई अरू मानिसहरूलाई सृष्टिकर्ता परमेश्वरको सेवा गर्न र उहाँको आराधना तथा महिमा गर्न सिकाउने जिम्मेवारी दिइएको भए तापनि तिनीहरू भेडाको भेषमा मानिसहरूकहाँ गएर आफ्नै इच्छा, अभिलाषा र सपनाहरूलाई सन्तुष्ट पार्न खोज्छन्। त्यसको साथै तिनीहरूले अरूहरूबाट महिमा लिन्छन्, जुन कुरा पूर्णरूपमा सृष्टिको उद्देश्यको विरुद्धमा छ।

वास्तवमा तिनीहरूलाई येशूको भेडाहरूलाई खुवाउने र वास्ता गर्ने गोठालोको सेवा गर्न बोलाइएको हो (यूहन्ना २१:१५-१७)। तर त्यसो गर्नुको बदलामा तिनीहरू भेडाहरूमाथि झम्टेर तिनीहरूलाई तितर-बितर पारी लुट्ने र चोर्ने ब्वाँसाहरूजस्ता भएका छन्। तिनीहरूले गोठालोले जस्तो भएर भेडाहरूलाई वास्ता नगरी भाडाका ज्यामीजस्तो भई काम गर्ने गर्छन् (यूहन्ना १०:१-१४)।

इसाई समुदायहरूभित्र थुप्रै झूटा अगमवक्ताहरू निस्किआउनेछन् भनी येशूले भविष्यवाणी गर्नुभयो। इसाई इतिहासलाई केलाउने हो भने विगतको दुइ हजार वर्षमा त्यस्ता ब्वासाजस्ता थुप्रै झूटा अगमवक्ताहरू मण्डली जगतमा निस्केर धेरै भेडाहरूलाई लुट्ने र चोर्ने काम गरे। प्रभु येशूको दोस्रो आगमनभन्दा केही समयअघि अलि फरक किसिमका झूटा अगमवक्ताहरू अस्तित्वमा आउनेछन्, जो उदारवादी सिद्धान्तलाई पछ्याउने ईश्वरशास्त्री, पास्टर, पूजाहारी र बिशपहरू हुन्। आजोभोलि त्यस्ता ब्वाँसोजस्ता झूटा अगमवक्ताहरूद्वारा थुप्रै भेडाहरू लुटिने र खोसिने कामहरू भइरहेका छन्। (मत्ती २३:१३-१५; २४:२३-२८)।

आउनेवाला न्यायको दिनमा ती झूटा अगमवक्ताहरूलाई येशूले कुनै वास्ता गर्नु हुनेछैन। तिनीहरू आत्मिकरूपमा मन्द र नीरस हुन्छन् अनि तिनीहरूले आफू को हुँ भनी चिन्न सक्दैनन्। न्यायको दिनमा आफूले गरेका धार्मिक क्रियाकलापहरू सम्झना गर्दै त्यसअनुसार इनाम दिनुहोस् भनी तिनीहरूले येशूलाई अनुरोध गर्नेछन्। तिनीहरूको त्यस्तो अनुरोधप्रति प्रभु येशूको प्रतिक्रिया यस्तो हुनेछः

"त्यो दिन धेरैले मलाई भन्नेछन् 'प्रभु, प्रभु, के हामीले तपाईंको नाउँमा अगमवाणी बोलेनौँ? तपाईंको नाउँमा भूतहरू धपाएनौँ। र तपाईंको नाउँमा अनेक शक्तिशाली काम गरेनौँ र?, अनि म तिनीहरूलाई सफासँग भन्नेछु, 'मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ। ए अधर्म काम गर्नेहरू हो, मबाट दूर होओ" (मत्ती ७:२२-२३)।

खराब फल फलाउने रूखजस्ता भएका हुनाले तिनीहरूलाई एक दिन काटेर जलाउनको लागि आगोमा फालिनेछ (मत्ती ७:१९)। यस कुरालाई अर्को तरिकाले व्याख्या गर्ने हो भने यस्तो चेताउनी पाइन्छ: तिनीहरू आफै मात्र सृष्टिको उद्देश्यको विरुद्धमा जिएका होइनन् तर अरूहरूलाई पनि सृष्टिको उद्देश्यको विरुद्धमा जिउनको निम्त भ्रष्ट तुल्याएका हुनाले न्यायको दिनमा तिनीहरूलाई आगोको भट्टिमा फालिनेछ (प्रकाश २०:१०,१४)। उक्त स्थानलाई नरक भनिन्छ (मत्ती १०:२८; मर्कूस ९:४३,४८ *Gehenna* in Greek)। यस पुस्तकको लेखकले यस सन्देशलाई गम्भीर चेताउनी ठानी यसरी अर्थ लगाउनुहुन्छ: त्यस्ता इसाईहरूले येशूबाट कुनै इनाम पउनेछैनन्। राजा सलोमनको जीवनलाई हेर्ने हो भने तिनले त्यस्तै किसिमको चेताउनी पाएका थिए: "... तिमीले उहाँलाई त्याग्यौ भने उहाँले तिमीलाई सधैँको निम्ति इन्कार गर्नुहुनेछ" (१ इतिहास २८:९)। तर वास्तवमा परमेश्वरले तिनलाई इन्कार गर्नु भएन तर तिनीप्रति दया देखाउनुभयो।

डाँडाको उपदेशमा पनि यससँग मिल्दोजुल्दो कुरा उल्लेख गरिएको छ। येशूले भन्नुभयो, "जसले मेरा यी वचन सुनेर पनि पालन गर्दैन, त्यसको तुलना एउटा मूर्ख मानिससँग गरिन्छ, जसले आफ्नो घर बालुवामाथि बनायो। पानी पर्‍यो, र बाढ़ी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र त्यो घर ढल्यो, अनि त्यसको ठूलो विनाश भयो" (मत्ती ७:२६-२७)। लेखकले यस खण्डलाई यसरी बुझ्नुहुन्छ: त्यो घर ढल्यो तर त्यो व्यक्ति पूर्णरूपमा नास भएन, जसको मतलब त्यो व्यक्तिले मुक्ति पाएको हुनसक्छ तर त्यसले जम्मा गरेको इनामहरूचाहिँ ढलेर चकनाचुर भएको हुनसक्छ अर्थात् त्यस इनामको चाहिँ ठूलो विनाश भएको हुनसक्छ।

कुनै व्यक्तिले परमेश्वरको अनुग्रह प्राप्त गरेपछि धर्मशस्त्र अध्ययनको निम्ति उसलाई बाइबल तालिमकेन्द्र, बाइबल कलेज अथवा सेमिनारीमा जाने इच्छा जाग्छ। पछि गएर उक्त व्यक्ति मिसेनरी अथवा पास्टर बन्दछ अनि ऊ आशिषित व्यक्ति हो भनी हामीले निचोड निकाल्छौँ। उसले परमेश्वरको इच्छाअनुसार साँचो सेवा गर्नेछ, र भविष्यमा येशूबाट इनाम पाएर स्वर्गमा उच्च स्थान प्राप्त गर्नेछ भनी हामी अनुमान लगाउँछौँ। यस्तो पूर्वाग्रही विचारले हामीलाई धोखा दिन पनि सक्छ भन्ने कुरामा हामी चनाखो हुनुपर्छ। जेजस्तो भए तापनि परमेश्वरको साँचो सेवक हुनको निम्ति कुनै व्यक्ति परमेश्वरद्वारा चुनिएको हुनुपर्छ र उहाँबाट नै त्यसको निम्ति बोलावाट पाएको हुनुपर्छ (रोमी ८:२८-३०)। त्यसको साथै उसले परमेश्वरको बोलावटअनुसार योग्य जीवन पनि जिउनुपर्छ।

त्यसो हो भने कसरी हामीले परमेश्वरको साँचो सेवकलाई चिन्न सक्छौँ त? उसले सृष्टिको उद्देश्यअनुसार जीवन जिउने तीन वटा चरणहरूलाई सही क्रम र ढङ्गमा पूर्णरूपले पछ्याएको छ कि छैन भनी जाँचेर यस प्रश्नको उत्तर पत्ता लगाउन सक्छौँ। सही किसिमले जीवन जिउने परमेश्वरको सेवक वास्तवमा चट्टानमाथि घर बनाउने बुद्धिमान् व्यक्ति हो (मत्ती ७:२४) र त्यो चट्टान येशू नै हुनुहुन्छ (१ कोरिन्थी १०:४)। उक्त बुद्धिमान् सेवकले यस संसारमा रहँदा दिनहुँ आनन्द र साँचो खुसीसाथ जिउँछ, र तोकिएको समय आएपछि खुसीसाथ धन्यवादी हुँदै रोमाञ्च र आनन्दसाथ स्वर्गलोकमा प्रवेश गर्नेछ (लूका २३:४३; यूहन्ना १४:२; २ कोरिन्थी १२:४; प्रकाश २:७)। यस संसारमा ऊ परमेश्वरको सहकर्मी भई उहाँले सृष्टि गर्नुभएको थोकहरूलाई व्यवस्थितरूपमा सिकाउने र ठिक ढङ्गले शासन गर्ने भएकोले (उत्पत्ति १:२८), स्वर्गलोकमा बचाइएका सबै सृष्टिहरू र सन्तहरूका साथमा रहन पाउनेछ। अनि तिनीहरू सबै मिलेर सृष्टिको उद्देश्यअनुसार सृष्टिकर्ता परमेश्वरलाई आदर, प्रशंसा र महिमा दिनेछन् (प्रकाश ५:११-१३)।


# ४

# सबै थोकले परमेश्वरको आराधना गरिरहेको देख्ने मानिसहरू

## PEOPLE WHO SAW ALL THINGS WORSHIPPING GOD

सबै सृष्टिहरू परमेश्वरको महिमा गर्न सृष्टि गरिएका हुन् भनी बाइबलले स्पष्टसँग सिकाउँछ। तर सबै सृष्टि गरिएका थोकहरूले सृष्टिको उद्देश्यअनुसार काम गर्छन् कि गर्दैनन् भनी हामी जान्दैनौँ। सारा सृष्टि गरिएका थोकहरूले सृष्टिकर्ता परमेश्वरलाई श्रद्धा, आराधना, प्रशंसा, आदर र महिमा चढाएको हाम्रो शारीरिक आँखा र कानद्वारा देख्न अनि सुन्न सकिँदैन।

शुद्ध हृदय हुनेहरूले मात्र परमेश्वरलाई देख्नेछन् भनी येशूले भन्नुभयो (मत्ती ५:८)। माथि व्याख्या गरिएझैँ सृष्टिको उद्देश्यअनुसार जिउनको लागि दिनहुँ पहिलो, दोस्रो र तेस्रो चरणहरू ठिक तरिकाले अभ्यास गर्ने व्यक्तिहरूले आफ्नो हृदयमा भएका तीतोपनका जराहरू बिस्तारै हट्दैगएको अनि आत्मिक आँखा खुल्दैगएको अनुभव गर्नेछन्। त्यसपछि तिनीहरू आत्मिक संसारका कुराहरू देख्न र सुन्न सक्षम हुनेछन्। बाइबलमा यस्ता मानिसहरूको चर्चा गरिएको छ, जोहरूले सृष्टि गरिएका सबै थोकहरूले सृष्टिकर्ता परमेश्वरको प्रशंसा गरिरहेको आफ्ना आत्मिक आँखा देखेका र आत्मिक कानले सुनेका थिए। त्यस्ता व्यक्तिहरूमध्ये पुरानो करारको राजा दाऊद अनि नयाँ करारको प्रेरित यूहन्ना विशिष्ट उदाहरणहरू हुन्।



# क. दाऊद

## David

दाऊद (इ.पू. १०००) आत्मिक आँखा खुलेका व्यक्ति हुनाले तिनले सारा सृष्टिले परमेश्‍वरको महिमा गरिरहेको दृश्य देखे। उक्त उदेकको अनुभव तिनले आफ्नो भजनमा यसरी अभिव्यक्त गरेका छन्।

"हल्लेलूयाह! स्वर्गबाट परमप्रभुको प्रशंसा गर, उच्च स्थानहरूमा उहाँको प्रशंसा गर। हे उहाँका स्वर्गीय दूतगण, उहाँको प्रशंसा गर। हे उहाँका सारा स्वर्गीय सेना, उहाँका प्रशंसा गर। हे सूर्य र चन्द्र, उहाँको प्रशंसा गर। हे चम्किला तारा हो, उहाँको प्रशंसा गर। हे सर्वोच्च आकाश र आकाशमाथिका पानी हो, तिमीहरूले उहाँको प्रशंसा गर। तिनीहरूले परमप्रभुका नाउँको प्रशंसा गरून्, किनकि उहाँले आज्ञा गर्नुभयो, र तिनको सृजना भयो। उहाँले तिनलाई सदासर्वदाको निम्ति स्थापित गर्नुभयो, अनि कहिले नटल्ने विधि उहाँले दिनुभयो। पृथ्वीबाट परमप्रभुको प्रशंसा गर, हे विशाल जलजन्तु, र सबै गहिरा सागर हो, बिजुली र असिना, हिउँ र बादल, उहाँको वचन मान्ने आँधीबेहरी हो, पहाड़हरू र सबै डाँड़ाहरू हो, फल फलाउने रूखहरू र सबै देवदारुहरू हो, जङ्गली जनावर र सबै गाईबस्तुहरू हो, स-साना जन्तु र उड्ने पक्षीहरू हो, पृथ्वीका राजाहरू र सारा जातिहरू, राजकुमारहरू र सारा शासकहरू, युवकहरू र कन्याहरू, वृद्ध र बालकहरू, परमप्रभुको प्रशंसा गर। यिनीहरू सबैले परमप्रभुको प्रशंसा गरून्, किनकि उहाँको नाउँ मात्र महान् छ, उहाँको महिमा पृथ्वी र आकाशभन्दा पनि उच्च छ। उहाँले आफ्ना मानिसहरूका निम्ति एउटा सीङ खड़ा गर्नुभएको छ, जो उहाँका पवित्रजनहरू, उहाँको हृदयका नजिक रहने इस्राएलका प्रशंसा हुन्। हल्लेलूयाह" (भजन १४८:१-१४)।

"हे परमप्रभु, तपाईंले बनाउनुभएका सबै जातिहरू तपाईंको अगि झुक्नेछन्, र तिनीहरूले तपाईंका नाउँको आराधना गर्नेछन्" (भजन ८६:९)।

सारा सृष्टिले परमेश्वरको प्रशंसा गरिरहेको कुरा दाऊदले स्वीकार गरे। यहाँ सारा सृष्टि भन्नाले पृथ्वीको सतहमुनि भएको अतलकुण्डको गहिराइदेखि तेस्रो स्वर्गमा भएका हरेक थोकलाई बुझाउँछ। जमिन, समुद्र, पहाडहरू र खेतहरूले परमेश्वरको प्रशंसा गरिरहेका छन् अनि जनावरहरू, चराहरू, माछाहरू र ससाना किराजस्ता जीवित प्राणीहरूले पनि परमेश्वरको प्रशंसा गरिरहेका छन्। त्यसैगरी सबै किसिमका रूखहरू, फूलहरू र घाँसहरूले पनि उहाँको प्रशंसा गरिरहेका छन्। त्यसको साथै सबै राष्ट्रहरूमा छरिएर बसिरहेका विभिन्न जातिका मानिसहरू, सबै उमेरका महिला र पुरुषहरूले परमेश्वरको आराधना गर्छन्। दोस्रो स्वर्गमा अवस्थित ग्रह, उपग्रह, तारा र नक्षत्रहरू र तेस्रो स्वर्गमा भएका स्वर्गदूतहरूले सदासर्वदा परमेश्वरको महिमा गर्दछन्। आत्मिक आँखा खुलेको हुनाले दाऊदले त्यस किसिमको गवाही दिन सके र आफूले देखेका कुराहरू तिनले आफ्ना भजनहरूमा उल्लेख गरेका छन्।

सबै सृष्टिले परमेश्वरको महिमा गरिरहेको दृश्य दाऊदले ई.पू. १००० तिर देखेका थिए। त्यो कुरा निरन्तर अहिले पनि भइरहेको छ र सदासर्वदा निरन्तर भइरहने छ। धेरै मानिसहरूले यो कुरा बुझ्न सक्दैनन् किनभने तिनीहरू आत्मिकरूपमा अन्धा र बहिरा छन्। तर यो पक्कै भएको थियो र निरन्तर यसरी नै भइरहन्छन् किनभने परमेश्वरको महिमा गर्नको निम्ति नै यहोवा परमेश्वरले विशेष योजनासहित ती सबै थोक सृष्टि गर्नुभएको हो।

# ख. प्रेरित यूहन्ना

## Apostle John

पुरानो करारको दाऊदजस्तै नयाँ करारको प्रेरित यूहन्नाले पनि दर्शनमा आत्मिक आँखाद्वारा सबै सृष्टिले त्रिएक परमेश्वरको महिमा गरिरहेको दृश्य देखे। उक्त दृश्यको बारेमा तिनले प्रकाशको पुस्तकमा व्याख्या गरेका छन्। सुसमाचार फैलाउने काम गरेकोले तिनलाई त्यतिबेला एफिससबाट ७० किलोमिटर टाढा पर्ने पत्मोस टापुमा निर्वासनको जीवन जिउन वाध्य पारिएको थियो (इ.सं. ९५)। त्यहाँ बस्दैगर्दा यूहन्नाको आत्मिक आँखा र कान खुले। अनि चलचित्रझैँ तिनले चौबीस जना धर्मगुरुहरू र स्वर्गदूतहरूलाई परमेश्वरको सिंहासनको नजिकै भएको दृश्य स्पष्टसँग देखे, र त्यहाँ तिनीहरूले स्वर्गलोकमा त्रिएक परमेश्वरलाई श्रद्धा-भक्ति, आराधना, प्रशंसा, आदर र महिमा चढाइरहेका थिए (प्रकाश ४:८-११; ५:११-१४)।

"ती चारै वटा प्राणीका छ-छ वटा पखेटा थिए र चारैपट्टि र भित्रपट्टि आँखाहरूले भरिएका थिए। दिनरात तिनीहरू नथामिकन यसो भन्दै गाइरहन्छन्, 'पवित्र, पवित्र, पवित्र परमप्रभु सर्वशक्तिमान् परमेश्वर, जो हुनुहुन्थ्यो र हुनुहुन्छ र जो आउनुहुनेछ।' जब-जब ती जीवित प्राणीहरूले सिंहासनमा विराजमान हुनुहुने र जो सदासर्वदा जीवित रहनुहुन्छ, उहाँलाई महिमा, आदर, धन्यवाद चढ़ाउँछन्, तब ती चौबीस जना धर्म-गुरुहरू सिंहासनमा विराजमान हुनुहुनेको सामुन्ने घोप्टो पर्दछन्, र सदासर्वदा जीवित रहनुहुनेलाई दण्डवत् गर्दछन्, र तिनीहरूका आफ्ना-आफ्ना मुकुट सिंहासनको सामुन्ने राखेर यसरी गाउँछन्: 'हे हाम्रा प्रभु र परमेश्वर, तपाईं महिमा, आदर, र शक्ति ग्रहण गर्ने योग्यको हुनुहुन्छ, किनभने सबै कुरा तपाईंले नै सृष्टि गर्नुभएको हो, र तपाईंकै इच्छाबमोजिम ती अस्तित्वमा आए, र तिनको सृष्टि भयो'" (प्रकाश ४:८-११)।

"तब मैले हेरैँ, अनि सिंहासन, जीवित प्राणीहरू र धर्म-गुरुहरूका वरिपरि धेरै स्वर्गदूतहरूका आवाज सुनैँ। तिनीहरूको संख्या लाखौँ र करोडौँ थियो। तिनीहरू चर्को

सोरले यसो भनिरहेका थिए, 'मारिएका थुमा सामर्थ्य, वैभव, बुद्धि, शक्ति सम्मान, महिमा, र स्तुति ग्रहण गर्ने योग्यका हुनुहुन्छ।' अनि स्वर्गमा, पृथ्वीमा, पृथ्वीमुनि, समुद्र र त्यहाँ भएको हरेक प्राणीले यसो भनिरहेको मैले सुनैं, 'सिंहासनमा विराजमान हुनुहुनेलाई र थुमालाई स्तुति, सम्मान, महिमा, र सामर्थ्य सदासर्वदा होस्।' तब ती चारै जीवित प्राणीले भने, 'आमेन।' अनि ती धर्म-गुरुहरूले घोप्टो परेर दण्डवत् गरे" (प्रकाश ५:११-१४)।

यूहन्नाले पनि दाऊदले झैं पृथ्वीको सतहभन्दा मुनि अतलकुण्डको गहिराइदेखि माथि तेस्रो स्वर्गसम्मका हरेक प्राणीले परमेश्वरो प्रशंसा गरिरहेको दृश्य देखे। विशेषगरी यूहन्नाले तेस्रो स्वर्गमा (स्वर्गलोकमा) भएका सबै स्वर्गदूतहरू र चौबीस जना धर्मगुरुहरूले येशूको स्तुति-प्रशंसा र आराधना गरिरहेको देखे। तिनीहरूले परमेश्वर पितालाई सिंहासनमा विराजमान हुनुभएको देखे भने येशू, जो 'हुनुहुन्थ्यो, हुनुहुन्छ र आउनुहुनेछ', जसले 'सारा थोक सृष्टि गर्नुभयो' र जो 'मारिएका थुमा हुनुहुन्छ', उहाँलाई विशिष्ट मुद्रामा देखे। त्यसपछि तिनीहरू सबै मिलेर येशूलाई धन्यवाद, प्रशंसा र महिमा चढाए, जो हाम्रो सृष्टिकर्ता, मुक्तिदाता हुनुहुन्छ र उहाँसँग शक्ति, बुद्धि र आदर छ।

परमेश्वरको सिंहासनको उक्त दृश्य हेरिसकेपछि प्रेरित यूहन्नाले भविष्यमा हुने घटनाको दर्शन पाएर दोस्रो आगमनमा येशू बादलमा आउनुहुनेछ भनी गवाही दिए। उक्त दृश्यमा बादलमा उठाई लगिएका सबै सन्तहरूले सृष्टिको उद्देश्यअनुसार त्रिएक परमेश्वरलाई श्रद्धा-भक्ति, आराधना, स्तुति-प्रशंसा, आदर र महिमा चढाइरहेका देखे। त्यसको साथै सबै स्वर्गदूतहरू र धर्मगुरुहरू एक साथ मिलेर सृष्टिको उद्देश्यअनुसार परमेश्वरको आराधनामा भाग लिइरहेका सुन्दर दृश्य देखे (प्रकाश ७:९-१४)।

"यसपछि कुनै मानिसले गन्न नसक्ने एउटा ठूलो भीड, जो हरेक जाति, सबै कुलहरू, मानिसहरू र भाषा बोल्नेबाट थियो, सेता पोशाक पहिरेर हातमा खजूरका हाँगा लिई सिंहासन र थुमाको सामुन्ने उभिरहेको मैले देखें। तिनीहरू उच्च सोरले कराए: 'सिंहासनमा विराजमान हुनुहुने हाम्रा परमेश्वर र थुमामा मुक्ति छ।' अनि सिंहासन, धर्म-गुरुहरू र चार जीवित प्राणीहरूका वरिपरि सबै स्वर्गदूतहरू उभिए, र तिनीहरू

सिंहासनको सामुन्ने घोप्टो परी यसो भन्दै परमेश्वरलाई दण्डवत् गरे। 'आमेन! हाम्रा परमेश्वरलाई प्रशंसा, महिमा, बुद्धि, धन्यवाद, सम्मान, शक्ति र सामर्थ्य सदासर्वदा होस्। आमेन!' धर्म-गुरुहरूमध्ये एउटाले मलाई सोधे, 'यी सेता पोशाक लाउनेहरू को हुन्, र कहाँबाट आएका हुन्?' अनि मैले तिनलाई भने, 'हजूर, तपाईं नै जान्नुहुन्छ।' तिनले मलाई भने, 'यिनीहरू ती नै हुन्, जुनहरू महासङ्कष्टबाट आएका हुन्, र तिनीहरूले आफ्ना-आफ्ना पोशाकहरू थुमाको रगतमा धोएर सेता बनाएका छन्" (प्रकाश ७:९-१४)।

'सुसमाचार नपुगेका सबै जातिहरूमा प्रचार भइसकेपछि म फर्की आउनेछु' भनी येशूले प्रतिज्ञा गर्नुभयो (मत्ती २४:१४)। त्यसकारण, यूहन्नाले देखेको येशू ख्रीष्टको दोस्रो आगमनको दृश्यमा 'कसैले गन्न नसक्ने मानिसहरूका ठूलो भीड' भनेको संसारको सबै राष्ट्रहरूका मानिसहरू हुन्। सेतो पोशाक लगाएर हातमा खजुरका हाँगाहरू लिएर तिनीहरूले परमेश्वर पिता र परमेश्वर पुत्र येशू, जो थुमा हुनुहुन्छ, उहाँको स्तुति-प्रशंसा र आराधना गरिरहेका छन्। हामी विश्वासयोग्य इसाईहरू त्यही विशाल भीडमा रहेर परमेश्वरको आराधना गर्नेछौँ। तिनीहरूले जस्तै हामीले पनि यसो भन्नेछौँ: "हाम्रा परमेश्वरलाई स्तुति-प्रशंसा, महिमा, बुद्धि, धन्यवाद, सम्मान, शक्ति र सामर्थ्य सदासर्वदा होस्। आमेन!"

# ग. आत्मिक आँखा

The Spiritual Eye

शुद्ध हृदयको कारण, आत्मिक संसारको अनुभव गर्ने दाऊद र यूहन्नाजस्ता व्यक्तिहरू बाइबलमा थुप्रै छन्। पुरानो करारमा यशैया तेस्रो स्वर्गसम्म उचालिएको थियो (यशैया ६:१-१३); त्यसैगरी इजिकएलगायत अरू अगमवक्ताहरू पनि दर्शनमा तेस्रो स्वर्गमा पुगेका थिए (इजकिएल १:४-१०:२२)। नयाँ करारमा हेर्ने हो भने येशूको रूप परिवर्तन हुँदा उक्त पहाडबाट पत्रुस, याकूब र यूहन्नाले उक्त आत्मिक संसार देखे (मत्ती १७:१-८)। प्रेरित पावलसँग पनि तेस्रो स्वर्गसम्म पुगेको अनुभव थियो (२ कोरिन्थी १२:२-४)। दोस्रो प्रचार यात्राको क्रममा तिनले माकेडोनियाको दर्शन देखेकोले पश्चिमी युरोपतिर आफ्नो प्रचार अभियानलाई अघि बढाए (प्रेरित १६:६-१०)। योप्पा भन्ने ठाउँमा हुँदा पत्रुसले यस्तो दर्शन देखे, जसमा तिनलाई अन्यजातिहरूले खाने मासु खान आग्रह गरिएको थियो (प्रेरित १०:९-१६)। त्यतिबेला प्रत्यक्ष पवित्र आत्माबाट दर्शन प्राप्त गरेका हुनाले तिनले हिब्रू जातिप्रति मात्र केन्द्रित आफ्नो पुरानो विचारलाई केही मात्रामा परिवर्तन गरी अन्यजाति मानिसहरूलाई पनि सुसमाचार प्रचार गर्न थाले।

मानिससँग तीन किसिमका आँखाहरू हुन्छन्: आत्माको आँखा, प्राणको आँखा र शरीरको आँखा। यसलाई हामी आत्मिक आँखा, बौद्धिक आँखा र शारीरिक आँखा पनि भन्दछौँ। हरेक व्यक्तिले आफूसँग भएको शारीरिक आँखाद्वारा यो संसारको कुराहरू हेर्नसक्छ। आफूले हासिल गरेको ज्ञान, अनुभव, भावना र इच्छाशक्तिको तालिमअनुसार प्रत्येक व्यक्तिसँग प्राणको आँखाको क्षमता फरक-फरक हुन्छ। उदारणको लागि सङ्गीतकार, कवि, कलाकार र लेखकहरूलाई हेर्ने हो भने, तिनीहरूले आफ्ना शारीरको आँखाको साथमा भावनाको आँखा प्रयोग गरी सृजनात्मक कलाकृतिहरूमा सङ्लग्न हुने गर्दछन्। त्यसैगरी विद्वान्, समालोचक, वकिल र विभिन्न विषयको अन्वेषणकर्ताहरूले आफ्नो बौद्धिक आँखालाई गहनरूपमा

प्रयोग गर्ने गर्छन्। त्यसको साथै नैतिक अनुशासनमा रही सामाजिक मूल्य-मान्यताहरूलाई अनुसरण गर्दै देशको नियम-कानुन पालना गरेमा मानिसले आफ्नो इच्छाशक्तिको आँखालाई विकसित तुल्याउन सक्छ। प्राणको आँखालाई शिक्षा, जीवनको अनुभवहरू र बाहिरी परिस्थिति तथा परिवेशले ठूलो प्रभाव पार्दछ। प्राणको तीन वटा भागहरू- ज्ञान, भावना र इच्छाशक्तिलाई राम्रोसँग विकास गरेको व्यक्तिलाई अरूहरूले चरित्रवान असल मानिसको रूपमा देख्दछ।

प्राणको आँखा राम्ररी विकास भएको व्यक्तिहरू यदि गलत किसिमले आत्मिक संसारमा प्रवेश गऱ्यो भने, तिनीहरूले खराब परिणामहरू ल्याउँछन्। सुरुमा अरू धर्महरूका प्रतिपादकहरूको प्राणको आँखा सफा थियो, र त्यसको कारण तिनीहरू दर्शनशास्त्र र मानववादी अवधारणाको उच्च स्तरमा पुग्न सक्षम भए। तिनीहरू भ्रष्ट भएको आत्मिक आयाममा प्रवेस गरी शैतानको आत्मासँग भेट गरे। त्यसपछि शैतानको शिक्षाहरू तिनीहरूको प्राणको गहिराइसम्म पुग्यो र त्यसैको फलस्वरूप तिनीहरू शैतानको सेवकहरूको रूपमा प्रयोग हुन थाले। प्राणको क्षेत्रमा तिनीहरूसँग धेरै राम्रो व्यक्तित्व भए तापनि माथिको आत्मिक संसारमा तिनीहरूले शैतानसँग भेटेपछि तिनीहरूको आत्मा भ्रष्ट भएर चिहानतिर बढ्न थाले।

डाँडाको उपदेशमा येशूले 'शुद्ध हृदय हुनेहरूले परमेश्वरलाई देख्नेछन्' भन्नुभयो (मत्ती ५:८)। कुनै मानिसले आफ्नो हृदयलाई सफा पारी तीतोपनको जराहरूलाई हटायो भने, उसको हृदय शुद्ध हुन्छ र उसको आत्मिक आँखा र आत्मिक कान फराकिलोरूपमा खुल्नेछ, जसको फलस्वरूप उसले स्वर्गको राज्य अनुभव गर्न सक्छ।

यो कुरा सांसारिक धर्महरूले 'मानिसको दिमागलाई रित्याउने' बुझाइभन्दा पूर्णरूपमा फरक छ। आफ्नो हृदयको फोहर र घिनलाग्दा कुराहरू प्रकट नहोस् भनी सांसारिक धर्मका अनुयायीहरूले आत्मसंयम, धैर्यता र ब्रह्मचर्यद्वारा लामो समयसम्म आफूलाई अनुशासनमा राख्छन्। आफ्नो मन, भावना, इच्छा, अभिलाषा र दुष्ट विचारहरूलाई नियन्त्रण गर्न तिनीहरू कुनै काम नगरी जोगी-सन्यासी भई वन-जङ्गलमा गएर तपस्या गर्छन्। तर यहाँ हामीले बुझ्नुपर्ने रहस्य के छ भने त्यस किसिमको तरिकाद्वारा

मानिसले तीतोपनको जराहरूलाई कहिले पनि हृदयबाट हटाउट सक्दैन बरु ती जराहरू झन् गहिरोसँग गाडिँदै जानेछन्।

त्यसको विपरीत प्रत्येक इसाईको हृदयमा वास गर्नुहुने पवित्र आत्मा र परमेश्वरको वचनले त्यस्ता फोहर तीतोपनको जराहरूलाई बिस्तारै हटाई दिनुहुन्छ। यो प्रक्रिया तुरुन्तै पूरा हुँदैन; त्यसको निम्ति आगोको भट्टी (सतावट), बाइबल अध्ययन र मनन गर्ने तालिमको खाँचो पर्छ र साथै परमेश्वरको वचनलाई जीवनमा लागु गर्नु पर्ने हुन्छ। यी प्रक्रियाहरू पूरा भएपछि मात्र मानिस बाइबलीय दृष्टिकोणमा हृदय शुद्ध भएको अवस्था पुग्दछ र उसले स्वर्गको राज्य देख्न सक्दछ।

हाम्रो अहिलेको जीवन र भविष्यको जीवनको लागि आत्मिक आँखा खोल्नुको फाइदाहरू के-के हुन् त? हामी पृथ्वीमा हुँदा नै स्वर्गलोको अनुभव गर्नु पाउनु यसको पहिलो फाइदा हो। अहिले हामी यही संसारमा जिइरहेका भए तापनि हाम्रो आत्मिक आँखाले दिन प्रतिदिन तेस्रो स्वर्गका कुराहरू देख्न र सुन्न सक्छ। अनि दाऊद र यूहन्नाले जस्तै हामीले पनि अतलकुण्डको गहिराइदेखि तेस्रो स्वर्गमा भएका सबै थोकले परमेश्वरको आराधना र महिमा गरेको देख्न सक्नेछौँ साथै मानिसले गन्ने नसक्ने ठूलो भीडमा सहभागी भई हामीले पनि उहाँको स्तुति आराधना गर्नेछौँ।

आत्मिक आँखा खोल्नुको दोस्रो फाइदा के हो भने संसारमा जिउँदैगरेको भए तापनि यस संसारप्रतिको हाम्रो दृष्टिकोण परिवर्तन हुनेछ। हाम्रो आत्मिक दृष्टिकोण तेजिलो हुँदैगएपछि, गुप्तमा रहेका परमेश्वरको इच्छाहरू हामीले थाहा पाउन सक्दछौँ। संसारमा विभिन्न किसिमका कुराहरू हाम्रो वरिपरि छन्; जस्तै: अविवेकी र तर्कहीन कुराहरू, लडाइ र झगडाहरू, घृणा र बदला, अराजकता र लथालिङ्ग अवस्था, तछाड-मछाड र प्रतिस्पर्धा, चिन्ता-फिक्री, असहजपन र अप्ठ्यारा कुराहरू आदि। अझै यस्ता कुराहरू यथावस्थामा नै हाम्रो वरिपरि घुमिरहेका छन्। तर जब हामीले यस्ता कुराहरूको पछाडि परमेश्वरको रहस्य के छ भनी बिस्तारै बुझ्दैजान्छौँ, तब त्यस्ता नकारात्मक कुराहरूले हाम्रो भावना र निर्णयहरूलाई नियन्त्रण गर्न सक्दैनन्। अनि त्यस्ता कुराहरूको सामना गर्दै केवल येशूमा भरोसा गरी तिनीहरूलाई कुल्चेर हामी अगाडि बढ्न सक्नेछौँ।

यद्यपि हामी प्रत्येकले केही न केही मात्रामा कठिन परिस्थिति, निराशा र दु:ख-कष्ट भोग्नु परे तापनि हामी त्यसप्रति चिन्तित हुँदैनौँ। किनभने त्यस्ता सबै कुराहरू येशूकै हातमा छन् भन्ने सत्यतालाई हामी विश्वास गर्दछौँ र परमेश्वरको दृष्टिकोणमा र उहाँको सामुन्ने ती कुराहरू अति साना छन् भनी हामी बुझ्दछौँ। वास्तवमा ती साना कुराहरू ठूलो तस्वीरमा भएको एउटा बिन्दुजस्तै हुन्।

परमेश्वरको दृष्टिकोणद्वारा हेर्न सक्ने व्यक्तिहरूसँग अपार अलौकिक आनन्द हुन्छ, जुन सबै समझभन्दा उत्कृष्ठ हुन्छ, र जस्तोसुकै कठिन परिस्तिथिको सामन गर्नु परे तापनि तिनीहरूको हृदयमा साँचो शान्ति र खुसीले वास गरिरहन्छ। यस्तो उच्च आत्मिक स्तरमा पुगेपछि मात्र हामी साँचोरूपमा विश्वास, आशा र प्रेमलाई अभ्यास गर्ने परिपक्व इसाइहरू हुनसक्छौँ। यस किसिमको जीवन जिउँदै अन्तमा हामी आशिषित इसाईहरू बन्दछौँ, र हामी साँचो आनन्द र रमाहटले भरिपूर्ण हुनेछौँ। अनि अन्तिम सास फेरेर यस संसारबाट बिदा भएपछि पहिले दर्शनमा मात्र देखेको उक्त वास्तविक सुन्दर स्वर्गलोकमा प्रवेश गर्नेछौँ। यस्तो मनोवृत्ति भएका इसाईहरू शारीरिक मृत्युसँग कदापि डराउँदैनन्। तिनीहरूसँग येशूको निम्ति सहिद बन्नसक्ने साहस र विश्वास हुन्छ, र परिआएको खण्डमा येशूको निम्ति मृत्यु सामना गर्न पनि तिनीहरू पछि पर्दैनन्। यही विश्वासको कारणले स्तिफनस (प्रेरित ७:६०) र याकूब (प्रेरित १२:२) येशूको निम्ति खुसीसाथ मर्न सके।

हामीले यो संसारको जीवन अन्त गरेर येशूसँग आमने-सामने भेट हुँदा, उहाँले हामीलाई यस्तो प्रश्न सोध्नुहुनेछ, "के तिमीले संसारमा रहँदा सृष्टिको उद्देश्य पूरा गरेर जियौ?" उहाँले यो प्रश्न सोध्नुहुँदा, हामी "हो प्रभु" भनेर जवाफ दिने हो भने तपाईं र मैले परमेश्वरको पहिचान र मानिसको पहिचानलाई ठिक किसिमले मनन गर्नैपर्छ र परमेश्वरले दिनुभएको दश आज्ञाहरू र प्रभु येशूको महान् आदेशलाई कुनै बाहानाबिना पालना गर्नैपर्छ।

५

# परमेश्वरको रहस्य

## THE MYSTERY OF GOD

यहाँसम्म आइपुग्दा हामीले परमेश्वरको महिमा गर्ने जीवनको तीन वटा विशेष चरणहरूलाई बुझिसकेका छौँ। पहिलो चरण, दैनिकरूपमा परमेश्वरको पहिचानसम्बन्धी बाह्र वटा विशेषताहरूलाई बुझ्नु, स्वीकार गर्नु र मनन गर्नु हो। दोस्रो चरण, सृष्टि गरिएका मानिसजातिको पहिचानसम्बन्धी बाह्र वटा विशेषताहरूलाई स्वीकार गरी त्यसलाई मनन गर्नु हो। यी दुई चरणहरूको जगमा खडा भइसकेपछि मात्र हामीले तेस्रो चरणमा भएका दश आज्ञाहरू र महान् आदेशलाई आनन्दसाथ हृदयको गहिराइदेखि पालना गर्न सक्नेछौँ।

इसाईहरूले यी तीन चरणहरूलाई कुनै अपवाद र बहानाविना पालना गर्नैपर्छ। तैपनि, दु:खलाग्दो तथ्य के हो भने मानव इतिहसभरि नै सृष्टिको उद्देश्यअनुसार जिउने इसाईहरूको सङ्ख्या त्यति धेरै छैन। यो सत्यतालाई बाइबलले विभिन्न कोणहरूबाट प्रकाश पारेको छ।



# क. चुनिएका थोरै विशेष व्यक्तिहरू

## Remnants

बाइबल पढ्दैजाँदा हामीले यो पत्ता लगाउँछौँ, कि परमेश्वरका सन्तानहरूमध्ये अधिकांशले विभिन्न मूर्तिहरूका सेवा गरे, अनि थोरैले मात्र परमेश्वरलाई प्रेम गरी उहाँको सेवा गरे। यस किसिमको विभाजन पुरानो करार र नयाँ करार दुबैमा लागु हुन्छ। यस्तो विभाजन हुनुमा परमेश्वरको गहन दूरदर्शितालाई गुप्त राखिएको छ। यस रहस्यको बारेमा बाइबलमा उल्लेखित केही विशेष उदाहरणहरूलाई हेरौँ।

माथि उल्लेख गरिएको बहुसङ्ख्यक र अल्पसङ्ख्यक दुई फरक समूहलाई हामी इस्राएलीहरूले कनान देशको भेद लिन जासुसहरू पठाएको घटनामा देख्न सक्छौँ। कनानभित्र प्रवेश गर्नुभन्दा पहिले पारानको मरुभूमिको कादेश भन्ने ठाउँमा हुँदा तिनीहरूले कनानको भेद लिन बाह्र जना जासुसहरू पठाए। ती बाह्र जनामध्ये यहोशू र कालेब दुई जनाले मात्र इस्राएलीहरूले कनानमाथि विजयी हुनु परमेश्वरको इच्छा हो भन्ने सत्यता थाहा गरे। स्वयम् परमेश्वरले नै त्यो काम गर्नुहुन्छ भनी तिनीहरूले विश्वास गरे; र त्यसैअनुसार तिनीहरू परमेश्वरप्रति आज्ञाकारी भए (गन्ती १४:३०)। त्यहाँ बाह्र जना जासुसहरूमध्ये दुई जनाले मात्र अर्थात् १७% ले विश्वासयोग्य भई परमेश्वरको प्रतिज्ञामाथि भरोसा गरे।

धर्मशास्त्रमा अझै हेर्दै जाने हो भने उत्तरी राज्य इस्राएल र दक्षिणी राज्य यहूदाको थोरै राजाहरूले मात्र परमेश्वरको डर-भय राखी मूर्तिहरूको सेवा गरेनन्। कनानमा आफ्नो राष्ट्र स्थापित भइसकेपछि इस्राएलीहरूले परमेश्वरले कसरी आफ्नो शक्तिशाली हातद्वारा तिनीहरूलाई छुटकारा दिलाउनुभयो र चालीस वर्षसम्म मरुभूमिमा सुरक्षा दिएर डोऱ्याउनुभयो भन्ने कुरा तुरुन्तै बिर्सिए। त्यसैले परमेश्वरले उक्त देशलाई दुई भागमा टुक्रिन दिनुभयो- उत्तरी राज्य इस्राएल र दक्षिणी राज्य यहूदा। अफसोस कुरा के हो भने ती दुबै राज्यको अधिकांश राजाहरूले परमेश्वरलाई

बिर्सेर बेबिलोनी धर्मको सांसारिक देवी-देवताहरूको मूर्तिहरूलाई आराधना गरे। तिनीहरूले आफ्ना मानिसहरूलाई परमेश्वरको आराधना गर्न लगाउनुको सट्टामा मूर्तिपूजा गर्न अनुमति दिए।

ती दुबै राज्यहरूमा बीस-बीस जना राजाहरू थिए, तिनीहरूमध्ये दुई राजाहरूले मात्र मूर्तिहरूलाई पूर्णरूपमा नष्ट गरे। ती दुई असल राजाहरू दक्षिणी राज्य यहूदाका तेह्रौँ राजा हिजकिया (शासनकाल ई.पू. ७१५-६८६, २ राजा १८:१-२०:२१) र सोह्रौँ राजा योशयाह (शासनकाल ई.पू. ६४०-६०९, २ राजा २२:१-२३:३०) हुन्। ती दुई राजाहरूले मात्र मन्दिरको भित्र र बाहिरपट्टि भएका सबै मूर्तिहरू जफत गरी पूर्णरूपमा नष्ट गरिदिए। त्यसैगरी तिनीहरूले देशभरिका उच्च स्थानहरूमा भएका वेदीहरू र मूर्तिहरूलाई नास पारिदिए। यसर्थ, इस्राएलको इतिहासलाई केलाउने हो भने चालीस जना राजाहरूमध्ये दुई जनाले (५%) मात्र परमेश्वरको डर भय राखी उहाँको सेवा गरे।

यसको अतिरिक्त, दक्षिणी राज्य यहूदाका छ जना र उत्तरी राज्य इस्राएलका एक जना गरी जम्मा सात जना राजाहरूले आंशिकरूपमा मूर्तिहरूलाई नष्ट गरे (४० जनामध्ये ७ जना १७% मात्र हुन्छ)। ती आंशिकरूपले मूर्तिहरू नष्ट गर्ने राजाहरू यस प्रकारका छन्: दक्षिणी राज्य यहूदाको तेस्रो राजा आसा (शासनकाल ई.पू. ९१०-८६९; १ राजा १५:९-२४), चौथो राजा यहोशापात (शासनकाल ई.पू. ८७२-८४३; १ राजा २२:४१-५०), आठौँ राजा योआश (शासनकाल ई.पू. ८३५-७९६; २ राजा १२:१-२१), नवौँ राजा अमस्याह (शासनकाल ई.पू. ७९६-७६७; २ राजा १४:१-२२), दशौँ राजा अजर्याह (शासनकाल ई.पू. ७६७-७४०; २ राजा १५:१-७), एघारौँ राजा योताम (शासनकाल ई.पू. ७५०-७३२; २ राजा १५:३२-३८) र उत्तरी राज्य इस्राएलका राजा येहू (शासनकाल ई.पू. ८४१-८१४; २ राजा ९:३०-१०:३६)। इस्राएलीहरूका यी ऐतिहासिक घटनाहरूलाई सारंशमा अवलोकन गर्ने हो भने उत्तरी राज्य इस्राएल र दक्षिणी राज्य यहूदाका ४० जनामध्ये करिब २०% राजाहरूले मूर्तिहरूको सेवा गरेनन्।

इस्राएलीहरूले मिश्रदेशबाट निस्केदेखि नै (ई.पू. १४४६) मूर्तिहरूको सेवा गर्न थाले। यहोवा परमेश्वरले (येशूले) अगमवक्ताहरू पठाउनुभएर धेरैपटक तिनीहरूले चेताउनी दिनुभयो (यर्मिया ७:२५) तर तनीहरूले उक्त चेतावनीलाई वेवास्ता गरी मूर्तिपूजा गरिरहे। "ए यरूशलेम, ए यरूशलेम, तँ जसले अगमवक्ताहरूलाई मार्ने र तँकहाँ पठाइएकाहरूलाई ढुङ्गाले हान्ने! जसरी कुखुरीले आफ्ना चल्लाहरूलाई पखेटामुनि बटुल्छ, त्यसरी नै मैले धेरै पल्ट तेरा बालकहरूलाई बटुल्ने इच्छा गरेँ, तर तैंले मानिनस्" (मत्ती २३:३७)। येशूले बोल्नुभएको यो बाइबल खण्ड पढ्दा इस्राएलीहरूले सृष्टिकर्ता परमेश्वरलाई बिर्सेर अन्यजातिहरूका देवी-देवताहरूको सेवा गरेका थिए भनी हामीले सजिलै थाहा पाउँछौं। अर्को कुरा के हो भने त्यस्तो किसिमको मूर्तिपूजाको विरुद्धमा चेताउनी दिने अगमवक्ताहरूलाई तिनीहरूले ढुङ्गाले हानेर मार्ने अति घृणित पाप गरे।

नयाँ करारको सुरुको इसाई समुदयलाई हेर्ने हो भने पनि बहुसङ्ख्यक समूह र अल्पसङ्ख्यक विश्वासयोग्य समूहको विभाजनलाई स्पष्ट देख्न सकिन्छ। येशू पृथ्वीमा हुँदा थोरै मानिसहरूले मात्र प्रभुलाई भरोसा र प्रेम गरी पछ्याएका थिए। त्यतिबेला येशूको पुनरुत्थानलाई देख्ने लगभग छ सय मानिसहरूले उहाँलाई पछ्याएका थिए (१ कोरिन्थी १५:५-८)। तिनीहरूले येशूको पुनरुत्थानदेखि लिएर स्वर्गारोहण नहुञ्जेल चालीस दिनसम्म उहाँलाई पछ्याए। स्वर्गमा उचालिनुभन्दा पहिले येशूले तिनीहरूलाई भन्नुभयो, "यरूशलेम छोडेर कतै नजाओ तर मेरो पिताले प्रतिज्ञा गर्नुभएको उपहारको प्रतिक्षा गर" (प्रेरित १:४)। तर ती छ सयमध्ये एक सय बीस जनाले मात्र उहाँको वचनलाई साँचो रूपमा भरोसा गरी प्रतिज्ञा गरिएको उपहार कहिले आउने थाहा नभए तापनि विश्वासयोग्य भई प्रतिक्षा गरिरहे (प्रेरित १:१५)। व्यक्तिगतरूपमा प्रभुको पुनरुत्थानलाई देख्ने ती छ सय जनामध्ये ती विश्वासयोग्य एक सय बीस जना मानिसहरू २०% हुन्छ। यहाँ फेरि हामी देख्दछौं, कि येशूको आज्ञालाई पालना गर्ने विश्वासयोग्य मानिसहरू अल्पसङ्ख्यक समूहमा पर्दछन्।

यो अल्पसङ्ख्यक विश्वसयोग्य इसाईहरूलाई बाइबलले चुनिएका थोरै विशेष व्यक्तिहरू (Remnant) भनेर सम्बोधन गर्दछ (१ राजा १९:१८; यशैया १०:२०-२२; २८:५; यर्मिया २३:३; रोमी ११:४-५)। एलिया र पावलको अभिलेखअनुसार बाल देवताको सामु घुडा नटेक्ने मानिसहरू नै ती अल्पसङ्ख्यक चुनिएका व्यक्तिहरू हुन्। मूर्तिहरूको सेवा नगरीकन विश्वासयोग्य भई परमेश्वरको मात्र सेवा गर्ने, आफ्ना दाजुभाइ-दिदीबहिनीहरूलाई मूर्तिहरूको सेवा नगर्नको निम्ति चेताउनी दिने, अनि त्यसको कारणले गर्दा तिनीहरूबाट सतावट पाउने व्यक्तिहरू यो चुनिएको थोरै विशेष व्यक्तिहरूमा पर्दछन्। वास्तवमा भन्ने हो भने यो वर्गमा पर्ने मानिसहरूलाई गैरइसाईहरूले भन्दा इसाईहरूले बढी सताउने गर्छन्। बाइबलीयरूपमा चुनिएका थोरै विशेष व्यक्तिहरूको ईश्वरशास्त्री सिद्धान्त यही हो।

पुरानो करार नयाँ करारको छाया, नकल र दृष्टान्तको ढाँचा हो (हिब्रू ८:५; ९:९,२३,२४; १०:१; कलस्सी २:१६-१७)। मूर्तिहरूको सेवा गर्ने पुरानो करारको इस्राएलीहरूका ढाँचा र ढङ्ग नयाँ करारको इसाईहरूमा पनि लागु हुन्छ। पुरानो करारको समयमा बेबिलोनी धर्मको देवी-देवताहरूलाई मूर्तिको रूपमा लिइन्थ्यो। अहिले नयाँ करारमा इसाईहरूले गर्ने मूर्तिपूजाको क्षेत्र बेबिलोनी धर्मको मूर्तिहरूभन्दा निकै फराकिलो भइसकेको छ।

विशेषगरी, नयाँ करारको इसाईहरूले गर्ने मूर्तिपूजाचाहिँ 'लोभ' हो भनी पावलले बताएका छन् (एफिसी ५:५; कलस्सी ३:५)। 'आफूसँग भएका कुराहरूमा सन्तुष्ट नभई अझ बढी प्राप्त गर्न चाहने इच्छा' नै लोभ (Greed, *pleonektees* in Greek) हो। यसले आफूलाई दिइएको थोकप्रति धन्यवादी नभई अझ बढी पाउन चाहन्छ। लोभलाई हाम्रो जीवनको धेरै क्षेत्रहरूमा भेट्टाउन सकिन्छ। धन-सम्पत्ति, आदर-इज्जत, शक्ति-अधिकार, परिवार, व्यक्तिगत महत्वाकांक्षा, सफलता, पद-ओहोदा, शैक्षिक उपलब्धि, व्यक्तिगत अभिरुचि र यस्तै अरू धेरै कुराहरूको लोभले गर्दा थुप्रै मानिसहरू असन्तुष्ट भई विकृत अनि असन्तुष्टिको जीवन जिइरहेका छन्।

वास्तवमा धन-सम्पत्तिको लोभ अहिलेका इसाईहरूको लागि ठूलो चुनौति भएको छ। धन-सम्पत्तिको मूर्ति निकै खतरनाक हुन्छ। त्यही कारणले गर्दा रुपैयाँ-पैसाले मानिसलाई नास गर्न सक्छ भनी बाइबलले सिकाउँछ (हितोपदेश ११:२८) र रुपैयाँ-पैसालाई माया गर्नु नै सबै किसिमका खराबीको जरा हो भनी धर्मशास्त्रले चेताउनी दिन्छ (१ तिमोथी ६:१०)। त्यसैकारणले गर्दा, आफ्नो धन-सम्पत्ति सुसमाचारको निम्ति प्रयोग गर्ने व्यक्ति बुद्धिमान् र विश्वासयोग्य भण्डारे हो भनी प्रभु येशूले सिकाउनुभयो (लूका १२:४२-४८)।

मूर्तिपूजा गर्नु भनेको परमेश्वरमा भन्दा बढी अन्य कुराहरूमा भर पर्नु हो। इसाईहरूले गर्ने मूर्तिपूजा भनेको मानिस, विभिन्न वस्तुहरू, दर्शन्शास्त्र, सङ्घ-संस्था, सङ्गठन, सांसारिक मूल्य-मान्यता, व्यवस्था र अरू यस्तै मानिसले बनाएका कुराहरूलाई परमेश्वरको स्थानमा राख्नु हो। वास्तवमा भन्ने हो त्यस्ता इसाईहरूले परमेश्वरमाथि भन्दा यस्ता सांसारिक कुराहरूमा भरोसा राख्छन्। तिनीहरू त्यस्ता कुराहरूलाई प्रेम गरी त्यसैमा भर पर्दछन् र त्यसबाट प्राप्त हुने सुख-सुविधा, आनन्द र खुसियालीमा रमाउँछन्। अझ त्योभन्दा खराब कुरा के हो भने आजभोलिका इसाईहरूले परमेश्वरलाई भन्दा बढी आफ्नो सम्प्रदाय, सिद्धान्तहरू, मण्डली र सेवकाइहरूलाई बढी प्रेम गर्दछन् र त्यस्ता कुराहरूमाथि भरोसा राखी अनि तिनीहरूको पूजा गरी त्यसबाट प्राप्त हुने सुख-सुविधा, आनन्द र खुसीमा रमाउने गर्छन्।

आफ्ना सन्तानहरूले मूर्तिपूजा गर्दा, किन सृष्टिकर्ता परमेश्वरले त्यसलाई घृणा गर्नुहुन्छ? किनभने उक्त कामले उहाँको आत्म-सम्मानमा गम्भीर चोट पुग्दछ। परमेश्वरको सन्तानहरूले त्यसरी सृष्टि गरिएका थोकहरूलाई (र शैतानलाई) भरोसा गरी तिनीहरूलाई मन पराउँछन् र तिनीहरूबाट प्राप्त हुने सुख-सुविधा, आनन्द र खुसीमा रमाउँछन् भने त्यसले सृष्टिकर्ता परमेश्वरको आत्म-सम्मानमा गम्भीर चोट पुग्दछ। जे जस्तो भए तापनि परमेश्वरका जनहरूमध्ये अधिकांश मानिसहरू अझै मूर्तिपूजाजस्तो खराब कामबाट पूर्णरूपमा अलग भएका छैनन्। परमेश्वरको कृपा पाएका अल्पसङ्ख्यक समूहका चुनिएका विशेष व्यक्तिहरू मात्र त्यस किसिमको

मूर्तिपूजाबाट अलग भई महन् आज्ञालाई पालना गर्दैछन्। अहिले, मूर्तिपूजा नगर्ने ती अल्पसङ्ख्यक विशेष व्यक्तिहरूलाई परमेश्वरले बहुसङ्ख्यक सांसारिक इसाईहरूको माझमा लुकाई राख्नुभएको छ। तिनीहरूले सृष्टिको उद्देश्यअनुसार जिउने पहिलो, दोस्रो र तेस्रो चरणलाई बुझ्छन्, त्यसलाई स्वीकार गर्छन्, मनन गर्छन् र पालना गर्छन् अनि अन्यजाति मुलुकहरूमा गई त्यहाँका मानिसहरूलाई शिक्षा दिने काममा निकै परिश्रम गर्दछन्। यहाँ ध्यान दिनुपर्ने कुरा के हो भने त्यस्तो काम गर्दा तिनीहरूलाई बदनाम र वहिष्कार गरी सतावट दिनेहरूमा इसाईहरू नै अग्र-पंक्तिमा छन्। यसो हुनु परमेश्वरको रहस्य हो। सम्पूर्ण इसाई इतिहासमा किन परमेश्वरले अल्पसङ्ख्यक व्यक्तिहरूलाई मात्र मूर्तिपूजा नगरी परमेश्वरलाई प्रेम गर्न अनुमति दिनुभयो? किन परमेश्वरले अधिकांश सन्तानहरूलाई अन्धा तुल्याउनुभयो अनि अति थोरै मानिसहरूको मात्र आत्मिक आँखा खोलिदनुभएर परमेश्वरको इच्छाअनुसार आज्ञाकारी हुन दिनुभयो?

परमेश्वर सर्वज्ञानी (१ यूहन्ना ३:२०) र सर्वशक्तिमान् (उत्पत्ति १७:१; प्रकाश १५:३) हुनुभएकोले गर्दा उहाँलाई सबैथोक पहिल्यै थाहा हुन्छ (१ पत्रुस १:२)। हरेक कुराको उहाँले सुरुमै योजना बनाइसक्नुभएको थियो (रोमी ८:२९)। हाम्रो टाउकोमा कपालको सङ्ख्या कति छ भनेर पनि परमेश्वरले जान्नुहुन्छ (मत्ती १०:३०) अनि उहाँले आफ्नो इच्छाअनुसार कसैको हृदय कठोर पार्नुहुन्छ र अरूहरूमाथि दया देखाउनुहुन्छ (प्रस्थान ७:३; ९:१२; १४:४,१७; रोमी ९:१८)। परमेश्वरको अनुमतिबिना कुनै कुरा हुँदैन (मत्ती १०:२९)।

त्यसकारण, सृष्टिको उद्देश्यअनुसार जिउन खोज्ने र परमेश्वरलाई मात्र प्रेम गर्ने इसाईहरूको सङ्ख्या थोरै छ भन्ने सत्यता परमेश्वरको सार्वभौम क्षेत्रभित्र पर्ने कुरा हो (मत्ती २०:१५; रोमी ९:२१)। यो मानिसको समझशक्तिभन्दा बाहिरको कुरा हो। यो परमेश्वरको रहस्यमा अन्तर्निहित छ। अब हामीले गर्नुपर्ने काम के हो भने, परमेश्वरको अनुग्रहद्वारा प्रभु येशूले हामीलाई जे सिकाउनुभएको छ, सो हामीले

पालना गर्न खोज्नुपर्छ, र परमेश्वरलाई मात्र प्रेम गर्ने इमान्दार व्यक्तिहरूको उक्त चुनिएका विशेष अल्पसङ्ख्यक समूहभित्र रहनको निम्ति हामीले परमेश्वरसँग सहायता र अगुवाइ माग्नु पर्छ।

## ख. तहगत समाज

Class Society

सृष्टिको उद्देश्यअनुसार जिउने अल्पसङ्ख्यक चुनिएका विशेष इसाईहरूले स्वर्गमा आफ्नो स्थान उच्च पार्नेछन्। यस कुरालाई पुष्टि गर्ने बाइबलमा थुप्रै अभिव्यक्तिहरू छन्; जस्तै: इनाम, मुकुट, उत्तराधिकार, र महान् (अथवा ठूलो) आदि। यस्ता शब्दहरूका आधारमा स्वर्गको राज्यमा तहगत समाज हुने सम्भावना रहन्छ।

पृथ्वीमा सेवा गर्नेहरू स्वर्गमा ठूला स्थानमा हुनेछन् भनी मत्ती २०:२६-२८ मा येशूले भन्नुभयो, "... तर जो तिमीहरूमा ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्छ। जो तिमीहरूमध्ये पहिलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको कमारो हुनुपर्छ, जसरी मानिसको पुत्र पनि सेवा पाउनलाई होइन तर सेवा गर्न र धेरैको छुटकाराको मोल स्वरूप आफ्नो प्राण दिन आयो।" यहाँ सेवा गर्नु भनेको कुनै व्यक्तिले अरू धेरैको मुक्तिको लागि आफ्नो जीवन समर्पित गर्नु र तिनीहरूलाई सृष्टिको उद्देश्य सिकाउनु हो। यस्तो काम गर्ने व्यक्ति स्वर्गमा ठूलो तहमा हुन्छ। बाइबलीय यो अवधारणा संसारमा ठूलो हुनुको अवधारणाभन्दा अति नै फरक छ।

स्वर्गमा ठूलो र सानो तहका मानिसहरू हुन्छन् भन्ने येशूको सन्देशले यो तथ्यलाई स्पष्ट पार्दछ, कि स्वर्गको राज्यमा मानिसहरूले पाउने इनाम, तिनीहरूको ओहोदा र स्तर फरक-फरक हुनेछ। प्रेरित पावलले यसै सन्दर्भसँग मेल खाने कुरा लेखेका छन्, "ठूलो घरमा सुन र चाँदीका भाँडाहरू मात्र हुँदैनन्, तर काठ र माटोका पनि हुन्छन्, कुनै आदर र कुनै अनादरका निम्ति। जे कुरो अनादरको छ, यदि कसैले त्यसबाट आफूलाई शुद्ध पार्‍यो भने त्यो आदरका कामको लागि एउटा पात्र बन्नेछ, र घरका

मालिकको निम्ति चोखो, उपयोगी, र कुनै पनि असल कामको निम्ति तयार रहनेछ" (२ तिमोथी २:२०-२१)। त्यसैगरी स्वर्गमा प्रत्येक इसाईले प्राप्त गर्ने महिमा (तेज) फरक हुनेछ भनी तिनले चर्चा गरेका छन् (१ कोरिन्थी १५:४०-४१)।

स्वयम् येशूले हामीलाई भन्नुभएको छ, कि स्वर्गमा अगुवापन वर्गमा पर्नेहरूले पृथ्वीमा अधिकार गर्नेछन् (मत्ती ५:५; १ कोरिन्थी ६:७-११; १५:५०; गलाती ५:१९-२१; प्रकाश २१:२४)। यस्ता व्यक्तिहरूलाई इनामहरू दिनेछु भनी उहाँले प्रतिज्ञा गर्नुभयो (मत्ती १६:२७; हिब्रू ११:६; प्रकाश २२:१२)। प्रत्येक इसाईले आफूले गरेको सेवाअनुसार सात किसिमका मुकुटहरू पाउनेछन् भनी बाइबलले बताउँछ (१ कोरिन्थी ९:२५-२७; १ थेसलोनिके २:१९; २ तिमोथी ४:७-८; याकूब १:१२: १ पत्रुस ५:२-४; प्रकाश ४:४; १४:१४: १२:१)।

इसाईहरूले प्राप्त गर्ने इनाम, उत्तराधिकार र तहलाई बाइबलको थुप्रै अध्यायहरूमा चर्चा गरिएको छ। तर अहिलेका आधुनिक इसाईहरूका लागि यो सत्यता स्वीकार गर्नु त्यति सजिलो छैन। लामो समयसम्म मानववादी शिक्षा प्राप्त गरेका हुनाले 'वर्ग' अथवा 'तह' भन्ने शब्दहरूलाई तिनीहरूले अनुचित अथवा असमान पक्षपाती अवधारणा हो भनी महसुस गर्छन्। तर परमेश्वरको अनुग्रहद्वारा आफ्ना आत्मिक आँखा खोलेपछि तिनीहरूले परमेश्वरको उक्त दोषरहित सिद्ध इच्छा बुझ्नेछन्।

परमेश्वर सर्वज्ञानी र सर्वशक्तिमान् हुनुहुन्छ। आमाको गर्भमा बनिनुभन्दा पहिले परमेश्वरले आफ्ना सेवकहरूलाई पहिले नै नियुक्त गरिसक्नुभएको हुन्छ भनी बाइबलले बताउँछ (भजन १३९:१६; यर्मिया १:५; गलाती १:१५)। त्यसैगरी स्वर्गको राज्यमा प्रत्येक व्यक्तिको तह र वर्ग उहाँले पहिले नै तोकिसक्नुभएको छ भनी हामीले बुझ्नुपर्छ। आफूले बचाउने व्यक्तिहरूलाई परमेश्वरले पहिले नै चुनिसक्नुभएको छ (रोमी ८:२९), अनि तिनीहरूमध्ये स्वर्गमा को ठूलो (उच्च तहमा) अथवा सानो (तल्लो तहमा) हुनेछ भन्ने कुरा उहाँले पहिले नै जान्नुहुन्छ (रोमी ८:३०)।

स्वर्गमा तल्लो तहहरूमा हुनको निम्ति नियुक्त भएका इसाईहरूले अहिले पृथ्वीमा परमेश्वरलाई भन्दा रुपैयाँ-पैसा, आदर-सम्मान र शक्ति-अधिकारजस्ता मूर्तिहरूको

सेवा गर्नेछन्। त्यस्ता व्यक्तिहरू विश्वासयोग्य इसाईहरूलाई सतावट दिने समूहमा पर्दछन् (मत्ती ५:११; २३:२९-३६)। यसको विपरीत स्वर्गमा उच्च स्थान पाउनको निम्ति नियुक्त भएका इसाईहरूले चाहिँ त्यस्ता मूर्तिहरूका सेवा गर्नेछैनन्, बरु तिनीहरू सकेसम्म सृष्टिको उद्देश्यअनुसार जिउने कोसिस गर्दछन्। यदि त्यस्ता व्यक्तिहरूसँग भेट भयो भने तिनीहरूले स्वर्गमा उच्च स्थानहरू प्राप्त गर्नेछन् भनी हामी अनुमान लगाउन सक्छौँ।

सृष्टि गरिएका प्राणीको निम्ति परमेश्वरको सृष्टिको उद्देश्यअनुसार जिउनु त्यति सजिलो छैन। मानिसहरूको हृदय शैतानको चरित्रहरूले भरिएका हुन्छन्। तिनीहरूसँग पूर्णरूपमा भ्रष्ट हृदय हुन्छ। अनि तिनीहरू कमजोर, अयोग्य, असक्षम, परिपर्तनशील, अस्थायी र सीमित प्राणीहरू भएका हुनाले आफ्नै इच्छाद्वारा सृष्टिको उद्देश्यअनुसार जिउन सक्दैनन्। त्यसैले यदि अरूहरूले सृष्टिको उद्देश्यअनुसार जिएनन् भन्दैमा हामीले तिनीहरूलाई न्याय गर्ने अथवा दोष लगाउने गर्नु हुँदैन किनभने यी सबै कुराहरू पूर्वनिर्धारित भइसकिएका छन्।

यो अरूको समस्या होइन, हाम्रो समस्या हो। परमेश्वरलाई मात्र प्रेम गरेर उहाँको महिमा गर्दै सृष्टिको उद्देश्यअनुसार जिउनको लागि र भविष्यमा स्वर्गमा उच्च स्थान पाउने इसाईहरू हुनको लागि हामीलाई परमेश्वरको पूर्वनिर्धारित नियुक्ति र उहाँको अनुग्रह आवश्यक पर्छ। उक्त नियुक्ति र अनुग्रहको मुनि छौँ कि छैनौँ भन्ने कुरा हामी जान्दैनौँ। जेजस्तो भए तापनि हाम्रो लागि उत्तम मार्ग भनेको नम्रता र इमान्दारीसाथ परमेश्वरसँग प्रार्थना गर्नु हो, ताकि आत्मिकरूपमा सृष्टिको उद्देश्यप्रति हामी सम्बेसनशील भई त्यसलाई प्राप्त गर्ने चाहना हाम्रो हृदयमा आउन सकोस् (फिलिप्पी २:१३)। यदि हामी यस्ता इसाईहरू छौँ भने परमेश्वरले पहिले नै निर्धारण गर्नुभएको नियुक्ति र अनुग्रहको मुनि भएका आशिषित इसाईहरू हुन सक्नेछौँ।

# ६

# निष्कर्ष

## CONCLUSION

परमेश्वरले यशैया र पावलद्वारा भन्नुभयो, कि मानिसलगायत सबै सृष्टिको निम्ति सृष्टिको उद्देश्य भनेको त्रिएक परमेश्वरको महिमा गर्नु र उहाँलाई प्रसन्न तुल्याउनु हो। परमेश्वरको महिमा गर्नु र उहाँलाई प्रसन्न तुल्याउनु भनेको सृष्टिकर्ता परमेश्वर र हामी मानिसजातिको पहिचानलाई ठिकसँग बुझ्नु, स्वीकार गर्नु र मनन गर्नु अनि त्यसलाई ग्रहण गरी पश्चाताप गर्दै केवल परमेश्वरको वचनप्रति आज्ञाकारी हुनु हो। हामीले यो कुरा बुझेपछि अनि यसैअनुसार गरेपछि स्वभाविकरूपमा दश आज्ञाहरू पालना गर्नेछौँ साथै महान् आदेशलाई पनि पूरा गर्नेछौँ। त्यसपछि चाहना गरे पनि नगरे पनि नहिचकिचाईकन परमेश्वरले तिनीहरूलाई साँचो खुसी र आनन्द दिनुहुनेछ।

तैपनि धेरै इसाईहरू साँसो खुसी पाउने यो शिक्षाबाट तर्केका छन् र यदि रुपैया-पैसा, आदर-इज्जत, शक्ति-अधिकार, परिवार, शैक्षिक उपाधिहरू, असल स्वास्थ्य, सफलता र महत्वाकांक्षाजस्ता मूर्तिहरूको सेवा गरेमा खुसी हुन सकिन्छ भनी आफैलाई धोका

दिइरहेका छन्। त्यसैले त्यस किसिमका मूर्तिहरू खोजी गर्न र त्यसैको सेवा गर्न तिनीहरूले आफ्नो सारा समझ, सारा हृदय र सारा जीवन समर्पण गर्दछन्। तिनीहरू खुसी-आनन्दको पछि लागिरहन्छन् तर त्यसलाई पक्रन भने सक्दैनन् किनभने त्यसो गर्नु भनेको मृगले मरुभूमिमा पानीको खोजी गर्नुजस्तै हो। अन्तमा, साँचो खुसी नपाईकन नै तिनीहरूले यो संसारलाई छोड्छन्। वास्तवमा भन्ने हो भने त्यस्ता काम गर्ने इसाईहरू अति मूर्ख मानिसहरू हुन्।


बुद्धिमान् इसाईहरूले त्यस्ता मूर्तिहरूको सेवा नगरीकन परमेश्वरको महिमा गर्न तीन वटा शर्तहरू पूरा गर्दछन्। येशूले भन्नुभएझैँ त्यस्ता इसाईहरूले पहिले परमेश्वरको राज्य र उहाँको धार्मिकता खोजी गर्छन् (मत्ती ६:३३)। त्यस्ता आशिषित मानिसहरूले खोजी नै नगरे तापनि रुपैया-पैसा, धन-सम्पत्ति, आदर-इज्जत, शक्ति-अधिकार, असल परिवार, शैक्तिक उपलब्धिहरू, असल स्वास्थ्य र अन्य यस्ता आशिष्हरू तिनीहरूका जीवनमा स्वभाविकरूपमा आउँछन्। त्यस्ता आशिष्हरू प्राप्त गरेपछि, तिनीहरूले त्यसलाई सृष्टिको उद्देश्यअनुसार ठिक तरिकाले प्रयोग गर्दछन्। त्यसो गर्ने इसाईहरूले परमेश्वरबाट आउने साँचो र अनन्त खुसी-आदन्दको स्वाद लिन सक्छन्।

त्यस्ता आशिषित व्यक्तिहरू पृथ्वीमा रहुञ्जेल साँचो खुसीमा रमाउँदै जिउँछन् र यहाँ अन्तिम सास फेरेर बिदा भएपछि तिनीहरूको उक्त खुसी-आनन्दले अनन्तको राज्य निरन्तरता पाउँछ। अर्को शब्दमा भन्ने हो भने हामीले परमेश्वरको महिमाको निम्ति आफ्नो रुपैयाँ-पैसा, श्रोत-साधन, शक्ति-अधिकार, र समयलाई प्रयोग गर्दछौँ भने यस पृथ्वी रहुञ्जेल साँचो खुसीसाथ जिउनेछौँ र यहाँबाट बिदा भएपछि अनन्तको राज्यमा जानेछौँ र त्यहाँ पनि निरन्तर साँचो खुसी आनन्दसाथ सदासर्वदा जिउनेछौँ।

यस किसिमको विश्वासको सम्पदा आफ्ना छोराछोरीलाई प्रदान गर्ने आमा-बुबा धन्यका हुन्। यस्तो आमा-बुबा पाउनु छोराछोरीको लागि पनि ठूलो आशिष् हो। तिनीहरूको हजारौँ पुस्तासम्म प्रेम देखाउनेछु भनी यहोवा परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ (प्रस्थान २०:६)। त्यसको साथै विश्वासयोग्य इसाईहरूलाई परमेश्वरले यसरी आशिष् दिनुहुन्छः "आज मैले तिमीहरूलाई आदेश दिएबमोजिम तिमीहरूले

होशियारीसाथ परमप्रभु आफ्ना परमेश्वरका सबै आज्ञाहरू मानेर उहाँको वचन पालन गर्‍यौ भने, उहाँले तिमीहरूलाई पृथ्वीका सबै जातिहरूमध्ये श्रेष्ठ तुल्याउनुहुनेछ। परमप्रभु आफ्ना परमेश्वरको वचन पालन गर्‍यौ भने यी सबै आशिष् तिमीहरूलाई लाग्नेछन्, र तिमीहरूसाथ रहिरहनेछन्: तिमीहरूले सहरमा आशिष् पाउनेछौ, र गाउँ-बस्तीमा आशिष् पाउनेछौ। तिमीहरूका सन्तानमाथि आशिष् पर्नेछ, साथै खेतका उब्जनीमाथि, गाईबस्तुका बाछा-बाछीमाथि, भेड़ाबाख्राका पाठापाठीमाथि। तिमीहरूको डालो र तिमीहरूको पीठो मुछ्ने आरीमा आशिष् पर्नेछ। भित्र आउँदा र बाहिर जाँदा तिमीहरूले आशिष् पाउनेछौ। तिमीहरूका विरुद्धमा आउने शत्रुहरूलाई परमप्रभुले तिमीहरूकै सामु परास्त गर्नुहुनेछ। उनीहरू तिमीमाथि एक बाटो आउनेछन्, तर तिमीबाट सात बाटा भाग्नेछन्। परमप्रभुले तिमीहरूको ढुकुटीमा र तिमीहरूका सबै काममा आशिष् दिनुहुनेछ। परमप्रभु तिमीहरूका परमेश्वरले दिनुहुने देशमा उहाँले तिमीहरूलाई आशिष् दिनुहुनेछ। परमप्रभु तिमीहरूका परमेश्वरका आज्ञाहरू मानेर उहाँका मार्गमा हिँड्यौ भने, उहाँले तिमीहरूलाई शपथ खाएर प्रतिज्ञा गर्नुभएझैँ तिमीहरूलाई आफ्नो लागि एक पवित्र जाति बनाएर स्थापित गर्नुहुनेछ। तब पृथ्वीका समस्त मानिसहरूले तिमीहरू परमप्रभुका नाउँले कहलिएका हौ भनी थाहा पाउनेछन् र तिमीहरूसँग डराउनेछन्। तिमीहरूलाई दिन्छु भनी तिमीहरूका पुर्खाहरूलाई प्रतिज्ञा गर्नुभएको देशमा तिमीहरूका सन्तान, गाईबस्तु र भूमिको उब्जनीमाथि परमप्रभुले प्रशस्त उन्नति दिनुहुनेछ। परमप्रभुले आकाश, आफ्नो प्रशस्तताको भण्डार उघारेर तिमीहरूको भूमिमा ठिक ऋतुमा झरी पठाउनुहुनेछ, र तिमीहरूका हातका सबै मेहनतमा आशिष् दिनुहुनेछ। तिमीहरूले धेरै जातिलाई ऋण दिनेछौ, तर कसैबाट ऋण लिनेछैनौ। मैले आज तिमीहरूलाई दिएका परमप्रभु तिमीहरूका परमेश्वरका आज्ञाहरूमा ध्यान दिएर ती होशियारीसाथ पालन गर्‍यौ भने, परमप्रभुले तिमीहरूलाई पुच्छर होइन तर शिर तुल्याउनुहुनेछ। तिमीहरू सधैँ टुप्पामा हुनेछौ, कहिल्यै फेदमा पर्नेछैनौ" (व्यवस्था २८:१-१४)।

आफ्ना छोराछोरीलाई साँचो प्रेम गर्ने आमा-बुबाहरूले यहोवा परमेश्वरले दिनुभएका यस्ता प्रतिज्ञाका वचनहरू सुन्न र त्यसलाई पालना गर्न बुद्धिमान हुँदै जानुपर्दछ। यस किसमको बुद्धिमान् आमा-बुबा बन्नको लागि हामीले यहोवा परमेश्वरको अनुग्रहको निम्ति प्रार्थना गर्नुपर्दछ। यस पुस्तकको लेखकको हैसियतले म यसरी प्रार्थना गर्दछु, कि परमेश्वरले हनोक (उत्पत्ति ५:२४), नोआ (उत्पत्ति ६:८), अब्राहाम (२ इतिहास २०:७), मोशा (प्रस्थान ३३:१६) र दाऊद (१ शमूएल १३:१४; प्रेरित ७:४६; १३:२२) -लाई दिनुभएझैँ गरी यो पुस्तकको पाठकहरू, उहाँहरूका परिवारहरू अनि उहाँहरूको काम, व्यवसाय, अध्ययन र सेवकाइमा अनुग्रह खन्याउनुभएको होस्।



# उपसंहार

EPILOGUE

यस पुस्तकमा तीन वटा अध्यायहरू छन्। पहिलो अध्यायले इसाईहरूको परमेश्वर को हुनुहुन्छ भनी बताउँछ, दोस्रो अध्यायले त्रिएक परमेश्वरको सिद्धान्तको स्थापनासम्बन्धी इतिहासको चर्चा गर्दछ र तेस्रो अध्यायले सृष्टिको उद्देश्यबारे वर्णन गर्दछ। यी तीन अध्यायहरूमा हामीले इसाईहरूका परमेश्वरको पहिचान र इसाईहरूका पहिचानको महत्वलाई चर्चा गरी ती कुराहरू परमेश्वरको सृष्टिको उद्देश्यसँग कसरी सम्बन्धित छन् भनी विस्तृतरूपमा हेरौँ।

आजभोलि संसारभरि नै ईश्वरशास्त्र र यससम्बन्धी सिद्धान्तहरू द्रूतगतिमा विकृत हुँदैछन्। विशेषगरी, ख्रीष्टशास्त्रको विरुद्धमा गम्भीर आक्रमणहरू हुँदैछन्। इसाई समुदायभित्र जन्मिएको बहुधर्मवादको सिद्धान्तको भयङ्कर विनासकारी शक्तिले इसाई धर्मलाई हरकिसिमले प्रहार गरिरहेछ। त्यस्ता आक्रमणहरूबाट सुरक्षित हुन हामीले आफूलाई बचाउनैपर्छ। त्यसो गर्नको लागि इसाई धर्मको परमेश्वरको पहिचानसम्बन्धी मूल सिद्धान्तलाई हामीले पुनर्स्थापित गर्नु आवश्यक छ। इसाई धर्मको परमेश्वरको पहिचानबारे अति महत्वपूर्ण कुरा के हो भने हाम्रो परमेश्वर एक हुनुहुन्छ, र उहाँहरू त्रिएक परमेश्वरको अस्तित्वमा रहनुहुन्छ।

हामीहरू त्रिएक परमेश्वरको सिद्धान्तले सम्पूर्णरूपमा सुसज्जित हुनैपर्छ। यहूदी धर्म र इस्लाम धर्मले एकईश्वरवादमा विश्वास गर्ने दाबी गरे तापनि हाम्रो त्रिएक परमेश्वर ती धर्महरूको ईश्वरभन्दा पूर्णरूपमा फरक हुनुहुन्छ।

त्रिएक परमेश्वरको सिद्धान्तलाई मानवीय ज्ञानले पूर्णरूपले बुझ्न नसकिने भएकोले गर्दा विगतको दुई हजार वर्षको इसाई इतिहासभरि त्यसको विरुद्धमा गम्भीर आक्रमणहरू भइरहेका छन्। अहिले पनि त्यस्ता आक्रमणहरू निरन्तर भइरहेका छन्।

इसाई धर्मको त्रिएक परमेश्वर 'एलोहिम' (Elohim) हुनुहुन्छ, जो सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ। सृष्टिकर्ता परमेश्वरले मानवजातिलगायत सबै सृष्टिलाई स्पष्ट उद्देश्य राखेर सृष्टि गर्नुभयो। परमेश्वरले उक्त सृष्टिको उद्देश्य यशैया र पावललाई सिकाउँदै भन्नुभयो, कि सृष्टि गरिएका थोकहरूबाट सदासर्वदा स्तुति-प्रशंसा, आदर, आराधना र महिमा प्राप्त गर्नको लागि उहाँले सारा सृष्टि रच्नुभयो। यसलाई वास्तविक इसाई जीवनमा कसरी प्रकट गर्न सकिन्छ? अनि सृष्टिको उद्देश्यअनुसार जिउनको लागि हामी इसाईहरूले के गर्न सक्छौँ?

त्यसको लागि मैले तीन वटा चरणहरूको मार्गनिर्देशन प्रस्तुत गरेको छु। परमेश्वरको पहिचानलाई बुझेर, स्वीकार गेरर, मनन गरेर उहाँको आराधना र महिमा गर्नु पहिलो चरण हो। दोस्रो चरणचाहिँ हामी मानवजातिको पहिचानलाई बुझ्नु, स्वीकार गर्नु र त्यसमाथि मनन गर्नु हो। अनि तेस्रो चरणचाहिँ परमेश्वरको दश आज्ञाहरू र प्रभु येशूको महान् आदेशलाई पालना गर्नु हो। यदि हामीले इसाई धर्मसम्बन्धी इतिहासलाई पुरानो करार र नयाँ करारमा केलाउँछौँ भने बहुसङ्ख्यक इसाईहरू सृष्टिको उद्देश्यअनुसार जिएनन्; अल्पसङ्ख्यक इसाईहरूले मात्र उक्त काम गरे।

ती थोरै विश्वासयोग्य इसाईहरूलाई बाइबलमा चुनिएका विशेष व्यक्तिहरू (Remnants) भनिएको छ। पुरानो करारको एलिया, यशैया र यर्मिया अनि नयाँ करारको पावलद्वारा चुनिएका थोरै विशेष व्यक्तिहरूको सिद्धान्त स्थापित गरिएको छ (१ राजा १९:१८: यशैया १०:२०-२२; २८:५; यर्मिया २३:३; रोमी ११:४-५)। उक्त चुनिएका थोरै विशेष व्यक्तिहरूसम्बन्धी ईश्वरशास्त्रलाई पुरानो करारमा इस्राएलीहरूको इतिहासमा स्पष्टसँग देख्न सकिन्छ। यद्यपि इस्राएलीहरू परमेश्वरका चुनिएका सन्तानहरू भए तापनि तिनीहरूमध्ये अधिकांशले सृष्टिकर्ता परमेश्वरलाई मात्र सेवा गर्नुको सट्टामा बेबिलोनी धर्मका देवताहरूको सेवा गरे। अति थोरै इस्राएलीहरूले मात्र सृष्टिकर्ता परमेश्वरको आराधना गरी उहाँको महिमा गरे।

पुरानो करार नयाँ करारको छाया, दृष्टान्त र ढाँचा हो। त्यसकारण, पुरानो करारको घटनाहरूले विभिन्न ढाँचामा प्रदर्शन गरेको चुनिएका थोरै विशेष व्यक्तिहरूसम्बन्धी यो ईश्वरशास्त्रीय कुरा नयाँ करारको समयमा पनि लागु हुन्छ। इसाई इतिहासको दुई हजार वर्षभरि नै त्यस्ता चुनिएका विशेष व्यक्तिहरूको अस्तित्व छ भन्ने तथ्य पुष्टि हुन्छ।

इसाई इतिहासमा किन परमेश्वरले अति थोरै मानिसहरूलाई मात्र उहाँलाई प्रेम गर्न दिनुभयो त? किन उहाँले आफ्ना अधिकांश सन्तानहरूलाई परमेश्वर र मूर्तिह दुबैको सेवा गर्न दिनुभयो? यो कुरालाई मानवीय ज्ञान-बुद्धि र तर्कले पूर्णरूपमा बुझ्न असम्भव छ किनभने यो परमेश्वरको क्षेत्रमा पर्ने ईश्वरीय रहस्य हो। सर्वज्ञानी र सर्वशक्तिमान् परमेश्वरको अनुग्रहद्वारा मात्र मानिसले यो रहस्य बुझ्न सक्नेछ।

म लेखक यो आशा गर्दछु, कि सृष्टिको उद्देश्यअनुसार जिउनको लागि यो पुस्तकको पाठकहरू र उहाँहरूको सन्तानहरू परमेश्वरको अनुग्रहद्वारा यही आशिषित अल्पसङ्ख्यक विशेष समूहमा पर्नको लागि चुनिन सकून्। म प्रभु येशूको नाउँमा यो प्रार्थना गर्दछु, कि तिनीहरूले स्वर्गको राज्यमा तयार पारिएका मुकुटहरू प्राप्त गर्न सकून् र परमेश्वरको राज्यको नागरिकहरू र उहाँको सारा सृष्टिमाथि अगुवा भई सेवा गर्न सकून् अनि तिनीहरू सृष्टि उद्देश्यअनुसार जिएर अरूलाई सृष्टिकर्ता परमेश्वरको स्तुति-प्रशंसा, आराधना र महिमा गर्न सिकाउन र डोऱ्याउन सकून्। आमिन।।"

# अनुवादकको भनाइ

TRANSLATOR'S NOTE

संसारलाई अवलोकन गर्दा खान-पिन गर्ने, मोज-मस्ती गर्ने, सन्तान जन्माउने, ठूलाले सानालाई दबाउने र अन्तमा मर्ने- यस्ता कुराहरूमा मानिस, पशु, पन्छी र अन्य जीव-जन्तुहरूमा खासै भिन्नता देखिँदैन। तर परमेश्वरको सृष्टिलाई बाइबलीय दृष्टिकोणद्वारा गहनरूपमा हेर्ने हो भने यीभन्दा निकै फरक र नयाँ कुराहरू प्रकाशमा आउँदारहेछन्। त्रिएक परमेश्वरले सबै थोक विशेष उद्देश्यसाथ सृष्टि गर्नुभएको छ। सृष्टिलाई व्यवस्थित पार्ने महान् अभिभारा परमेश्वरले मानिसलाई सुम्पनुभएको छ। मानिस सर्वश्रेष्ठ सृष्टि भएकोले उसको काम-कर्तव्य र जिम्मेवारी अति महत्वपूर्ण छ। तर दुःखित हुँदै हामीले यो तथ्य स्वीकार गर्नैपर्छ, कि परमेश्वरको सृष्टिलाई फोहर र भ्रष्ट तुल्याउने काम मानिसले नै गर्दैआएको छ।यस्तो उद्देश्य राखेर परमेश्वरले मानिसलाई सृष्टि गर्नुभएको होइन। आत्मिक आँखा खोल्न सफल केही व्यक्तिहरूले सबै थोकले परमेश्वरको आराधना र महिमा गर्नुपर्ने ईश्वरीय सत्यतालाई प्रकट गरेका छन्। मानिसलगायत पशु-पन्छी, किरा-फटेङ्ग्रा, पानीमा रहने जीव-जन्तुहरू र प्रकृतिले पनि उहाँको आराधना गर्नुपर्छ भनी बाइबल धर्मशास्त्रले हामीलाई स्पष्टसँग सिकाउँछ।

यो पुस्तक अनुवाद गर्ने क्रममा मलाई यी कुराहरूले निकै प्रभाव पार्‍यो। सम्पूर्ण मानव इतिहासलाई अवलोकन गर्ने हो भने थोरै मानिसहरूले मात्र परमेश्वरको सृष्टिको उद्देश्यलाई बुझेर, सोअनुरूप उहाँको आराधना र महिमा गर्दै आज्ञाकारीताको जीवन जिए। परमेश्वरद्वारा चुनिएका व्यक्तिहरूले मात्र सो काम गर्न सक्ने भएकाले उहाँको अनुग्रह पाउनको निम्ति हामीले सधैं नम्रतासाथ प्रार्थना गर्नुपर्छ भन्ने आत्मिक पाठ मैले यहाँबाट सिकेको छु। अन्तमा, धेरै व्यक्तिहरूले यो पुस्तकबाट आत्मिक लाभ उठाउन सकून् भनी म प्रार्थना गर्दछु। लेखक डा. थोमस ह्‌वाङलाई परमेश्वरले प्रशस्त आशिष् दिनुभएको होस्!

श्याम श्रेष्ठ

२६ जनावरी, २०१९



# छानिएका सन्दर्भ सामाग्रीहरू
## SELECTED BIBLIOGRAPHY


Archer, Gleason L. 1964. A Survey of Old Testament Introduction.

Baille, John. 1939. Our Knowledge of God. New York: Schibner.

Baker, Charles F. 1971. A Dispensational Theology. Grand Rapids: Grace Bible College Publications.

Bancroft, Emery H., ed.. 1949. Christian Theology. Grand Rapids: Zondervan Publishing House.

Barth, Karl. 1959. God, Grace, and Gospel. Edinburgh: Oliver and Boyd.

Bavinck, Herman. 1977. The Doctrine of God. trans. William Hendriksen. Grand Rapids: Baker Book House.

Beardslee, John W., ed.. 1965. Reformed Dogmatics. New York: Oxford University Press.

Berkhof, Louis. 1939. The Assurance of Faith. Grand Rapids: Eerdmans Publishing Co..

___________ 1965. Systematic Theology. Grand Rapids: Eerdmans Publishing Co..

___________. 1976. The History of Christian Doctrines. Grand Rapids: Baker Book House.

Berkouwer, G. C. 1962. Man: The Image of God. Grand Rapids: Eerdmans Publishing Co..

Bloesh, Donald G. 1978. Essentials of Evangelical Theology. San Francisco: Harper and Row.

Bloesch, Donald G. 1998. Essentials of Evangelical Theology: God, Authority and Salvation. Peabody: Prince Press

Boettner, Loraine. 1963. The Reformed Doctrine of Predestination. Philadelphia: the Presbyterian and Reformed Publishing Co..

Boettner, Loraine. 1964. The Millennium. Philadelphia: The Presbyterian and Reformed Publishing Co..

Boice, James Montagomery. 1978. The Sovereign God. Downers Grove: InterVarsity Press.

Bonhoeffer, Dietrich. 1963. The Cost of Discipleship. New York: Macmillan Press.

Brunner, Emil. 1943. The Divine – Human Encounter, trans. Amandus W. Loos. Philadelphia: Westminster Press.

______________. 1946. Revelation and Reason, trans. Olive Wyon. Philadelphia: Westminster Press.

____________ 1947. Man in Revolt. Philadelphia: Westminster Press.

Bruner, Frederick Dale. 1970. A Theology of the Holy Spirit. Grand Rapids: Eerdmans Publishing Co..

Buswell, James Oliver. 1978. A Systematic Theology of the Christian Religion. Grand Rapids: Zondervan Publishing House.

Cairns, David. 1953. The Image of God in Man. New York: Philosophical Library.

Carnell, Edward John. 1964. An Introduction to Christian Apologetics. Grand Rapids: Eerdmans Publishing Co..

Chafer, Lewis Sperry. 1948. 8 Vols. Systematic Theology. Dallas: Dallas Theological Seminary Press.

Darwin, Charles. 1988. The Origin of Species. Chicago: Thompson and Thomas.

Davidheiser, Bolton. 1969. Evolution and Christian Faith. Grand Rapids: Baker Book House.

Dewart, Leslie. 1966. The Future of Belief. New York: Herder and Herder Co..

Dickason, C. Fred. 1976. Angels, Elect and Evil. Chicago: Moody Press.

Durnbaugh, Donald F. 1968. The Believers' Church. New York: Macmillan Press.

Erickson, Millard J. 1985. Christian Theology. Grand Rapids: Baker Book House.

Eusebius, Pamphilus. 1962. Ecclesiastical History. trans. Isaac Boyle. Grand Rapids: Baker Book House.

Feinberg, Charles L. 1961. Premillennialism or Amillennialism? New York: American Board of Missions to the Jews, 2nd and Enlarged Edition.

Flannery, Austin P., ed.. 1975. Documents of Vatican II. Grand Rapids: Eerdmans Publishing Co..

Fortman, Edmund J. 1972. The Trine God. Philadelphia? Westminster Press.

Gundry, Robert H. 1973. The Church and the Tribulation. Grand Rapids: Zondervan Publishing House.

Hammond, T. C. 1952. In Understanding Be Men. London: InterVarsity Fellowship, 4th Edition.

Harrison, Everett F., ed.. 1978. Baker's Dictionary of Theology. Grand Rapids: Eerdmans Publishing Co..

Heard, Gerala. 1940. The Creed of Christ. New York: Harper and Row.

Hendry, George S. 1956. The Holy Spirit in Christian Theology. Philadelphia: Westminster Press.

Henry, Carl F. H., ed.. 1979. Basic Christian Doctrines. Grand Rapids: Baker Book House.

Herskovits, Melville F. 1955. Cultural Anthropology. New York: Alfred A. Knopf.

Hiebert, Paul. 1985. Anthropological Insights for Missions. Grand Rapids: Baker Book House.

Hiebert, Paul. 1994. Anthropological Reflections on Missiological Issues, Grand Rapids: Baker Book House.

Hodge, Charles. 1952. Systematic Theology. Grand Rapids: Eerdmans Publishing Co..

Hoekema, Anthony. 1979. The Bible and the Future. Grand Rapids: Eerdmans Publishing Co..

Josephus, Flavius. 1982. The Works of Flavius Josephus. trans. William Whiston. Edinburgh: William P. Nimmo and Co..

Kuyper, Abraham, 1956. The Work of the Holy Spirit. Grand Rapids: Eerdmans Publishing Co..

Ladd, George Eldon. 1974. A Theology of the New Testament. Grand Rapids: Eerdmans Publishing Co..

Lewis, C. S. 1952. Mere Christianity. New York: Macmillan Press.

________. 1974. Modern Theology and Biblical Criticism. Grand Rapids: Eerdmans Publishing Co..

Lindstrom, Harold. 1988. Wesley and Sanctification. London: Epworth Press.

Luther, Martin. 1963. The Righteousness of God. London: Hodder and Stoughton.

Machen, J. Gresham. 1947. The Christian View of Man. Grand Rapids: Eerdmans Publication Co..

Mueller, John Theodore. 1955. Christian Dogmatics. St. Louis: Concordia.

Ott, Heinrich. 1974. God. Richmond, John Knox Press.

Outer, Albert C., ed.. 1964. John Wesley. New York: Oxford University Press.

Pache, Rene. 1969. The Inspiration and Authority of Scripture. trans. Helen I. Needham. Chicago: Moody Press.

Packer, James Innell. 1967. Evangelism and Sovereignty of God. Chicago: InterVarsity Press.

Packer, James Innell. 1973. Knowing God. Downers Grove: InterVarsity Press.

Pelikan, Jaroslav. 1964. Luther and Aquinas on Salvation. New York: Sheed and Ward.

Pinnock, Clark H. 1976. Biblical Revelation. Chicago: Moody Press.

Pinnock, Clark H., ed.. 1975. Grace Unlimited. Minneapolis: Bethany Fellowship.

Schaeffer, Francis. 1968. The God Who Is Three. Downers Grove: InterVarsity Press.

Smith, Charles Ryder. 1956. The Bible Doctrine of Man. London: Epworth.

Smith, Hannah Whifall. 1952. The Christian's Secrete of a Happy Life. Westwood: Fleming H. Revell.

Stoeffler, F. Ernest, ed.. Continental Pietism and Early American Christianity. Grand Rapids: Eerdmans Publishing Co..

Strong, Augustus Hopkins. 1969. Systematic theology. Old Tappan: Fleming H. Revell Co..

Tillich, Paul. ed.. Carl E. Braaten. 1968. A History of Christian Theology. New York: Harper and Row.

Tillich, Paul. 1951. Systematic Theology. Chicago: University of Chicago.

___________. 1958. The Courage to Be. New Haven: Yale University Press.

The Heidelberg Catechism with Commentary. 1963. Allen Miller and M. Eugene Osterhaven, eds. Philadelphia: United Church Press.

Thiessen, Henry C. 1979. Lectures in Systematic Theology. Grand Rapids: Eerdmans Publishing Co..

Turnbull, Ralph, eds.. 1959. Devotions of Jonathan Edwards. Grand Rapids: Baker Book House.

Verduin, Leonard. 1970. Somewhat Less than God: The Biblical View of Man. Grand Rapids: Eerdmans Publishing Co..

Wainwright, Arthur W. 1962. The Trinity in the New Testament. London: S.P.C.K.

Walvoord, John F. 1971. Jesus Christ Our Lord. Chicago: Moody Press.

# About AMI Center

Antioch Missions International Center (AMI Center) is a missions organization modeled after Antioch Church, which was a center for foreign missions in the first century (Ac. 13:1). AMI Center was established for the purpose of evangelizing the unreached people groups.

The core ministry of AMI Center is to train Christian leaders in the mission fields, helping them to evangelize unreached people groups. For that purpose, the Center focuses on leadership training ministry both in Korea and in 25 countries through AMI College and Seminary, AMI Correspondence School, AMI Vision School–Korea, AMI Vision School–International, AMI Vision Camp–Korea, AMI Vision Camp–International, media ministry and publication ministry.

Regarding the publication ministry, AMI Publication has published more than 600,000 books with 15 theological topics, translated in major international languages which have been distributed free of charge. AMI Publication will continue to concentrate on preparing for the Second Coming of the Lord Jesus by spreading the Gospel to the ends of the earth, based on Matthew 24:14.

# Contact Address

## 1 AMI NEPAL CENTER

Nagarjun Municipality-1, Raniban
Tel : +977-015103129
Mobile: +977-9803514501
Post Box No: 3854, Kathmandu, Nepal

## 2 WEBSITE

www.aminepal.net; www.amicenter.net

## 3 E-MAIL

aminepal2015@gmail.com; aminepalorg@gmail.com